# शिक्षक

www.teacher.org.np

मूल्य रु.५०/-

भदौ २०७०


- विश्लेषण
  के, कहिले र कसरी पढाउने पृ.१२
- शिक्षकको नयाँ तलबमान पृ.२०
- के म योग्य शिक्षक हुँ ? पृ.४४
- पढाइ सीपका १८ पहला पृ.४६
- बुद्धुयौलीको मजा ! पृ.७२




# अभिभावक आए स्कूल सप्रिन्छ

# प्रस्तुत छ
# डाबर हर्बल टुथपेस्ट




# हाम्रो हर्बल एक्सपर्ट

डाबरको १२५ वर्षको हर्बल एक्सपर्टिजका साथ प्रस्तुत छ-नयाँ डाबर हर्बल टुथपेस्ट । पाँच हर्बल एक्स्ट्र्याक्ट्स-Blackberry Bark, Bullet Wood, Babul Bark, Lodhra, Akarkara अनि मिनरल्स-नुन र क्याल्सियमको साथ । डाबर हर्बल टुथपेस्टले बनाउँछ तपाईंको दाँत प्राकृतिक रुपमै बलियो, स्वस्थ, सफा र दिन्छ ताजा सास पनि ।

# शिक्षक
मासिक

वर्ष ६ पूर्णाङ्क ६५

भदौ २०७०
Aug-Sep 2013



**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**का लागि अध्यक्ष **दीपक थापा** द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
कामसिंह चेपाङ
विपेन्द्र घिमिरे
खड्गबहादुर मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
रचना ज्ञवाली

**बिक्री वितरण/ग्राहक सेवा**
तारानिधि रेग्मी

**कार्यालय**
***शिक्षक* मासिक**
**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**
पूर्णचण्डी मार्ग
जावलाखेल, ललितपुर
**पो.ब.नं. ३९१, ललितपुर**
फोनः सम्पादकीय - ५५४३२५२
व्यापार/विज्ञापन - ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)
०१-४२१९०२०
इमेलः mail@teacher.org.np
वेबः www.teacher.org.np
मुद्रणः जगदम्बा प्रेस
हातीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६


# विद्यालय र अभिभावक सहकार्य = उच्च सिकाइ उपलब्धि


आवरण
पृष्ठ **२६-४३**

अवधारणाः — *डा. तुलसीप्रसाद थपलिया, २६*

स्कूलमा अभिभावकको संलग्नताः
अभिभावक आए स्कूल सप्रिए — *३०*

शिक्षक संवादः विद्यालय र अभिभावक
अभिभावक पनि स्कूल जाउँ, पढाइ सुधारौं ! — *३६*


## के, कहिले र कसरी पढाउने


*चतरसिंह मेहता*
विश्लेषण, पृष्ठ **१२-१५**





**समाचार**, *१८-२०*

■ लाइसेन्स र बढुवाको जाँच मंसीरमा ■ संगठनको *हामी गर्छौं* अभियान ■ शैक्षिक पत्रकारिता कार्यशाला ■ पूरक सकियो नतीजा भदौभरिमा ■ शिक्षा ऐन खोरेजीको माग ■ संगठनको एकीकृत शैक्षिक अभियान ■ सार्वजनिक विद्यालयका शिक्षकहरूले १ साउन २०७० देखि पाउने नयाँ तलबमान

शिक्षक किन पढ्ने ?
असल कर्मको मार्ग खोज्न — *- अर्जुनप्रसाद पोखेल, ७*

साभारः बाल कला — *- प्रा. दीर्घमान श्रेष्ठ, १७*

सिक्दा-सिक्दैः
'ल्यापटपमा लेख्छु, डेस्कटपमा भर्छु' — *- कमल दीक्षित, २१*

हामी विद्यार्थीः कृषि विज्ञ बन्नुछ ! — *- पार्वती गुप्ता, २२*

शिक्षक व्यवस्थापनः
के म योग्य शिक्षक हुँ त ? — *- डा. विद्यानाथ कोइराला, ४४*

कक्षाकोठाः पढाइ सीपको विकासः १९ पाइला — *- नेत्र दाहाल, ४६*

नेपाल-अध्ययनः
वैज्ञानिकको खोजीमा बाल-साहित्यकार — *- डा. तीर्थबहादुर श्रेष्ठ, ५०*


**प्रायोजित परिशिष्ट**

## असमानता र सकारात्मक कदमको विश्वव्यापी बहसमा नेपाल-३


***पृष्ठ, ५२-६४***

सकारात्मक कदम र राजनीतिक प्रतिनिधित्वः नेपाल, भारत र श्रीलंकाको संसद्मा भएको प्रतिनिधित्व सम्बन्धी दावी र प्रतिदावीको परीक्षण — *- महेन्द्र लावती, ५२*

सकारात्मक कदम र शक्ति बाँडफाँडका उपायः नेपालका लागि सम्भावित चुनावी प्रबन्ध — *- कारे भोलान, ५७*

पहिचान र पुनर्वितरणको कानूनी समानताः भारत र नेपालमा संविधान निर्माण प्रक्रिया — *- मारा मालगोडी, ५९*

भारतको सकारात्मक कदम सम्बन्धी नीतिः एक मूल्यांकन — *- आनन्द तेल्तुम्ब्डे, ६१*

राज्यको रूपान्तरण र विविधिकरणः शिक्षामा सकारात्मक कदम — *- सुजन ह्याङ्गेन, ६३*

**स्तम्भ**

विषय-सन्दर्भ २, हेराइ र बुझाइ ३, प्रतिक्रिया र सुझाव ४, मनका कुरा ८, जिज्ञासा र जवाफ ६६, फुर्सद ६९, आलोपालो ७२



**ग्राहक तथा बिक्रेताहरूले समयमै पत्रिका प्राप्त नभएमा फोन नं. ९८४१६२५९७८ मा तत्काल जानकारी गराउनुहोला। यो नम्बरमा जानकारी गराउँदा पनि पत्रिका प्राप्त नभएमा फोन नं. ९८५११३६३४५ मा प्रमुख कार्यकारी अधिकृतलाई खबर गरिदिनुहोला।**

विषय-सन्दर्भ केदार शर्मा

# अभिभावकको चेतना

**विद्यालय** र अभिभावकहरूको सम्बन्धका बारेमा भइरहेको छलफलमा एक जना प्रधानाध्यापकले भने, "अभिभावकहरूमा रहेको चेतनाको अभावका कारण विद्यालयमा उनीहरूको सहभागिता जुटाउन सकिएको छैन।" छलफल कार्यक्रममा शिक्षा क्षेत्रका विभिन्न सरोकारवालाहरूको राम्रो उपस्थिति थियो। ती प्रधानाध्यापकको कुरा सुन्नासाथ अर्का प्रधानाध्यापकको अनुहारमा चित्त नबुझेको भाव स्पष्ट देखियो र उनले बोल्नलाई पालो मागेर हात उठाए।

केही बेरपछि उनको पालो आयो। उनले भने, "म अभिभावकहरू चेतनशील छैनन् भन्ने कुरासित असहमत छु। उहाँहरूसित शैक्षिक योग्यता नहोला, डिग्री नहोला, धेरै पैसा नहोला, तर उहाँहरूमा आफ्ना सन्तानलाई सकभर राम्रो शिक्षा दिनुपर्छ भन्ने चेतनाको कुनै कमी छैन। हामी आफू पनि त्यस्तै अभिभावकका सन्तान हौं। आजभन्दा चालीस-पचास वर्षअघि हामीलाई पढ्न पठाउने हाम्रा बाबुआमाले पनि कुनै डिग्री धारण गरेका थिएनन्। अभिभावकहरूमा आफ्ना सन्तानलाई पढाउनुपर्छ भन्ने चेतना मात्र होइन, सकभर राम्रो शिक्षा दिनुपर्छ भन्ने जागरुकता र त्यसका लागि चाहिने प्रतिबद्धता पनि छ।"

अनि उनले आफूले अभिभावकहरूको सहभागिता बढाउनका लागि गरेका काम र त्यसबाट भएका लाभहरूको राम्रै सूची पेश गरे। सहभागिता जुटाउन केही न केही काम गरेका प्रधानाध्यापक र शिक्षकहरूले झुक्किएर पनि अभिभावकलाई दोष लगाएनन्। अर्कालाई दोष लगाएर पन्छिने ती थिए, जससित आफूले गरेका सुनाउन लायक काम केही थिएनन्।

भेलाका एक सहभागीको विचार थियो, "दिनभर कमाएर खाने अभिभावकहरूलाई हामी बालबालिकाको पढाइका बारेमा छलफल गर्न स्कूलमा बोलाउन सक्दैनौं। त्यसो गर्नाले उहाँहरूको रोजीरोटी मर्छ।"

ठ्ठ सुन्दा गरीब अभिभावकहरूलाई माया गरे जस्तो लागे पनि यसको मर्ममा पनि अभिभावकहरूको भावना र प्रतिबद्धताप्रति अनादर नै लुकेको छ। सम्पन्न अभिभावकले मात्र छोराछोरीको पढाइमा खर्च गर्छन् र विपन्नहरू छोराछोरीका लागि अलिकति समय पनि खर्च गर्न सक्दैनन् भन्ने धारणा राख्नेले न त आम अभिभावकको पढाइप्रतिको भावना बुझेको हुन्छ, न त समर्पण नै। हिजोआज स्कूलहरू धेरै टाढा छैनन् र समय मिलाएर बोलाउँदा १०-१५ मिनेट स्कूलमा निस्केर छोराछोरीको पढाइको बारेमा छलफल गर्न नचाहने र नसक्ने कोही पनि छैन।

**सम्पन्न अभिभावकले मात्र छोराछोरीको पढाइमा खर्च गर्छन् र विपन्नहरू छोराछोरीका लागि अलिकति समय पनि खर्च गर्न सक्दैनन् भन्ने धारणा राख्नेले न त आम अभिभावकको पढाइप्रतिको भावना बुझेको हुन्छ, न त समर्पण नै।**

अर्काको विचार, भावना र आवश्यकताको आफूखुशी मूल्याङ्कन गरेर आफ्ना कुरा र कार्यक्रम लाद्ने प्रवृत्तिलाई 'विकासे प्रवृत्ति' भनिन्छ। समाजलाई दीर्घकालीन फाइदा हुन्छ कि हुँदैन भन्ने कुरा विचार नगरी विकासका नाममा आफूले सही ठानेका वा आफूलाई सुविधा हुने अवधारणा र परियोजनाहरू थोपर्ने यो चलन हिजोआज सबैतिर फैलिन थालेको छ। विद्यार्थीसित सधैं नै प्रत्यक्ष सम्बन्ध हुने शिक्षकहरूले अभिभावकका बारेमा पनि सजिलै बुझ्न सक्छन्, हचुवाका भरमा बोल्नु जरूरी छैन।

२०४७ सालपछि गैरसरकारी संस्थाहरूको व्यापक वृद्धि भएको समयमा नेपाली समाजमा 'अवेरनेश' भन्ने अङ्ग्रेजी शब्दको अलि बढी नै प्रयोग हुन थाल्यो। दाताहरूले जागरुकता बढाउने कार्यक्रम ल्याए, जसलाई 'चेतना अभिवृद्धि' मात्र नभनेर 'सचेतना' वा 'सचेतनता' जस्ता गलत शब्दहरूले समेत बुझ्न र बुझाउन थालियो। जागरुकता, सूचना, जानकारी, सीप, शिक्षा– सबै शब्दहरूको विकल्पमा 'चेतना' को प्रयोग हुन थाल्यो। अनि अर्काको चेतनाको नापजोख गर्ने हक र हैसियत आफूसित छ कि छैन भन्ने बारेमा 'सचेत' नभइकन हामी अर्काको चेतनाको अनधिकृत नापजाँचमा लाग्यौं।

शिक्षा र चेतना एउटै कुरा होइन। परीक्षाले चेतना नाप्ने वा प्रमाणपत्रले चेतनामा लालमोहर लगाइदिने पनि होइन। मानव सभ्यताले हजारौं हजार वर्षको अवधि औपचारिक शिक्षा र प्रमाणपत्र विना नै बिताएको थियो। उत्सुकता, सुखको चाहना, सन्तानको माया, भविष्यप्रति आशावान, परोपकारको भावना, गीत, कविता, कथा वा कुरामै भए पनि अनुभवहरूको अभिलेख राख्ने बानी जस्ता सामान्य मानवीय प्रवृत्तिले सभ्यतालाई यहाँसम्म ल्याइपुऱ्याएको हो। यिनै मानवीय चेतनाका सङ्केत हुन्। यसपछिका कुराहरू थपथाप मात्र हुन्।

कर्तव्यपथबाट जो पनि विचलित हुनसक्छ तर त्यो विचलन चेतनाको अभाव होइन। राज्य वा समाजले योग्य ठानेर र पारिश्रमिक दिएर, नियमसङ्गत हिसाबले दिएको जिम्मेवारी पूरा नगर्नु दण्डनीय अपराध हो। तर कुनै औपचारिक र वैतनिक जिम्मेवारी नलिएका व्यक्तिले कदाचित आफ्नो, आफ्नो परिवार र समाजको हितका लागि काम गर्न सक्दैनन् भने त्यो कमजोरी मात्र हो। व्यक्तिहरूको कमजोरीलाई कम गराउनकै लागि सङ्गठित निकायहरूको गठन भएको हुन्छ। शिक्षाको प्रसङ्गमा भन्ने हो भने नागरिकहरूलाई शिक्षित बनाउने काम अभिभावकहरूबाट मात्र पूरा हुन सक्दैन भनेर नै शैक्षिक निकायहरूको गठन गरेर योग्य शिक्षकहरूको नियुक्ति भएको हो।

कर्तव्यपरायण शिक्षकहरूको काम अभिभावकको चेतनाको मूल्याङ्कन गर्ने भन्दा पनि उनीहरूको कमजोरीलाई कम गराउनु हो, जुन काम मेचीदेखि महाकालीसम्मका धेरै शिक्षकहरूले गरेका छन् र त्यस्ता कामहरूकै बारेमा जानकारी बढाउन *शिक्षक* मासिकको यो र यस्ता धेरै अङ्कहरू प्रकाशित भएका हुन्। 📖

# पिताजीको प्रेरणा



**विदेशतिर** कतै, एकादेश भन्दा पनि हुने ठाउँतिरको कुरा हो, एक जना लोकप्रिय कलाकार थिए। उनी शिक्षित र आफ्नो विधामा साह्रै दक्ष पनि थिए। आफ्नो सृजनशीलता र प्रभावकारी प्रस्तुतिकरणबाट उनले ठूलो नाम र मान कमाएका थिए। तर उनी रक्सीका चर्का दुर्व्यसनी थिए। मात्न थालेपछि सबै कुरा बिर्सिने उनको बानीले उनका परिवारजन र शुभचिन्तकहरू दिक्क हुन्थे। रक्सीजनित रोगकै कारण उनको निधन भयो।

उनका दुई जना छोरा थिए। उनीहरूमा पनि सानैदेखि बाबुकै जस्तो प्रतिभाका लक्षणहरू देखिए। उनीहरूले पनि आफ्नो प्रतिभालाई तिखार्दै कलाकै क्षेत्रमा आफूलाई होमे। दुई दाजुभाइमा धेरै सम्भावना हुँदाहुँदै पनि एउटा अन्तर स्पष्टसँग देखिन थाल्यो। एउटा छोरो बाबुले जस्तै रक्सी खान थाल्यो। अर्को चाहिं रक्सीबाट सधैं चार हात पर बस्थ्यो।


एक पटक एक जना पत्रकारले ती दाजुभाइसँग एक्ला एक्लै अन्तर्वार्ता लिए तर प्रश्न भने उही नै सोधे। रक्सीको दुर्व्यसन सम्बन्धी प्रश्नको जवाफमा रक्सी खानेले भनेछ, "कलामा झैं म जीवनमा पनि पिताजीबाट प्रेरित छु। मैले उहाँको प्रतिभाको महान रक्सीले खोलेको प्रत्यक्ष देखेको छु। उहाँले आफ्नो स्वास्थ्य र पारिवारिक सुखलाई दाउमा राखेर भए पनि समाजलाई धेरै ठूलो योगदान गर्नुभयो। म पनि उहाँकै बाटो हिंड्छु।"

सोही प्रश्नको जवाफमा रक्सीबाट टाढै बस्ने भाइको जवाफ थियो, "कलामा म पिताजीबाट प्रेरित भए पनि जीवनमा उहाँ मेरो आदर्श होइन। मलाई लाग्छ, रक्सी उहाँको ठूलो कमजोरी थियो। रक्सी नखाएको भए उहाँ स्वस्थ र अझ सुखी हुन् हुनेथियो। पिताजीकै कमजोरी देखेकाले म कहिल्यै रक्सी छुन्न। जसरी मैले पिताजीबाट कलाकारिता सिकें, त्यसरी नै दुर्व्यसनबाट टाढा बस्नुपर्छ भन्ने कुरा पनि उहाँकै जीवनशैली हेरेर बुझेको हुँ।"


## *शिक्षक* मासिकको नयाँ प्रकाशन

**एमबीबीएसदेखि लोकसेवा आयोगको तयारी गर्ने विद्यार्थी र स्वास्थ्यकर्मी तथा मेडिकल कलेजको स्थापना र सञ्चालनमा चासो राख्नेहरूदेखि नीति–निर्मातासम्मका लागि उत्तिकै उपयोगी र रुचिकर पुस्तक।**

**लेखक:**
**प्रा.डा. सीताराम अधिकारी**
संस्थापक रजिष्ट्रार (सन् १९९१–२००७)
काठमाडौं विश्वविद्यालय




पृष्ठ संख्या: ३९०+२२; मूल्य: रु.४००

**बिक्री–वितरणको लागि सम्पर्क:**

*शिक्षक* **मासिक / ज्ञान–विज्ञान शैक्षिक सहकारी संस्था लि.**
पो.ब.नं. ३९१, पूर्णचण्डीमार्ग, जावलाखेल, ललितपुर
फोन: ५५४३२५२, ५५४८१४२, इमेल: mail@teacher.org.np
९८४१६२५९७८ (तारा), ९८४१६७८२०५ (अनिल)

# प्रतिक्रिया र सुझाव

## कस्ता शिक्षकलाई अयोग्य भन्ने ?

शिक्षक व्यवस्थापनको एउटा विकल्प अयोग्यलाई सुनौलो बिदाइ पनि हुनसक्छ। यही विषयलाई केन्द्रविन्दुमा राखेर *शिक्षक*को साउन अङ्कमा गरिएको टिप्पणी तथा चलाइएको संवाद निकै प्रभावकारी लाग्यो। साँच्चै नै, अयोग्य शिक्षक जति सबैलाई हटाएर सबै योग्य-योग्य शिक्षक मात्रै राख्न पाए, यो देशको शैक्षिक स्थिति कति राम्रो हुन्थ्यो होला! शैक्षिक स्थिति राम्रो भएपछि सबै क्षेत्र राम्रो भई देशै कति राम्रो हुन्थ्यो होला! तर त्यो कल्पनामय राम्रो स्थितिका डरलाग्दा बाधक अयोग्य शिक्षक कसरी चिन्ने होला?

मानव जीवनको स्वाभाविक पक्ष हो– पुराना शिक्षकहरू क्रमश: आँखा देख्न र कान सुन्न छोड्दैछन्। शैक्षिक क्षेत्रमा भित्रिएका नयाँ नयाँ प्रयोग र प्रविधिबारे उनीहरू पूरै बेखबर छन्। पढ्दा त हुन्थ्यो, तर कुनै पनि पुस्तक उनीहरू पढ्दै पढ्दैनन्। जति पढे, पहिले नै पास हुनका लागि पढे– त्यसैले धानिरहेकै छ। उहाँहरूको ग्रेड सङ्ख्या र ग्रेडको रकम धेरै भइसक्यो। स्थायी र नोकरी ज्येष्ठताका कारण, उनीहरूमध्ये धेरैजसो विभिन्न तहमा प्रअ पनि छन्। तीमध्ये माध्यमिक तहका प्रअको त कमाइ पनि राम्रो छ। विद्यालयमा भवन निर्माण पऱ्यो भने अध्यक्षसँग मिलेर कमाउन सकिन्छ। शिक्षक नियुक्तिमा पनि त्यस्तो चल्छ। उनीहरू दह्रा र तगडा हेडमास्टर हुन्। त्यसैले, जिल्ला शिक्षा कार्यालयसम्म मात्र होइन, केन्द्रसम्म नै उनीहरूको प्रभाव हुन्छ। तालीम, गोष्ठी, एसएलसी केन्द्राध्यक्ष इत्यादिमा उनीहरूकै सिफारिश हुन्छ। उनीहरूले विद्यालयमा पढाउनु पनि पर्दैन। त्यस्ता वरिष्ठ शिक्षकहरूलाई कसरी अयोग्य भनेर निकाल्ने? साठी वर्ष नपुगेसम्म उनीहरू, एक दिन अघि पनि छोड्नेवाला छैनन्।

२०४८ सालमा स्वत: स्थायी भएका शिक्षकहरू पनि धेरै छन्। उनीहरूमध्ये धेरैलाई, गणितका चार साधारण नियम र अङ्ग्रेजीको सामान्य ज्ञान पनि छैन। चर्चित विद्यालय, महाविद्यालयमा पढेका उनीहरूमध्ये पनि, धेरैजसो त प्रअ नै छन्। सेकेन्ड क्लास भइसकेका उनीहरू अब फस्टक्लासको दावेदार छन्। ती प्रअमध्ये कतिपय त यस्ता पनि मैले देखेको छु, जो विद्यार्थीको प्रमाणपत्रमा अङ्ग्रेजी सही गर्न नजानेर, नेपालीमै गर्छन्। जे भए पनि, यिनीहरू जस्तालाई अयोग्य भनेर निकाल्न पनि साठीवर्ष उमेरसम्म नपर्खी धरै छैन।

अरू पनि थुप्रै योग्य शिक्षकहरू छन्, जसमध्ये अधिकांशले स्थायी हुन धेरै मिहिनेत गर्नुपरेको थियो भन्ने सुनिन्छ। स्थायी भएकोले उनीहरूले पाउने सुविधा मनग्ये भए तापनि, उनीहरूमा कर्तव्यबोध छैन। खेताला शिक्षक राख्ने, लामो बिदामा बस्ने, स्कूल आए पनि कक्षामा नजाने, हेडसरको चाकरी गर्न रुचाउने–उनीहरूका केही गुणहरू हुन्। नेतागिरी गरेर समय बिताउनेहरू पनि थुप्रै छन्। जे-जस्तो भए पनि, उनीहरूलाई निकाल्न गाह्रो छ।

### अब अयोग्य को हो त ?

खाली सोझो-सीधा भएर खुरुखुरु पढाइरहने कर्तव्यनिष्ठ शिक्षकहरू भने अस्थायी छन्। अस्थायी भएरै बीस वर्ष कटाइसके। तिनीहरू जस्तालाई निकाल्न पनि आनाकानी गरिँदैछ। भनेपछि, कुन शिक्षकलाई अयोग्य ठहऱ्याएर पदमुक्त गर्ने त?

इन्द्रकुमार श्रेष्ठ
श्री सरस्वती उमावि, खानीभन्ज्याङ, ओखलढुङ्गा

## शिक्षक नमूना बन्नुपर्छ

'शिक्षकले पढेको देखे, विद्यार्थी पनि पढ्न थाल्छन्' (*शिक्षक* मासिक, असार २०७०) अत्यन्तै राम्रो लाग्यो। यसले शिक्षक आफैं मार्गदर्शक तथा नमूना बन्नुपर्ने पाठ सिकाएको छ। तर हाम्रा अधिकांश पुरुष शिक्षकहरू त्यस्तो नमूना (मोडेल) बन्नुको सट्टा नसालु पदार्थ सेवन गर्ने, जुवातासमा समय खर्च गर्ने, शैक्षिक क्रियाकलापभन्दा बाहिरी व्यापार, व्यवसाय र राजनीतिमा लाग्ने गरेका पाइन्छन्। यस्तो स्थितिमा विद्यार्थीले कस्ता शिक्षकको नक्कल गर्ने? के शिक्षकहरूले यो विषयलाई गम्भीरतापूर्वक लिइदेलान्?

दीपकराज शर्मा (चालिसे)
प्रावि बथानडाँडा, धारापानी-८, सुर्खेत

## सम्झौताको औचित्य कति ?

शिक्षा नियमावली २०५९ मा प्रधानाध्यापकले पूर्ण रूपमा प्रशासनिक मात्र नभएर शिक्षणको समेत काम गर्नुपर्ने उल्लेख छ। उसले स्नातकोत्तर तह उत्तीर्ण गरेका प्राज्ञलाई समेत परिचालन गर्नुपर्छ। त्यसमाथि राजनीतिक

## प्रति-टिप्पणी




'शिक्षक व्यवस्थापन: समस्या एक सुझाव अनेक' (*शिक्षक*, साउन २०७०) शीर्षक अन्तर्गत प्रकाशित विभिन्न विचारहरूप्रति टिप्पणी गर्न चाहन्छु:

**विचारक: बाबुराम सुवेदी**
**विचार सारांश:** प्रअलाई बढी अधिकार तथा सेवा-सुविधा दिइनुपर्छ।

**टिप्पणी:** प्रअ मात्रै शैक्षिक उन्नतिको वाहक होइन भन्ने बुझ्नु जरूरी छ। गुणस्तरीय शिक्षको लागि शिक्षक, विद्यार्थी, अभिभावक, विव्यस, स्रोतकेन्द्र आदि लगायत अरू धेरै पक्षको उत्तिकै जिम्मेवारी र भूमिका छ। प्रअले त ती सबै पक्षहरूलाई समन्वय गर्ने मात्र हो। अर्कोतर्फ राजनीतिक वर्चस्वको आधारमा नियुक्त भएका प्रअलाई अहिलेकै अवस्थामा थप अधिकार दिइयो भने अन्य शिक्षक खासगरी इतर विचार भएका शिक्षकको हालत के होला? कतिपय प्रअहरू विव्यस तथा अभिभावकलाई भुसुना जत्ति पनि गन्दैनन्। मेरो विचारमा प्रअलाई थप अधिकार दिनुभन्दा पहिले प्रअ छनोटको स्पष्ट मापदण्ड हुनु

**अहिलेसम्म १७ थरीका अस्थायी शिक्षक देखाएर उनीहरूलाई आन्दोलन समेतमा उतारी आफू मात्र स्थायी हुने सम्झौता गरेर दरबन्दीका अस्थायी शिक्षकले अन्य थरीका अस्थायी शिक्षकलाई ठग्ने काम गरेको प्रति सबै पक्ष जागरुक हुनु आवश्यक छ। अन्य थरीका शिक्षकप्रति कुनै शिक्षक संगठन तथा पार्टी गम्भीर छैनन् भन्ने कुरा नै अहिलेसम्मको सत्य हो।**

जरूरी छ। निश्चित मापदण्डबाट छनोट भएका प्रअको पनि निश्चित समयावधि तोकिनुपर्दछ। समयावधिभित्र कार्य दक्षता देखाउन नसकेका प्रअलाई बर्खास्त गरिनुपर्दछ। साथै योग्य प्रअले पनि पुन: परीक्षण प्रक्रियामा सामेल हुनुपर्दछ।

**विचारक: दामोदर सापकोटा**
**विचार सारांश:** प्रावि शिक्षकको योग्यता कम्तीमा स्नातक हुनुपर्दछ।
**टिप्पणी:** यो विचारमा शतप्रतिशत सहमत हुन सकिन्छ। विकसित मुलुकमा विज्ञ शिक्षकद्वारा आधारभूत शिक्षा दिने गरिन्छ भने हाम्रोमा बढी योग्यता भएका शिक्षक प्राथमिक तहमा शिक्षण गर्दैनन्। अर्कोतर्फ २०४८ सालमा जति शिक्षकलाई स्वत: स्थायी गरियो त्यसमा अधिकांश प्राथमिक तहका शिक्षक थिए। स्वत: स्थायी भएका शिक्षकहरू शिक्षणलाई केवल जागीरको रूपमा लिन्छन्। यस्तो अवस्थामा उनीहरूबाट के अपेक्षा गर्न सकिन्छ? तसर्थ; जसरी राज्यले उनीहरूलाई 'स्वत: स्थायी' गऱ्यो त्यसैगरी उनीहरूलाई 'स्वत: अवकाश' दिने आँट गर्नुपर्दछ। उनीहरूको सेवा अवधि पनि लगभग २० वर्ष पुगिसकेको छ।

**विचारक: पूर्णा जोशी**
**विचार सारांश:** अस्थायी (वि.सं. २०६३ वैशाख १० भन्दा अगाडिका) शिक्षकलाई आन्तरिक प्रतियोगिताको सामान्य प्रक्रियाबाट स्थायी गरिनुपर्दछ।

**टिप्पणी:** यो विचारले केही हजार अस्थायी शिक्षकलाई राहत त मिल्ला तर अधिकांश शिक्षाशास्त्र अध्ययन गरेका नयाँ स्नातक वा स्नातकोत्तर जनशक्ति बाहिर रहने सम्भावना रहन्छ। साथै अहिलेकै एसएलसी परीक्षाको नतीजाबाट पनि विद्यालयमा पुराना तथा अयोग्य जनशक्ति राख्ने कि नयाँ तथा योग्य जनशक्ति भित्र्याउनु जरूरी छ भन्ने कुरो प्रष्ट हुन्छ। पुरानै जनशक्तिलाई घुमाइफिराइ विद्यालयमा राखिराख्ने नियतबारे नयाँ पुस्ता अब सचेत हुनै पर्दछ। यस्तो किसिमको प्रथाबाट विद्यालय शिक्षा डामाडोल हुने निश्चित छ। अर्कोतर्फ अहिलेसम्म १७ थरीका अस्थायी शिक्षक देखाएर उनीहरूलाई आन्दोलन समेतमा उतारी आफू मात्र स्थायी हुने सम्झौता गरेर दरबन्दीका अस्थायी शिक्षकले अन्य थरीका अस्थायी शिक्षकलाई ठग्ने काम गरेको प्रति सबै पक्ष जागरुक हुनु आवश्यक छ। अन्य थरीका शिक्षकप्रति कुनै शिक्षक संगठन तथा पार्टी गम्भीर छैनन् भन्ने कुरा नै अहिलेसम्मको सत्य हो। नयाँ पुस्ताले यस्ता किसिमको बहकाउमा नलागी आफ्नो व्यक्तित्व विकास गर्ने बाटो अँगाल्नु नै बुद्धिमानी हो। अर्कोतर्फ, २०६३ अघिका शिक्षकलाई मात्र आन्तरिक प्रतिस्पर्धाको मौका दिइए २०६३ पछि अस्थायी शिक्षकले के पाउने हो? नेताको झोला? त्यसकारण खुरुखुरु खुल्ला प्रतियोगिता गर्ने; त्यसमा खरो उत्रिन सक्ने शिक्षक हुन्छन्; नहुने अन्य बाटो लाग्छन्। दया र कृपाले बालबालिकाको भविष्य सप्रनेवाला छैन।

**विचारक: धनञ्जय अधिकारी**
**विचार सारांश:** राहत तथा पीसीएफ अनुदानको नीतिबाट सरकारले विकृतिको सुरुआत गऱ्यो।

**टिप्पणी:** सही कुरा हो यो। विद्यार्थी शिक्षक अनुपात कम गर्नुपर्दछ भन्ने कुरा ठीक छ। तर, शिक्षाशास्त्र नपढेकालाई शिक्षक बन्न दिनुपर्दछ भन्ने कुरा त्यति तर्कसंगत लागेन। त्यसको साटो बरु शिक्षाशास्त्रलाई बढी मर्यादित र स्ट्यान्डर्ड बनाइनुपर्छ।

अर्कोतर्फ, समाजका कुनै पनि संघसंस्था वा राजनीतिक पार्टीले अस्थायी शिक्षकलाई इज्जतका साथ हेर्दैनन् भन्ने कुरा सत्य मानेर अस्थायी शिक्षकहरू आफ्नो व्यक्तित्व विकास गर्नपट्टि लाग्नु जरूरी छ। राजनीतिक दलले मुखले मात्रै हमदर्दी देखाएका हुन्। वास्तवमा उनीहरूको मनमा शिक्षकलाई स्थायी गर्ने कुनै एजेण्डा नै छैन। वास्तवमा राजनीतिक दलको नीति नै विस्तारै-विस्तारै मिलाएर आफ्नालाई राख्ने अरूलाई बाइकट गर्ने हो; तिनले नभनेका मात्रै हुन्। यो कुरा सबै अस्थायी शिक्षकले बुझे बाढी पीडित झैं भएर जागीर खानु पर्दैन।

**विचारक: गुणराज लोहनी**
**विचार सारांश:** नीति निर्माता, नेता, मन्त्री, कर्मचारीले आफ्ना छोराछोरी सरकारी विद्यालयमा मात्रै पढाउनुपर्दछ।

**टिप्पणी:** यो विचार झ्वाट्ट हेर्दा दुनियाँको वाहवाही पाउने खालको भए पनि सारमा यो सर्वसत्तावादी र गैर मानवअधिकारवादी विचारबाट प्रेरित छ। यस्तै हो भने त मानिसहरूलाई भन्नुपऱ्यो कि– सरकारी ब्याङ्कमा मात्र कारोबार गर्नु, सरकारी अस्पतालमा मात्रै उपचार गर्नु, सरकारी यातायातको मात्र प्रयोग गर्नु, आदि। अहिलेको भूमण्डलीकरणको युगमा यो जसरी सम्भव छैन त्यसैगरी मानिसलाई तिम्रा बालबच्चा यहाँ उहाँ पढाऊ भन्नु मानवअधिकार हरणको नमूना हो। आफ्नो स्वरलाई सुमधुर बनाउने कि अर्काको अल्बम नकिन् भन्ने? यदि कुनै नेता, मन्त्रीले सरकारी अनुदान दिई कुनै निजी विद्यालयको भौतिक संरचना निर्माण गरेको वा शैक्षिक विकास गरेको दृष्टान्त दिन सके उहाँको कुरा मान्न सकिएला। हामीले के बुझ्नु जरूरी छ भने केही विषयमा अझै पनि सरकारी विद्यालय वा महाविद्यालय पहिलो रोजाइ बनिरहेका छन्। कुरा केवल प्रतिबद्धता र प्रणालीको हो।

जयराम कुमाल, (राहत शिक्षक)
श्री जीवन ज्योति उमावि, च्याङ्ली, गोरखा

## प्रतिक्रिया र सुझाव

दलको दबाब र प्रवेशिका परीक्षाको नतीजाको अपजसको प्रमुख भागिदार पनि प्रधानाध्यापक नै हुनुपर्छ। यही कारणले गर्दा हुन सक्छ; देशका अधिकांश सामुदायिक विद्यालयका प्रधानाध्यापकले यसलाई अवसर र क्षमता प्रदर्शनको मौकाको रूपमा नलिई बोझको रूपमा लिएको मैले महसूस गरेको छु।

यसै सन्दर्भमा २०७०/७१ को बजेट प्रस्तुत गर्ने क्रममा सरकारले प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गर्ने घोषणा गरेको छ। यसलाई प्रवेशिका परीक्षामा विगत आठ वर्षकै न्यून नतीजापछिको सरकारको प्रतिक्रियाको रूपमा बुझ्न सकिन्छ। हतारमा योजना बनाउनु र फुर्सदमा पछुताउनु भन्दा तत्कालै केही तथ्यमा गम्भीर हुन जरूरी देखिन्छ:

क) प्राथमिक तहका लागि नियुक्त व्यक्तिले माध्यमिक विद्यालयको नेतृत्व गर्न सक्ला ?

ख) न्यूनतम आवश्यक दरबन्दी समेत नभएको अवस्थामा कार्यसम्पादन सम्झौताको अर्थ सबै विषय प्रधानाध्यापकले नै पढाउनुपर्छ भन्ने हो ?

ग) त्यो सम्झौतापछि राजनीतिक, उपल्लो तह र शैक्षिक प्रणालीको दबाबलाई पूर्ण रूपमा अस्वीकार गरी प्रअले आफ्नै निर्णय लागू गर्न पाउने हो र ?

घ) राजनीतिक कारणले नै थिलोथिलो भएका कतिपय विद्यालयमा त्यस परिपाटीको अन्त्य गर्न प्रअसँगको कार्यसम्पादन सम्झौता नै समाधानको रामवाण हो त ?

ङ) शिक्षा नियमावली २०५९ को नियम ९४ मा उल्लिखित प्रधानाध्यापकका ३१ वटा काम-कर्तव्य पूरा गर्न निजलाई भत्तास्वरुप दिइँदै आएको मासिक रु.५०० पर्याप्त छ र ?

च) तल्ला कक्षामा गुणस्तर कायम नगर्ने, सेण्ट अप परीक्षा समेत खारेज गर्ने अनि एसएलसी परीक्षाको नतिजा मात्र उच्च विन्दुमा पुगोस् भनी गरिने अपेक्षा कति यथार्थवादी छ ?

छ) शैक्षिक शत्रको बीचैमा पढाइ छाड्ने, शिक्षकहरूलाई नटेर्ने विद्यार्थी, विद्यार्थीबाट हुने मोबाइल दुरुपयोग रोक्न उपयुक्त नीति नल्याई गरिएको सम्झौताको अर्थ कति रहला ?

ज) उदार कक्षोन्नति, बालमैत्री शिक्षाको दुरुपयोग, हाजिर पुगे उत्तीर्ण हुने जस्ता नीतिमा पुनर्विचार गर्ने वेला आएन र ?

झ) एसएलसी परीक्षामा हुने अमर्यादित गतिविधिका कारण विद्यार्थीले नपढी पास हुन खोज्ने प्रवृत्ति बढिरहेको वेला यसको सुधारको उपाय यही नै हो त ?

गोपालप्रसाद भट्टराई
प्रअ, सिंहदेवी मावि, नुनढाकी, संखुवासभा



# असल कर्मको मार्ग खोज्न



**हाम्रो विद्यालयमा विद्यार्थीलाई अनुशासनमा राख्न अपनाइने विधि र प्रक्रियाका बारेमा बहस चलिरहन्छन् । यस्ता तर्क, विचार र बहसबाट सकारात्मक निष्कर्ष निकाल्न हामीलाई *शिक्षक* मासिकले सहयोग गरेको छ ।**

**अर्जुनप्रसाद पोखेल**

**विद्यालय** *शिक्षक* मासिकको ग्राहक छ। पत्रिका नियमित आउँछ। तर कमै मात्र हामी शिक्षकले पढ्छौं । यस वर्षको प्रवेशिका परीक्षामा विद्यालयको उत्तीर्ण प्रतिशत कम आयो। शिक्षकहरूको मतले अंग्रेजी र गणितको ट्युसन कक्षा ६ देखि अनिवार्य गरिएको छ। मैले विद्यार्थीको पूर्व ज्ञान अर्थात् उनीहरूले जानेको ठाउँबाट सिकाउन शुरू गरे राम्रो होला भनेर सल्लाह दिएँ। तर "कोर्से हेर्नु छैन । अब ए.बी.सी.डी., बुकको स्पेलिङ्ग र जोड घटाउ सिकाउने ?" भनेर उत्तर दिनुभयो । मैले विद्यालयमा भएका *शिक्षक* मासिकका विभिन्न अंक हेर्ने गरे यो समस्या समाधान हुने तर्क राखें।

हाम्रो विद्यालयमा विद्यार्थीलाई अनुशासनमा राख्न अपनाइने विधि र प्रक्रियाका बारेमा बहस चलिरहन्छन्। यस्ता तर्क, विचार र बहसबाट सकारात्मक निष्कर्ष निकाल्न हामीलाई *शिक्षक* ले सहयोग गरेको छ । मैले कक्षा दशको सामाजिक शिक्षणमा *शिक्षक* कै उत्प्रेरणाले विद्यार्थीलाई नै समस्यामा पार्ने; ऊ त्यो समस्याबाट पार पाउन प्रयास गरिरहेको वेलामा मात्र सहयोग गर्ने र उसलाई सामूहिक रूपमा प्रशंसा गर्ने रणनीतिको प्रयोगले विद्यार्थीको सिकाइमा सक्रियता वृद्धि गरेको अनुभव गरेको छु। यसैगरी कक्षा दशकी एउटी छात्रा बाल क्लबले आयोजना गरेको कार्यक्रममा ज्यादै राम्रो नाचिन्। उनले दश वर्षसम्म विद्यालयका अतिरिक्त क्रियाकलापमा भाग लिन पाएकी रहिनछन्। उनलाई सबै शिक्षकले सामूहिक रूपमा प्रशंसा गऱ्यौं। त्यसको भोलिपल्टदेखि उनको सिकाइमा सक्रियता देखा पऱ्यो। यी र यस्ता हजारौं खोज र अनुभव *शिक्षक* मासिकमा पढ्न सकिन्छ।

माथिका विचार र अनुभवका साथसाथै *शिक्षक* बाट निम्न कुरा जान्न-बुझ्न; बहस; छलफल र निचोड प्रष्ट गर्न सकिन्छ कि भनेर पढ्ने:

असल कर्मले मात्र समस्याको समाधान हुन्छ। पढ्ने बानीको विकासमा पनि के पढ्ने भनेर छनोट गर्न सक्नु महत्त्वपूर्ण हो। आत्मछवि उजिल्याउने ज्ञान र देह चलाउने विज्ञान भनेको शिक्षा हो। त्यो विवेक शिक्षकले शिक्षा मार्फत दिन नसके भावी सन्ततिको असल कर्मको बाटो छेकिन्छ भन्ने जान्न।

हाम्रा बालबालिका एकोहोरा भइरहेका छन् । हामी र अभिभावकले देब्रे मस्तिष्कको मात्र प्रयोग गरिरहेका छौं। त्यसैमा रमाइरहेका छौं । यस्तो यान्त्रिकताबाट जैविक संयन्त्रको रूपमा विकसित भई बालबालिकाको दायाँ मस्तिष्क संचालन गर्ने विधि र प्रक्रिया, सोच र सक्रियताको विकास गर्न।

वास्तवमा हामी शिक्षा क्षेत्रका सरोकारवालाहरू प्राय: सबैले प्रायश्चित गर्ने वेला गुज्रिसकेको छ । नराम्रोमा लज्जा, राम्रोमा आदर र परिवर्तनको लागि दृढ संकल्प गर्नु नै प्रायश्चित हो। परिवर्तन कल्पना हैन कर्माणुको सक्रियता हो। कर्माणुका परमाणु, सद्विचार हुन् । ज्ञान र विज्ञानका विचारमा नै सकारात्मक परिवर्तनको खाँचो छ। त्यस्तो परिवर्तन यही पत्रिकाबाट सम्भव छ भन्ने लागेकाले, यही पत्रिकाले संचालन गर्छ भन्ने आशा पलाएकोले।

सिक्ने सबैभन्दा राम्रो उपाय अरूलाई सिकाउनु हो । शिक्षणलाई समाधानको रूपमा विकास गराउन सकियो भने सिक्ने बानीको विकास हुन्छ। सिक्नको लागि पढ्ने संस्कृतिको विकास गर्नु पऱ्यो। के पढ्ने भन्दा पढ्ने प्रकाशन धेरै छन्। शिक्षकले आधारभूत रूपमा पढ्नै पर्ने एउटा सहयोगी सामग्री *शिक्षक* मासिक पनि हो।

गुणस्तरीय शिक्षाको बहसमा स्रोत सामग्रीको रूपमा प्रयोग गर्न पनि *शिक्षक* मासिक पढ्ने हो कि ?

एउटा कमसल कार्यलाई सकारात्मकतामा परिणत गर्नुभन्दा सफलताका साना साना उपलब्धिबाट विजयको भावना सिकाइमा जोड्न उत्प्रेरित गर्नाले कहाँबाट सिकाउने भन्ने कुराको बोध हुन्छ । यस्तै बालक र बालककै वातावरणमा किन अर्थपूर्ण सिकाइ निहित हुन्छ ? भन्ने खोजको लागि।

बालकले जानेकोबाट कि, हामीले जानेको; पुस्तकमा अरूले जानेको कुरा- कहाँबाट सिकाइ शुरू गर्ने भन्ने जस्ता महत्त्वपूर्ण सवालहरूमा आफ्नै निजी धारणा विकास गर्न।

शिक्षा नाना प्रकारका जान्ने कुराहरूको संग्रह होइन । हामीले आफूले जानेका कुराहरू विद्यार्थीको दिमागमा जाकिदिंदा शिक्षण हुँदैन भन्ने सामान्य तर संवेदनशील कुराहरूमा घोरिएर सोच्न।

अन्त्यमा "यो नानी कति पढेकी हो। जति पढे पनि गाई पाल्ने कि तरकारी लाउने होला, विदेशिने जाँगर पनि यै पढाइले खाला जस्तो छ" भनेर म लेख लेखिरहेको वेला मेरी आमा प्रकृतिले नातिनी सृजनालाई सम्झाउँदै "आइज रामतोरियामा कीरा लागेछ। तितेपातीको छाप्रो हाल्नुपऱ्यो" भनेपछि म रुसङ्ग भएँ। तर विज्ञान खोज्न डा. तीर्थबहादुर श्रेष्ठ र ज्ञान खोज्न डा. विद्यानाथ कोइरालाहरूलाई *शिक्षक* मासिकमा भेट्न पाइन्छ भनेर ढुक्क छु। जीवन मनुष्य र चरित्र निर्माण गर्ने शिक्षालाई विद्यार्थी समक्ष पुऱ्याउने कलाको विकास गर्न र बालकमा रहेको जीवन, मनुष्य र चरित्र निर्माणको क्षमता पहिचान गरी सहयोग गर्ने मनको बुद्धि खोज्न *शिक्षक* मासिकले सघाउँछ भनेर पढ्ने।

सरस्वती उच्च मा.वि., दुनै, डोल्पा



मनका कुरा

# मेरो स्वप्निल विपनाको विद्यालय

**भुईंमा वा रूखमा लामबद्ध हुँदै अप्ठेरा गौंडागल्फासम्म उक्लेर त्यहीं सुन्दर गृह-निर्माण गर्दै गरेका कमिलाका ताँती र कमलकोटीका सीप सिकेर इन्जिनियर बन्छन् मेरा विद्यार्थीहरू– समुद्रमाथि पुल-निर्माण गर्न, जमीनमाथि गृह-निर्माण गर्न, भीर-पहराको छाती चिरेर यातायात गुड्ने सडक-निर्माण गर्न– अलिकति शान्त शुभमुहूर्तको मेरो स्वप्निल विपनाको सुन्दर विद्यालय।**

■ कलानिधि दाहाल

मान्छे हुनुको अर्थ नै चेतना र विवेक हो। यी दुई तत्व छैनन् भने मान्छेको अन्तरस्वरुपमा मान्छे र पशुबीच कुनै भिन्नता रहन्न। बाहिरी स्वरुपको भिन्नताका आधारमा मान्छे-मान्छे हुँदैन र पशु, पशु रहन्न। त्यसैले हाम्रा आर्यावर्त पूर्वीय प्राक्सभ्यताकै मान्छे र पशुबीचको भेदक रेखाका रूपमा भनिएको छ- चेतना र विवेकरहितको मान्छे पुच्छर नभएको पशु हो।

आजका विकासोन्मुख मुलुकहरू लगभग यसै परिधिका मान्छेको भीडभित्र रहेका छन्। विकसित राष्ट्रहरू त अरु शक्ति र सत्ता सञ्चयको सोचले ग्रस्तै भएर यही पुच्छरविनाका पशुका रूपमा परिणत भएका छन्। आणविक शस्त्रास्त्रको होडले शक्ति सञ्चय नै मान्छेको पर्याय हो भन्ने अवस्थामा पुगेका विकसित राष्ट्रसञ्चालक र जंगलका पुच्छर लुकाएर आफूभन्दा निरीहका रक्तहोलीमा रमाउने हिंस्रक जनावरका बीचको पृथकता छुट्याउन शायदै मान्छेले सक्लान्।

म निर्भीकताका साथ भन्छु- यस अवस्थाको सिर्जनामा हाम्रा अद्यावधिक चल्दै गरेका विद्यालयको हात छ। विद्या+आलय दुई शब्दको जोडबाट बनेको यस शब्दले चेतना र विवेकको प्रथम विन्दु उद्घोष गर्दछ। यसभित्र मुख्यत: चार क्षेत्रका भिन्न अवस्थाका तत्वहरू- विद्यालय, विद्यार्थी, अभिभावक र शिक्षकको समायोजन भएको हुन्छ।

विद्यार्थी आफैंमा खाली श्लेटको मस्तिष्कवाहक चेहरा हो। उसलाई जन्मनासाथ घरको वातावरणले, आमाको अन्तरमनोलोकदेखिकै उसप्रति गरिएको व्यवहारले अनजानमै अमीट छाप परिरहेको हुन्छ। यहींनेरबाट भोलिको बच्चो कस्तो? भन्ने संकेत देखिन लाग्छन्। त्यसमा उसले अनजानमै प्रत्यक्ष रूपले घुलमिल गर्ने घरकै अन्य परिवारको व्यवहारको छाप ग्रहण गरिसकेको हुन्छ। सामान्य सीमा राख्ने हो भने तीन वर्षको अवस्था प्रवेशसँगै उसको अन्तरस्वरुप निर्मित भइसकेको हुन्छ। त्यस संस्कार विकासको विचार एउटा सच्चा नागरिक बन्नका लागि सकारात्मक भए ऊ सधैं सबैतिर सकारात्मक नै बनिरहन्छ। यसभन्दा अर्कोतिरको विचारले उसको मानसपटल भरिएको छ भने ऊ सधैं सबैतिर नकारात्मक नै बनिरहन्छ। यसैले पहिलो पाठशाला बच्चाहरूका लागि घर हो र पहिलो शिक्षक आमा नै हुन्।

आमाको कोखबाट घरायसी अन्य सदस्य सहितको संस्कार बोकेर विद्यालय प्रवेश गरेको बच्चाको पारिवारिक सम्पूर्ण पृष्ठभूमि नबुझी एकोहोरो परम्परादेखि निर्मित कोरा सैद्धान्तिक मापदण्डमा पढाइने वर्तमान शिक्षानीतिकै परिणामस्वरुप शिक्षालयहरू शिक्षाका मन्दिर बन्न नसकेर खिचडी तन्त्रका धर्मशाला बनेका छन्, जहाँ साधु आफ्नै धुनमा हुन्छ, लफङ्गाहरू अर्को छेउमा कुस्ती खेलिरहेका हुन्छन्, मगन्तेहरू भिक्षाका हात हल्लाइरहेका हुन्छन् र लठैत डाँकाहरूको हिंसात्मक क्रीडास्थल पनि यिनै शिक्षालयहरू बनिरहेका छन्। जागीरका जुम्रा टिप्न पल्केका शिक्षक/शिक्षिकाहरू घडीको सुई हेरेर समय संकेतको सुरमा हतारको हावा खान आफ्नै लहडमा अलमस्त छन्। प्रशासकहरू काउण्टरमा उठेको शुल्क हेरेर मुनाफाको जिब्रेजाल बुनिरहेका छन्। प्लेग्रुपका प्यारा नानीदेखि पीएचडीका पाका बानीसम्म यसै खिचडीको भाँडोबाट सर्टिफिकेटका खोस्टा निकालेर अकर्मण्य बेरोजगारको बिस्कुन सुक्दै विदेशी भिसाको पट्यारलाग्दो दु:खद् दुनियाँमा कुस्ती खेलिरहेछन्।

हामीले कस्ता खोल्यौं पाठशाला? कस्ता बनायौं विद्यालय, विश्वविद्यालय, जहाँ सम्पन्नदेखि विपन्नसम्मका राष्ट्रका पाठशाला, विद्यालय, विश्वविद्यालयहरूमा हिंसाका बन्दूक पड्कन्छन्, उन्मादका अनुहारहरू कोही मर्छन् त कसैले आफू जस्तै अर्कालाई मारिरहेका हुन्छन्। जस्तो सर्वसम्पन्नमा अमेरिकालाई लिऊँ, विपन्नमा इथियोपिया-नेपाललाई नै लिऊँ। के हामीले पढाउनुको अर्थ ज्ञान र चेतनाभित्र विवेकको साटो विषका बिरुवा रुङ्ग्याएका त छैनौं?

म त सोच्छु, मेरो सपनाभित्र, विपनाको विद्यालय जहाँ चोटाकोठा छन्, फरकफरक प्राकृतिक र आधुनिक दुवै किसिमले तिनलाई सजाइएको छ। एउटा कोठामा आरामदायी सोफाहरू अरु राउन्डिङ सोफाहरू सजाइएको, दोहोरो हिंड्न मिल्ने ठाउँ राखेर भित्तामा ठूलो ह्वाइटबोर्ड झुण्ड्याइएको छ, त्यसको दायाँबायाँ होचाअग्ला सबैले पुग्ने ठाउँमा भिन्नभिन्न रङका मार्करहरू उनीहरूकै चेहराका मुस्कानमा हाँसिरहेका छन्। चारैतिरका भित्तामा मृगशावकहरूका चित्रभित्र क, ख का अक्षर अंकित छन्, जसले कोमल र सुन्दर बालमनोविज्ञानलाई आकर्षित गर्दछ। त्यसकै दोस्रो लहरमा ए, बी, सी वा योभन्दा अर्को जुन दोस्रो भाषा पढाइन्छ त्यसकै अक्षर अंकित छन्। तेस्रो लहरमा १, २, ३ जस्ता अंक अंकित, यिनै भित्ताका अर्का लहरमा बाघ-डमरुका आकर्षक चित्रमाथि पङ्क्तिबद्ध यसैगरी साँवाअक्षर र अंकहरू लेखिन्छन्। चेतनाको श्लेट खाली रहेका तर घरपरिवारले अनजानमै दिएका विचारचाहिं भरिएका कलिला बालचेहरालाई चाहिं खुला रूपले चापचुप लहर मिलाएर राख्ने र हेर्ने उनीहरूका आँखा कतातिर एकोहोरिन्छन्- सूचीबद्ध गर्ने।

अर्को कोठामा स-साना खाली तर रंगीन काठका कुर्सीहरू पङ्क्तिबद्ध मिलाएर सजाउने, भित्ताका चारैतिर हलोजुवामा नारिएका

गोरुका चित्रमाथि क्रमबद्ध त्यसै गरी पहिलो र दोस्रो भाषाका अक्षर अनि अंक लेखेर राखी एक छेउबाट दोहोरो छिर्न मिल्ने गरी छाडिएको भित्तामा कालोपाटी- ब्ल्याकबोर्ड वरिपरि चक र खरी सजाएर झुण्ड्याइदिने। तिनै बालचेहरालाई चुपचाप त्यहाँ छाडेर हेर्ने- आँखा कतातिर कतिबेरसम्म केन्द्रित गर्न सक्छन्, सूचीबद्ध गर्ने।

तेस्रो कोठामा गाईभैंसी, भेडाबाखाका चित्रमाथि त्यसरी नै अक्षर र अंक सजाई गुन्द्रीमाथि सफा तन्ना ओच्छ्याउने र तिनै बच्चालाई त्यहाँ छाडी उनीहरूको ध्यानकेन्द्रित विन्दु अनि समय सूचीबद्ध गर्ने।

चौथो कोठामा विभिन्न किसिमका मशीन, चर्खा, कागज बनाउने श्लेट, ऊनीका सामान बुन्ने तान चित्राङ्कन गरी त्यसमै अक्षर र अंक सजाई माथिकै जैं बालचेहराका आकर्षक अवस्थालाई मूल्याङ्कित गर्ने। यी चार अवस्थाका अन्वेषणपछि बच्चाको पहिलो शिक्षारम्भको अभियान सकिन्छ। यहींबाट बच्चाका घरपरिवारका सदस्यस्वभाव र वातावरण पनि स्पष्ट हुन्छन्। यति भएपछि उनीहरूको स्तर ए, बी, सी कता पर्छ- सजिलै छुट्याउन सकिन्छ, यस्तो विपनाको विद्यालय बनाउने सपना म देखिरहेछु।

यो त भयो खेल्ने समूह- प्लेग्रुप, नर्सरी हुँदै प्राथमिकसम्मको अवस्था। यस अवधिभित्र बच्चाको जीवनयात्रा कुन कार्यक्षेत्रबाट अगाडि बढ्ने हो भन्ने कुरा स्पष्ट भइसकेको हुन्छ। यसलाई अरु स्पष्ट पार्नका लागि शिक्षक/शिक्षिका सक्षम, सबल मनोविश्लेषणका गहिराइ पौडेको हुनु अनिवार्य छ जसमा स-साना इमोशन रहन्नन्, जसले बच्चाको गुलाफ जस्तो कोमल मनलाई कर्कश आवाजले नचिलोस्, भौतिक रहरको भूतले नसताओस्, बाझोजुझोको एकांश प्रतिच्छायाँ शिक्षक/शिक्षिकाका तर्फबाट विद्यार्थीतिर अध्ययन अवस्थामा वा बाहिरी बोलचालमै संचरित नरहोस्, प्रतिस्पर्धाको जोडघटाउ नबनोस्, प्राप्ति र अप्राप्तिको अङ्कुर नपलाओस्, लोभ-प्रलोभन एकांश पनि उनीहरूका मन, वचन र व्यवहारबाट विद्यार्थी मनोलोकतिर सम्प्रेषित नरहोस्, नाफा-नोक्सानका, राम्रा-नराम्राका, घृणा-आकर्षणका समेत छिर्काहरू बालजगत्मा नछिरुन्। के बन्छन्? उनीहरूको प्राकृतिक अधिकार हो। के हुन्छन्? उनीहरूको मनोलोकबाटै निर्णित हुनुपर्ने हक हो। यस अवस्थाबोधको अतल गहिराइ छामेका र उच्चाकाश उक्लेका शिक्षक/शिक्षिका र कर्मचारी समेतको रहरलाग्दो क्रीडास्थल हो- मेरो सपनाभित्रको विपनाको विद्यालय।

बाहिरी वातावरणको अनुकूलता र प्रतिकूलता अद्यावधिक शैक्षिक जगत्का प्रदूषित अनुहारहरू हुन्। जनबस्तीको कोलाहलभित्र, जनघनत्वको होहल्लाभित्र बित्ता-बित्तामा सञ्चालित पाठशाला विद्यालय-महाविद्यालयहरू विद्यार्थी- मान्छेको मनोलोक कन्टेनर बनाउने तीव्र अभियानमा उन्मुख छन्। स्वार्थप्रेरित मान्छेका मुखबाट निस्केका तथानाम गालीका बौछार, अर्थोपार्जनको तीव्र होडमा अर्थोपार्जनकै चिल्ला यातायात चढेर टिर्र...ट्या...टुर्रका कर्णभेदक आवाजहरू, नालीबाट निस्केका नाक थुन्नैपर्ने दुर्गन्धहरू, मादक पदार्थले मात्तिएर मनलाग्दो भाषामा बौलाइरहेका विकृत समूहका स्वाँठे स्वरहरू विद्यालय, महाविद्यालय, पाठशालाका झ्यालबाट फुत्त छिरेपछि कुन शिष्यशिष्या ध्यानमग्न रहन सक्लान्? कुन शिक्षक/शिक्षिका अध्यापनसुरमै सोह्रिन सक्लान्? के अहिलेका विकृत जमातका चेहरा यसकै उपज होइनन् र? के यसलाई उत्पादन गर्ने वर्तमान अवस्थामा सञ्चालित शैक्षिकस्थलहरू नै होइनन् र? के यो यसै बाहिरी वातावरणको उपज होइन र?

मेरो सपनाभित्रको विपनाको विद्यालय यसबाट अलग छ, भिन्न

**एक हल गोरु, एउटा सुन्दर झोपडी, लैनो एउटा कैली गाई र आफ्नै स्वामित्वमा रहेको जमीनबाट चार वटा पेट आरामले पाल्ने अवस्थामा पुऱ्याउँदा शहर पनि शुद्धीकरणको अग्लाइ उठ्छ, बेइमानीको मात्रा यसै गराइबाट स्वतः घट्ने अभियानमा मेरा विद्यार्थीहरू रातोदिन लागिरहेका हुनेछन्।**

छ, रहरलाग्दो छ। सुनसान प्रकृति जहाँ विशाल फराक फाँटहरू छन्, दूबाका आँकी नभ्याउने चउरहरू जो मसँग छन् पनि, पाठशाला, विद्यालय, महाविद्यालय बीच भागमा लहरबद्ध शुरूमै उल्लेख गरे अनुसारले उभिन्छन्। शहर भए, शहरको प्रदूषित कोलाहलभन्दा टाढा, गाउँ भए, गाउँका किचिङ्मिचिङ्भन्दा अलग, त्यो सुनसान एकान्त जहाँ प्राकृतिक मनोहारिता छ, जहाँ सुन्दर मनोहर वन्यजीवहरूको बासस्थान आफैंमा सुरक्षित छ, जसमा सुबोध टिल्ल टल्केका आँखाबाटै कलिला बालमनोलोकलाई प्रथम मोहनीदार आकर्षणको जादूले मन पवित्र गर्छ, एकोन्मुख हुने मोहनी छर्छ, पवित्रताको सन्देश भर्छ, अपवित्र मन निचोरेर फाल्छ टाढा फेरि नफर्कने गरी। त्यो हो मेरो सही सच्चा विद्यालयको स्वप्निल विपना।

असल शिक्षाको उर्ध्वगामी चेतना त्यहीं पाइन्छ जहाँ मनोरम प्रकृति मुस्केको छ, झर्नाहरू निस्वार्थ मुस्कानले छरिएका छन् बालमनोलोक जस्तै, बुद्धमनोलोक जस्तै, गान्धी-हिंसारहित विश्वमानव सुधारक जस्तै त्यही गाउँका बस्तीबाट उकालो ओरालो हिंडाएर, शहरका कोलाहलबाट विस्तारै बसमा, माइक्रोमा, टेम्पो, कार, ट्याक्सी जेसुकैको व्यवस्था छ त्यसमै टपाटप टिपेर शिक्षकले, शिक्षिकाले, कर्मचारीले मेरो स्वप्निल विपनाको विद्यालय पुऱ्याउँछन् विद्यार्थी।

रुचिनिर्णित मनोविज्ञानको विकास मेरो विद्यालयको लक्ष्य हो। शिक्षक/शिक्षिका केवल चौतर्फी मार्गदर्शक। विविधताको उदाहरण प्रकृति, मेरो विद्यालयमा आँखा वरिपरि चारैतिर नाचेको छ। पर्ती चिरेर पिपिरा पलाउँछन्- चउरमा, आफ्नै संघर्षले प्राप्त मीठो फल- सहज सिक्छन् मेरा विद्यार्थीहरू। लगाएका बिरुवा, घाम, पानी र माटोमै आफैं आफ्ना खुराक बनाउँछन् फोटोसिन्थेसिसका माध्यमले- जान्दछन् मेरा विद्यार्थीहरू। हिंस्रक जनावरले निरीह जीव मार्दाका दृश्यको उदाहरण दिन्छ प्रकृति, हिंसाबाट अलग रहन्छन् मेरा विद्यार्थीहरू। चुपचाप चरनमा एकबद्ध भएर, गाईबाखाहरू, भेडापाठाहरू, भैंसीघोरलथारलहरू समूहबद्ध एकसाथ चरन चर्छन्, मानवताको ऐक्यबद्ध विराट स्वरुप साँघुरो एक व्यक्ति परिवारबाट माथि उठेर एकताको मुटु फैलन्छन् मेरा विद्यार्थीहरू।

माकुराले विच्छ्याएको जालो र जालोमै आलोपालो गर्दै जीवन सानै होस् तर आनन्दको अनन्त हिंड्दै गरेका बथान बुट्टाबुट्टामा देखाउँछ प्रकृति- विद्यालयमा अध्ययनरत रहँदै देखेका यस्ता दृश्य मस्तिष्कभरि सँगालेर जीवनको यात्रारम्भसँगै तानमा धागा लगाउँदै उद्योगको इतिहास लेख्छन् मेरा विद्यार्थी, चर्खा चलाएर श्रमको खेतीमा विश्वासको बिस्कुन सुक्छन् मेरा विद्यार्थी। भुईंमा वा रूखमा लामबद्ध हुँदै अप्ठेरा गौंडागल्फासम्म उक्लेर त्यहीं सुन्दर गृह-निर्माण गर्दै गरेका कमिलाका ताँती र कमलकोटीका सीप सिकेर इन्जिनियर

बन्छन् मेरा विद्यार्थीहरू– समुद्रमाथि पुल-निर्माणका इन्जिनियर, जमीनमाथि गृह-निर्माणका इन्जिनियर, भीर-पहराको छाती चिरेर यातायात गुड्ने सडक-निर्माणका इन्जिनियर, अलिकति शान्त शुभमुहूर्तको मेरो स्वप्निल विपनाको सुन्दर विद्यालय।

वरिपरि फराक फाँटका फैलावटमा माथि छहराबाट छङ्छङाएका जल थुनेर बनाएका विशाल तर सङ्ला पोखरीभित्र फिर्रफिर्र पुच्छर हल्लाउँदै, फट्टफट्ट पखेटा फट्फटाउँदै पौडिने भिन्न रङस्वरुपका माछा हेरेर मन-इच्छा अनुसार नै स-साना नानीहरू हेलिकप्टर अभ्यासमा अनवरत लागिरहन्छन्, मस्तिष्क छिप्पिसकेका मेरा जवान-जवानीहरू वस्तुगत जोडघटाउ गरिरहन्छन्, जेट विमानको विशाल स्वरुपमा हजारौं अटाएर मनका मान्छेहरू आकाश भ्रमणको यात्रा अभ्यासमा घोत्लिरहन्छन्, आतङ्कका छायाँ निर्मूल खातिर मानवविनाकै ड्रोन उडानको रिमोट तयार गरिरहन्छन्, मेरा ती विद्यार्थीहरू।

पूर्वी धराको भिरालो उच्च भूबनोट जहाँ समुद्रले लुकामारी गर्दैन, मात्र गिर्खागिर्खी पहाड, समथर तराई जसका छाती कोत्रेर गरा आकारमा कोदो फुल्नुपर्छ, धान फुल्नुपर्छ बालामा। हलो-गोरुको चित्रबाट अक्षर चिनेका मेरा पौरख पाखुरीवाहक विद्यार्थीहरू कुनै प्रकृतिकै जंगलबाट मुढो उठाएर, हला ताछ्दैछन्, कुनै जुवा छेडेर स्वैला राख्दैछन्, फाली बनाउने रुचिकर अभ्यास फालीकै अक्षर-अक्षरबाट सिकेका छन्, मेरा विद्यार्थीहरूले।

आरोहणको सगरमाथा नजिकै छ। स-साना पहाड जन्मजात अभ्यास भएकै छन्। सुरिलो रूखमा खुट्किला बनाएर डोरीकै सामान्य अभ्यासले आरोहण गाइड बन्छन् मेरा विद्यार्थीहरू, पर्यटकका मुटु बनेर अपार पारलौकिक अनुभूतिको आनन्द संसार वितरित हुन्छन्, मेरा विद्यार्थीहरूले।

यति मात्र होइन यहाँ, जीवन त जिउनुमा छ जीवन्त। जीवन्त जीवन भयमा हुन्न, आतङ्कमा रहन्न। निर्भयताको उन्मुक्त यात्रा मेरो स्वप्निल विपनाको विद्यालयको मूल लक्ष्य हो, जहाँ सबै खालका स्वरुचि सहज सञ्चरित हुन्छन्- प्रकृतिबाट, प्रकृति फैं, प्रकृतिमै, प्रकृति जस्तै बनेर। क्षमता आफ्नो हो– इच्छानुसार उनीहरू चेतनाका बत्ती बल्छन्। कुटो-कोदालो गर्ने र हलो जोत्नेका लागि मेरो विद्यालय विशाल प्राङ्गणको एक किनारामा गोरु छन्, जमीन छ। गाई, बाख्रा, भैंसी, भेडा पालनमा इच्छुक भइसकेका मेरो स्वप्निल विपनाको विद्यालयकै अर्को विशाल फाँटमा गोठहरू रहेकै छन्। इन्जिनियरिङका अभ्यासमा प्राविधिक मस्तिष्क खियाउन इच्छुकका लागि बालाजु या अन्यत्रको खोज आवश्यक छैन, त्यहीं केन्द्रहरू स्थापित छन्। नर्स, डाक्टरी अभ्यासका सेता कोट पहिरेर मानवीय संवेदनाका नसा-मुटु छाम्नेका निमित्त यसै फराक फाँटका अर्का किनारामा भव्य भवनहरू ग्राम/शहरी दुवै समाजका सहज श्रमदानबाट निर्मित छँदैछन्। राजनीति गर्नेका लागि यसकै दक्षिणी

# 'म यसरी अन्यायमा परें'

■ **टंकनाथ शर्मा तिमिल्सिना**

हाल धादिङ जिल्लाको नलाङ गाविसस्थित नलाङ माध्यमिक विद्यालयमा कार्यरत म टंकनाथ शर्मा तिमिल्सिना २०३२ फाल्गुन १७ गतेदेखि स्थायी प्राथमिक शिक्षक र २०३५ पुस ११ देखि स्थायी निम्नमाध्यमिक शिक्षक हुँ।

म नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला तदर्थ समिति धादिङको संस्थापक सदस्य हुँ। सोही समितिको निर्णय बमोजिम मैले पर्यवेक्षकको रूपमा २०३६ मंसीरमा हेटौंडाको भुटनदेवी माध्यमिक विद्यालयमा भएको संगठनको पहिलो राष्ट्रिय सम्मेलनमा भाग लिएको थिएँ। त्यतिवेला जिल्ला शिक्षा कार्यालय धादिङले सो सम्मेलनमा भाग लिन नजानको लागि मलाई चेतावनी पत्र पठाएको थियो। तर म सम्मेलनमा भाग लिन गएँ।

सरकारी चेतावनीका बाबजूद शिक्षक आन्दोलनहरूमा निरन्तर सहभागी हुँदै गएँ। शिक्षक आन्दोलनमा लागेको भन्दै जिल्लाका ६ जना स्थायी शिक्षकहरूलाई अपायक जिल्ला सरुवा गरियो। त्यसमध्ये मलाई काभ्रेपलाञ्चोक जिल्ला शिक्षा कार्यालयमा जानू भनी मिति २०४२ कात्तिक ११ मा सरुवाको पत्र पठाइयो। मलाई सरुवा गरिएको जिल्लामा रमाना गरी पठाउन जिल्ला शिक्षा कार्यालय धादिङद्वारा म कार्यरत विद्यालयलाई पटकपटक ताकेतापत्र जारी गरियो। र; म सहितको संयुक्त दस्तखतबाट संचालन हुँदै आएको विद्यालयको बैंक खाता रोक्का गरियो। विद्यालय व्यवस्थापन समितिले रमाना नगर्दै जिल्ला शिक्षा कार्यालय धादिङद्वारा म कार्यरत रहेको दरबन्दी 'रिक्त हुन आएको' भनी अन्य शिक्षक (होमनाथ सिटौला)लाई अस्थायी नियुक्तिको लागि सिफारिश गरी विद्यालय व्यवस्थापन समितिलाई पत्र पठाइयो।

मिति २०४२ चैत २६ को पत्रानुसार मैले पाउनुपर्ने तलब भत्ता लगायत सम्पूर्ण सुविधाहरू 'सरुवा गरिएको' बहानामा रोक्का गरियो। विद्यालयमा मैले गरेको योगदानको कारण रमाना गरी नपठाउन स्थानीय अभिभावक र विद्यार्थीद्वारा विद्यालय सञ्चालक समितिलाई दबाब परेको कारण विद्यार्थी र अभिभावकलाई मैले 'उक्साएको' नाममा विद्यालयबाटै प्रहरीद्वारा मलाई गिरफ्तार गराई २०४२ फागुन १३ देखि १९ गतेसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखियो। र; पूर्ववत् विद्यालयमा हाजिर हुन जान नपाउने शर्तमा सो हिरासतबाट रिहा गरियो। त्यसपश्चात म पुन: विद्यालयमा हाजिर हुन जाँदा विद्यालय समेतले मलाई काभ्रे जिल्ला सरुवा गरिसकिएको भनी हाजिर हुन दिइएन। काभ्रे जिल्लामा हाजिर हुन जाँदा पूर्व विद्यालय नलाङ निमावि धादिङबाट रमाना पत्र नै नआएको वहानामा मलाई अलन्तर पार्ने काम गरियो।

बहुदलीय व्यवस्था पुनर्स्थापना पश्चात सरकारद्वारा गठित 'विगत आन्दोलनहरूमा राजनीतिक कारणले अवकाशमा परेका शिक्षकहरूको बाँकी पुनर्वहाली र ... राहत'बारे अध्ययन गर्न २०५४

भेगको तल्लो गाउँमा र पल्लो शहरमा एकातिर भत्कँदै गरेका भिराला पहाडी परिधिका झुप्राझोपडी र घरहरू छन्, जहाँ खाना, छाना र नानाका अभावले छट्पटाइरहेको यस समूहको शहर आफैं उन्मादग्रस्त छ, भ्रष्टाचारका, अनैतिकताका, झूटकपटका, बेइमानी तस्करीका, ड्रगिष्ट-फट्याइँका हात फैलाएर सिसमहल अग्लेको छ। मेरा विद्यार्थीलाई यिनै दुई विषय दृश्यले पवित्र राजनीतिको पोया फुकाइदिइसकेको छ। उनीहरू लादेन स्वप्न उठ्दैनन्, सद्दाम, दादाइदिअमीन, खुमेनी, ब्रेजनेभ, स्टालिन निरङ्कुशताका अङ्कुश विरुद्ध बुद्ध समाधि अग्लेर गान्धी, मन्डेला मन बनिसकेका छन्। एक हल गोरु, एउटा सुन्दर झोपडी, लैनो एउटा कैली गाई र आफ्नै स्वामित्वमा रहेको जमीनबाट चार वटा पेट आरामले पाल्ने अवस्थामा पुऱ्याउँदा शहर पनि शुद्धीकरणको अग्लाइ उठ्छ, बेइमानीको मात्रा यसै गराइबाट स्वतः घट्ने अभियानमा मेरा विद्यार्थीहरू रातोदिन लागिरहेका हुनेछन्।

यी त भए सांसारिक क्षणिक दृश्यजगत्मा बाँच्न चाहनेका मनोलोकतिर केन्द्रित मेरो स्वप्निल विपनामा अध्ययनरत विद्यार्थीका सफलताका प्रमाणपत्रहरू। आध्यात्मिक अन्तर्मनोलोकतिर उन्मुख यस विद्यालयका विद्यार्थीहरू जो खेल्ने समूहको अवस्थादेखि नै न खानाको ध्यान न नानाको ध्यान, न मोजमस्तीको मनोविज्ञान– सामान्य शरीरबाटै उच्च मनोलोक उठाएर एक तमास जंगलबाट हूलका हूल निस्केका मृगशावक हेर्थे। घोरलखरायो दौड मात्र देख्थे, जंगलमा मङ्गलका गीत गाएर पूर्वी क्षितिजबाट ओर्लेको मन्दपवनसँग लुकामारी गर्ने हरिया पाततिर टोलाउँथे, तिनीहरू कोही दर्शनका दाह्री पालेर टल्सटाय माथ गर्न विचारकै बिस्कुनका पानाहरू लेख्दै छन्, कोही रवीन्द्रनाथको समुद्री जहाज चढेर विश्व इतिहासको गीता बोल्दैछन्, गीताञ्जली- अभावका पानाहरू थप्दैछन्। कोमलकान्त विपिनलतामा रमाउँदै गरेका यस विद्यालयका मेरा प्लेग्रुपदेखिकै साना नानी लक्का जवानीका जोशमा होश पुऱ्याएर जाँपालसार्त्रको कलिलो तर भव्य मानव अस्तित्वको ताजमहल फैलँदैछन्।

मृगशावक, घोरलथारल, कालिजमुनालले वनका हरिया पिपिरा टिपेर मेरो विद्यालयको प्राङ्गणमा अवस्थित पोखरीको पानी पिउँदै/जंगल फर्कँदै गरेका दृश्यबाट प्रभावित मेरा विद्यार्थी मनोलोकमा न कहिल्यै हिंसाका हत्केली हल्लन्छन्, न कहिल्यै अन्याय-अत्याचारका न कहिल्यै कपटका खेलहरू जन्मन्छन्, न कहिल्यै झूटका जिब्राहरू। समय तर टाढा रहन्न। यस विद्यालयबाट अध्ययन पूरा गरेर कार्यक्षेत्र पुगेका यिनका कर्मआलोक उदाएको दिनदेखि धरा सौन्दर्यको धाम बन्ने छ, समाज मधुमुस्कानको बिहान। म त्यसकै प्रतीक्षामा छु– शान्त, सौम्य, गम्भीर प्रतिफलको प्रतीक्षामा छु।

सिद्धिगणेश उच्च माध्यमिक विद्यालय
सोह्रखुट्टे, काठमाडौं

---

**जुन आन्दोलनबाट सबै शिक्षकको हक, अधिकार स्थापित भयो, त्यही आन्दोलनमा लागेको कारण म चाहिं अन्यायमा परें। मैले अस्थायी शिक्षक भएर काम गर्न थालेको पनि आज २२ वर्ष भइसक्यो। यसअघि १० वर्ष स्थायी रूपमा काम गरेको त छँदैछ। ऊवेला मैले आन्दोलन नगरेको भए मेरो स्थायी जागीर जाँदैनथ्यो। अवकाश लिंदा पेन्सन, उपदान र अरू सेवा सुविधा पाउँथें। तर अब म यी सबै सेवा, सुविधाबाट वञ्चित भएको छु।**

वैशाख २० मा वेदनिधि निरालाको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदनको पृष्ठ ८ को क्रमसंख्या ५२ मा 'विना शर्त पुनर्वहाली हुनुपर्ने' सूचीमा समेत मेरो नाम संलग्न छ। तैपनि मेरो समस्या यथावत् रहिरह्यो।

यसरी २०४२ फागुन १३ पश्चात २०४८ सालसम्म म विद्यालयमा सेवा गर्ने अवसरबाट वञ्चित भई गैरहाजिर रहनुपर्ने अवस्था रह्यो। पूर्व विद्यालय नलाङ निमावि नलाङको निम्न माध्यमिक शिक्षक दरबन्दी रिक्त रहेकाले 'पुनर्वहाली हुँदा सोही पद र सेवामा निरन्तरता हुने' तत्कालीन जिल्ला शिक्षा अधिकारीको मौखिक आश्वासन अनुसार सो रिक्त दरबन्दीमा २०४८ भदौ ५ गतेदेखि जिशिका धादिङद्वारा अस्थायी नियुक्ति भई हालसम्म सोही विद्यालयमा कार्यरत रहँदै आएको छु।

बहुदलीय प्रजातन्त्र र लोकतन्त्र बहालीपछिका हरेक सरकारका शिक्षा मन्त्रीलाई मेरो पीडा र समस्याबारे अवगत गराउँदै आएको छु। सबैबाट 'अन्यायमा परेको हुँदा तपाईंको पुनर्वहाली हुन्छ' भनेर आश्वासन पाइरहें। शिक्षा मन्त्रालयमा पटकपटक निवेदन पनि दिएँ। मिल्दैन, हुँदैन कसैले पनि भनेनन्। तर काम पनि भएन। सबै शिक्षकको हकहित र अधिकारको लागि ऊवेला अरू जागरुक शिक्षकहरूले जस्तै मैले पनि आन्दोलन गरेको हुँ। जुन आन्दोलनबाट सबै शिक्षकको हक, अधिकार स्थापित भयो, त्यही आन्दोलनमा लागेको कारण म चाहिं अन्यायमा परें। सरकार र जिम्मेवार राजनीतिक दलका नेताहरूसँग पटकपटक भएका सम्झौता र आश्वासन पूरा हुने आशामा मैले अस्थायी शिक्षक भएर काम गर्न थालेको पनि आज २२ वर्ष भइसक्यो। यसअघि १० वर्ष स्थायी रूपमा काम गरेको त छँदैछ।

अब मैले अवकाश लिने वेला भएको छ। ऊवेला मैले शिक्षकको पेशागत हकहितको लागि आन्दोलन नगरेको भए मेरो स्थायी जागीर जाँदैनथ्यो। अवकाश लिंदा पेन्सन, उपदान र अरू सेवा सुविधा पाउँथें। तर अब म यी सबै सेवा, सुविधाबाट वञ्चित भएको छु। त्योवेला शिक्षक आन्दोलनमा सहभागी हुनु जरूरी थियो। किनकि प्रजातन्त्र र लोकतन्त्र बहालीमा अरू पेशागत संघ-संगठन जस्तै शिक्षक आन्दोलनको भूमिका पनि महत्त्वपूर्ण छ। मुलुकमा परिवर्तन ल्याउने आन्दोलनमा सहभागी हुनु के मेरो दोष थियो र? पुनर्वहाली हुने सूचीमा नाम हुँदा र सबैले आश्वासन दिंदा समेत मेरो समस्या समाधान भएन। ममाथि भएको अन्याय कसले बुझ्ला?


नलाङ मावि, धादिङ

विश्लेषण

चतरसिंह मेहता

# के, कहिले र कसरी पढाउने

## डा. जेरोम ब्रूनरका विचार




**मनोविज्ञानवेत्ता तथा शिक्षाविद् डा. जेरोम ब्रूनरद्वारा प्रतिपादित सिकाइका सिद्धान्तले विश्वको शिक्षा–चिन्तनलाई प्रभावित पारेका छन्। उनी विद्यार्थीको अन्तर्ज्ञानात्मक योग्यतालाई महत्त्व दिँदै त्यसको विकास गर्नुपर्नेमा जोड दिन्छन् अनि विषयवस्तुलाई कक्षा अनुसार भाग लगाउने चलनको विरोध गर्छन्। शिक्षणमा श्रव्यदृश्य साधन र सहायक सामग्री माथि दिइने अत्यधिक जोडको आलोचना गर्ने डा. ब्रूनर सिकाइको प्रक्रियामा शिक्षकको भूमिका नै सर्वाधिक महत्त्वपूर्ण हुने स्मरण गराउँछन्।**

कुनै पनि सिकाइको पहिलो उद्देश्य, त्यसबाट प्राप्त हुने आनन्दका अतिरिक्त, त्यो भविष्यमा कुनै कार्यका लागि सहयोगी होस् भन्ने हुन्छ। कुनै कुरा सिकेर त्यसमा पारंगत हुनु मात्र यथेष्ट हुँदैन, सिकेका कुराको मद्दतबाट आउँदा दिनमा अगाडि बढ्दै जान सकिने पनि हुनुपर्छ। डा. जेरोम ब्रूनरका अनुसार, सिकाइ अथवा शिक्षा भविष्यमा दुई किसिमबाट काम लाग्छ। पहिलो: हामीले मूलतः जुन जुन काम गर्न सिकेका छौं, उपयुक्त अवसरमा तत्सम्बन्धी ज्ञान/सीपको उपयोग गर्नु। यसलाई सिकाइको विशिष्ट स्थानान्तरण भन्न सकिन्छ र यसको प्रयोग प्रायः कुशलताका रूपमा देखा पर्छ। दोस्रो: पहिले आर्जित ज्ञानका माध्यमबाट आउँदा दिनका कार्यहरू बढी कुशलताका साथ गर्नु। यसलाई सिकाइको अविशिष्ट (सामान्य) स्थानान्तरण भन्न सकिन्छ। यसमा पहिले सीप वा कौशल होइन आधारभूत विचार सिकिन्छ जसलाई पछि आउने विविध समस्या एवं परिस्थितिको निरूपण-निराकरणको माध्यमका रूपमा उपयोग गर्न सकिन्छ। यस प्रकारको स्थानान्तरण नै शिक्षण प्रक्रियाको आधार हो जसले ज्ञानलाई निरन्तर विस्तृत र गहन तुल्याउँछ।

सिक्ने प्रक्रियामाथि विश्वमा थुप्रै शोधकार्य भएका छन्। त्यसै अनुरूप यसको संकल्पना/लक्ष्यमा पनि परिवर्तन आएका छन्। कहिले शिक्षार्थीको सामान्य बोधको विकासमा बल दिइयो त कहिले विशेष कुशलता आर्जनमा, तर ज्ञानको आन्तरिक मूल ढाँचा अथवा कुनै कुराको चुरो शिक्षार्थीले कसरी पक्रन सक्छन् भन्ने विषयमा मनोवैज्ञानिकहरूको ध्यान उतिसारो जान सकेन। डा. ब्रूनरको धारणा छ– विद्यार्थीलाई जुनसुकै विषय पढाउँदा पनि त्यसको मूल संरचनाको ज्ञान गराउनु जरूरी छ। यसको उत्तम उदाहरण भाषा/मातृभाषाको अध्ययनमा देख्न सकिन्छ। कुनै वाक्यको मूल संरचना ठीकसँग बुझ्नासाथ विद्यार्थीले फटाफट त्यस्ता कैयौं वाक्यको रचना गर्न तुरुन्तै सिकिसक्छ जुन त्यही संरचनामा बनेका हुन्छन् तर तिनको विषय मूल वाक्यभन्दा फरक हुन्छ। यस क्रममा अर्थ नबदलीकन वाक्यको रूपान्तरण ढुक्कसँग गर्न सक्ने हुने बित्तिकै ऊ अधिक विविधता भएका वाक्य रचना गर्न सक्षम हुन्छ।

### अमेरिकामा हलचल

सोभियत संघले सर्वप्रथम अन्तरिक्षको खोजका लागि स्पुतनिक यान छोडेपछि संयुक्त राज्य अमेरिकामा हलचल मच्चियो। अमेरिकालीहरू वैज्ञानिक दृष्टिले सोभियत संघले आफूहरूलाई उछिनेको अनुभूति गर्न थाले। वैज्ञानिक एवम् औद्योगिक क्षेत्रको प्रगति तीव्र नबनाए रूसका सामुन्ने अमेरिका निम्छरो हुन पुग्ने धारणा प्रबल हुँदै गयो। अनि अमेरिकाले विज्ञान शिक्षालाई महत्त्वका साथ अघि बढायो। नयाँ

पाठ्यक्रम बन्न थाले र नयाँ विधिहरूमाथि विचार हुन थाल्यो। यसै क्रममा त्यहाँको राष्ट्रिय विज्ञान एकेडेमीले सन् १९५८ मा देशका ३४ जना विख्यात विद्वानहरू सम्मिलित गोष्ठी आयोजना गऱ्यो। सो गोष्ठीमा पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन, शिक्षण र सहायक सामग्री निर्माणसँग सम्बन्धित वैज्ञानिक सहभागी थिए। त्यहाँ यस्ता मनोविज्ञानवेत्ता पनि सम्मिलित थिए जसले बुद्धि, बोध, स्मृति, विचार र उत्प्रेरणाबारे लामो समयसम्म गहन खोज गरेका थिए। व्यवहारवादी, गेस्टाल्टवादी, मनोमितिक, जेनेभा स्कूलका विकासवादी समेत थरीथरीका मनोवैज्ञानिक सहभागी थिए। गोष्ठीमा अध्यापक, संकायाध्यक्ष, श्रव्यदृश्य साधन विशेषज्ञ, इतिहासकार लगायत पेशेवर शिक्षकहरूको प्रतिनिधित्व थियो। गोष्ठीलाई विज्ञान शिक्षणका विषयमा मात्र केन्द्रित गर्न नहुनेमा सबै सहमत थिए। शिक्षणका समस्या सबै विषय र सन्दर्भमा प्रायः समान हुने भएकाले विज्ञान शिक्षणको निष्कर्षको तुलना मानविकीका क्षेत्रहरूसँग गर्नु लाभदायक थियो नै।

त्यो गोष्ठी मूलतः के, कहिले र कसरी पढाउने भन्ने प्रश्नहरूमाथि विचार गर्न आयोजना गरिएको थियो। पाठ्यक्रमलाई थप परिष्कृत बनाउन कस्तो अनुसन्धान जरूरी छ? विषयको संरचनामा जोड दिनु भन्नुको अभिप्राय के हो? विद्यार्थीमा पढाइप्रति कसरी रुची जागृत गर्ने? अरु सर्वोपरि प्रश्न थियो; पढाइ के गर्दा रुचिकर र प्रभावकारी हुन सक्छ र त्यसका लागि कस्तो पाठ्यक्रम चाहिन्छ?

शीर्षस्थ आधुनिक शिक्षाशास्त्री डा. जेरोम ब्रूनर गोष्ठीका निर्देशक थिए। उनले गोष्ठीका सार 'प्रोसेस अफ एजुकेशन' नामक पुस्तकमा (विन्टेज बुक्स, न्यूयोर्क, १९६०) मा समेटेका छन्। गोष्ठीमा भएका विविध विषयका चर्चाहरूको आधारमा उनले पुस्तकमा जुन सिद्धान्तहरूको विवेचना गरेका छन् ती अमेरिकाको शिक्षाका लागि मात्र नभएर कुनै पनि देश, क्षेत्र र समयका लागि सतत महत्त्वपूर्ण छन्। यो आलेख सोही पुस्तकमा डा. ब्रूनरले व्यक्त गरेका केही विचारमा केन्द्रित छ।

## खिया लागेको शिक्षण विधि

आजभोलि कक्षाहरूमा पढाइने कुनै पनि विषयवस्तु एकांगी हुन्छ। त्यस विषयमा उपलब्ध जे जति सामग्री छ त्यसैको घेराभित्र विषयवस्तुलाई सीमित पारिन्छ जसका कारण आगामी अध्ययनलाई सरल बनाउन र समग्र रूपमा राम्ररी बुझ्न पढाइले खासै मद्दत पुऱ्याउँदैन। डा. ब्रूनरका अनुसार, यसको सट्टा एउटा विषयलाई अन्य कुरा/सन्दर्भ/विषयसँग सम्बन्ध स्थापित गरेर पढाउनु आवश्यक छ। कुनै पनि ज्ञान एकांगी रूपमा दिंदा त्यो न विद्यार्थीको स्मृतिमा लामो समयसम्म अडिन सक्छ न त उसले भविष्यमा त्यसको उपयोग नै गर्न सक्छ। हामी देखिरहेकै छौं, आजभोलि अधिकतर विद्यार्थी पढाइमा मन लगाउँदैनन् र नाना थरीका अनुशासनहीन कामप्रति लहसिन्छन्। निश्चय नै, यसको एउटा मुख्य कारण के हो भने हाम्रा पाठ्यक्रम र शिक्षण विधिहरू यति खिया परिसकेका छन्, विद्यार्थीलाई ती अर्थपूर्ण नै लाग्दैनन्।

प्रश्न खडा हुन्छ, त्यसो भए त्यस्तो पाठ्यक्रम कसरी बनाउने जसलाई साधारण शिक्षकले साधारण विद्यार्थीलाई राम्ररी पढाउन सकून् अनि जसबाट विभिन्न विषयका आधारभूत एवं मुख्य सिद्धान्तको पनि भलीभाँति ज्ञान हुन सकोस्। डा. ब्रूनर भन्छन्, पाठ्यक्रमको निर्माण उनीहरूबाट गराउनुपर्छ जो सम्बन्धित विषयका पूर्ण ज्ञाता होऊन्। उनका अनुसार, प्राथमिक तहका विद्यार्थीलाई इतिहास, गणित अथवा कुनै पनि विषयमा के-कति पढाउने भन्ने निर्क्योल समेत त्यस्ता व्यक्तिहरूको सहयोगबाट गरिनुपर्छ जो ती विषयमा पूर्णतः पारंगत र गहन दृष्टिसम्पन्न होऊन्। यही मेसोमा हिजोआज अमेरिकामा विज्ञान विषयका प्राथमिक कक्षाका पाठ्यक्रम समेत त्यस विषयमा निष्णात वैज्ञानिकहरूले बनाउने चलन चलेको छ र यसमा उच्चकोटिका मनोवैज्ञानिकहरूलाई समेत सम्मिलित गराइन्छ। वास्तवमा, ज्ञानको कुनै पनि क्षेत्रका शीर्षस्थ व्यक्ति र मनोवैज्ञानिकले मिलेर मात्र कुन तहमा कुन कुरा कसरी पढाइनुपर्छ भनेर सही निर्णय लिन सक्छन्। तर, अपवादलाई छाडेर हामीकहाँ कुनै पनि ज्ञान-क्षेत्रका शीर्षस्थ व्यक्ति सामान्यतः विद्यालयहरूका लागि उपलब्ध हुँदैनन्।

## 'विद्यार्थीका आँखाबाट हेर'

साधारणतया कुनै पनि विषय या विषयवस्तुलाई कक्षा अनुसार भाग लगाउने गरिन्छ। कुनै पनि विषय कुनै कक्षा विशेषबाट मात्रै प्रारम्भ गर्न सकिन्छ भन्ने धारणा प्रबल बन्दै गएको छ। कक्षाभन्दा बाहिर वा पहिले केही पनि गर्न सकिंदैन वा गर्नु हुँदैन भन्ने ठानिन्छ। त्यसभन्दा पहिले होइन। तर, डा. ब्रूनर कुनै पनि विषय कुनै पनि तह वा कक्षामा प्रभावशाली ढंगले पढाउन सकिन्छ भन्ने कुरामा जोड दिन्छन्। उनका अनुसार, कुनै साक्ष्य/प्रमाण यस्तो छैन जसले यसलाई गलत साबित गरोस्। महत्त्वपूर्ण कुरो त त्यो विषय/सामग्री विद्यार्थीसामु कसरी प्रस्तुत गरिन्छ भन्ने मात्र हो। शारीरिक-मानसिक विकासको प्रत्येक तहमा विश्वलाई हेर्ने बालकको विशेष तरीका अथवा दृष्टि हुन्छ। कुनै पनि उमेरको बालकका सामु विषयको संरचनालाई त्यसैगरी प्रस्तुत गर्नुपर्छ, जसरी ऊ दुनियाँलाई हेर्छ। बालकको 'वर्तमान' ज्ञान र वातावरणसँग जोडेर, त्यहाँबाट नयाँ ज्ञान दिन प्रारम्भ गरियो भने त्यो उसका लागि बोधगम्य हुन्छ। यस सम्बन्धमा, प्रारम्भिक गणितका अत्यन्त अनुभवी शिक्षक डेभिड पेजको भनाइ डा. ब्रूनरले उल्लेख गरेका छन्, "मैले बुझे अनुसार, साना केटाकेटी वयस्कहरूको तुलनामा लगभग हरेक कुरा तुरुन्तै सिक्छन्। शर्त के मात्र हो भने, तिनलाई नयाँ कुरा त्यही भाषा/तिनै शब्दमा सिकाउनुपर्छ जुन भाषा/शब्द उनीहरूले जानेका/बुझेका हुन्छन्।" डेभिड भन्छन्– जब म गणितज्ञहरूलाई चौथो कक्षाका विद्यार्थीहरू 'समुच्चय सिद्धान्त' अधिकांश सिक्न सक्छन् भन्छु, केहीले हत्तनपत्त 'अवश्य, अवश्य' भन्छन् भने अरू अलमल्ल पर्छन्। 'समुच्चय सिद्धान्त' वास्तवमै कठिन छ भन्ने उनीहरूको सोचाइ हुन्छ जो सर्वथा गलत हो। हामीले त त्यस दिनको प्रतीक्षा गर्नुछ, जुन दिन यस्ता सिद्धान्त र समुचित दृष्टिकोणलाई प्रस्तुत गर्न अनुकूल भाषाको आविर्भाव होस्।

पाठ्यक्रममा, खासगरी विज्ञान सम्बन्धी विषयहरूमा, आजभोलि जस्तो परिवर्तन भइरहेको छ त्यो प्रायः यस्तै धारणाको परिणाम

**साना केटाकेटीहरू वयस्कको तुलनामा लगभग हरेक कुरा तुरुन्तै सिक्छन्। शर्त के मात्र हो भने तिनलाई नयाँ कुरा त्यही भाषा र तिनै शब्दमा सिकाउनुपर्छ जुन भाषा/शब्द उनीहरूले जानेका/बुझेका हुन्छन्।**



**पुरस्कार र दण्डलाई नै सिकाइ वा उत्प्रेरणाको अन्तिम आधार मान्ने हो भने डिग्री पाइसकेपछि वा दण्डको भय मेटिएपछि सिकाइ स्वतः बन्द हुन पुग्छ । त्यसैले पुरस्कार र दण्ड दुवै कुरा खतरनाक छन् ।**

हो । पहिले उच्च शिक्षामा रहेका थुप्रै कुरा अब माध्यमिक तहमा ल्याइएका छन् अनि माध्यमिक तहमा पढाइने गरेका कैयौं कुरा प्राथमिक तहमा आइपुगेका छन् । विश्वमा विज्ञानको प्रगति र ज्ञानको तीव्र प्रसार भइरहेको सन्दर्भमा शिक्षा पनि गतिशील हुनु जरूरी छ र कुन विषयवस्तु कुन कक्षामा पढाउने भनेर अत्यन्त सावधानीसाथ छनोट गर्नु आवश्यक छ । जब-जब पाठ्यक्रममा परिवर्तन हुन्छ र उच्च कक्षामा पढाइँदै आएका विषय-वस्तु निम्न कक्षाहरूका लागि निर्धारित गरिन्छन् तब तब त्यसको सामान्य विरोध भई नै हाल्छ र टिप्पणी गरिन्छ– पाठ्यक्रम तह अनुकूल भएन । के कुरा तह अनुकूल हो-होइन भन्ने निर्णय गर्नु सजिलो काम होइन तर विरोध अत्यन्तै सहज रूपमा अगाडि आइहाल्छ । ज्ञानको विस्तार तीव्रतासाथ भइरहेकाले पुराना विषयवस्तुमाथि पुनर्विचार गर्नु र तिनलाई समयानुकूल बनाइराख्न निरन्तर परिवर्तन गर्दै जानु एकदमै आवश्यक छ । विकसित संचार-साधनहरूका कारण आजका बालबालिकाको ज्ञानको परिधि पहिलेका बालबालिकाको तुलनामा स्वतः चौडा हुन पुगेको छ । उनीहरूका आवश्यकता तथा प्राथमिकता पनि फेरिएका छन् । कठिनभन्दा कठिन र ठूलोभन्दा ठूलो विषयवस्तुलाई सरल र सामान्य रूपमा विद्यार्थीका सामु कसरी प्रस्तुत गर्ने भन्ने विषय पढाइको विधि र विषयवस्तुको संयोजनमा निर्भर हुने कुरा हो । कुनै पनि विषय कुनै पनि तह वा कक्षामा प्रभावशाली ढंगले पढाउन सकिन्छ भन्ने डा. ब्रूनरको मान्यतामाथि गम्भीरतापूर्वक विचार र प्रयोग गर्नु एकदमै आवश्यक छ ।

## पुरस्कार र दण्डः दुवै खतरनाक

सिकाइको गति तीव्र बनाउन पुरस्कार र दण्डको भूमिकाबारे प्रशस्त लेखिएको छ र यो विधि विद्यालयहरूमा प्रचलित पनि छ । तर, सिकाइप्रति विद्यार्थीमा रुचि र जिज्ञासा स्वयं जागृत होस् र ऊ खोजप्रति आकर्षित हुन सकोस् भन्नेबारे एकदमै कम ध्यान दिइएको छ । डा. ब्रूनरका विचारमा, विद्यार्थीलाई कठिन विषयवस्तुको ज्ञान दिने उचित तरीका के हो भने, उसलाई अवसर उपलब्ध गराएर आफ्नो पूरै क्षमता उपयोग गर्ने चुनौती दिइयोस्– जसबाट उसले पूरापूर र प्रभावी ढंगले काम गर्ने आनन्दको अनुभव गर्न सकोस् । यो कार्य कक्षामा तल्लीनता नल्याएसम्म सम्भव छैन, जो कहिलेकाहीं मात्र हुन्छ । विचार गर्नुपर्ने प्रश्न के हो भने, पुरस्कार अथवा दण्डका कारण सिकाइप्रति उत्पन्न हुने कृत्रिम आकर्षण आखिर कतिन्जेल कायम रहला ? नीतिगत रूपमा नै मूल कुरालाई गौण मानेर अनि बाहिरी आकर्षणमाथि निर्भर भएर हामी शिक्षाको कति हित गरिरहेका छौं भन्ने आधारभूत प्रश्नको उत्तर हामीले दिनैपर्छ । पुरस्कार र दण्डलाई नै सिकाइ वा उत्प्रेरणाको अन्तिम आधार मान्ने हो भने (आजभोलि सामान्यतया यस्तै मानिन्छ) डिग्री प्राप्त गरिसकेपछि वा दण्डको भय मेटिएपछि सिकाइ स्वतः बन्द हुनेभयो ! त्यसैले, पुरस्कार र दण्ड दुवै कुरा खतरनाक छन् । हामी शिक्षण प्रक्रियालाई नै यस्तो बनाउन सक्दैनौं, जस अन्तर्गत विद्यार्थीले पढ्दा स्वयं आनन्दको अनुभूति गरोस् र त्यसमा तल्लीन हुन पुगोस् ? अवश्य पनि, बाधा र कठिनाइहरू थुप्रै होलान् तर यस दिशातर्फ गरिने प्रयत्नहरूको उपादेयतालाई नकार्न सकिदैन ।

## जोडः रटाइमा होइन अन्तर्ज्ञानमा

अध्ययनमा तल्लीनता कसरी ल्याउने त ? हिजोआजको पढाइमा र परीक्षामा पनि शाब्दिक अथवा संख्यात्मक सूत्रहरू जस्ताको तस्तै दोहोऱ्याउन सक्ने योग्यतामाथि बढी जोड दिइन्छ । यसको फलस्वरुप विद्यार्थीले आफ्नो अन्तर्ज्ञानको विकास गर्न सक्तैन । फिजिक्स, गणित

जस्ता कैयौं विषयमा अन्तर्ज्ञानको विकास गर्नुलाई एउटा उद्देश्य मानिन्छ, जसबाट विद्यार्थी धेरै समय नलगाई समाधानमा पुग्न सकोस्। अन्तर्ज्ञानात्मक चिन्तन के हो र यसलाई कुन-कुन तत्त्वले प्रभावित पार्छन्? यसको जवाफ दिन सजिलो छैन। अन्तर्ज्ञानात्मक चिन्तनको तुलनामा विश्लेषणात्मक चिन्तनका बारेमा कतिपय ठोस कुरा बताउन सकिन्छ। विश्लेषणात्मक चिन्तनका चरणहरू हुन्छन् र तिनबारे स्पष्टतया बुझाउन सकिन्छ। तर अन्तर्ज्ञानात्मक चिन्तनमा त्यस्ता सुनिश्चित चरण हुँदैनन्। यसमा समग्र समस्याको अस्पष्ट बोधका आधारमा नै चेष्टाहरू गरिन्छन् त्यसैले उत्तर वा समाधान कसरी निकालियो भनेर बताउन मानिसलाई हम्मे पर्छ। अन्तर्ज्ञानात्मक चिन्तन विषय-क्षेत्रको राम्रो जानकारी र त्यसको संरचनामा आधारित हुन्छ तर त्यसबाट निस्केका निष्कर्षहरूको जाँच निगमनात्मक तथा आगमनात्मक विश्लेषण पद्धतिद्वारा गर्नुपर्ने हुन्छ। डा. ब्रूनरका विचारमा, हामीले अन्तर्ज्ञानात्मक चिन्तन र विश्लेषणात्मक चिन्तनको पारस्परिक पूरक प्रवृत्तिलाई स्वीकार गर्नुपर्छ। किनभने, अन्तर्ज्ञानात्मक चिन्तनद्वारा कुनै पनि व्यक्तिले समस्याको प्राय: यस्तो समाधान निकाल्छ जो विश्लेषणात्मक चिन्तनद्वारा या त निकाल्नै सकिँदैन, निकाले पनि त्यसमा ज्यादै समय लाग्छ। र, अन्तर्ज्ञानात्मक चिन्तनद्वारा निकालिएको समाधानलाई पछि विश्लेषणात्मक चिन्तनबाट सिद्ध गर्न सकिन्छ। अन्तर्ज्ञानात्मक योग्यताको पहिचान गर्नु र त्यसलाई स्वरूप दिनु सजिलो काम नभए पनि के चाहिं ढुक्कै भन्न सकिन्छ भने– विषयको संरचनाको राम्रो ज्ञानले विद्यार्थीमा अन्तर्ज्ञानात्मक तरीकाले समस्याहरूको समाधान गर्ने प्रभावोत्पादकता बढ्न जान्छ।

## अनुमानलाई प्रोत्साहन

यहाँनेर एउटा प्रश्न उठ्न सक्छ: त्यसो भए– सिकाइको सहायक साधनका रूपमा–विद्यार्थीलाई अनुमान गर्न प्रोत्साहित गर्ने त, जसबाट अन्ततोगत्वा उनीहरू बुद्धिमत्तापूर्ण अनुमान लगाउन सक्षम हुन सकून्? डा. ब्रूनरको विचारमा, यस्ता धेरै स्थितिहरू हुन्छन् जहाँ अनुमान लगाउनु वांछनीय हुन्छ र त्यो अन्तर्ज्ञानात्मक चिन्तनको विकासका निम्ति निकै हदसम्म सहयोगी पनि हुन्छ। वास्तवमा, कतिपय अनुमानका निम्ति परिष्कार आवश्यक हुन्छ र अनुमान लगाउने अभ्यास गर्नु जरूरी हुन्छ। तर हाम्रा विद्यालयहरूमा अनुमान लगाउनुलाई प्राय: दण्डनीय मानिन्छ र यसलाई अल्छ्याइँ अथवा गैरजिम्मेदारीको लक्षण ठानिन्छ। डा. ब्रूनरले अन्तर्ज्ञानात्मक चिन्तनको विकासका लागि विद्यार्थीलाई अनुमान लगाउन प्रोत्साहित गर्नुपर्छ जसबाट अन्तत: उनीहरू बुद्धिमत्तापूर्ण अनुमान गर्न सक्षम हुन सक्नेछन् भन्ने कुरामा जोड दिएका छन्। विद्यार्थीलाई अनुमान लगाउनु बाहेक अरू केही पनि नगर्ने शिक्षा दिइयोस् भन्ने, अवश्य पनि, कसैले चाहँदैन। तर, कुनै प्रश्नको तत्काल सही जवाफ दिन नसक्दा अलमल्ल परेर बसिरहनुभन्दा त अनुमान लगाएर उत्तर दिनु नै विद्यार्थीका निम्ति बढी राम्रो हुँदैन र? यसका निम्ति विद्यार्थीलाई यस्तो प्रशिक्षण दिनुपर्छ जसबाट उसले अनुमानको यथार्थता स्वीकार गर्न सकोस् अनि उसले गर्ने अनुमानहरू उसको ज्ञानमा आधारित होऊन्। यस क्रमलाई अघि बढाउन अत्यन्तै समझदार शिक्षकको आवश्यकता हुन्छ जसले मूर्खतावश वा कुरो नबुझेर विद्यार्थीले गरेको त्रुटि र अन्तर्ज्ञानको उपयोगबाट हुन पुगेको त्रुटिमा फरक खुट्याउन सकोस्। माध्यमिक विद्यालयका साधारण शिक्षकबाट यस्तो आशा गर्नु अलि बढ्तै हुन्छ भन्ने डा. ब्रूनर पनि मान्छन्। उनको भनाइ छ– अन्तर्ज्ञानात्मक चिन्तन र त्यसको मापन गर्ने प्रणालीको विकासका लागि अनुसन्धानको आवश्यकता पर्छ।

## रुचि: तात्कालिक कि दीर्घकालीन ?

मूलत: स्तर उन्नयनको समस्या पाठ्यक्रम निर्माणसँग जति सम्बन्धित छ त्यति नै कक्षा शिक्षणसँग पनि। कक्षा शिक्षणको सबैभन्दा उपयुक्त स्थिति, डा. ब्रूनरका अनुसार, त्यो हुन्छ जुनवेला विद्यार्थी न पूर्णतया उदासीन हुन्छन् न त पूर्णतया आवेशपूर्ण नै। प्रतियोगितामूलक गहन क्रियाकलापहरूको व्यस्तताले विद्यार्थीलाई मनन, आत्मनिरीक्षण, संशोधन आदिको अवसर प्रदान गर्दैन। यस्तै, अत्यधिक नियमितता/अनुशासननिष्ठ कार्यक्रमले– जसमा उनीहरूले बडो धैर्यपूर्वक आफ्नो पालो पर्खनुपर्ने हुन्छ– विद्यार्थीलाई निश्चेष्ट, उदासीन र अन्त्यमा निराशापूर्ण बनाइदिन्छ। कक्षा शिक्षणमा नित्य देखा पर्ने यी समस्या गम्भीर छन्। हामी कुनै विषयमा तात्कालिक रुचि जगाउन त ध्यान दिन्छौं तर त्यसमा सुदीर्घकाल सम्मका निम्ति रुचि जगाउनुपर्ने आवश्यकतामा ध्यान दिंदैनौं। फिल्म वा श्रव्यदृश्य साधनहरूको उपयोगले विद्यार्थीमा कुनै विषयप्रति तात्कालिक रुचि अवश्य जगाउन सकिन्छ, तर तिनले अन्ततोगत्वा उनीहरूलाई निश्चेष्ट बनाइदिन्छन्। अनि विद्यार्थीहरू आफूलाई उत्प्रेरित गर्न शिक्षकले कुनबेला फिल्म अथवा श्रव्यदृश्य साधन प्रयोग गर्न थाल्ला भनेर सधैं प्रतीक्षा गरिरहेका हुन्छन्। शिक्षक र तिनका प्रशिक्षकहरूका




**अन्तर्ज्ञानात्मक चिन्तनको विकासका लागि विद्यार्थीहरूलाई आफ्नो ज्ञानमा आधारित रही अनुमान लगाउन प्रोत्साहित गर्नुपर्छ जसबाट उनीहरू अन्ततः बुद्धिमत्तापूर्ण अनुमान लगाउन सक्षम हुन सक्नेछन् ।**

निम्ति यो कुरा विशेष विचारणीय छ। पढाइको उत्प्रेरक बाहिरी साधन होइन, मूलतः 'आन्तरिक साधन' नै हुनुपर्छ। पढाइका नाममा दिमागलाई लगभग आराम दिएर निश्चेष्ट दर्शक भए पुग्ने अवस्था विद्यार्थीका लागि हानिकारक हुन्छ । प्रयास केमा हुनुपर्छ भने, विद्यालयका कार्यक्रम/शिक्षण प्रक्रियामा जडता नहोस् अनि विद्यार्थीको अवधान प्रक्रिया (विषयवस्तु बुझ्न भित्रैदेखि उत्सुक रहने प्रक्रिया) लाई बढीभन्दा बढी स्वायत्त बनाउन चेष्टा गरियोस्।

शिक्षण प्रक्रियामा सहायक सामग्रीको महत्त्वमाथि आजभोलि निकै चर्चा हुने गरेको छ। विद्यालयको सामान्य वातावरणमा उपलब्ध नहुने सामग्रीहरू जस्तै– चलचित्र, टेलिभिजन कार्यक्रम, रेकर्ड, किताब, विभिन्न वस्तुका नमूना आदि निर्माण गरिन्छ । विद्यार्थीलाई कुनै तथ्य, घटना आदिको संरचना बुझ्न पनि यस्ता सामग्रीले पर्याप्त मद्दत गर्छन्। यी सम्पूर्ण साधन अध्यापन कलाकै विस्तार हुन् जसले शिक्षकको कार्यभार केही हलुका तुल्याइदिन्छन्। बुझ्नुपर्ने कुरो चाहिं यस्ता सामग्री कुन वेला र केका निम्ति प्रयोग गर्ने भन्ने हो । जुन कुरा शिक्षकले स्वयं प्रयोग गरेर देखाउन सक्छ त्यसका लागि चलचित्र देखाउनुको कुनै अर्थ हुँदैन । चलचित्र त्यसवेला उपयोगी हुन्छ जब त्यस्ता जटिल यन्त्र अथवा विधिको प्रयोगबारे विद्यार्थीलाई बुझाउनुपर्ने हुन्छ– जुन कुरा विद्यालयको सामान्य प्रयोगशालामा सम्भव हुँदैन। अरू गाँठी कुरा त के हो भने चलचित्र होस् अथवा अन्य कुनै श्रव्य-दृश्य साधन, तिनले शिक्षकको स्थान कदापि लिन सक्तैनन्। डा. ब्रूनर भन्छन्– संसारका सर्वोत्तम फिल्महरू नै पनि शिक्षणका अन्य तरीकाहरूसँग सम्बद्ध नगरी देखाउने हो भने तिनले विद्यार्थीमा विषयप्रति उदासीनता बाहेक केही विकसित गर्न सक्तैनन्। श्रव्य-दृश्य साधनहरूलाई कुन वेला र कसरी उपयोग गर्ने भन्ने सही निर्णय पनि शिक्षण कलाको गहिरो ज्ञान भएको शिक्षकले नै गर्न सक्छ। श्रव्य-दृश्य साधनहरूको प्रयोग गर्नासाथ शिक्षण प्रभावकारी वा सफल भैहाल्छ भन्ठान्नेहरूले डा. ब्रूनरको यो विचार मनन गर्नु आवश्यक छ।

## शिक्षक नै महत्त्वपूर्ण

शिक्षणका निम्ति सहायक सामग्रीको न्यूनता भएका हाम्रा जस्ता मुलुकहरूमा डा. ब्रूनरको दृष्टिकोण अनुसार शिक्षकलाई नै शिक्षण प्रक्रियाको मुख्य साधनका रूपमा स्वीकार गर्नु फलदायी हुनेछ । उनी भन्छन्– शिक्षक ज्ञानदाता मात्र नभएर जीवन्त आदर्श पनि हुन्छ । उसको व्यक्तित्व शैक्षिक प्रक्रियाको प्रत्यक्ष प्रतीक हुन्छ । ऊ त्यस्तो जीवन्त प्रतिमा हो जोसँग विद्यार्थीले तादात्म्य स्थापित गर्छन् र ऊसँग आफ्नो तुलना पनि गर्छन् । उत्साही, दृढ मत भएका, अनुशासित, आफ्नो विषयका ज्ञाता, विनोदी तर सहज, गम्भीर शिक्षकको व्यक्तित्वको प्रभावलाई सबैले स्मरण गरिरहन्छन्। शिक्षकका यस्ता कैयौं प्रभाव-बिम्ब छन् र ती सबै अमूल्य छन् । यद्यपि, त्यस्ता शिक्षक पनि नभएका होइनन् जसले विद्यार्थीको आत्मविश्वास नष्ट गरे, तिनका आशाहरूको घाँटी निमोठे र जो आतंकका साक्षात् मूर्ति भए।

डा. ब्रूनरका अनुसार, ज्ञानको सम्प्रेषण मुख्यतः शिक्षकको विषयगत प्रवीणतामा निर्भर हुन्छ, चाहे उसले सहायक सामग्रीको उपयोग गरोस् वा नगरोस्– र, यति कुरा जान्न विस्तृत अनुसन्धान गरिरहनु बिल्कुलै जरूरी छैन। प्राथमिक र माध्यमिक विद्यालयका अनेकौं शिक्षक आफ्नो विषय पढाउन शुरूमा पर्याप्त प्रशिक्षित नहुन सक्छन्। तर, अध्यापन स्वयं सिक्ने उत्कृष्ट तरीका/माध्यम हो। जे होस्, स्थितिमा सुधार ल्याउन बढी योग्य व्यक्तिलाई शिक्षक नियुक्त गर्ने, छनोट प्रक्रियालाई प्रभावकारी बनाउने, शिक्षक प्रशिक्षण संस्थानहरूमा राम्रो प्रशिक्षण प्रदान गर्ने, सेवाकालीन/ग्रीष्मकालीन शिविरहरू संचालन गर्ने आदि माध्यमबाट निरन्तर सचेष्ट रहनु आवश्यक छ। शिक्षाको उन्नतिका निम्ति हाम्रो व्यग्रता र उत्सुकता कुन मात्रामा छ, सुधारका प्रक्रिया र प्रभाव त्यही मात्रामा अगाडि आउँछन्।

## पाठ्यक्रमः शिक्षकका लागि

शिक्षालाई नयाँ र प्रभावशाली रूप दिन उपयोगी, महत्त्वपूर्ण विचार हरूले भरिएको पुस्तक 'प्रोसेस अफ एजुकेशन' को विश्वका अनेक भाषामा अनुवाद भइसकेको छ। यसको दोस्रो संस्करण सन् १९७७ मै अमेरिकामा छापिएको थियो । त्यसको भूमिकामा डा. ब्रूनरले लेखेका थिए, मैले पुस्तकमा केही संशोधन गर्न सकिनँ। कुरा स्पष्ट थियो– शिक्षाका मूल सिद्धान्तहरूले भरिएको पुस्तकमा संशोधन गर्नुपर्ने कुरै के हुन्छ र? तर, त्यही भूमिकामा पाठ्यक्रम निर्माणबारे उनले लेखेको एउटा महत्त्वपूर्ण कुरा साँच्चिकै विचारणीय छ। त्यो हो– पाठ्यक्रम विद्यार्थीका लागि होइन अपितु शिक्षकका लागि हुन्छ। त्यसले शिक्षकमा परिवर्तन ल्याउन सक्तैन; उसलाई उद्विग्न, अनुप्राणित एवं प्रेरित गर्न सक्तैन भने उसले पढाउने विद्यार्थीमा पनि त्यसको कुनै प्रभाव पर्दैन । त्यसैले, पाठ्यक्रम सर्वप्रथम शिक्षककै निम्ति हुनुपर्छ; विद्यार्थीमा त्यसको कुनै प्रभाव देखियो भने त्यसको कारण हो शिक्षक स्वयं त्यसबाट प्रभावित छ। डा. ब्रूनरका अनुसार, 'राम्ररी तयार गरिएको पाठ्यक्रम ज्ञानको त्यस्तो समूह हो, जो जस्ताको तस्तै विद्यार्थीलाई प्राप्त हुन जान्छ' भन्ने धारणा वास्तवमै भ्रमपूर्ण र निरर्थक छ।

*('शिक्षा विमर्श' मे/जून २००९ मा भारतीय शिक्षाविद् चतरसिंह मेहताद्वारा प्रस्तुत सामग्रीमा आधारित)*

भाषान्तरः **शरच्चन्द्र वस्ती**

- **आगामी अंकमा 'पढाइ अर्थात् पढ्नु भनेको के हो ?'**
- **यस खण्डमा प्रकाशित अनूदित पाठ्य-सामग्रीहरू तपाईंलाई कत्तिको रोचक र उपयोगी लागेका छन् ? यस सम्बन्धमा कुनै सुझाव या प्रतिक्रिया भए अवश्य लेखी पठाउनुहोला। – सम्पादक**

साभार

# बाल कला

“बालकले जन्मकालदेखि नै आफ्नो भाव प्रकट गर्न विभिन्न माध्यमहरूको सहारा लिँदै आएको हुन्छ। बालक किन रुन्छ? मनोभाव प्रकट गर्न रुन्छ र आफ्नो इच्छा पूर्ति नहुन्जेल बारबार यसैगरी रुँदै गर्छ। आफ्नो आवश्यकता पूर्ति भएपछि ऊ फेरि रुँदैन। यसरी रुवाइ बालकको भाव प्रकट गर्ने एक प्राकृतिक माध्यम हो। यसैगरी जब बालकलाई सही तरीकासँग शिक्षा दिइन्छ उसले चित्रद्वारा पनि आफ्नो मनोभाव प्रकट गर्ने प्रयास गर्छ। उसको चित्रले व्यक्तिगत अनुभव दर्शाउँछ। अनि बालकको चित्र र उसको व्यक्तित्वसँग ठूलो घनिष्टता रहन्छ। यसरी बालक चित्रद्वारा आफूमा रहेको विभिन्न गुण या दोषलाई प्रकट गर्दै जान्छ। उदाहरणको निमित्त सही तरीकासँग शिक्षा दिइएको बालकले कुनै हालतमा पनि एक ‘कुकुर’, ‘बिरालो’ को सिंगो चित्र लेख्दैन, बरु, बिरालोसँग खेलिरहेको चित्र लेख्छ। प्रश्नमा उसले बिरालोसँग खेलेको अनुभवको यथाशक्य पूरा बयान दिन खोज्छ। यो उदाहरणबाट यो कुरा सिद्ध हुन्छ कि बालकको मनमा विभिन्न चित्र बनाउने उद्देश्य मात्र रहेको हुँदैन। बल्कि उसले आफ्नो मनमा रहेको मनोवेग प्रकट गर्ने एक सुगम माध्यमको रूपमा चित्रलाई अपनाउँछ। चित्रद्वारा बालकले आफ्नो दुनियाँमा आफूले गरेको देखेको, अनुभवको चित्रण गर्ने प्रयास गर्छ। अनि हामी बालकको चित्रको राम्रो अध्ययन गरेर बालबालिकाको मनोवेग र बालकको संसारसँग परिचय प्राप्त गर्न सक्छौं। बालचित्र बालमनोभावसँग परिचय प्राप्त गर्ने एक जबर्जस्त माध्यम हो भनेर संसारका ठूलठूला दिग्गज शिक्षाशास्त्रीहरूले ठोकुवा गरेर प्रमाणसिद्ध गरिसकेका छन्। यसकारणले कुनै एक बालकको चित्रलाई उसको आफ्नो जिन्दगी सम्बन्धी पूरा बयान हो भनी सम्झी तदनुसार व्यवहार गर्नु बिल्कुल बुद्धिमानीपन हो।




अब प्रश्न आउँछ बालकलाई सही तरीकासँग चित्र लेख्नमा शिक्षा दिने संस्था कुन हो र त्यस्तो शिक्षा दिने व्यक्ति को हुन्? उत्तर अति सुगम र सरल पनि छ। नेपाली बालकले शिक्षा, दीक्षा, अनुभव आदिको जग बसाल्ने संस्था घर नै हो। अत: घरैमा बालकले सही तरीकाबाट चित्र लेख्ने जग बसालिसकेको हुन्छ र हुनुपर्छ। अर्को कुरा यो पनि छ कि बालकमा नक्कल गर्ने गुण ठूलो मात्रामा पाइन्छ। धेरैजसो कुरा त बालकले आफ्नो मातापिताको अनुसरणबाट नै सिकिसकेको हुन्छ। यो भन्न सकिन्छ मातापिता नै सबैभन्दा पहिलो शिक्षक हो र स्वभावत: मातापिताको गुण वा अवगुणलाई बालकले अनुसरण गरेको पाइन्छ। यसै कारणले हरेक शिक्षित मातापिताले आफ्नो बालकको मनोभाव, विचार, प्रवृत्ति, शक्ति आदि आवश्यक कुराहरूसँग परिचय प्राप्त गर्नको निम्ति आफ्नो बालकलाई सही तरीकासँग चित्र लेख्ने आदतको जग बसाली दिनुपर्छ।

समय, काल र परिस्थितिले गर्दा अब हाम्रा बालकहरूलाई शिक्षा दिने संस्था व्यक्तिगत घरमा मात्र सीमित नरही स्कूल, पाठशालासम्म पनि फैलिसकेको छ। त्यसैगरी शिक्षा दिने व्यक्ति पनि मातापितामा मात्र सीमित नरही शिक्षकसम्म पुगिसकेको छ। तसर्थ स्कूल नै उचित संस्था हो जहाँ बालकले सही तरीकासँग चित्र बनाउने तरीका सिक्छ, प्रयोग गर्छ र अनुभव गर्छ। शिक्षक नै मूल आधार हो जसको हातमा बालकको सारा जिन्दगी निर्भर गर्छ।

❖❖

१. हरेक स्कूलमा बालकहरूलाई चित्र लेखनमा प्रवेश गराउन चाहिने परिस्थितिको सृजना हुनुपर्छ। चित्र लेखन कार्य दैनिक कार्यक्रममा रहनु अति जरुरी छ। यसले बालकको सर्वाङ्गीण विकासमा ठूलो मद्दत पुऱ्याउँछ। बालकलाई चित्र लेखन क्रियामा सहुलियत नदिएमा उनको विकासको कार्यमा एउटा ठूलो अडचन राखिएको मानिनेछ।

२. जसरी वामे सर्नु, हिंड्नु र बोल्नु बालकको निमित्त स्वाभाविक क्रिया हो, त्यसैगरी चित्र लेख्नु, लेखिएको चित्रमा रंग भर्नु इत्यादि बालकको निमित्त बिल्कुल स्वाभाविक क्रिया हो। बालकले सबभन्दा पहिले चित्र लेखनद्वारा आफ्नो मनको भाव व्यक्त गर्न सक्छ। अनि पछि मात्र उसले लेखद्वारा भाव व्यक्त गर्न सक्ने योग्यता प्राप्त गर्छ।

चित्र लेखनले बालकको सर्वाङ्गीण विकास गराउँछ र साधारण शिक्षामा ठूलो योग पुऱ्याउँछ। जब बालकले कुनै चित्रबाट आफ्नो मनोभाव प्रकाश गर्ने समस्या लिन्छ त्यसबेला उसलाई आफ्नो जिन्दगीमा घटेका घटनाहरूको पुन:स्मरण गर्नुपर्ने हुन्छ। बालकले चित्र बनाउने क्रियामा लाग्दालाग्दै आफ्ना अनुभवहरूको एकीकरण गर्छ अनि ती अनुभवहरूलाई चित्रण गर्ने चेष्टा समेत गर्छ। यसो गर्दा उसको विचारधारा सिलसिलेवार रूपमा तयार गरी प्रकाशमा ल्याउनुपर्ने हुन्छ। यी सबै क्रियाले बालकको मानसिक विकासमा ठूलो मद्दत दिन्छ।

३. माथि उल्लेख गरिए मुताविक चित्र लेखन अभ्यास बालकको निमित्त बिल्कुल स्वाभाविक र अनिवार्य शिक्षा हो भनी मान्यता दिए मुताविक शिक्षकले निम्नलिखित कुराहरूमा पूरापूर ध्यान पुऱ्याउनुपर्छ नत्र भने यो कार्य सफल हुने कुनै सम्भव छैन। शिक्षकको कल्पना, चातुर्य, शिल्प समय सुहाउँदो क्षमता, परिस्थिति र स्थानको विचारले निम्नलिखित कार्य पूरा गर्नमा पूरा योग दिनेछ। 📖 ”

**क्रमश:**
**(आगामी अंकमा चित्रकला सिक्न-सिकाउन चाहिने सर-सामान र ज्याबलहरू)**

**(प्रस्तुत अंश अमेरिकाको ओरेगन विश्वविद्यालयबाट एमएड गरेका प्रा. दीर्घमान श्रेष्ठले कलेज अफ एजुकेसनको कला-कौशल (आर्टस् एण्ड क्राफ्ट) विभाग प्रमुख हुँदा २०१५ सालमा लेखी छपाएको ‘बाल कला कौशल किरण’ नामक पुस्तकबाट साभार गरिएको हो। ३६ पृष्ठको उक्त पुस्तकको बाँकी अंश क्रमश: प्रकाशित गरिनेछ -सम्पादक)**

*सौजन्य: दीपक अर्याल/मदन पुरस्कार पुस्तकालय*



# लाइसेन्स र बढुवाको जाँच मंसीरमा

**शिक्षक** सेवा आयोगले मावि र निमाविको अध्यापन अनुमतिपत्रको परीक्षा आगामी मंसीर २८ र २९ गते सञ्चालन गर्ने भएको छ। त्यसका लागि आयोगले आवेदन आह्वान गरिसकेको छ। शिक्षण अनुमतिपत्र लिन चाहनेले यही भदौ २ गतेसम्म (दोब्बर दस्तुर तिरेर थप सात दिनसम्म) मा जिशिका मार्फत आवेदन दिनुपर्ने छ।

निमाविको लाइसेन्सका निम्ति यसपटक १० महीने शिक्षक तालीम लिई शैक्षिक जनशक्ति विकास केन्द्रको एकवर्षे विशेष पाठ्यक्रम (१२ कक्षा) उत्तीर्ण गरेका प्रावि शिक्षकले पनि आवेदन दिन पाउने छन्। उच्च माध्यमिक शिक्षा परिषद्ले यसअघि १० महीने तालीम लिई विशेष पाठ्यक्रम पूरा गरेका शिक्षकलाई ट्रान्सक्रिप्ट दिन आलटाल गरेकोले धेरै शिक्षक निमाविको लाइसेन्सको जाँचमा सहभागी हुनबाट वञ्चित थिए।

**बढुवा खुला:** यसैबीच शिक्षक सेवा आयोगले कार्य सम्पादन मूल्यांकनका आधारमा हुने ७५ प्रतिशत र आन्तरिक प्रतिस्पर्धात्मक परीक्षाबाट हुने २५ प्रतिशत बढुवाका लागि पनि आवेदन आह्वान गरेको छ। आवेदन दिने अन्तिम म्याद यही २ भदौसम्म छ भने दोब्बर दस्तुर तिरेर थप एकसातासम्म आवेदन दिन सकिने छ। बढुवाको आन्तरिक प्रतियोगितात्मक परीक्षा आउँदो मंसीर २७ गते सञ्चालन हुनेछ। कार्यसम्पादन मूल्यांकन र आन्तरिक प्रतिस्पर्धात्मक जाँचबाट यसपटक देशभरिका करीब १ हजार १०० शिक्षकले बढुवाको अवसर पाउने आयोगका उपसचिव नारायण भट्टराईले जनाएका छन्।

यस्तै; आयोगले स्थायी शिक्षक भर्ना गर्नका लागि गएको जेठमा संचालन गरेको लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षणका लागि कोडिङ गर्ने काम सकिएको जनाएको छ। आयोगका सदस्य सचिव खगेन्द्रप्रसाद नेपालका अनुसार उत्तरपुस्तिका परीक्षणलाई शुद्ध र विश्वसनीय तुल्याउनका लागि पहिलो, दोस्रो र तेस्रो पटक कोडिङ गरिएको छ। प्रावि, निमावि र मावि तहका कुल ४ लाख १३ हजार उत्तरपुस्तिका ट्रिपल कोडिङ गरिएकोले परीक्षण 'फुलप्रुफ' हुने आयोगको विश्वास छ। भदौको दोस्रो साताबाट उत्तरपुस्तिकाको परीक्षण शुरू गरी कात्तिक मसान्तसम्ममा नतीजा प्रकाशन गर्ने आयोगको योजना रहेको छ।

# संगठनको *हामी गर्छौं* अभियान

**नेपाल** राष्ट्रिय शिक्षक संगठनको ९-११ साउन २०७० मा सम्पन्न केन्द्रीय समितिको बैठक यसअघिका बैठकभन्दा भिन्न साबित भएको छ। शिक्षकका पेशागत संस्थाहरू शिक्षकको हकअधिकार, सेवा-सुविधा र समस्या बारेमा केन्द्रित भइरहेका वेला संगठनले चाहिं कक्षा शिक्षण सुधार गर्न हामी सक्छौं, हामी गर्छौं *(वी क्यान, वी डू)* भन्ने अभियान शुरू गर्ने निर्णय गरेको छ।

बैठकले संगठनमा आवद्ध सदस्य शिक्षकले आफू कार्यरत रहेको विद्यालयको कक्षाकोठामा विशिष्ट शिक्षकको पहिचान कायम गर्ने गरी शिक्षण शैली सुधार गर्नुपर्ने निर्णय गरेको छ। संगठनका सदस्य शिक्षकले चालु शैक्षिक सत्रमा आफूले पढाउने विषयको शैक्षिक उपलब्धि कम्तीमा ५० प्रतिशत; अर्को वर्ष ७५ प्रतिशत र तेस्रो वर्षभित्रमा १०० प्रतिशत सिकाइ उपलब्धि हासिल गर्नुपर्ने निर्णय गरेको छ। त्यसैगरी संगठनका सदस्य प्रअ रहेका स्कूलले पनि यसैगरी स्कूलको सिकाइ उपलब्धि हासिल गर्नुपर्ने निर्णय गरेको छ।

सार्वजनिक विद्यालयका शिक्षकहरूको गिर्दो साख र मर्यादा बढाउन राम्रो पढाइभन्दा अरू विकल्प बाँकी नरहेकोले संगठनका सदस्य शिक्षकलाई *वी क्यान वी डू* अभियान मार्फत स्कूल सुधारमा प्रेरित गर्न लागिएको संगठनका अध्यक्ष बाबुराम थापाले बताए।

बैठकले संगठनको नेतृत्वमा आउँदो वर्षदेखि हरेक विकास क्षेत्रका कम्तीमा एउटा प्रावि स्कूललाई रोल मोडल स्कूलको रूपमा विकास गराउने निधो पनि गरेको छ।




# शैक्षिक पत्रकारिता कार्यशाला

*एक्सन* *एड* नेपाल र *शिक्षक* मासिकको संयुक्त आयोजनामा २० र २१ साउन २०७० मा मध्यपश्चिम क्षेत्रमा क्रियाशील पत्रकारका लागि नेपालगञ्जमा शैक्षिक पत्रकारिता कार्यशाला सञ्चालन गरियो । *एजुकेशनल इस्यूज सेन्सटाइजेशन वर्कशप टु मिडिया पर्सन* नाम दिइएको उक्त कार्यशालामा त्यस क्षेत्रका २० जना पत्रकार सहभागी थिए ।

कार्यशालाका मुख्य सहजकर्ता *शिक्षक* मासिकका सम्पादक राजेन्द्र दाहालले पत्रकारले एउटा प्राथमिक स्कूल र त्यसका क्रियाकलापलाई कसरी ठूलो र बिकाउ समाचार बनाउन सक्छन् भन्ने दृष्टान्त दिएर समाचारका लागि शिक्षा क्षेत्र कसरी र किन उर्वर छ भन्ने प्रकाश पारेका थिए । दाहालले राम्रो पत्रकारिताका लागि प्राथमिक स्कूल 'भर्जिन एरिया' भएको भन्दै सहभागी पत्रकारलाई प्राथमिक कक्षामा पसेर रिपोर्टिङ शुरू गर्न आग्रह गरे । कार्यशालाका सहजकर्ता *शिक्षक* मासिकका वरिष्ठ संवाददाता बाबुराम विश्वकर्माले विशिष्टकृत पत्रकारिता र दैनिक पत्रकारिताबीचको अन्तर, विशिष्टकृत रिपोर्टिङको विधि, सीप तथा सिद्धान्तका बारेमा प्रकाश पारेका थिए ।

कार्यशालाको सुरुआत गर्दै एक्सन एडका अधिकारकर्मी विनोद तिमल्सेनाले कार्यशालाको आवश्यकता र औचित्यमाथि प्रकाश पारेका थिए भने एक्सन एडका परियोजना संयोजक सरोज पोखेलले सहभागी पत्रकारलाई कार्यशालापछि शैक्षिक मुद्दामा कलम चलाउन आग्रह गरेका थिए । कार्यशालामा शिक्षाका पत्रकारले शिक्षाका मुद्दालाई छात्रछात्राको सिकाइ उपलब्धिको दृष्टिबाट हेर्नुपर्नेमा जोड दिइएको थियो । सहभागी पत्रकारलाई कार्यशालापछि कम्तीमा एउटा स्कूलमा गएर स्कूल स्टोरी गर्न भनिएको छ । त्यस क्रममा अधिकांश पत्रकारले कार्यशालापछि एक एक वटा प्राथमिक स्कूलमा गएर गहन स्टोरी गर्ने प्रण गरेका थिए । स्कूल स्टोरी गर्ने पत्रकारलाई *शिक्षक* मासिकले थप पेशागत सहयोग गर्नेछ ।

# पूरक सकियो नतीजा भदौभरिमा

**यसपालिको** एसएलसीको पूरक जाँच २०-२७ साउन २०७० मा सम्पन्न भएको छ । त्यसमा १ लाख ११ हजार परीक्षार्थी सहभागी भएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ । यीमध्ये सबैभन्दा बढी विज्ञान विषयमा ५५ हजार, गणितमा ५० हजार, अंग्रेजीमा ३१ हजार छात्रछात्राले पूरक जाँच दिएका छन् । कुल २६ विषयमा पूरक जाँच सञ्चालन गरिएको थियो ।

पूरक परीक्षाका लागि देशभरिमा २३६ परीक्षा केन्द्र निर्धारण गरिएको थियो । महोत्तरीका केही परीक्षा केन्द्रबाट अरूको नाममा जाँच दिने नक्कली परीक्षार्थी पक्राउ परेका थिए भने दैलेखमा प्रश्नपत्र आउट गर्ने एक जना केन्द्राध्यक्ष कारबाहीमा परेका छन् । गोर्खा, रुकुम र जाजरकोटमा बाहेक अन्यत्र परीक्षा मर्यादित भएको र परीक्षामा बद्मासी गर्नेलाई कारबाही गरिएको नियन्त्रक खगराज बरालले बताएका छन् । भदौ अन्तिमसम्ममा पूरकको नतीजा सार्वजनिक गर्ने तयारी पनिकाको छ ।



# शिक्षा ऐन खोरेजीको माग

**अखिल** नेपाल शिक्षक संगठनले शिक्षा ऐन २०२८ तत्काल खारेज गर्नुपर्ने माग अघि सारेको छ । संगठनको १८ साउनमा सम्पन्न केन्द्रीय परिषद्को बैठकले यस्तो माग अघि सारेको हो ।

उक्त बैठकले संगठनका निवर्तमान अध्यक्ष गुणराज लोहनीलाई संगठनको जिम्मेवारीबाट ससम्मान विदा गर्दै संगठनका वरिष्ठ उपाध्यक्ष लालबहादुर बीसीलाई अध्यक्ष चयन गरेको छ । लोहनी नेकपा-माओवादीको पार्टीगत जिम्मेवारीमा क्रियाशील रहने बुझिएको छ ।

संगठनको परिषद् बैठकले सरकारले गरेको कर्मचारीको बढ तलब सरह स्कूलमा कार्यरत सबै प्रकारका शिक्षक तथा कर्मचारीको तलब बढाउनुपर्ने माग गरेको छ भने २ चैत २०६८ मा भएको शिक्षक–सरकार सहमति कार्यान्वयन गरिनुपर्नेमा पनि जोड दिएको छ । शिक्षक



सेवा आयोगले स्थायी शिक्षक भर्ना गर्न लिएको लिखित जाँचको नतीजामा कुनै पनि प्रकारको धाँधली भएमा कडा आन्दोलन गर्ने चेतावनी पनि संगठनले दिएको छ । विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक कर्मचारीलाई दरबन्दीका शिक्षक सरह पोशाक भत्ता दिन पनि सरकारसँग माग गरिएको छ ।

# संगठनको एकीकृत शैक्षिक अभियान

**एनेकपा** माओवादी निकट अखिल नेपाल शिक्षक संगठनको १३ र १४ साउन २०७० मा बसेको केन्द्रीय कार्यालयको बैठकले शिक्षा क्षेत्रका समस्या समाधान गर्नका लागि एकताबद्ध शैक्षिक अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। माओवादी मुख्यालय पेरिसडाँडामा बसेको उक्त बैठकमा एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पनि उपस्थित थिए ।

संगठनका उपाध्यक्ष भोला सापकोटाले शिक्षकका पेशागत संस्थाहरूसँग मिलेर एकीकृत शैक्षिक अभियान सञ्चालन गर्नका लागि उक्त बैठकले कार्ययोजना तय गरेको जनाए । माओवादी अध्यक्ष प्रचण्डले चाहिं शिक्षकहरूलाई आउँदो संविधानसभाको चुनावमा आफ्नो दललाई विजय बनाउनका लागि क्रियाशील हुन आग्रह गरेका थिए।

## सार्वजनिक विद्यालयका शिक्षकहरूले १ साउन २०७० देखि पाउने नयाँ तलबमान

| तह | श्रेणी | स्केल | ग्रेड | दर | जम्मा |
|---|---|---|---|---|---|
| **प्राथमिक** | | | | | |
| दुई विषयभन्दा बढी एसएलसी अनुत्तीर्ण | तृतीय | १२,५२० | १५ | ८८ | १३,८४० |
| दुई विषयसम्म एसएलसी अनुत्तीर्ण | तृतीय | १३,३३० | १५ | १०० | १४,८३० |
| एसएलसी उत्तीर्ण | तृतीय | १६,११० | १५ | ११० | १७,७६० |
| एसएलसी उत्तीर्ण | द्वितीय | १७,०९० | १७ | १२० | १९,१३० |
| एसएलसी उत्तीर्ण | प्रथम | २२,१८० | १५ | १६० | २४,५८० |
| **निम्नमाध्यमिक** | | | | | |
| निम्नमाध्यमिक | तृतीय | १७,०९० | १७ | १२० | १९,१३० |
| निम्नमाध्यमिक | द्वितीय | २२,१८० | १५ | १६० | २४,५८० |
| निम्नमाध्यमिक | प्रथम | २३,३४० | १२ | १८० | २५,५०० |
| **माध्यमिक** | | | | | |
| माध्यमिक | तृतीय | २२,१८० | १५ | १६० | २४,५८० |
| माध्यमिक | द्वितीय | २४,८८० | १२ | १९५ | २७,२२० |
| माध्यमिक | प्रथम | २९,२०० | ११ | २३० | ३१,७३० |

स्रोत: अर्थ मन्त्रालय

**पुनश्चः** उपरोक्त तलबमान बाहेक हरेक तहका शिक्षकले महँगी भत्ता वापत मासिक रु.१००० पनि प्राप्त गर्नेछन्। र, यो तलबमान राहत शिक्षकका हकमा पनि लागू हुने जानकारी शिक्षा विभागका उप-निर्देशक गणेश पौडेलले २९ साउन *शिक्षक* लाई दिएका छन् ।

सिक्दा-सिक्दै



कमल दीक्षित

# 'ल्यापटपमा लेख्छु, डेस्कटपमा भर्छु'

'बुज्दो न सुज्दो नर्सिङदलको हुद्दो' भने जस्तै भएको थियो मैले नेपाल ब्याङ्कको बोर्डमा कम्प्युटर भित्र्याउने कुरा गर्दा, २०३० को दशकमा कुनै वेला। किताप र पत्रपत्रिकामा पढेर जानेको बाहेक मलाई कम्प्युटर के हो र त्यो कसरी चल्छ/चलाइन्छ भन्ने क्यै थाहा थिएन। तर विदेशी समुन्नत ब्याङ्कहरूमा कम्प्युटर प्रयोग हुन्छ र त्यो अत्यन्त कामलाग्दो वस्तु हो भन्ने मैले बुझेको थिएँ। त्यत्तिकै आधारमा मैले त्यो प्रस्ताव गरेको थिएँ। तर ब्याङ्कको बोर्डमा देश खाई शेष भएका, जान्ने मान्छेहरू थिए। उनीहरूले मेरो कुरा खाइदिए। पहिला एक जना कम्प्युटर अपरेटर भर्ना गर्ने निर्णय गरे। ती अपरेटर भर्ना भएर आएपछि सबभन्दा पहिले हामी सञ्चालकहरूकै क्लास लिन थाले कम्प्युटरको! एक-दुई ओटा क्लास त मैले पनि 'अटेन्ड' गरें। तर मैले निरन्तरता दिन सकिनँ, किनभने त्यो पढाएको मैले बुज्दै बुझिनँ। "कम्प्युटर भनेको 'जीरो र वान' (शून्य र एक) को 'बाइनरी प्रणाली'बाट निर्माण भएको छ" भन्ने सिद्धान्त बुझ्नै मलाई हम्मे पर्‍यो। अनि मैले त्यो क्लासमा जान छाडिदिएँ।

त्यसपछि गोरखापत्र संस्थान। त्यहाँ पनि म संचालक समितिमा मनोनीत भएको थिएँ केही समय। त्यसवेला पनि मैले कम्प्युटरसँग संलग्न हुनुपर्‍यो तर कम्प्युटर भन्ने शब्द नसुनीकन। यो कुरा मैले 'फ्लफी डिस्केट' भन्ने लेख लेखी 'गोरखापत्र' मै छपाउनुपर्‍यो। गोरखापत्रलाई हाते कम्पोज प्रणालीबाट माथि उचालेर अफसेट प्रविधिमा लैजाने काममा मलाई प्रयोग गर्‍यो गोरखापत्र कर्पोरेसनले। अलि लामो भए पनि त्यस वेलाका गो.प.सं. का अध्यक्ष भारतदत्त कोइरालाले यसबारेमा लेखेको कुरा यहाँ उद्धृत गरूँ– 'म जुन वेला गोरखापत्र संस्थानको अध्यक्ष र महाप्रबन्धक थिएँ उहाँ (कमल दीक्षित) र ग्रीष्मबहादुर देवकोटा गोरखापत्रको संचालक समितिका सदस्य हुनुहुन्थ्यो। संचालक समितिका सदस्यका हैसियतले गोरखापत्रको नीतिगत कुरामा मात्र उहाँको योगदान सीमित रहेन। विशेषगरी कमल दीक्षितजीको मुद्रण प्रविधि सम्बन्धी अनुभव र व्यावहारिक ज्ञानले गोरखापत्रलाई मुद्रण प्रविधिमा ठूलो फड्को मार्न सघाएको थियो। नेपालको लागि उपयुक्त मुद्रण प्रविधि पत्ता लगाउन उहाँ भारत जानुभयो। उहाँकै सल्लाह र आँटले गर्दा गोरखापत्र हाते कम्पोज लेटर प्रेसको सट्टा वेब अफसेटमा छापिन थालेको थियो। यसरी गोरखापत्रले दुई वर्षभित्र सय वर्षको फड्को मारेको थियो।'

**अहिले म युनिकोडको मद्दतले मपुपुमा पुस्तकहरू आफ्नै हातले टाइप गरी दर्ता गर्छु। आफूले हातले लेखेर टाइपिष्टलाई दिने टाइप गराउने गर्थें पैले म। त्यो काम समेत अब यता दुई वर्षदेखि म आफैं गर्छु, अरूको शरण पर्नुपरेको छैन। म सोझै आफ्नो 'ल्यापटप'मा लेखहरू लेख्छु र डेस्कटपमा भर्छु।**

'कम्प्युटर भन्ने शब्द नसुनीकन' भने मैले माथि। हो, त्यो शब्द नै सुनिनँ मैले दिल्लीमा त्यस वेला। 'फोटो कम्पोज' भन्थे सबै जना। वास्तवमा त्यो प्रविधि नै कम्प्युटरको रहेछ भन्ने मैले पछि मात्र बुझें। कम्प्युटर भन्ने शब्द त मदन पुरस्कार पुस्तकालयको सन्दर्भ आएपछि मात्र पो सिकें मैले! मपुपुको पुस्तकको सूची-पुस्तकको दोस्रो भाग निकाल्नै सकिएन। अकारादिमा छाप्नुपर्ने कुरा हातले जोडेका अक्षरमा जति पटक मिलाए पनि पुस्तकालयमा एउटा किताप अर्को थपिनासाथ बेकार हुन्थ्यो। छाप्नै सकिएन। अनि कसैले मलाई सल्लाह दियो, "अब तपाईं कम्प्युटरमा जानुस्।" त्यसवेलाको सरकारी कम्प्युटर केन्द्र 'यान्त्रिकीशारिणी' का हाकिम साहेबलाई भेट्दा उनले फेरि निराश बनाइदिए। पुस्तकको सूची कम्प्युटरमा हाल्ने भए सबै कुरा रोमनमा टाइप गराउनुपर्छ भने। अनि म लागें नेपाली अक्षरमा कम्प्युटर-टाइप गराउने धुनमा। प्रविधिको विकास छिटोछिटो हुँदै थियो। अलि पैसा खर्च गरेपछि एकथरी 'कार्ड' पाइयो। जसोजसो छाप्थ्यो त्यसले मपुपुका पुस्तकहरूको लगत नेपाली अक्षरमा। तर काम नलाग्ने! त्यसपछि नाम सुनें मैले 'युनिकोड' भन्ने। मपुपुमा सहायता जुट्यो पैसाको पनि, 'जान्ने'हरूको पनि। दुई वर्ष लगाएर मपुपुमा विज्ञहरूले नेपाली युनिकोड बनाइछाडे।

नेपाली युनिकोड जन्मेपछि मैले पनि कम्प्युटर सिकें, अरू नभए पनि टाइप गर्न जान्ने भएँ। इन्टरनेट चलाउन सिकाइमागें, इमेल चलाउन पनि। अनि (२०५८ मा) एक दिन *कान्तिपुर* दैनिकमा अघिल्तिर पृष्ठमै यौटा समाचार पढ्न पुगें– "७२ वर्षका कमल दीक्षित आफ्ना नातिनातिनासँग इमेलमा च्याट गर्छन्" भन्ने।

अहिले म त्यही युनिकोडको मद्दतले मपुपुमा पुस्तकहरू आफ्नै हातले टाइप गरी 'याक्सेसन' (दर्ता) गर्छु। अनि युनिकोडकै सहायताले संसारभरि इमेलमा चिठीपत्र गर्छु। आफूले हातले लेखेर टाइपिष्टलाई दिने टाइप गराउने गर्थें पैले म। त्यो काम समेत अब यता दुई वर्षदेखि म आफैं गर्छु, अरूको शरण पर्नुपरेको छैन। म सोझै आफ्नो 'ल्यापटप'मा लेखहरू लेख्छु र डेस्कटपमा भर्छु। मेरो आफ्नो साधारण आवश्यकताका कुरालाई मैले कसैको मुख ताक्नु परेको छैन। हो, कम्प्युटरको प्रविधिमा भने म पूर्णत: अज्ञानी र अनाडी नै छु। तर सन्तुष्ट छु र भन्छु, "म जे छु ठीकै छु, बिथोल्न नआऊ!"

१५ जेठ २०७०

**हामी विद्यार्थी** पार्वती गुप्ता

# कृषि विज्ञ बन्नुछ !

हाम्रो स्कूलमा गुरुपूर्णिमाको दिन विशेष कार्यक्रम हुने गर्छ। संस्कृत भाषा-साहित्यमा गुरुको विशेष स्थान छ। शायद त्यसैले पनि यो दिनलाई हाम्रो स्कूलमा विशेष उत्सवका रूपमा मनाउन थालिएको होला। हाम्रो स्कूलमा संस्कृतको पनि पढाइ हुन्छ। त्यो दिन हामीहरू गुरुप्रति विशेष तवरले सत्कार र सम्मान प्रकट गर्ने गर्छौं। गत वर्ष आयोजित गुरुपूर्णिमाको कार्यक्रममा मलाई नृत्य गर्ने अवसर दिइएको थियो। मैले आफैंभित्र डुबेर नृत्य गरें। अरूले मलाई कसरी हेरे, कस्तो ठाने, मलाई थाहै भएन। नृत्य गर्दा म आफैंभित्र हराएकी थिएँ।

नाँच सक्नासाथ 'वाह ! क्या नाचेकी यो फुच्चीले' भन्दै तालीको गडगडाहट पाएँ। त्यसले मलाई रुंकृत तुल्यायो। म नाँच्न जान्ने रहिछु भन्ने लाग्यो, हर्षले विभोर भएँ। ती खुशीका अनुभूति व्यक्त गर्न मसित शब्द नै छैनन्। त्यो दिनले मेरो जीवनमा नयाँ पाना थपिदियो। म अलिकति फुर्सद भयो कि गुनगुनाउन र नाँच्न थालें। विस्तारै यो त जीवनलाई खुशियालीपूर्वक जिउने कला रहेछ भन्ने लाग्न थाल्यो। अहिले कुनै कार्यक्रममा पुरस्कार थापेर आएपछि वा घरमा खुशियालीको कुनै क्षण आउँदा हामी पाँचै दिदीबहिनी मज्जाले नाँच्छौं। म त केही तनाव भयो भने पनि नाँच्ने गर्छु। नाँचले मानिसलाई विगत र भविष्यबाट मुक्त गराएर मनलाई पूर्ण रूपेण वर्तमानमा केन्द्रित गराउँदोरहेछ !

मलाई पहिलो दिन स्कूल जाँदाको मधुरो दृश्य आज पनि याद छ। वर्षात्को समय थियो। म भर्खर पाँच वर्षमा पाइला टेक्दै थिएँ। मेरो घरबाट निस्केर सडक पार गर्ने बित्तिकै स्कूल पुगिन्थ्यो। म प्लाष्टिकको झोलामा कपी र पेन्सिल बोकेर गएकी थिएँ। शिक्षकले स्कूलमा मलाई मन पर्ने खेलौना दिनुभयो। त्यो दिन खूब मज्जाले खेलियो। पहिलो दिनले मेरो मनमा स्कूलप्रतिको धारणा सारै सकारात्मक बनायो। भोलिपल्ट पनि म खेल्न र धर्सा तान्नकै लागि स्कूल गएँ। शिक्षकहरूले विस्तारै हात समातेर लेख्न सिकाउन थाल्नुभयो। अक्षर लेख्न तुरुन्तै त के जानिथ्यो, सकी नसकी धर्सा तान्न थालियो। मेरो मनमा परेको स्कूलप्रतिको पहिलो दिनको सकारात्मक छाप आजसम्म मेटिएको छैन। मैले अहिलेसम्म शिक्षकबाट कहिल्यै पिटाइ खानुपरेको छैन।

शिशु कक्षादेखि अहिले ९ कक्षासम्मको मेरो अनुभवले भन्छ, असल र सफल विद्यार्थी बन्नको निम्ति अभिरुचि, परिश्रम र जागरुकताको महत्त्वपूर्ण हात रहँदोरहेछ। विद्यार्थीको सोच, प्रवृत्ति र क्रियाकलापले धेरै कुरा निर्धारण गर्दोरहेछ। त्यहाँ शिक्षकको पनि उत्ति नै ठूलो भूमिका रहँदोरहेछ। सिक्ने वातावरणको निर्माण, सिक्ने रुचि पैदा गर्ने, सिकाउने तरीका, नजानेका/नबुझेका कुरा खुलस्त बनाइदिने



सुदर्शन घिमिरे

आफ्नो दोकानमा पार्वती।

काम शिक्षकको हो। अर्को शब्दमा भन्नुपर्दा, शिक्षकको प्रभावकारी भूमिका विना हामी सफल विद्यार्थी बन्न सक्दैनौं। शिक्षकहरूले कक्षालाई कति रसिलो बनाउनुहुन्छ, विद्यार्थीको रुचिलाई कति ध्यान दिनुहुन्छ, विद्यार्थीको क्षमता कतिको चिन्नुहुन्छ र त्यसको विकास गराउने कला कतिको छ भन्ने कुराले हामी कति राम्रो विद्यार्थी बन्नेछौं भन्ने कुरा निर्धारण गर्दोरहेछ। हामी विद्यार्थीहरूको भाग्य नै भन्नुपर्ला, हाम्रा स्कूलमा भएका सबै शिक्षकहरू त्यस दृष्टिले योग्य हुनुहुन्छ। सबै जना गुरुहरू हाम्रो शिक्षा र व्यक्तित्व विकासप्रति जागरुक र प्रतिबद्ध पाएकी छु।

शिक्षकहरूको व्यक्तित्वले हामी विद्यार्थीलाई नजानिंदो गरी तर गहिरो तरीकाले प्रभावित गर्दोरहेछ। नारायण घिमिरे गुरुको हँसाएर पढाउने कलाबाट हाम्रो कक्षाका मात्र होइन, सिंगो स्कूल नै मुग्ध छ। जुनसुकै पाठ पढाउँदा वा कुरा बुझाउँदा त्योसित मिल्ने यति राम्रो जोक बनाउनुहुन्छ कि हामी सुन्ने बित्तिकै पेट मिचिमिची हाँस्छौं। प्राथमिक तहमा पढाउने गीता पराजुली गुरुमासित पनि हँसाउने विशिष्ट कला छ। उहाँहरू दुवैबाट अभिप्रेरित भएर हामी पनि साथीसाथीमा त्यस्तै तरीकाले जोक गर्ने र हँसाउने नक्कल गर्छौं। अर्का गुरु, शैलेन्द्रनाथ चौबे जे पाठ पढाउनुहुन्छ, कथा हालेर पढाउनुहुन्छ। हरेक पाठमा अन्तरनिहित ज्ञान र सन्देशलाई हाम्रो मनमा गहिरो छाप पर्ने गरी उहाँ कथा हाल्नुहुन्छ। अरू जति पनि गुरु वा गुरुमाहरू हुनुहुन्छ, केही न केही प्रभाव हामीमा छाड्ने तरीकाले स्कूलमा समय व्यतीत गर्नुहुन्छ। उहाँहरूले हामीलाई विनम्र हुन, राम्रोसित बोल्न, भाषण गर्न, किताबको किरो मात्रै नबनी


सुदर्शन घिमिरे

समाज, पाका मानिसहरू, पत्रपत्रिका सबैबाट ज्ञान लिनुपर्छ भन्ने शिक्षा दिनुभएको छ।

त्यस दृष्टिले भन्नुपर्दा, सरकारी स्कूलमा पढ्छु भन्दा मलाई गर्व महसूस हुन्छ; हीनताबोध त पटक्कै छैन। हामीले यति राम्रा, प्रतिबद्ध र क्षमतावान गुरु र गुरुमा पाएका छौं, जसले हाम्रो जीवनलाई हरपल समृद्ध र परिस्कृत गर्ने प्रयत्न गरिरहनुभएको छ। मलाई विश्वास छ, उहाँहरूले आफूलाई समय अनुरुप अझ योग्य, क्षमतावान बनाउँदै लग्नुहुनेछ। बूढो भएँ, अब थाकियो भनेर आफूलाई खुम्च्याउनु हुने छैन। किनकि उहाँहरूले हामीलाई जीवनभर नवीन कुरा सिक्न, आफूलाई सधैं जाँगरिलो बन्न र आफूले लिएको जिम्मेवारी अब्बल तरीकाले पूरा गर्न सिकाउनुभएको छ। कर्तव्य पालना गर्न सिकाउनुभएको छ।

*गुरुमा ज्ञानको ज्योति चम्किलो जब बन्दछ*
*त्यही वेला शिष्यमा पनि ज्ञानको ज्योति छर्दछ।*

अघिल्लो वर्ष कक्षा ८ मा छँदा फणि नारायण सिग्देल गुरुको प्रेरणाले मैले कविता लेख्न थालें। गत वर्षको गुरुपूर्णिमाको दिन मैले यो कविता लेखेकी थिएँ। यो मेरो पहिलो प्रयास थियो। संस्कृत व्याकरण पढाउने उहाँ (हाल अवकाशप्राप्त) साहित्यकार पनि हुनुहुन्थ्यो। उहाँले मलाई हौस्याउँदै तिमीमा राम्रो कवि हुने संभावना छ भनेर भन्नुभएको थियो। त्यसपछि मैले अलिकति फुर्सद मिलेको वेला यतातिर ध्यान दिन थालें। अहिलेसम्म पन्ध्र बीस वटा जति कविताको खेस्रा कोरिसकेकी छु। केही दिनअघि मात्र कविता लेख्ने मोटो र बलियो गाता भएको छुट्टै कपी किनेर ल्याएकी छु। कविता अभिव्यक्तिको एउटा भिन्न मात्र होइन, सशक्त माध्यम पनि रहेछ भन्ने महसूस गरेकी छु। सिग्देल गुरुले भन्नुभएको छ, "लेखन जति धेरै लेख्यो उति नै परिस्कृत हुँदै जान्छ।" एक वर्षको छोटो लेखनीका क्रममा मैले पनि त्यो कुरा अनुभव गरेकी छु। यस क्रममा मैले थाहा पाएँ, अरू साहित्यकारका राम्रा कृति जति धेरै अध्ययन गर्ने मौका पायो, उति नै आफ्नो लेखनी पनि तिखारिँदै जाने रहेछ। तर हाम्रो स्कूलको पुस्तकालयमा त्यस्ता साहित्यिक कृति खासै छैनन्। स्कूलको पुस्तकालयमा नेपाली र विश्व साहित्यका चुनिंदा कृतिहरू थपिए म सबैभन्दा बढी प्रफुल्ल हुनेथिएँ!

साहित्य मेरो हवी भए पनि मेरो सपना चाहिं कृषि वैज्ञानिक बन्ने हो। खोइ किन हो कुन्नि, मलाई सानैदेखि माटो र खेतीको काम गर्न औधी मन पर्छ। हाम्रो आफ्नै खेत नभएकाले खेतीपातीमा खासै भिज्न पाएको छैन। कहिलेकाहीं मौका पाएको वेलामा साथीहरूसित खेतको काम गर्न जान्छु। म कृषिविज्ञ भएर नेपाली माटो र भूगोलको निम्ति उपयोगी हुने प्रविधिहरूको आविष्कार गर्न चाहन्छु, जसले हाम्रा किसान दाजुभाइ दिदीबहिनीहरूको कष्ट हरण गरोस्, उत्पादन धेरै होस्। हाम्रो देशमा त्यस्तो कृषि क्रान्तिको आवश्यकता छ, जसले देशलाई धेरै धनी बनाओस्, गरीब मानिसहरूले कहिल्यै भोकै बस्नु नपरोस्!

तर मेरो सपना त्यति सहजै साकार हुने छैन। पढाइको निम्ति धेरै पैसा चाहिन्छ। परिवारसित धेरै धन छैन। पाँच दिदीबहिनी, दुई दाइ, बा आमा गरी ९ जनाको हाम्रो परिवारको आयस्रोत सानो छ। भर्खरै एसएलसी पास गरेकी मेरी दिदीले चाहेर पनि स्टाफ नर्स पढ्न पाइनन्। मेरो सानु दाइले बुटवल गएर उच्च मावि तहमा विज्ञान पढ्न चाहेका थिए। तर उनको धोको पनि पूरा हुन पाएन। भोलि मेरो पनि त्यस्तै अवस्था आउन सक्छ। यो कुरामा म बढी नै सजग र संवेदनशील छु। सुनेकी छु, एसएलसीमा उच्च अंक ल्याउने विद्यार्थीले ११ पढ्दा छात्रवृत्ति पाउँछ रे! त्यसैले म एसएलसीमा विशिष्ट श्रेणी हासिल गर्ने गरी पढ्ने तयारी गरिरहेकी छु। एसएलसीमा अब्बल अंक आयो भने उच्च मावि निःशुल्क पढ्न पाइनेछ। उच्च माविमा पनि अब्बल अंक ल्याउन सकियो भने कृषि क्याम्पसमा छात्रवृत्तिमा पढ्न पाइनेछ र यही बाटोबाट म एक दिन कृषि वैज्ञानिक बन्न समर्थ हुनेछु भन्ने मेरो विश्वास छ। यो सपनालाई साकार तुल्याउन म धेरै मिहिनेत गर्नेछु। अहिले पनि म साँझ घरमा तीन घण्टा जति पढ्छु। बिहान पनि एक घण्टा जति पढ्छु। नबुझेका कुरा शिक्षकहरूलाई सोध्न र त्यसबारेमा राम्रोसित बुझ्न कुनै कसर बाँकी राख्दिनँ। अनुशासन, समर्पण, जिज्ञासा, धैर्य र इमान्दारपूर्ण प्रयत्न अनि गुरुहरूको मार्गनिर्देशन र सहयोगले आफ्नो सपना साकार पार्न समर्थ हुनेछु भन्ने मेरो विश्वास छ।

*(१४ वर्षीया गुप्ता तौलेश्वर संस्कृत उच्च मावि, तौलिहवा, कपिलवस्तु, कक्षा ९ की छात्रा हुन्।)*




विधेयक समीक्षा

# अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको मस्यौदा २०६७ माथि लैंगिक दृष्टिकोण

कुनै पनि चलनचल्ती, व्यवहार प्रवृत्तिहरूमा महिला भएकै कारणबाट वञ्चितीकरण वा थप अन्यायमा पर्नुपर्ने स्थितिको बोध धेरैलाई भइसकेको छ। महिला र पुरुष बीच बराबरीको सिद्धान्त अपनाएर पनि परिणाममा सारभूत समानता प्राप्त हुन सकिरहेको छैन। पितृसत्तात्मक सोच व्याप्त भइरहेको अवस्थाले गर्दा राज्यको न्याय प्रदान गर्ने कानून पनि लैंगिक न्यायमा नजानिंदो ढंगबाट चुक्न सक्ने संभावना रहन्छ। प्राकृतिक स्वरुप एवं जैविक शरीरको प्रक्रियाले गर्दा महिलाको विशेष अवस्था र आवश्यकतालाई कानूनी संरचनाले सम्बोधन गर्न सकेन भने न्याय सन्तुलित हुन सक्दैन।

महिलामाथि हुने कुनै पनि प्रकारको भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रियस्तरको प्रतिबद्धता जनाइसकेपछि नेपालले राज्य संचालनका क्रममा सबै कोणबाट लैंगिक न्याय कायम राख्न सक्नुपर्दछ। यसको लागि, हरेक नीति-नियम कानून संयन्त्रलाई लैंगिक दृष्टिकोणबाट विश्लेषण गर्नु जरूरी हुन्छ। यसै क्रममा नयाँ निर्माण भएको फौजदारी ऐनको मस्यौदामा लैंगिक दृष्टिकोणबाट केही दफाहरूको विश्लेषण गरिएको छ।

नेपालको फौजदारी कानूनमा समयसापेक्ष सुधार गरी परिमार्जन गर्न वि.सं. २०६५ मंसीर १८ गते मन्त्रिपरिषद्को निर्णयबाट फौजदारी कानून सुधार तथा परिमार्जन कार्यदल गठन भएको थियो। सो कार्यदलले सर्वोच्च अदालतबाट समय समयमा प्रतिपादित न्यायिक सिद्धान्त र नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अध्ययन पुनरावलोकनका साथै नेपालको बदलिंदो परिवेशको आधारमा अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको मस्यौदा तयार पारेको हो। फौजदारी कसूरसँग सम्बन्धित एकीकृत तथा संहितावद्ध सारवान कानूनको रूपमा अपराध संहिता आएको छ। फौजदारी कसूरको सम्बन्धमा अपनाउनुपर्ने कार्यविधि तय गर्ने एकीकृत तथा संहितावद्ध फौजदारी कार्यविधि कानून चाहिं फौजदारी कार्यविधि संहिता हो। सजायको प्रचलन र प्रयोजनमा आएको परिवर्तन समेतको सन्दर्भमा कसूरको गाम्भीर्य, कसूरदारको दोषको मात्राका आधारमा सजाय गर्न फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन बनेको छ। उक्त कार्यदलले आफूलाई प्राप्त कार्यक्षेत्रगत शर्तहरूको अधीनमा रही तीन छुट्टाछुट्टै विधेयक मस्यौदा तयार गरेको छ। तीमध्ये यस कार्यपत्रमा अपराध संहिताका विभिन्न परिच्छेद तथा दफालाई लैंगिक दृष्टिकोणबाट विश्लेषण गरी लैंगिक न्याय हुनसक्ने थप आधारहरू प्रस्तुत गरिएको छ। अपराध संहिताले विद्यमान नेपाल कानूनमा परिभाषित भइसकेका कसूरहरूलाई फौजदारी कसूरको रूपमा यथावत् व्यवस्था गर्दै नयाँ कसूरहरूलाई पनि कसूरको रूपमा परिभाषित गरी त्यस्तो कसूर गर्ने व्यक्तिलाई सजायको प्रस्ताव गरेको छ। विभिन्न प्रकारका कसूरहरूलाई विषयगत रूपमा एकीकृत गरी सत्ताइस वटा परिच्छेदमा प्रस्ताव गरिएको छ। तीमध्ये पनि सार्वजनिक न्याय विरुद्धको कसूर लगायत महिलालाई प्रत्यक्ष प्रभाव पार्ने विवाह सम्बन्धी कसूर, ज्यान सम्बन्धी कसूर, गर्भ संरक्षण विरुद्धको कसूर र करणी सम्बन्धीको कसूरमा लैंगिक न्यायको लागि यस प्रस्तुतिमा दफावार विश्लेषण गरिएको छ।

## विश्लेषण

अपराध संहितामा नयाँ कसूरको रूपमा पहिचान गरी महिला विरुद्ध बढी मात्रामा भइरहेको अपराधको रूपमा देखिएको एचआईभी पोजिटिभ फैलाउने, वेश्यागमनको प्रचार गर्ने जस्ता कामलाई फौजदारी कसूर मान्नु महिलाको हितको लागि श्रेयस्कर देखिन्छ। फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको यो विधेयकमा जबर्जस्ती करणी गरी ज्यान लिएको कसूर गरे वापत कसूरदारलाई जन्मकैद सजाय भएमा निजले जीवनभर नै कैद बस्नुपर्ने व्यवस्था प्रस्ताव गरेको छ। जन्मकैदलाई आजसम्मको नेपालको अभ्यास बमोजिम २० वर्ष कैदको रूपमा बुझिएको थियो। जबर्जस्ती करणी जस्ता प्रकृतिका कसूरका सम्बन्धमा विद्यमान कानूनमा भएको हदम्याद बढाउने प्रस्तावलाई लैंगिक न्यायतर्फको सकारात्मक कदमको रूपमा लिन सकिन्छ। निजी रक्षाको अधिकारबाट वञ्चित नगरी जबर्जस्ती करणी गर्ने नियतले आक्रमण गरेको हो भन्ने मनासिव विश्वास भई वा जबर्जस्ती करणी गर्दाको बखत वा गरिसकेपछि पीडितबाट तत्काल कुनै काम भई ज्यान गएकोमा कसूर मानिने छैन तर पनि तत्काल भन्ने शब्दले परिस्थितिको गाम्भीर्यलाई समेट्न नसकेको भन्नु अत्युक्ति हुँदैन। अपराध संहिताको भाग १ परिच्छेद ४ को कसूरको गाम्भीर्य बढाउने तथा घटाउने अवस्थाहरू उल्लेख भएको दफा ३७ (प) मा 'कलिलो उमेर' पछि 'गर्भावस्था' र 'सुत्केरी अवस्था' थप गर्नुपर्ने देखिन्छ। गर्भ रहँदाको अवस्थामा कसैले कसूर गर्दछ भने त्यो कसूर अपराध संहिताको प्रयोजनका लागि पनि गाम्भीर्य बढाउने अवस्था मान्नुपर्दछ। भाग १ कै परिच्छेद ५ को सजाय र अन्तरिम क्षतिपूर्ति सम्बन्धी व्यवस्थामा दफा ४० (च) मा जबर्जस्ती करणी गरी ज्यान मारेकोमा कसूरदार जीवित रहेसम्म कैद गर्नुपर्ने प्रावधानले महिला माथि हुने एउटा जघन्य अपराधलाई कानूनले सकेसम्म सजायको व्यवस्था गरी लैंगिक न्याय कायम गर्न खोजेको देखिन्छ।

अपराध संहिताको भाग २ मा फौजदारी कसूरहरू उल्लेख गरी सोको उजुरी गर्ने हदम्याद र सजायको व्यवस्था लेखिएको छ। भाग २ परिच्छेद ५ मा सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूरबारे व्याख्या गरिएको छ। यसको दफा १०७ मा उल्लेख भएको प्रावधानको अपर्याप्तता र पति-पत्नी बीचको यौन सम्पर्क सम्बन्धी मान्यताको अस्पष्टताले

पति र पत्नी बीच रोग सार्ने नियत, लापरवाही वा हेलचेक्र्याइँ नभई पितृसत्तात्मक अधिकारको उपज हुनसक्ने र पत्नीलाई रोग सारे पनि पतिको माया वा पत्नी माथिको अधिकार भनी स्थापित गर्ने संभावना रहन्छ। यस्तो स्थितिमा पतिबाट यस्तो रोग सरेका महिला पीडित भइकन पनि उनलाई न्याय पाउने अधिकार नहुन सक्दछ। यो अवस्थाप्रति बढी संवेदनशील भई कानूनी प्रावधान स्पष्ट भएमा लैंगिक न्याय कायम गर्न सहयोगी हुनसक्ने देखिन्छ। दफा १०७ (१) मा 'पति पत्नी बीच समेत' भनी थप गर्नुपर्ने देखिन्छ। सोही परिच्छेदको दफा १२० (१) मा 'सार्वजनिक स्थानमा महिलालाई हातपात वा हैरानी' मात्र भनिएकोमा 'जिस्क्याउने' समेत थप गर्दा कानून महिला पक्षमा बलियो हुने देखिन्छ। नेपालमा भएको अध्ययन अनुसन्धानबाट वेश्यावृत्ति आर्थिक विपन्नताको कारणले वा डर त्रासको बाध्यात्मक परिस्थितिले गर्ने तर वेश्यागमन मनमौजी एवं पैसाको आडमा गर्ने दुई वेग्लावेग्लै किसिमको प्रकृतिको कार्य भएकोले दफा १२२ मा थप गरी वेश्यागमनलाई पनि अपराध मान्ने र वेश्यागमन गर्ने व्यक्तिलाई कसूरदार मानी सजायको व्यवस्था गर्नुपर्ने देखिन्छ। वेश्या शब्द प्रयोगको सट्टा यौन व्यवसाय भन्नुपर्ने हो भनी प्रस्ताव गरिएको छ।

परिच्छेद १० को भेदभाव तथा अपमानजन्य व्यवहार सम्बन्धी कसूरको दफा १६८ मा जातिपाति पछि 'लिङ्ग' को आधार पनि थप गर्नु जरूरी देखिन्छ। १६८ को विद्यमान उपदफा २ लाई ३ बनाई २ मा 'कसैले कसैलाई महिला वा पुरुष भएको कारणले भेदभाव गर्न वा सार्वजनिक उपयोगका सुविधाको प्रयोगबाट वञ्चित गर्न हुँदैन' भनी थप गर्नुपर्दछ।

पितृसत्तात्मक प्रणाली एवं महिलाको विद्यमान अवस्थालाई विश्लेषण गर्दा महिला र पुरुषबीच तटस्थता मात्र अपनाउने नीतिले यथार्थ सारमा न्याय प्रदान गर्न सक्दैन। त्यसैले परिच्छेद ११ को विवाह सम्बन्धी प्रावधानमा होशियारीपूर्वक थपघट गर्नुपर्ने देखिन्छ। दफा १७३ लागू हुने क्रममा परम्परागत विवाहको प्रचलनले गर्दा पुरुषले आफ्नो मञ्जुरी विना गराएको भन्नेवित्तिकै १७३ (२) बमोजिम विवाह बदर हुँदा विवाह भएको महिलाको भविष्य एवं जिन्दगी सामाजिक परिपाटी अनुसार खतरामा पर्न सक्ने संभावना रहन सक्दछ। त्यसैले विवाह सम्बन्धी कसूर उल्लेख गर्ने क्रममा मञ्जुरीको कार्यविधि पनि स्पष्ट हुनु जरूरी देखिन्छ। दफा १७६ (१) मा उल्लेख भएको व्यहोरामा दाइजो शब्द नराख्नु उपयुक्त देखिन्छ। दुलाहा पक्षबाट दहेज वा दौरी माग गरिन्छ। तर महिलाको आफ्नै सम्पत्तिको रूपमा रहने गरी माइती पक्षले दाइजो दिन चाहन्छ भने आर्थिक रूपमा महिलालाई सशक्त राख्ने परम्परालाई कसूर ठहर गर्दा महिलामाथि नै अन्याय पर्ने देखिन्छ। त्यसैले विवाहमा जबर्जस्ती करकापमा कुनै लेनदेन भएको छ भने त्यो अपराध हुन्छ तर स्त्री धनमा बन्देज लगाई अपराधीकरण गर्नु न्यायोचित हुँदैन। विवाहमा लेनदेनकै रूपमा चलअचल सम्पत्ति भएको छ भने कसूर सजायको जरिवाना पनि तीस हजार रुपैयाँसम्म मात्र सीमित नराखी लेनदेन बढी भएमा सोही बमोजिमको अनुपातमा हुनुपर्दछ।

गर्भ संरक्षण एवं गर्भपतनको सम्बन्धमा छुट्टै ऐनको व्यवस्था हुनुपर्दछ भनी आवाज उठिरहेको अवस्थामा फौजदारी कानूनमा नै समावेश हुनु भनेको लैंगिक न्याय स्थापित गर्ने भावलाई स्थापित गर्न नसक्नु हो। परिच्छेद १३ मा गर्भ संरक्षण विरुद्धको कसूरको दफा १९० मा गर्भपतन गर्न नहुने उल्लेख छ। दफा १९०(२) र (३) मा कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई-फकाई वा प्रलोभनमा पारी गर्भपतन गराएमा पनि एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवानाको सजाय उल्लेख छ।

यो मस्यौदाले महिलाको शारीरिक अवस्थामा पनि संवेदनशीलता अपनाएको देखिन्छ। सात महीनाभन्दा बढीको गर्भवती महिला अभियुक्त भएमा अदालतले धरौटी वा जमानतमा छाड्न सक्ने प्रावधान पनि छ। महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनुपर्दछ। तर तत्काल महिला प्रहरी उपलब्ध नभएमा निजको इज्जत प्रतिष्ठामा आँच नआउने गरी महिलाको शारीरिक संवेदनशीलता सम्मान गर्दै पुरुष प्रहरी कर्मचारीले पक्राउ गर्न बाधा पर्ने छैन। यसबाट महिलाप्रतिको सम्मानलाई यो मस्यौदाले कायम राख्न खोजेको देखिन्छ।

## विचार

न्यायोचित र समतामूलक समाजको निर्माण गर्न लैंगिक दृष्टिकोणको अवधारणालाई केन्द्रविन्दु मानेर कानूनको मस्यौदा तयार गरिनुपर्दछ। आजसम्म भेदभावको शिकार भई पछाडि परेका एवं प्रथा परम्पराका नाममा शोषण गरी पछाडि पारिएका महिलाको अधिकारलाई सम्मानजनक ढंगले न्याय प्रणालीमा समाहित गर्नेतर्फ सचेत हुनु जरूरी छ। महिला अधिकार स्थापनाका लागि तटस्थ नीति अपनाएर समानतामुखी राज्यव्यवस्था मात्र स्थापना गर्ने जमर्कोले पुग्दैन। प्रारम्भिक चरणमा भेदभाव अन्त्य गर्ने कुरा गर्दा तटस्थ व्यवहार भएमा भेदभाव अन्त्य हुने मान्यता थियो भने समानताको कुरा गर्दा समान अवसरलाई नै अधिकारको रूपमा लिइन्थ्यो। तर यतिले मात्र भेदभावको अन्त्य हुन र समानता कायम गर्न सकिँदैन। मानवअधिकारको क्षेत्रमा बिकास भएको अविभेद र समानताको अवधारणालाई लागू गर्न कानून निर्माण प्रक्रियादेखि प्रत्येक दफाका भावनाहरूमा लैंगिक दृष्टिकोणको विश्लेषण जरूरी छ।

आजसम्मको विकास क्रममा महिलालाई प्रत्यक्ष, अप्रत्यक्ष, मनसाययुक्त, कानूनी ऐतिहासिक वा संरचनात्मक आधारमा गरिने भिन्न व्यवहार, बहिष्कार, प्रतिबन्ध एवं प्रतिकूलताले सार्वजनिक क्षेत्र लगायत घरपरिवार, समाजमा भेदभाव भएको छ। यसरी भेदभावबाट पीडित महिलालाई क्षतिपूर्ति लगायतका सहयोगात्मक प्रणाली स्थापित गर्न संविधानमा सकारात्मक विभेदको विशेष व्यवस्था कायम गर्ने र कानूनहरू सारभूत लैंगिक समानतातर्फ उन्मुख हुनु जरूरी छ।

*प्राध्यापक अमृदा श्रेष्ठद्वारा नेपाल कन्स्टिट्युसन फाउण्डेसनका लागि तयार गरिएको यो अनुसन्धान तथा सुझावपत्रलाई महिला, जनजाति, दलित, मधेशी, युवा तथा सम्बन्धित क्षेत्रका अन्य दबाव समूहहरूको इनपुटका आधारमा अन्तिम रूप दिइएको छ। यस सम्बन्धमा यो फाउण्डेसन यमबहादुर किसान, शंकरकुमार श्रेष्ठ, डा. हरिशरण चखु, राम सुब्बा, अनिता सापकोटा चापागाई, निरु श्रेष्ठ, दिलकुमारी राई, श्रीप्रकाश उप्रेती, अनिला श्रेष्ठ, अशोककुमार बस्नेत, अनिता जोशी, रितु थापामगर, सारती शर्मा, कोपिला रिजाल, भरत गौतम, शीर्षक घिमिरे लगायत अभिषेक अधिकारी, फुर्पा तामाङ तथा डा. विपिन अधिकारी समेतप्रति आभार व्यक्त गर्दछ।*

*यो अध्ययन एसिया फाउण्डेसनको सहयोगमा गरिएको हो तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन्। तिनले फाउन्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन्।*

अवधारणा




डा. तुलसीप्रसाद थपलिया

# विद्यालय र अभिभावक सहकार्य = उच्च सिकाइ उपलब्धि

**पढेलेखेका अभिभावकले मात्र होइन, जुनसुकै परिवारले विद्यार्थी सिकाइको उद्देश्यमा सघाउन सक्छन्। यसको योजना र परिचालनमा चाहिं विद्यालयले अग्रसरता देखाउनुपर्छ। प्रभावकारी भनेर चिनिने विद्यालयको एउटा महत्त्वपूर्ण पक्ष नै ती विद्यालयले अभिभावकसँगको सहकार्यको महत्त्व बुझेर त्यसनिम्ति आफैं अग्रसरता लिनु रहेको पाइन्छ।**

***"विद्यार्थीलाई उच्चस्तरको शिक्षा प्रदान गर्नका निम्ति सबैभन्दा अत्यावश्यक तत्वहरूमा अभिभावकको सहभागिता र अभिभावकसँगको सहकार्य एउटा हो।"***

*(www.standards.dfes.gov.uk/parentalinvolvement)*



विद्यालय र अभिभावकको साझा चासोको विषय-विद्यार्थीको विकास र सिकाइ हो। विद्यालयको पक्षबाट हेर्दा आफ्नो सङ्गठनात्मक प्रभावकारिताको निम्ति अभिभावकको सहयोग कसरी परिचालन गर्ने विषय प्रधान बन्छ। अर्कोतिर अभिभावकको पाटोबाट हेर्दा आफ्नो बच्चाको समग्र विकास र सिकाइमा योगदान पुऱ्याउन विद्यालयसँग कसरी सहकार्य गर्न सकिन्छ, विद्यालयबाट प्राप्त हुने सेवालाई कसरी बढी भन्दा बढी आफ्नो बच्चाको हितमा उपयोग गर्ने भन्ने प्रश्न नै मुख्य हुने देखिन्छ।

सफल र प्रभावकारी भनेर चिनिने विद्यालयले अभिभावकसँग सहकार्य गर्न विशेष प्रयत्न गर्ने गरेको देखिन्छ। त्यस्तै सचेत अभिभावकले सोच्ने गर्छन्- के यो विद्यालयका क्रियाकलापबाट मेरो बच्चाको आवश्यकता अनुकूल सिकाइ अवसर प्राप्त भइरहेको छ?

यसरी विद्यार्थी सिकाइका सन्दर्भमा विद्यालय र अभिभावक दुवैको सहकार्य महत्त्वपूर्ण हुने स्पष्ट हुन्छ।

## महत्त्व

विभिन्न अध्ययनहरूले देखाएका छन्- विद्यार्थीको सिकाइ र समग्र विकासका लागि परिवारको पृष्ठभूमि तथा अभिभावकको संलग्नताले ज्यादै महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। विद्यालय छनोटदेखि नै परिवारको भूमिका महत्त्वपूर्ण हुन्छ। त्यस्तै, घरमा दिइने वातावरण, प्रोत्साहन, सहयोग आदिको सिकाइमा प्रभाव रहने कुरा सामान्य रूपमा अनुभव गरिएको विषय हो।

कोलमेन र साथीहरूको बहुचर्चित अध्ययन (सन् १९६६) को निष्कर्ष थियो- सिकाइ उपलब्धिमा हुने फरकलाई व्याख्या गर्न-बच्चाको परिवारको सामाजिक-आर्थिक अवस्था (Socio Economic Status-SES) को फरकलाई केलाउनुपर्छ। परिवारको सामाजिक आर्थिक अवस्था अनुसार सिकाइ उपलब्धि फरक पर्छ। अर्थात् विद्यार्थी जस्तो परिवेशबाट आउँछ, नतीजा त्यस्तै हुन्छ। यो अध्ययनले विद्यालय बाहिरको एउटै मात्र बलवान तत्वका रूपमा पारिवारिक पृष्ठभूमिलाई प्रस्तुत गऱ्यो।

पारिवारिक पृष्ठभूमिलाई यति धेरै महत्त्व दिइयो कि स्कूलभित्र गरिने समग्र प्रयासभन्दा पनि यो एउटै पाटो भारी भन्ने ढङ्गले प्रस्तुत भयो। त्यसोभए विद्यार्थीको सिकाइ र विद्यालय विकासका निम्ति पाठ्यक्रम, तालीम, शिक्षण-प्रविधि र व्यवस्थापनका क्षेत्रमा सुधारका लागि गरिने प्रयत्नहरू निरर्थक हुन् त भन्ने प्रश्न उठ्नु स्वाभाविक थियो। त्यसैले, विद्यालयका प्रयासले नतीजामा उल्लेख्य फरक पार्न सक्छ भन्ने देखाउने अरू थुप्रै अध्ययन अनुसन्धान हुन थाले।

पारिवारिक पृष्ठभूमि मात्र होइन, विद्यालयले गर्ने नियोजित प्रयत्न, उसका रणनीति र समग्र अभ्यासले विद्यार्थीको सिकाइ उपलब्धिमा फरक पार्छ भन्ने निष्कर्ष धेरै वटा अध्ययनले निकाले। तिनले 'विद्यालयले फरक पार्छ' (Schools make difference) भन्ने स्वीकारेर त्यस्तो फरक र गतिलो उपलब्धि हासिल गर्न हरेक विद्यालयका आन्तरिक प्रक्रियाहरू बारे रहस्यको खोजी गर्ने प्रयास पनि गरे। यस्ता अध्ययनले उस्तै परिस्थितिमा रहेका, उस्तै उस्तै विद्यार्थी चरित्र भएका विद्यालयहरूबीच उपलब्धिमा किन फरक हुन्छ? कुनै विद्यालय- कुनै अर्को विद्यालयभन्दा किन स्पष्ट रूपमा सफल देखिन्छ- त्यस्तो सफल देखिन त्यस्तो विद्यालयले के के गर्दोरहेछ भनेर खोजी गर्नेतिर ध्यान केन्द्रित गरे।

केही अध्ययनले विद्यालयभित्रका 'लगानी', र 'प्रक्रिया' सम्बन्धी विभिन्न तत्वहरूलाई सिकाइ उपलब्धिको निर्धारकका रूपमा पनि प्रस्तुत गरे। कुनै अध्ययनले कुनै तत्वलाई बढी महत्त्व दिए, कुनैले अरू नै कुनै तत्वहरूलाई। तर केही तत्वलाई चाहिं प्राय: सबैजसो अध्ययनहरूले समान महत्त्वका साथ प्रस्तुत गरे। जस्तै: लेजोट र साथीहरूको सन् १९९० को अध्ययनले तलका तत्वहरूलाई विद्यालय प्रभावकारिताका सन्दर्भमा महत्त्वपूर्ण तत्वका रूपमा स्थापित गरे:

**स्पष्ट दूरदृष्टि (भिजन)**: यसले विद्यालयको प्राथमिकता निश्चित गर्दोरहेछ र हरेक निर्णयका लागि आधार प्रदान गर्दोरहेछ। साथै विद्यालय परिवारका हरेक सदस्यलाई साझा उद्देश्यमा आवद्ध गर्न पनि सहयोग गर्दोरहेछ।

**सुरक्षित र भरपर्दो वातावरण**: प्रभावकारी विद्यालयको अर्को चिनारी हुँदोरहेछ- मुख्य कार्यमा (पठनपाठन)- बाधा हुनसक्ने सम्भावनालाई न्यूनतम हदसम्म सीमित गर्ने; हरेक कार्यका निम्ति जिम्मेवारी तोक्ने; आपसी सम्बन्ध र व्यवहार समेत पूर्व निर्धारण गरिए अनुरुप हुने; फलस्वरुप, आपसमा झगडा, बेमेलका कारणबाट मुख्य कार्यमा बाधा पर्ने सम्भावना न्यून रहने।

**विद्यार्थी-सफलताको उच्च-मापदण्ड**: प्रभावकारी विद्यालयको अर्को चिनारी 'सामान्य सफलतामा सन्तुष्ट नहुने' हुँदोरहेछ। तिनले सफलताका उच्च मापदण्ड निर्धारण गर्दा रहेछन्। यस्तो मापदण्डले शिक्षक, विद्यार्थी, अभिभावक सबैलाई थप मिहिनेत गर्न प्रेरणा प्रदान गर्दो रहेछ।

**सिकाइ उपलब्धिमा जोड**: विद्यालयका हरेक महत्त्वपूर्ण निर्णयले सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्छ, गर्दैन वा कति मात्रामा सहयोग गर्छ भनेर हेर्ने अभ्यासले हरेक निर्णयको केन्द्रमा 'सिकाइ-सुधार' को उद्देश्य रहने गरेको देखिन्छ। यसबाट उद्देश्यमा एकत्व (unity of purpose) को अवधारणा अनुसार सबैको प्रयत्नमा समन्वय गर्ने आधार प्राप्त हुने रहेछ।

**प्रअबाट शैक्षणिक नेतृत्व**: विद्यालयको प्रभावकारिताको निम्ति प्रअको भूमिका महत्त्वपूर्ण हुनेबारे प्राय: सबैजसो अध्ययन एकमत देखिन्छन्। सिकाइको केन्द्रीय प्रक्रियालाई प्रभावित गर्ने सन्दर्भमा प्रअबाट प्रदान हुने नेतृत्वलाई विशेष महत्त्वका साथ उल्लेख गर्ने गरेको पाइन्छ।

**उपलब्धिको निरन्तर मूल्याङ्कन**: प्रभावकारिताको कारण र रहस्य खोज्दै जाँदा विद्यार्थी उपलब्धिको निरन्तर मूल्याङ्कन, विद्यार्थीको सिकाइ अवस्था अनुसार शिक्षण र सिकाइ पद्धतिमा सुधार गर्ने प्रयत्न प्राय: राम्रा विद्यालयहरूमा भेट्टाइने रहेछ। शिक्षण सिकाइको निम्ति सचेत प्रयत्नमा लाग्ने क्रममा यी विद्यालयले विद्यार्थी सिकाइको निम्ति जिम्मेवारी स्वीकार गर्नु आफैंमा महत्त्वपूर्ण रहेछ।

**परिवारसँग दरिलो सम्बन्ध र संलग्नता**: विद्यार्थीका बारे जानकारी प्राप्त गर्न, घरमा सिकाइको निम्ति उचित वातावरण सिर्जना गर्न तथा सिकाइमा सहयोग उपलब्ध गराउनका लागि परिवारको विशेष भूमिका देख्ने यस्ता प्रभावकारी भनेर चिनिएका विद्यालयले परिवारसँग कसिलो सम्बन्ध स्थापना गर्न र परिवारको संलग्नता प्रवर्द्धन गर्न सचेत प्रयत्न गर्दा रहेछन्। यसप्रकार, परिवारको सहयोग 'आफैं प्राप्त हुने विषय' को रूपमा लिएर अपेक्षा गरेर बस्नुको साटो विद्यालयको तर्फबाट हुने सचेत प्रयत्नको महत्त्व बुझी सो अनुरुपको अग्रसरता प्रदर्शन गर्ने कार्यले यी विद्यालयलाई अरूभन्दा पृथक् र 'विशेष' बनाएको हुँदोरहेछ।

## विद्यालयको भूमिका

अभिभावकको संलग्नता र सहकार्य विद्यार्थी सिकाइका लागि यति धेरै महत्त्वपूर्ण कुरा हो भने त्यो 'कसरी' भन्ने प्रश्न स्वाभाविक बन्न पुग्दछ। यस सन्दर्भमा अभिभावकको सहयोग परिचालन गर्ने कार्यका निम्ति प्रभावकारी भनेर चिनिएका विद्यालयले गर्ने गरेका अभ्यासहरूबाट केही सिक्ने सम्भावना रहन्छ:

**क) अभिभावक शिक्षा**: प्रभावकारी भनेर चिनिएका विद्यालयहरूले अभिभावक शिक्षाका लागि विशेष प्रयत्न गर्दा रहेछन्। यसको अर्थ छुट्टै कक्षामा अभिभावकलाई राखेर पढाउने भन्ने होइन कि- बच्चालाई हुर्काउने, उनीहरूलाई उचित वातावरण उपलब्ध गराउने, बच्चाको आनीबानी र समग्र व्यक्तित्व विकासबारे छलफल गर्ने प्रयोजनका निम्ति सानो सानो समूह वा व्यक्तिगत रूपमा भेटघाट गर्ने गरिंदोरहेछ।

**ख) नियमित र प्रभावकारी संचार**: विद्यार्थीको सिकाइको सबल र कमजोर पक्ष र अरू 'व्यवहारगत' पक्षहरू बारे अभिभावकसँगको नियमित संचारले विद्यालयलाई उपयुक्त उपाय खोजी गर्न तथा परिवारको सहयोग परिचालन गर्न सघाउ पुग्ने रहेछ। यस्तो संचारलाई दुईतर्फी बनाउन अभिभावकले सजिलोसँग आफ्ना कुरा राख्न सक्ने गरी सम्पर्क गरिने व्यक्ति, समय बारे जानकारी दिनाले 'अभिभावक भेला' वा बैठक हुने दिनसम्म कुर्न पर्दैन, वेलैमा उपयुक्त उपाय खोजी गर्न सम्भव हुने रहेछ।

**ग) स्कूलमा स्वयंसेवा**: अभिभावकहरूबाट विद्यालयको भौतिक वातावरण सुधारमा होस् वा विद्यालयभित्र शैक्षिक/ गैर-शैक्षिक सेवा प्रदान गर्न होस् वा स्थानीय सीप सिकाउन श्रोत-व्यक्तिको रूपमा कार्य गर्न होस्- कुनै पनि हिसाबले अभिभावकको यसप्रकारको संलग्नताले 'अपनत्व' बढाउने र विद्यार्थीमा सिकाइ सुधारमा सकारात्मक योगदान पुग्ने देखिन्छ। यसका लागि स्थानीय परिवेश अनुसार कुन प्रकारको सेवा स्वयंसेवा परिचालनबाट सम्भव छ भन्ने बारे स्कूलले लेखाजोखा गर्ने तथा सोका निम्ति प्रयत्न हुनु आवश्यक हुन्छ। हाम्रै कैयौं विद्यालयहरूमा अभिभावक स्वयंसेवाका गतिला उदाहरणहरू पाउन सकिन्छ।

**घ) घरमा सिकाइमा सहयोग**: कतिपय अवस्थामा विद्यार्थीलाई घरमा समेत सहयोगको खाँचो पर्न सक्छ: कमजोर विषयमा अभ्यास

गर्न; कुनै प्रोजेक्ट कार्य गर्न वा अन्य किसिमले सिकाइ प्रक्रियामा अभिभावकको सहयोग आवश्यक पर्न सक्छ। लामो छुट्टीमा सिकाइको शृङ्खला टुट्न नदिन काम दिने कुरा प्रभावकारी विद्यालयले गरेकै हुन्छन्। यी र यस्ता सिकाइका प्रक्रियामा अभिभावकबाट के-कस्तो सहयोग वा संलग्नताको आशा गरेको हो- सोबारे प्रष्ट पार्ने काम विद्यालयको नै हुन्छ।

**ङ) विद्यालयको निर्णय प्रक्रियामा सहभागिता:** यस्तो सहभागिताले विद्यालय 'आफ्नो' भन्ने भावनाको विकासमा टेवा पुग्ने; फलत: विद्यार्थीको विद्यालयप्रतिको दृष्टिकोण सकारात्मक बनाउन सहयोग पुग्ने र त्यसबाट सिकाइ उपलब्धिमा सुधार गर्नमा सकारात्मक योगदान पुग्ने देखिएको छ। हाम्रा सन्दर्भमा यस सम्बन्धी अभिभावक संलग्नता बारे विशिष्ट अनुभवहरू छन्।

**च) समुदायसँगको सहकार्य:** समग्र समुदायको सहयोग परिचालनका निम्ति विद्यालयले गर्ने प्रयत्नले विद्यालयप्रति अभिभावकहरूको सकारात्मक धारणा विकासमा सहयोग पुग्ने र त्यसबाट विद्यार्थी सिकाइ तथा अन्तत: विद्यालय प्रभावकारितामा समेत सुधार हुन योगदान पुग्ने देखिएको छ।

## अभिभावकको भूमिका

विद्यालयबाट डिजाइन गरिएका क्रियाकलापको कार्यान्वयनका साथै आफ्ना केटाकेटीको समग्र विकास र खासगरी सिकाइमा सहयोग पुऱ्याउनका निम्ति परिवारको तर्फबाट के के गर्न सकिएला भन्ने चासोको मुख्य विषय हो। यस सम्बन्धमा युनेस्कोका निम्ति प्रकाशित पुस्तिकामा रेडिङ भन्छन्: "घरमा केटाकेटीसँगको सम्बन्ध तथा उनीहरूसँग गरिने व्यवहार तथा सिकाइ बीच सोझो सम्बन्ध रहेको देखियो।" त्यसोभए घर र परिवारले के कस्ता काम गरेर आफ्ना बच्चाका (वा विद्यार्थीका) विकास सिकाइमा योगदान गर्न सक्छन् त?

रेडिङ अगाडि भन्छन्, "परिवारले गर्न सक्ने कुरा धेरै छन्; कति कुरा गर्न पढे-लेखेका अभिभावक हुनुपर्छ, कति कुरा गर्न सामान्य साक्षर अभिभावकले पनि सजिलै सक्छन्। त्यसकारण पारिवारिक पृष्ठभूमि गतिलो हुनुपर्छ भन्दैमा उच्चघराना वा पढेलेखेका बाबुआमाले मात्र बालबालिकाको सिकाइमा सहयोग गर्न सक्छन् भन्ने होइन, सबैले सहयोग गर्न सक्छन्। कसरी सहयोग गर्ने भन्ने सामान्य जानकारी भए सिकाइमा सहयोग पुऱ्याउन कठिन छैन।"

विभिन्न अनुसन्धानका प्राप्तिहरूलाई केलाउँदै उनी भन्छन्: अभिभावकका भूमिका धेरै छन्- तर तिनलाई तीन भागमा बाँडेर हेर्न सकिन्छ: क) बालबालिकासँगको सम्बन्ध र उनीहरूसँग गरिने व्यवहार, ख) परिवारको आशा, अपेक्षा तथा सुपरीवेक्षणको तरिका; र ग) परिवारको दैनिकी।


**क) बालबालिकासँगको सम्बन्ध र उनीहरूसँग गरिने व्यवहार:** सम्बन्धको घनिष्टतालाई संचारको सघनताले समेत निर्धारण गर्दछ। आफ्ना केटाकेटीको दैनिकीबारे चासो राख्ने; उनीहरूका आवश्यकता बारे संवेदनशील हुने; माया र स्नेह प्रदर्शन गर्ने जस्ता कुरा सिकाइसँग भन्दा पनि निकटतासँग बढी सम्बन्धित छन् तर, यसले सिकाइमा सहयोग गर्ने क्रममा आधार तयार गर्दछ। यस सन्दर्भमा कुनै पुस्तक, कथा वा टीभी कार्यक्रम वा कुनै घटना, वा अन्य विषयको छलफल गर्ने एकअर्कालाई सुन्ने; कतै घुम्न जाँदा वा अन्य अवस्थामा केही नयाँ कुरा देखेको बारे भन्ने अवसर दिने, चासोका साथ सुनेर त्यसबारे गहिराइसम्म पुग्न प्रश्न सोध्ने। त्यस्तै छलफल वा घटना वर्णनका क्रममा नयाँ शब्द वा विषय सिक्न प्रोत्साहन गर्ने गर्नाले केटाकेटीले आत्मविश्वास बटुल्छन्; अनि जिज्ञासुपनलाई अरु टेवा पुग्दछ।

**ख) परिवारको आशा, अपेक्षा तथा सुपरीवेक्षणको तरीका:** जे चितायो त्यही पुग्छ भने झैं परिवारले केटाकेटीबाट गर्ने आशाले तिनको गन्तव्य र लक्ष्यलाई संकेत गरिरहेको हुन्छ। 'यसले के गर्ला र खै' भन्ने जस्ता अभिव्यक्तिले माथिल्लो तहको उपलब्धिका निम्ति आवश्यक आत्मविश्वास गुमाउँछ, उत्प्रेरणाको तह ओरालो लाग्छ र फलस्वरुप उपलब्धि साँच्चिकै कमजोर हुन्छ भनिन्छ। त्यसकारण, मबाट प्रशस्त आशा गरिएको छ भन्ने भावना सदा कायम रहोस् भन्नेमा अभिभावकहरू होशियार हुनुपर्छ। स्कूलको हरेक कामलाई महत्त्वका साथ हेर्ने; चासो राख्ने र सोध्ने जस्ता कार्यले मात्रै पनि उत्प्रेरणा बढाउन सघाउ पुग्न सक्छ। उसका साथी सङ्गतिबारे चासो राख्ने, के कस्ता काममा लागेको छ भन्नेमा विचार गर्ने गर्नाले बाटो बिराउने सम्भावनालाई कम गर्छ। त्यसकारण, उसका बानी व्यवहार बारे सुपरीवेक्षण गर्ने र विद्यालयबाट जानकारी लिने गर्नाले विद्यार्थीको सफलताका निम्ति योगदान गर्न सजिलो हुन्छ।

**ग) परिवारको दैनिकी:** परिवारको दैनिकीबाट नै विद्यार्थीको समय पालनाको अनुशासन सिक्ने गर्दछन्। घरको खाने, पढ्ने, सुत्ने लगायतका कामको रुटिन र नियमितताले सकारात्मक बानी बस्न मद्दत पुग्छ। यसरी हरेक काम ठीक समयमा गर्ने बानीले अनावश्यक तनावबाट बचाउनका साथै आफ्नो कामको जिम्मेवारी लिने सोचको विकासमा समेत सघाउँछ। यसप्रकारको दैनिकीमा रमाइलो गर्ने, फुर्सदको उपयोग गर्ने विषय समेत पर्दछ र यसमा समेत शैक्षिक महत्त्वका अन्य रमाइला कार्यमा परिवारको रुचि र समय दिने गर्नाले बच्चामा सकारात्मक बानी बस्न सक्छ। घरमा पढ्नका निम्ति उपयुक्त वातावरण दिने; पढ्ने समयमा टीभी वा यस्तै अन्य कार्यक्रमले ध्यान अन्यत्र तान्दैछ भने परिवारले समेत केही त्याग गर्ने अभ्यासले बच्चाले उसको पढाइ परिवारको निम्ति कत्तिको महत्त्वको विषय हो भन्ने अनुभव गर्न थाल्दछ र ऊबाट गरिएको अपेक्षाको स्तर बुझ्न थाल्दछ। त्यसकारण परिवारको दैनिकी तय गर्दा खासगरी विद्यालय उमेरका बालबच्चाको आवश्यकताबारे विशेष सचेत हुनु जरूरी हुन्छ।

परिवारभित्रको सम्बन्ध र घरमा गरिने व्यवहारले हरेक बालबालिकाको विकास र सिकाइका निम्ति महत्त्वपूर्ण प्रभाव छाड्दछ। तर विशेष सिकाइ आवश्यक हुने बालबालिकाका हकमा परिवारको सम्बन्ध र अभिभावकको व्यवहारको महत्त्व अरू धेरै हुने अनुसन्धानले देखाएका छन्। यस्तो अवस्थामा विद्यालय र परिवारबीच सहकार्यको विशेष योजना आवश्यक हुन सक्छ।

विद्यार्थीको समग्र सिकाइको सन्दर्भमा विद्यालय र अभिभावक दुवैको भूमिका महत्त्वपूर्ण हुने कुरामा सन्देह देखिँदैन। यी दुवै संस्थाले आ-आफ्नै योजना अनुसार चलेर भन्दा पनि आपसी सहकार्य गरेर विद्यार्थीको सिकाइमा सकारात्मक योगदान पुऱ्याउन सक्छन्। साथै पढेलेखेका अभिभावकले मात्र होइन, जुनसुकै परिवारले विद्यार्थी सिकाइको उद्देश्यमा सघाउन सक्ने स्पष्ट छ। यसको योजना गर्ने र परिचालन गर्ने सन्दर्भमा विद्यालयको तर्फबाट सचेत प्रयत्न भने हुनैपर्छ। प्रभावकारी भनेर चिनिने विद्यालयको एउटा महत्त्वपूर्ण पक्ष नै ती विद्यालयले अभिभावकसँगको सहकार्यको महत्त्व बुझेर त्यसनिम्ति आफैं अग्रसरता लिनु रहेको पाइन्छ।





# *शिक्षक* पत्रिका नियमित प्राप्त गर्ने चार काइदा

१. आफूलाई पायक पर्ने नजिकको पत्रपत्रिका बिक्रेतासँग ग्राहक बनेर । (यस्तो कारोबारको सम्पूर्ण दायित्व ग्राहक र सम्बद्ध बिक्रेतामा रहन्छ ।

२. ग्राहकले इच्छाएको बिक्रेता/पसल वा एजेन्ट मार्फत पत्रिका प्राप्त गर्ने गरी सीधै *शिक्षक* मासिकको कार्यालयमा ग्राहक बनेर । (यस्ता ग्राहकको प्रति ग्राहकले इच्छाएको पसल वा बिक्रेतासम्म पुऱ्याउने दायित्व *शिक्षक* मासिकको व्यवस्थापनले वहन गर्छ । बिक्रेता वा पसलबाट पत्रिका प्राप्त गर्ने व्यवस्था सम्बद्ध ग्राहक आफैंले गर्नुपर्छ ।) वार्षिक शुल्क रू.६००/-

३. **रजिष्ट्री हुलाक ग्राहकः** नियमित रूपमा पत्रिका प्राप्त गर्न चाहने खासगरी दुर्गम/ग्रामीण क्षेत्रका पाठकहरूको निम्ति यो सबैभन्दा भरपर्दो उपाय हो । नयाँ अंक प्रकाशित भएलगत्तै हुलाकबाट रजिष्ट्री गरी पत्रिका पठाइनेछ । रजिष्ट्री गर्दा लाग्ने शुल्क ग्राहकले ग्राहक शुल्कसँगै एकमुष्ट बुझाउनुपर्नेछ । यसरी रजिष्ट्री गरी पठाइएको पत्रिका हराएमा, नासिएमा वा ग्राहकले नपाएमा *शिक्षक* को व्यवस्थापनले हर्जनाका निम्ति सम्बद्ध हुलाक कार्यालयमा कारबाही अगाडि बढाउनेछ । रजिष्ट्री खर्च समेत वार्षिक शुल्क रू.८४०/-

**विशेष छूटः विभिन्न विद्यालय, स्रोत केन्द्र वा शिक्षकहरूले आपसी समन्वय गरी एउटै खाममा पत्रिका प्राप्त हुनेगरी ५ प्रति वा त्यसभन्दा बढी प्रतिको निम्ति ग्राहक बनेमा हुलाक रजिष्ट्री खर्च *शिक्षक*-व्यवस्थापनले व्यहोर्नेछ । अर्थात् प्रति ग्राहक शुल्क रू.६०० मात्र हुनेछ ।**

४. **साधारण हुलाक ग्राहकः** साधारण हुलाकबाट ग्राहक बनेर पनि नियमित रूपमा पत्रिका प्राप्त गर्न सकिन्छ । यस अनुसार नयाँ अंक प्रकाशित भए लगत्तै हुलाकबाट पत्रिका पठाइनेछ । यसरी पठाइने पत्रिकाको हुलाक खर्च *शिक्षक* मासिकले नै व्यहोर्छ । पत्रिका पुगे/नपुगेको जिम्मेवारी भने *शिक्षक* मासिक व्यवस्थापनले वहन गर्न सक्दैन । वार्षिक ग्राहक शुल्क रू.६००/-

***शिक्षक* को ग्राहक बन्ने/पैसा पठाउने सजिलो उपायः**
***शिक्षक* मासिक, चल्ती खाता नं. १६१३, राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा, ललितपुरमा रकम जम्मा गर्ने । त्यसरी रकम जम्मा गर्ने ग्राहक वा बिक्रेताले आफ्नो नाम र ठेगाना *शिक्षक* को मोबाइल नं. ९८४१६२५९७८/९८५११३६३४५ मा एसएमएस गर्नुहोला । साथै, रकम जम्मा गर्दाको रसिद पनि सुरक्षित राख्नुहोला ।**

# अभिभावक आए

## अभिभावकको संलग्नताका कारण राम्रो शैक्षिक उपलब्धि हात पार्न सफल देशका केही विद्यालयको अनुभव

स्कूल सुधार्ने उपाय के होला ? यो प्रश्नमा सबैका आ–आफ्ना जवाफ हुन सक्छन्, तर *शिक्षक* मासिकले ललितपुर, भक्तपुर, कैलाली, झापा र सुर्खेतका केही स्कूलमा गरेको स्थलगत अध्ययनबाट चाहिं जुन जुन विद्यालयमा अभिभावकको संलग्नता बढी छ, ती स्कूलको समग्र शैक्षिक भौतिक प्रगति एवं छात्रछात्राको सिकाइ उपलब्धि सुधार हुँदै गएको देखिन्छ। यसको ठीक उल्टो जुन स्कूलमा अभिभावक आउँदैनन् ती स्कूल दिनहुँ कमजोर हुँदै गएका छन्।

■ बाबुराम विश्वकर्मा, चेतन अधिकारी र कलेन्द्र सेजुवाल



विद्यालयमा अभिभावकको संलग्नता सम्बन्धी छलफलका सहभागी, बिर्तामोड, झापा, ११ साउन २०७०।

# स्कूल सप्रिए



कलेन्द्र सेजुवाल

**अभिभावक भेला, प्रभात मावि, सुर्खेत**

नेपालको शिक्षा नीतिले गाउँ शिक्षा समिति, शिक्षक-अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिको माध्यमबाट सार्वजनिक विद्यालयमा अभिभावकहरूलाई संलग्न र सक्रिय गराउने सैद्धान्तिक र व्यावहारिक उपायहरू अवलम्बन गरेको छ। तर अपवादलाई छाडेर अधिकांश विद्यालयमा अभिभावकहरूको संलग्नता औपचारिकतामा सीमित छ। धेरैजसो स्कूलमा विव्यसले विद्यालयको आर्थिक र भौतिक पक्षमा मात्र चासो राखेको पाइन्छ। विद्यार्थीको सिकाइ लगायत विद्यालयको शैक्षिक क्रियाकलाप शिक्षक र प्रअको एकाधिकार स्वीकार गरिएको अवस्था छ।

एकातिर, विद्यालयहरूले आफ्ना क्रियाकलापमा अभिभावकलाई संलग्न/सक्रिय गराउन नसकेको अवस्था छ भने अर्कातिर अभिभावकहरूले पनि स्कूलका गतिविधिमा चाख राखेको पाइँदैन। परिणामतः सार्वजनिक विद्यालय र अभिभावकबीचको दूरी अस्वाभाविक रूपमा फ्याकिलो रहन पुगेको छ।

*शिक्षक* मासिकले ललितपुर, भक्तपुर, कैलाली, झापा र सुर्खेतका केही स्कूलमा गरेको स्थलगत अध्ययनमा जुन जुन विद्यालयमा अभिभावकको संलग्नता बढी छ, ती स्कूलको समग्र शैक्षिक भौतिक प्रगति एवं छात्रछात्राको पढाइ तुलनात्मक हिसाबले राम्रो पाइएको छ। यसको ठीक उल्टो जुन स्कूलमा अभिभावक आउँदैनन् ती स्कूल दिनहुँ कमजोर हुँदै गएका छन्। केही औपचारिक निकायहरूमा हुने प्रतिनिधित्व बाहेक विद्यालयमा आम अभिभावकको संलग्नताका बारेका स्पष्ट अवधारणा र नीति नभएकोले अभिभावक संलग्नताको अभ्यास पनि जिल्ला र विद्यालयपिच्छे फरक फरक पाइएको छ।

निजी विद्यालयको पढाइ गतिलो हुनुका विभिन्न कारणमध्ये अभिभावकले स्कूलका क्रियाकलाप र छोराछोरीको पढाइमा चासो

# १७८ दिन स्कूल गएँ



अभिभावकः भीमप्रसाद नेपाल

**मेरो** नाम भीमप्रसाद नेपाल हो। मेरो घर अर्जुनधारा ६, झापामा छ। मेरा चार जना छोराछोरी जन्मँदै मर्दै गरेका हुन् र बाँचेकी छोरी स्वस्तिका लक्ष्मी निमाविमा कक्षा २ मा पढ्छे। पहिला मलाई के लाग्यो भने सामुदायिक स्कूल भन्दा बोर्डिङ नै राम्रो हुन्छ। त्यही भएर घैलाडुब्बाको एउटा निजी स्कूलमा छोरीलाई भर्ना गरें। तर उसको पढाइमा खास उन्नति भएन। त्यसैले गत साल छोरीलाई लक्ष्मी निमाविमा भर्ना गरें कक्षा १ मा।

सामुदायिक विद्यालयमा भर्ना गरेपछि धेरैजसो अभिभावकले छोराछोरीको बेवास्ता गरेको मैले देखेको थिएँ। स्कूल पठाइदिने त्यसपछि वास्ता नगर्ने। तर मलाई त्यसो गर्न मन लागेन। त्यसकारण छोरी लिएर दैनिकजसो स्कूल आउन थालें। फेरि हिमाली निमाविमा सबैभन्दा बढी दिन विद्यालय आउने अभिभावकलाई पुरस्कारको व्यवस्था पनि गरिएको रहेछ। यो सुनेपछि विद्यालय आउन थप प्रोत्साहित भइयो। जतिसुकै व्यस्त भए पनि छोरीलाई स्कूल ल्याउनु मेरो दैनिकीभित्र पर्ने गरेको छ।

विद्यालयमा म मात्र हैन, अरू पनि अभिभावक आएको देख्थें। बिहान, टिफिनमा र विदाका बेला अभिभावकको भीड लागेको देख्दा यो विद्यालय पनि बोर्डिङ नै हो कि जस्तो लाग्ने। अभिभावकहरू आएर कक्षा शिक्षकहरूसँग छोराछोरीको पढाइ बारे कुरा गर्थे। आफ्ना नानीहरूको पढाइ कस्तो छ भनेर सोध्थे। कतिपय अभिभावकलाई गुरुआमाहरूले सम्झाएको देख्थें।

म चाहिं स्कूलको घण्टी बजेपछि नानीसँगै कक्षामा प्रवेश गर्थे। कक्षा फोहोर छ भने तुरुन्तै कुरा उठाउँथें र सफा गर्न लगाउँथें। म भरसक छोरीलाई अघिल्लो बेन्चमा राख्न कोशिश गर्छु। नानीहरूको विद्यालयमा हामी जाँदा दुई तीन वटा फाइदा हुन्छ। एउटा, मेरो बुबाआमा पनि मसँगै विद्यालयमा आउनुभएको छ भनेर छोराछोरीको आत्मविश्वास बढ्दो रहेछ। दोस्रो, शिक्षक पनि पाठ्यवस्तुमा तयारी भएर मात्र कक्षामा जाँदा रहेछन्। किनभने अभिभावकको प्रत्यक्ष निगरानी भएका कारण विद्यार्थीलाई छलछाम गरेर पढाउने बानी शिक्षकमा हट्दो रहेछ। कतिपय अवस्थामा कक्षामा व्यवस्थापन हुन नसकेका कुरा प्रधानाध्यापकलाई भनेपछि त्यस्ता समस्या तत्कालै समाधान हुँदा पनि रहेछन्। छोराछोरी पढ्ने विद्यालयमा आउने अभिभावकका बालबालिकाको पढाइ सप्रिने रहेछ। 📖

राख्नु एउटा प्रमुख कारण मानिएको छ। सफल निजी विद्यालय र तिनका विद्यार्थीका अभिभावकबीच छात्रछात्राको पढाइ, व्यक्तित्व विकास र अन्य पक्षबारे रिपोर्ट कार्ड, औपचारिक/अनौपचारिक छलफल आदिका माध्यमबाट निरन्तर अन्तरक्रिया भइरहेको हुन्छ। विद्यार्थीको सिकाइ र अनुशासनका बारेमा शिक्षक-अभिभावकबीच हुने प्रत्यक्ष संवादले विद्यार्थीको प्रगतिमा सार्थक योगदान गरेको हुन्छ। कतिपय विद्यालयले अभिभावकको सुविधाका लागि विदाको दिन पनि अन्तरक्रिया गर्ने गरेको पाइन्छ।

भक्तपुरको गट्ठाघरस्थित सिद्धार्थ विद्यापीठले २६ साउन २०७० शनिबारको विदालाई कक्षा १० का छात्रछात्राको पढाइ, अनुशासन र सिकाइ उपलब्धिका बारेमा अभिभावकबीच छलफल गरेर उपयोग गऱ्यो। कक्षा १० का ३२ मध्ये २७ जना अभिभावक छोराछोरीको पढाइ र अनुशासनका बारेमा स्कूलले गरेको सो अन्तरक्रियामा सहभागी थिए। भेलामा सो स्कूलका प्रिन्सिपल तथा शिक्षकले अभिभावकसँग छोराछोरी कोठा थुनेर एक्लै बस्ने/नबस्ने, टीभी र नेटमा बिताउने समय, गृहकार्य र पढाइमा ध्यान दिए नदिएको जस्ता जिज्ञासा राखेका थिए। अभिभावकले पनि स्कूलमा आफ्ना छोराछोरीको बानीव्यवहार र पढाइ सम्बन्धी जिज्ञासा राखेका थिए। यस्तो अभ्यास धेरै निजी विद्यालयमा छ, तर केही सार्वजनिक विद्यालयले पनि अभिभावकलाई स्कूल गतिविधिमा सामेल गराउने प्रयास थालेका छन्।

विद्यालयको शैक्षिक गतिविधिमा अभिभावकको चासो बढाउन प्रयास गर्ने केही सार्वजनिक विद्यालयहरूमध्ये ललितपुर, कुपन्डोलको प्रगति शिक्षा सदन उमावि एउटा हो। यस विद्यालयका प्रअ सूर्य घिमिरेले अभिभावकलाई विद्यालयमा गुनासो लिएर आउन प्रोत्साहित गर्ने गरेका छन्। उनी भन्छन्, "अभिभावकको गुनासो आएपछि स्कूलका कमि-कमजोरी थाहा हुन्छ र सुधारका काम गर्न सजिलो हुन्छ।" साउनको दोस्रो साता उक्त विद्यालयका कक्षा १ का छात्रा विवेक जैसवालका बुबा उदयशंकर जैसवाल आफ्नो छोरा पढाइमा कमजोर भएको गुनासो लिएर स्कूल पुगे। प्रअ घिमिरेले जैसवालको गुनासो सुनेर तत्काल त्यसको समाधान निकाले- जैसवाल जस्ता कमजोर विद्यार्थीलाई विशेष कक्षामा राखेर अतिरिक्त शिक्षण गर्न थालिएको छ। आफ्नो स्कूलका करीब ५० प्रतिशत अभिभावकले स्कूलको कामकारबाहीमा चासो राख्ने गरेको प्रअ घिमिरेको अनुभव छ। यो स्कूल विगत केही वर्षदेखि एसएलसीमा शतप्रतिशत नतीजा हासिल गर्न सफल हुँदै आएको छ।

## स्कूल धाउने अभिभावक

अभिभावकको रेखदेख शुरू भएपछि विद्यालय कसरी चम्किन्छ भन्ने कुराको अर्को ताजा दृष्टान्त हो झापाको महारानीझोडास्थित स्कूलचौन उमावि। यो स्कूलमा केही वर्षदेखि अभिभावकहरू नियमित स्कूल आउने, शिक्षकले पढाए नपढाएको बुझ्ने, अनुपस्थिति शिक्षकसँग स्कूल नआउनुको कारण सोध्ने जस्ता काम गरिरहेका छन्। यसले गर्दा त्यहाँको पठनपाठनमा सुधार आएको छ। यहाँका केही अभिभावकले त शिक्षकले छात्रछात्रालाई गृहकार्य दिए/नदिएको जाँच्ने, गृहकार्य परीक्षणको गुणस्तर हेर्ने र गल्ती भेटिएमा प्रअलाई जानकारी गराउने समेत गरेका छन्। अभिभावक निगरानी बढेयता विद्यालयले एसएलसीमा उत्कृष्ट नतीजा हासिल गरेको छ। गत वर्षको एसएलसीमा यो स्कूलले ८७.७४ प्रतिशत विद्यार्थी

उत्तीर्ण गराएर झापामा दोस्रो स्थान हासिल गरेको छ।

स्कूलचौन उमाविका विव्यस अध्यक्ष भवानी फुँयालको कथन छ, "सामुदायिक विद्यालयको स्तर उकास्न अभिभावक नै तात्नुपर्ने रहेछ !" उनी अभिभावकले छोराछोरीको पढाइमा बेवास्ता गर्ने हो भने शिक्षक र प्रअको एकोहोरो प्रयत्नले मात्र गतिलो सिकाइ उपलब्धि हासिल हुन सक्दैन भन्ने निष्कर्षमा पुगेका छन्।

झापाको घैलाडुब्बास्थित लक्ष्मी निमावि अभिभावकको प्रभावकारी सहभागिता भएको स्कूल हो। यस स्कूलमा अभिभावकलाई विद्यालयमा उपस्थित हुन प्रेरित गर्न विद्यालयमा बढी समय विताउने अभिभावकलाई पुरस्कारको व्यवस्था गरिएको छ। गएको शैक्षिक सत्रमा अभिभावक भीमप्रसाद नेपालले १७८ दिन स्कूल निगरानी गरेर यस्तो पुरस्कार हात पारे। नेपालकी छोरी स्वस्तिका उक्त स्कूलमा कक्षा २ मा पढ्छिन्। छोरीको पढाइ बुझ्न उनी नियमित विद्यालय आउने गरेका छन्। कहिले छोरी पुऱ्याउने बहानाले त कहिले खाजा ल्याउने बहानामा उनी स्कूल आउँछन्। नेपालले *शिक्षक* सँग भने "म आएर कक्षामा जान्छु। कहिलेकाहीं छोरीको पढाइ के कस्तो छ भनेर शिक्षकलाई सोध्ने गरेको छु।"

मावि तहको शिक्षक दरबन्दी नभएको झापाको चारपानेस्थित मोहनमाया माविले गएको एसएलसीमा ८९.४७ प्रतिशत परिणाम हासिल गरेर जिल्लाका सबै स्कूललाई उछिन्यो। उक्त स्कूलको यस्तो सफलतामा पनि अभिभावकको संलग्नताले भूमिका खेलेको छ। प्रअ विन्दु श्रेष्ठ भन्छिन्, "अभिभावकको निरन्तरको निगरानी र शिक्षकहरूको लगनशील स्वभावका कारण हामीले सफलता पाउन सकेका हौं।" विव्यस अध्यक्ष पशुपति राजवंशीका अनुसार पढाइको निगरानी गर्न अभिभावकहरू पालो मिलाएर विद्यालय आउँछन्। दैनिक दुई जना अभिभावकले स्कूल हेर्ने व्यवस्था अभिभावकले नै मिलाएका छन्। यसले शिक्षकहरूलाई विद्यालयमा नियमित रूपमा पठनपाठन गर्न प्रेरित गरेको छ।

## कैलाली मोडल

झापाका स्कूलले अभिभावकलाई स्कूलमा तान्न एउटा तरीका अपनाएका छन् भने कैलाली जिल्लामा अर्कै तरीका अपनाइएको छ। कैलालीको पूर्वी क्षेत्रका ७० भन्दा बढी सार्वजनिक विद्यालयमा नागरिक शिक्षा निगरानी समूह बनाएर अभिभावकहरूले आफ्ना छोराछोरी पढ्ने विद्यालयको शैक्षिक तथा प्रशासनिक निगरानी थालेका छन्। उनीहरूले छात्रछात्रा तथा शिक्षकको उपस्थिति, पठनपाठनको अवस्था, विद्यालयको सरसफाइ आदि जस्ता पक्षको दैनिक अनुगमन गर्ने, अनुगमनबाट फेला परेको समस्याको समाधान पत्ता लगाउने र सुधारका लागि पहल गर्ने काम गर्दै आएका छन्। एक्सन एडको साझेदार संस्था फाया नेपालले डिजाइन गरेको अभिभावकको विद्यालयमा संलग्नता सम्बन्धी यो मोडल अरू स्कूलमा पनि अपनाउन सकिन्छ। किनभने यो मोडलले कैलालीका केही स्कूललाई प्रगतिको बाटोमा डोऱ्याइसकेको छ। *(यस सम्बन्धी विस्तृत रिपोर्ट हे. शिक्षक मासिक, वैशाख, २०७०)*

व्यवस्थापन समितिको अध्यक्षाको हैसियतमा विद्यालय पुगेका सुर्खेतको छिन्चु, झिलिमिलेका लालसिंह सुनारले २०६८ पुसमा विद्यालयमा कार्यरत दुई जना शिक्षकको हाजिरी रजिष्ट्रमा रातो चिन्ह लगाए। यसको कारण थियो- ती शिक्षकहरू विद्यालयमा जानकारी नदिई विदा बस्नु। सुनारले भने "स्कूलमा आएर सबै कक्षाकोठा निरीक्षण गर्दा केही कक्षामा पढाइ भएको पाइएन। बुझ्दै जाँदा शिक्षकहरू विना जानकारी विदामा रहेछन्।" व्यवस्थापन समिति अध्यक्षले रातो चिन्ह लगाएपछि प्रधानाध्यापक रतिराम भारतीले शिक्षकद्वयलाई बोलाएर स्पष्टीकरण लिए। शिक्षकद्वयले आफ्नो गल्ती मात्र स्वीकारेनन्, आइन्दा विना जानकारी विदामा नबस्ने कबूल पनि गरे।

विव्यसका अध्यक्ष तथा पदाधिकारीको नियमित निगरानीले जिल्लाको कान्छोमध्येमा पर्ने प्रभात मावि गत सालको एसएलसीमा सुर्खेतका सबै सामुदायिक विद्यालयलाई उछिन्दै प्रथम भयो। सुर्खेतका सामुदायिक विद्यालयहरूको सरदर नतीजा २० प्रतिशतमा सीमित हुँदा प्रभात माविबाट १० जना प्रथम श्रेणी सहित ५४ प्रतिशत विद्यार्थी उत्तीर्ण भए। यस स्कूलबाट अघिल्लो वर्ष पनि ३६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए। त्यस साल सुर्खेतको समग्र परिणाम चाहिं १५ प्रतिशत थियो। जेठको अन्तिम साता अभिभावक नर्वदा वलीले विद्यालयको कम्पाउण्ड बाहिर विद्यार्थीको हूल देखेपछि तुरुन्तै प्रअलाई त्यसको कारण सोधिन्। जवाफमा प्रअ भारतीले कक्षा १ देखि ३ सम्म ग्रेड शिक्षण विधि प्रयोगमा ल्याएकोले साना कक्षाका विद्यार्थीहरू बाहिर निस्किएको जानकारी दिए। स्कूलका स-साना गतिविधिप्रति अभिभावकले यसरी चासो राख्दा शिक्षकलाई राम्रो गर्ने हौसला मिल्ने गरेको छ।

८ कक्षासम्म मात्र स्थायी स्वीकृति पाएको प्रभात माविमा निमावि तहसम्म सरकारी कोटाका १० जना शिक्षक छन्। मावि तह




**अभिभावकलाई विद्यालयमा आकर्षित गर्न जनज्योति उमावि, सुर्खेतले पहिल्याएको एउटा उपाय।**



# दुई दशक अध्यक्ष

**अभिभावकको** बलियो साथ पाएमा विद्यालय बन्न बेर लाग्दैन। सहारेको ओखले, सुर्खेतस्थित लक्ष्मी निम्न माध्यमिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष रविलाल थापा त्यसको नमूना हुन्। विद्यालयलाई गरेको सहयोग, विद्यालयप्रतिको चासो र सक्रियताले उनी २० वर्षदेखि निरन्तर व्यवस्थापन समिति अध्यक्ष छन्। भारतीय सेनाका पूर्व क्याप्टेन ७० वर्षीय थापाले तेस्रो कार्यकालदेखि अध्यक्ष पद छोड्न चाहे पनि अरू अभिभावकले उनलाई जिम्मेवारीबाट हट्न दिएका छैनन्। उक्त स्कूलका प्रअ शुकदेव पौडेल स्कूलको उन्नतिका लागि उनले खेलेको भूमिकाका कारण अरू अभिभावकले उनलाई जिम्मेवारीबाट मुक्त हुन नदिएको धारणा राख्छन्।

२०६५ सालमा विद्यालयमा बाल विकास भवन बनाउन केही बजेट आए पनि त्यसले भवन निर्माण पूरा हुन सकेन। थापाले आफ्नो खल्तीबाट अपुग २२ हजार रुपैयाँ स्कूल भवन निर्माणमा लगाए। थापाले विद्यालय व्यवस्थापन समितिको नेतृत्व मात्र गरेका छैनन् वेलावेलामा आर्थिक सहयोग पनि गर्दै आएका छन्।

विद्यालयमा उनको नियमित उपस्थिति हुन्छ। यसले शैक्षिक स्तर सुधारमा टेवा पुऱ्याएको छ। विद्यालय, शिक्षक र विद्यार्थीबारे गाउँघरमा सुनिएका गुनासो बारे उनी प्रअ शिक्षकसँग छलफल गर्छन्। विद्यालय आउँदा उनी शुरूमा शौचालय पस्छन्, त्यहाँबाट निस्किएर कक्षाकोठामा, अनि मात्र प्रअको कार्यकक्षमा पुग्छन्। प्रअ पौडेल भन्छन्, "उहाँ आएपछि केही न केही टीकाटिप्पणी वा सुझाव आएकै हुन्छन्। त्यस्ता सुझावलाई हामीले सकारात्मक रूपमा लिएर कार्यान्वयन गर्छौं।" एकपटक शिक्षक भोलानाथ चौधरीबारे गुनासो लिएर उनी विद्यालय पुगे। स्वास्थ्यकर्मीको समेत काम गर्ने चौधरी केही दिन गयल भएका रहेछन्। उनले सबै शिक्षकलाई बोलाएर गाउँघरतिर यस्तो सुनिन्छ, अरूलाई राम्रो कुरा सिकाउने तपाईंहरूले सोच्नुहोला भनेर नम्र शैलीमा आफ्नो कुरा राखे। त्यसयता कुनै पनि शिक्षकले काम छल्ने साहस गरेको छैन।

थापाको नेतृत्वलाई अरू अभिभावकले साथ दिएका कारण लक्ष्मी निमावि जिल्लाकै राम्रो विद्यालयको रूपमा परिचित छ। सरकारी सहयोग विना अन्यत्रबाट सहयोग जुटाएर विद्यालयमा चार वटा भवन बनाइएका छन्। छात्रा शौचालय र छुट्टै प्रशासनिक भवनले विद्यालयको भौतिक अनुहार उज्यालो बनाएको छ। तीन जना शिक्षकको दरबन्दी भए पनि अभिभावकको आर्थिक सहयोगमा थप चार जना शिक्षक राखेर निमावि चलाइएको छ।

निजी स्रोतबाट निमावि चले पनि सरकारी स्रोत-साधनबाट चलेका पूर्वी क्षेत्रका विद्यालयभन्दा लक्ष्मी निमाविको नतीजा अगाडि छ। यस स्कूलमा प्रत्येक दुई महीनामा अभिभावक भेला गर्ने गरिएको छ। सामान्यतया अभिभावक भेला वार्षिक रूपमा एक पटक मात्र हुन्छ। द्वैमासिक रूपमा आयोजना हुने यस्तो भेलालाई शिक्षक-अभिभावकको संयुक्त बैठकको नाम दिइएको छ, जहाँ स्कूलको शैक्षिक भौतिक उन्नतिका बारेमा छलफल हुन्छ। विव्यसको बैठक वर्षमा सरदर १८ पटकसम्म बस्ने गरेको छ।

अध्यक्ष थापालाई शिक्षा विभागले २०६९ सालमा उत्कृष्ट विव्यस अध्यक्षको रूपमा सम्मानित गरेको छ। यसले स्कूललाई उत्साहित गरेको छ। सबै अभिभावकको सहयोगले उत्कृष्ट बन्न सकेको थापा बताउँछन्। "यदि अरू अभिभावकले साथ नदिएका भए म एक्लैको प्रयासले न त विद्यालय बन्थ्यो, न त म उत्कृष्ट नै हुन्थें" उनले भने।



भने निजीस्रोतका पाँच शिक्षकका भरमा चलिरहेको छ। यी शिक्षकको तलबको स्रोत पनि अभिभावककै पहलमा जुटेको छ।

गत सालको एसएलसीमा सामुदायिक विद्यालयतर्फ सुर्खेतमा दुई जना विद्यार्थी मात्र विशिष्ट श्रेणीमा उत्तीर्ण भए। ती दुवै सदरमुकामदेखि करीब ५० किलोमिटर पूर्वको नेपाल राष्ट्रिय उमावि बडाखोलीका थिए। जिल्लाका प्रतिष्ठित विद्यालयलाई आश्चर्यचकित पार्ने गरी आएको शैक्षिक नतीजाको कारण खोतल्दै जाँदा त्यहाँ पनि अभिभावककै भूमिकाले काम गरेको देखिएको छ।

बडाखोली उमावि शैक्षिक रूपमा मात्र हैन, भौतिक रूपमा समेत उकालो यात्रामा छ। विद्यालयका चार वटा भवन छन्। त्यसमध्ये एउटा भवन अभिभावक आफैंले ६ लाख बराबरको श्रमदान गरेर बनाएका हुन्। "हाम्रो लागि स्कूलको भवन बनाउनु आफ्नै घर बनाउनु जस्तै हो", विद्यालयका पूर्वअध्यक्ष नन्दलाल खत्री भन्छन्। हुन पनि स्कूल भवन बनाउँदा अभिभावकले आफैं ढुङ्गा, बालुवा, गिट्टी, काठ बोकेर ल्याएका थिए। अभिभावकको चन्दाबाट विद्यालयमा दुई लाख रुपैयाँको विद्यार्थी कल्याण कोष



विद्याज्योति उमावि, सुर्खेतको माछापोखरी।

स्थापना गरिएको छ। कोषको ब्याजबाट वर्षमा ३२ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिन्छ।

उता दैलेख, रतिखोलाको लक्ष्मी उमाविमा प्रत्येक महीना अभिभावकहरू कम्तीमा एक पटक विद्यालय पुग्छन्। आफ्ना छोराछोरीको पढाइबारे जानकारी लिन्छन्। शिक्षक, विद्यार्थी र अभिभावकको समेत आचारसंहिता बनाइएको छ। अभिभावकले विद्यालयमा आएर के गर्ने र विद्यालय बाहिर विद्यालयको हितका लागि के गर्ने भन्ने आचारसंहितामै उल्लेख छ। व्यवस्थापन समितिका अध्यक्ष पदमबहादुर मल्लका अनुसार यही प्रयासले पछिल्लो समयमा स्कूलको नतीजा राम्रो हुन थालेको छ।

## अभिभावक तान्न ब्याङ्किङ सेवा

सुर्खेत, बड्डीचौरको जनज्योति उमाविले अभिभावकलाई विद्यालयमा आकर्षित गर्न नयाँ जुक्ति निकालेको छ। माछापालन, बाखापालन, तरकारी खेती लगायत कृषिजन्य कामका साथै स्कूलमै ब्याङ्किङ सेवा शुरू गरिएको छ। यसले अभिभावकहरू विद्यालयसँग जोडिएका छन्। अभिभावकलाई विद्यालयसम्म आउने वातावरण सिर्जना गर्न र आम्दानीको स्रोत बढाउन यस्तो गरिएको प्राचार्य नारायण सिग्देल बताउँछन्। तीन महीनाअघि शुरू गरिएको शाखारहित ब्याङ्किङ सेवाले विद्यालयमा अभिभावकको आवतजावत बढाएको छ।

विद्यालयमा बनाइएको माछापोखरीले अभिभावकलाई अझ बढी तानेको छ। पोखरीको हेरविचार गर्न होस् वा माछा किन्न, अभिभावकहरू विद्यालय आउँछन्। माछापालनबाट वार्षिक कम्तीमा पाँच लाख रुपैयाँ आम्दानी गर्ने लक्ष्य विद्यालयको छ। माछापोखरी पर्यटकीय स्थलको रूपमा समेत विस्तार भइरहेको छ।

हस्तवीर प्राथमिक विद्यालयको सेवा क्षेत्र रहेको ठाउँलाई सुर्खेत वीरेन्द्रनगरको 'कर्णाली' भन्ने गरिन्छ। तर दलित, जनजाति र सुकुम्बासीका बालबालिका पढ्ने उक्त विद्यालय भने वीरेन्द्रनगरका अन्य विद्यालयको तुलनामा उत्कृष्ट छ। भौतिक पूर्वाधार र शैक्षिक गुणस्तर दुवै हिसाबले यो स्कूल सम्भावना बोकेको प्रावि स्कूल हो। सरकारले विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने नीति ल्याएपछि सुर्खेतमा त्यसलाई सबैभन्दा पहिले कार्यान्वयन गर्ने विद्यालय हस्तवीर हो। यसले त्यहाँका अभिभावक आफ्नो विद्यालयको जिम्मेवारी वहन गर्न सक्षम छन् भन्ने देखाउँछ। उक्त विद्यालयले बाल विकास केन्द्र पनि सञ्चालन गरेको छ। यसले पूर्वप्राथमिक उमेरका बालबालिकाको जग बलियो बनाउन सघाएको छ। भविष्यको लागि विद्यार्थीलाई मासिक ५० रुपैयाँ बचत गर्न प्रोत्साहित गरिएको छ। ५ कक्षा उत्तीर्ण गरेर गएपछि संकलित रुपैयाँ ब्याजसहित पाउने भएकाले अभिभावक पनि यसप्रति आकर्षित भएका पौडेलको भनाइ छ।





**केही प्रति अझै बाँकी छन्**

***शिक्षक* का २०६५, २०६६, २०६७ र २०६८ सालका अंकहरूको वार्षिक संग्रह (१२-१२ अंक) का केही प्रति मात्र बाँकी छन्। आवश्यक पर्नेले सम्पर्क राख्नुहोला!**

***शिक्षक* मासिक**
पूर्णचण्डी मार्ग, जावलाखेल, ललितपुर, फोनः ५५४८१४२, ५५४३२५२,
मोबाइलः ९८४१६७८२०५ (अनिल), इमेलः mail@teacher.org.np

# अभिभावक पनि स्कूल जाऔँ, पढाइ सुधारौँ !

सार्वजनिक विद्यालयमा अभिभावकको संलग्नताले विद्यालयको शैक्षिक/भौतिक पूर्वाधार मात्र होइन, छात्रछात्राको सिकाइ उपलब्धि सुधारमा समेत महत्त्वपूर्ण भूमिका खेल्ने कुरा विभिन्न अध्ययनले पुष्टी गरेका छन्। छात्रछात्रा, शिक्षक र अभिभावक– यी तीन पक्षको भूमिका प्रभावकारी हुँदा स्कूल चम्किन्छ भने कमजोर हुँदा ओरालो लाग्छ। विद्यालयमा अभिभावकको संलग्नतालाई लिएर *शिक्षक* मासिकले पाँचै विकास क्षेत्रमा छलफल कार्यक्रम सञ्चालन गर्न लागेको छ। यसै सन्दर्भमा, विद्यालयमा अभिभावकको संलग्नता सम्बन्धी दुई वटा छलफल झापाको बिर्तामोड (११ साउन) र सुर्खेतको वीरेन्द्रनगर (१९ साउन) मा आयोजना गरिएको थियो। उक्त बहसमा व्यक्त भएका विचारको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ।




१९ साउन २०७०, सुर्खेत

## अभिभावकको दायित्व छ

**राजेन्द्र धिताल, उप्रा, बबई बहुमुखी क्याम्पस, बर्दिया**
बालबालिकालाई विद्यालय पठाइसकेपछि अभिभावकले आफ्नो दायित्व कम भयो वा सकियो भन्ने सोच्छन् । तर विद्यार्थी फेल भए भने उनीहरू झगडा गर्न विद्यालय पुग्छन् । खासमा अभिभावकले बालबालिका स्कूल पठाउन थालेपछि आफ्नो दायित्व सकिएको हैन, शुरू चाहिं भएको सम्झिनुपर्छ ।

## खाँचो विव्यसको क्षमता वृद्धिको

**पदमबहादुर मल्ल, अध्यक्ष विव्यस, लक्ष्मी उमावि, रतीखोला, दैलेख**
अहिलेसम्म विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको कुनै गोष्ठी, सेमिनार भएको छैन। एउटा विद्यालयका अध्यक्षले गरेका राम्रा काम अर्को विद्यालयका अध्यक्षले जानकारी लिने मौका मिलेमा राम्रो हुन सक्छ । हामी गाउँमा हुने प्रत्येक बैठकमा शिक्षा सम्बन्धी छलफल गर्छौं। अभिभावकसँग अन्तरक्रिया गर्छौं । कम्तीमा महीनामा एकपटक विव्यस, शिक्षक र विद्यार्थीको भूमिकाबारे छलफल हुन्छ। विद्यालयमा प्रत्येक महीना अभिभावकहरू नतीजा हेर्न आउने परिपाटी बसालेका छौं। त्यसैगरी विव्यस, शिक्षक-अभिभावक संघ, विद्यार्थी र शिक्षकको संयुक्त कार्ययोजना बनाएर लागू गरेका छौं, यसले पनि स्कूल सुधारमा सहयोग पुऱ्याउँदो रहेछ ।

> **सार्वजनिक विद्यालयको नतीजा बिग्रिनुमा शिक्षकको मात्र हैन, अभिभावक र विद्यार्थीको पनि दोष छ। छोराछोरीको पढाइमा अभिभावकको जिम्मेवारी हुन्छ । शिक्षक अभिभावकबीच बालबालिकाको पढाइका बारेमा कुराकानी भयो भने धेरै लाभ हुन सक्छ ।**

## संवाद आवश्यक

**नन्दलाल खत्री, सदस्य विव्यस, बडाखोली उमावि, सुर्खेत**
सार्वजनिक विद्यालयको नतीजा बिग्रिनुमा शिक्षकको मात्र हैन, अभिभावक र विद्यार्थीको पनि दोष छ । छोराछोरीको पढाइमा अभिभावकको जिम्मेवारी हुन्छ। शिक्षक अभिभावकबीच बालबालिकाको पढाइका बारेमा कुराकानी भयो भने धेरै लाभ हुन सक्छ। यस्तो संवादले अभिभावक पनि विद्यालयप्रति आकर्षित भएका छन् । गत वर्षको एसएलसीमा सामुदायिकतर्फ जिल्लाभर हाम्रो विद्यालयबाट मात्रै दुई जना विद्यार्थी विशिष्ट श्रेणीमा पास भए । स्कूलले राम्रो गर्न थाल्ने हो भने अभिभावकको चासो स्वत: बढ्ने रहेछ ।

## स्तर बढाउन लक्ष्य निर्धारण

**ढालबहादुर खत्री, प्राचार्य, बडाखोली उमावि, सुर्खेत**
हामीले विद्यालयको नतीजा राम्रो बनाउन शैक्षिक प्रगतिको आधारमा विद्यार्थी वर्गीकरण गरेका छौं । विद्यार्थीले हासिल गरेको शैक्षिक उपलब्धि अभिभावककहाँ पुऱ्याउने गरिएकोले कमजोर विद्यार्थीका अभिभावकले पनि छोराछोरीको पढाइ कस्तो छ भन्ने थाहा पाउने गरेका छन् । नतीजा राम्रो बनाउन हामीले वार्षिक रूपमा निश्चित लक्ष्य तय गर्ने गरेका छौं । कोचिङ कक्षाले नजानेका कुरा जान्न सघाएको छ । अभिभावकलाई यदाकदा स्कूल आउन र छोराछोरीको पढाइका बारेमा शिक्षकसँग कुरा गर्न प्रोत्साहित गर्न हो भने स्कूल सुधार गर्न ठूलो सहयोग पुग्छ ।

## स्कूलको कार्ययोजना नै छैन

**गणेशकञ्चन भारती, पत्रकार, सुर्खेत**
स्कूलमा गएर शिक्षकहरूसँग कुरा गर्दा आपसमा एकअर्कालाई दोष लगाएर कमी-कमजोरी ढाकछोप गर्ने गरिएको छ । सुर्खेतका धेरै विद्यालयहरू अहिले पनि ६/७ वर्षअघिको वार्षिक कार्ययोजना हेरेर काम गरिरहेका छन् । विद्यालय सञ्चालनको मुख्य आधार वार्षिक कार्ययोजना हो । कार्ययोजना विना नै स्कूल राम्रो पार्छु वा गतिलो नतीजा हासिल गर्छु भन्नु उदेकलाग्दो कुरा हो ।

## मुख्य चिन्ता जगकै

**इला मल्ल शाही, प्राचार्य, श्रीकृष्ण उमावि, लकान्द्रा, दैलेख**
जग बलियो भयो भने मात्र घर बलियो हुन्छ । केही स्कूलमा कक्षा ६ का छात्रछात्राले आफ्नो नाम पनि लेख्न जान्दैनन् । अर्कै स्कूलबाट ५ कक्षा पास गरेर मेरो विद्यालयमा आएका त्यस्ता करीब १०० जना केटाकेटी भेटिए । अनि अभिभावक बोलाइयो, कोही आएनन् । यसरी जग कमजोर भएका बालबालिकाका लागि अतिरिक्त कक्षा शुरू गरिए पनि त्यसले निरन्तरता पाउन सकेन । द्वन्द्वको वेला माओवादीमा लाग्न दबाब दिइएका किशोरकिशोरी माओवादीमा लाग्नुको साटो भारत गए । बीचमा परीक्षा दिन आए अनि पास भएर माथिल्लो कक्षामा पुगे। तर, तिनले केही जानेनन् । धेरै अभिभावकहरूले आफ्ना बालबालिकालाई भारत काममा पठाउने अनि परीक्षा दिन घर ल्याउनेसम्म पनि भयो। अनि कसरी पास हुन्छन् एसएलसी ?

## शिक्षाको व्यापार बन्द हुनुपर्छ

**हीरा घर्ती, सदस्य शिक्षक-अभिभावक संघ, प्रभात मावि छिन्चु, सुर्खेत**
अहिले शिक्षाको व्यापार फस्टाएको छ । जसले महँगो फिस तिरेर ट्यूशन पढ्छ, ऊ नै पास हुने स्थिति भयो। सामुदायिक विद्यालयमा पढ्ने गरीब विद्यार्थीले महँगो शुल्क तिरेर ट्यूशन पढ्नुपर्ने बाध्यताको अन्त्य कहिले होला ? अर्को कुरा; अभिभावकले आफ्नो विद्यालयलाई राम्रो पार्न केही न केही योगदान गर्नु जरूरी छ । अभिभावकले स्कूलको पढाइमा चासो नराख्दासम्म कक्षामा राम्रोसँग नपढाउने, ट्यूशन र कोचिङ मात्र पढाउने प्रवृत्ति रोक्न सकिन्न। विद्यार्थीलाई गृहकार्य दिइन्छ, तर चेक गरिन्न । अभिभावकले चासो राख्ने हो भने यत्ति साह्रो बेथिति हुन पाउँदैनथ्यो ।

## नीति कार्यान्वयन जरूरी

**पूर्णप्रसाद पौडेल, अध्यक्ष विव्यस, हस्तवीर सामुदायिक प्रावि, सुर्खेत**
हामी शिक्षकहरू आफू सरकारी विद्यालयमा जागीर खान्छौं, आफ्ना बालबालिकालाई निजीमा पढाउँछौं। यस्तो प्रवृत्तिका कारण धेरै कुरा बिग्रिएको छ। अभिभावकको सक्रियताले बालबालिकाको अध्ययनमा सकारात्मक असर पुग्छ। हाम्रो विद्यालयमा १ देखि ५ कक्षा सँगै बाल विकास केन्द्र पनि छ। बाल विकास केन्द्रमा पढेका बालबालिका एक कक्षामा जान मान्दैनन्। किनभने कक्षा १ बाल विकास केन्द्र जस्तो छैन। त्यसैले सरकारले विद्यालय शिक्षाको वातावरण बालमैत्री बनाउन सघाउनुपर्छ।

## अभिभावकको भूमिका स्पष्ट हुनुपर्छ

**पूर्ण नेपाली, शिक्षक, जनउमावि, वीरेन्द्रनगर, सुर्खेत**
हामी सामुदायिक विद्यालयलाई संस्थागत विद्यालयसँग दाँज्छौं। संस्थागत विद्यालयमा अभिभावक, शिक्षक र विद्यार्थीको नियमित सम्पर्क भइरहन्छ। सामुदायिक विद्यालयमा भने त्यस्तो अवस्था छैन। सबै उदासीन छन्। त्यसैले राज्यले अभिभावकलाई सक्रिय बनाउन हाल रहेका व्यवस्था बाहेक अरू के गर्न सकिन्छ भनेर सोच्नुपर्छ। अभिभावकलाई स्कूलमा तिनको संलग्नताको महत्त्वका बारे बुझाउनु पनि जरूरी छ।

> “हामी सामुदायिक विद्यालयलाई संस्थागत विद्यालयसँग दाँज्छौं। संस्थागत विद्यालयमा अभिभावक, शिक्षक र विद्यार्थीको नियमित सम्पर्क भइरहन्छ। सामुदायिक विद्यालयमा भने त्यस्तो अवस्था छैन। सबै उदासीन छन्। त्यसैले राज्यले अभिभावकलाई सक्रिय बनाउन हाल रहेका व्यवस्था बाहेक अरू के गर्न सकिन्छ भनेर सोच्नुपर्छ।”

## अनुगमन गर्छौं

**टीकाराम आचार्य, अध्यक्ष विव्यस, अमरज्योति नमूना उमावि, सुर्खेत**
म विव्यस अध्यक्ष भएको नौ वर्ष भयो। आजसम्म दुई दिन मात्र क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी भएको छु। तैपनि स्कूलमा अभिभावकको संलग्नता बढाउनमा हामीले कक्षागत र सेक्सनगत रूपमा शिक्षक अभिभावक छलफल गर्ने गरेका छौं, जुन उत्साहजनक छ। स्कूलमा प्रत्येक विद्यार्थीको व्यक्तिगत फाइल तयार गरिएको छ। ४/५ दिन विद्यार्थी विद्यालय नआएमा तिनको फाइल हेरेर फोन गर्ने गरिएको छ। तिनको प्रगति विवरण त्यही फाइलमा उल्लेख गरिन्छ र वेलावेलामा अभिभावकबाट अनुगमन हुन्छ।

## बालबालिका भोको पेट पढ्न आउँछन्

**भूमिसरा चपाईं, प्राचार्य, भैरव उमावि, सुर्खेत**
केही विद्यार्थी 'आमा गिट्टी कुट्न जानुभएको छ, फर्केर आएपछि खाना पकाउनुहुन्छ, टिफिनमा गएर खान्छौं' भन्दै भोको पेट स्कूल आउँछन्। ल अब भन्नुस् त- बालबच्चाले भोको पेट कसरी पढ्न सक्छन्? उनीहरूको अधिकारको बारेमा कसले सोच्ने? अभिभावकको सक्रियता, स्वभाव र जीवनशैलीले पनि बालबालिकाको भविष्यमा प्रभाव पार्दछ।

## सबै शिक्षक अभिभावक पनि

**गेहेन्द्रप्रसाद दाहाल, प्राचार्य, श्रीकृष्ण साधारण तथा संस्कृत उमावि, सुर्खेत**
हाम्रो विद्यालयमा पढाउने स्थायी शिक्षकका बालबालिका हाम्रै विद्यालयमा पढ्छन्। त्यसैले हाम्रा शिक्षक अहिले हाम्रा अभिभावक पनि हुन्। कक्षा खाली हुँदा उहाँहरूले मलाई 'कक्षा किन खाली भयो?' भन्नुहुन्छ। यसले गर्दा अभिभावकको काम पनि शिक्षकहरूले नै गर्नुहुन्छ। हाम्रो विद्यालयमा विभागीय प्रमुखहरू बनाएका छौं। आ-आफ्नो विषयमा उहाँहरूले पहल गर्नुहुन्छ। विद्यार्थीका लागि विद्यालयमा आएपछि सर्वस्व हामी शिक्षकहरू नै हौं। विद्यार्थी फेल हुनु भनेको शिक्षक पनि फेल हुनु हो।

## स्कूलमा सक्कली अभिभावक

**यामबहादुर श्रेष्ठ, प्राचार्य, जनउमावि, वीरेन्द्रनगर, सुर्खेत**
अधिकांश विद्यालयमा शिक्षक-अभिभावक संघ गठन हुँदैन। भएकामा पनि गैरअभिभावक छन् भने राम्रो सहकार्य, भूमिका रहन सक्दैन। विद्यालय व्यवस्थापन समितिमा आएकाहरू जिम्मेवार नबन्दा समस्या हुन्छ। जो अभिभावक आफ्ना बालबालिका भएको समितिमा आउँछ, उसले आफ्नो भूमिका राम्रोसँग अघि बढाउन सक्छ। वास्तविक अभिभावकलाई, विद्यार्थीका बाजुबाजेहरूलाई ल्याउन सक्यौं भने मात्र त्यो प्रभावकारी हुन्छ।

## शिक्षक कर्तव्यनिष्ठ बन्नुपर्छ

**रतिराम भारती, प्रधानाध्यापक, प्रभात मावि, थानीचौर (छिन्चु), सुर्खेत**
विद्यार्थी कमजोर हुनुमा नेताका पछाडि मास्टर दौडिएर हो। शिक्षक नेता भए, नेताको पछाडि शिक्षक लागे, यही हो यथार्थ। हामीले विभिन्न तालीम पायौं, सिक्यौं। तर त्यो तालीममै सीमित रह्यो। जानेका र सिकेका कुरा लागू गर्न सकेनौं। एउटा शिक्षक कर्तव्यनिष्ठ बनेमा विद्यार्थीले पनि लगनशील भएर सिक्छ। यस्तो कर्तव्यनिष्ठता अहिले शिक्षकमा छैन।

## विद्यालयमा काउन्सलरको आवश्यकता

**दिव्यकला बजिमय, निर्देशक मध्यपश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेत**
विद्यार्थीको अध्ययन दुई ठाउँबाट शुरू हुन्छ; एउटा घररूपी विद्यालय, अर्को पढ्न जाने विद्यालय। यी दुवै महत्त्वपूर्ण हुन्। विद्यार्थी, शिक्षक, अभिभावकहरूको टीम कार्य हो। सबैले आ-आफ्नो दायित्व बुझ्नुपर्छ। हामी सबै आफ्नो दोषबाट तर्कनु भन्दा आफ्नो गल्ती भएमा स्वीकारेर लाग्नुपर्छ। म धादिङमा जिल्ला शिक्षा अधिकारी

हुँदाको एउटा कुरा यहाँ बाँड्न चाहन्छु। हामीले त्यहाँको शैक्षिक विकासका लागि शिक्षकहरू साटासाट गर्ने गर्थ्यौं। एउटा सरकारी विद्यालयको शिक्षकलाई एक महीनासम्म निजी विद्यालयमा पढाउन लगाउने। निजीको शिक्षकलाई सरकारीमा पढाउन लगाउने। त्यो अभ्यास निकै राम्रो भएको थियो। म अष्ट्रेलिया जाँदा त्यहाँ हरेक विद्यालयमा एक जना काउन्सलर राखेको पाइयो। यहाँ पनि हरेक विद्यालयमा एक जना शिक्षकलाई काउन्सलर बनाउन जरूरी छ।

## नियमित अनुगमन हुनुपर्छ

**विनोद ढकाल, अध्यक्ष विव्यस, शिव उमावि, धुलियाविट, सुर्खेत**
विद्यालय सपार्न अभिभावक, शिक्षक, विद्यार्थी, सरकारी निकाय सबैको उत्तिकै भूमिका हुन्छ। मेरो विद्यालय सुर्खेत उपत्यकाभित्रै भए पनि अहिलेसम्म 'लौ यसो गर, यसरी काम गरेमा विद्यालयको अध्ययन राम्रो हुन्छ' भनेर सल्लाह सुझाव दिनका लागि स्रोतव्यक्ति, विद्यालय निरीक्षक आउँदैनन्। उपत्यकामा त यस्तो हुन्छ भने बाहिर के होला?

## शिक्षामा महिलाको पहुँच बढाउनुपर्छ

**शुभादेवी बिक, केयर नेपाल, सुर्खेत**
बच्चाहरूसँग सबैभन्दा नजिकको भूमिका आमाको हुन्छ। तर आमाहरूको शैक्षिक योग्यता अहिले पनि कम छ। उनीहरूलाई घरको काममा मात्र सीमित राख्ने गरिन्छ। तिनै आमालाई विव्यस, अभिभावक संघ लगायत विद्यालयका विभिन्न जिम्मेवार ठाउँमा स्थान नदिने चलन छ। तैपनि आफ्नो घरको जिम्मेवारी पूरा गर्नेदेखि बच्चाहरूको हेरचाहसम्मका कममा महिलाहरू नै लाग्छन्।

## विद्यालयमा सुरक्षित वातावरण हुनुपर्छ

**शिला गुरुङ, प्राध्यापक, सुर्खेत शिक्षा क्याम्पस**
विद्यालय र अभिभावकको सम्बन्ध घनिष्ट हुनुपर्छ। विद्यालयमा सुरक्षाको कुरामा पनि ध्यान दिनुपर्छ। गत वर्ष ४५ दिने टिचिङ गर्नको लागि वीरेन्द्रनगरको एउटा विद्यालयमा मैले बहिनीहरूलाई पठाउँदा त्यहाँ बाहिरबाट गिज्याउँछन् भनेर उनीहरू जान मानेनन्। ४५ दिन शिक्षण गर्ने व्यक्तिलाई त यस्तो अवस्था छ भने सधैंभरि पढ्ने बालबालिकाको अवस्था के होला? महिलाहरूको सुरक्षाको लागि पनि विद्यालयले ध्यान दिनुपर्छ।

## राम्रो अभ्यासलाई प्रयोग गरौं

**नरेशविक्रम ढकाल, स्रोतव्यक्ति**
कुनै विद्यालयमा राम्रो काम भएको छ भने त्यसलाई अरूले अनुसरण गर्नुपर्छ। अमरज्योति उमाविले नजिकका फिडर स्कूलको अवस्था सुधार्न पाँच लाख रुपैयाँ छुट्याएको छ। यसले फिडर स्कूलको लागि क्षमता विकासमा निकै सघाउ पुऱ्याउँछ भन्ने मलाई लाग्छ। एसएलसी नतीजालाई राम्रो बनाउनको लागि पनि 'मिसन ८०' सुरुआत गरेको छ। इत्रामका शिक्षकले आफ्ना बालबालिकालाई सोही विद्यालयमा ल्याउनुभएको छ। आफ्ना बालबालिका आफूले पढाउने विद्यालयमा पढाउन थालेपछि त्यो जति विश्वास अरू के हुन सक्छ? यो निकै राम्रो कुरा हो। यस्ता राम्रा कामलाई अन्यत्र पनि प्रयोग गरिनुपर्छ।

## कारण हैन, निवारण खोज्नुपर्छ

**नारायण सिग्देल, प्राचार्य, जनज्योति उमावि, कुनाथरी बड्डीचौर, सुर्खेत**
हामी अभिभावक हौं कि हैनौं, त्यो कुरा सोच्नुपर्छ। मेरो विद्यालयले कारणभन्दा पनि निवारण खोज्ने गरेको छ। मैले पढाएको विद्यार्थी एसएससी पास गरेर, प्लस टु पास गऱ्यो, ऊ बजारमा बिक्री भएन भने विद्यालयमा आउँदैन। हाम्रो गाविसमा गाउँ शिक्षा समितिले मोबाइल मिटिङ गर्छ। त्यसमा राजनीतिक दलका नेताहरूलाई पनि लग्छौं। उहाँहरूले गाविससम्म पहल गरेर रकम छुट्याउन लगाउनुहुन्छ। अभिभावकलाई विद्यालयसम्म आउने वातावरण सिर्जना गर्नको लागि हाम्रो विद्यालयले माछापालन, तरकारी खेती, बेसार खेती, धान लगाउने, कपुर लगाउने लगायतका धेरै काम गरेका छौं। अभिभावकहरू त्यो हेर्न पनि आउने गर्दछन्। छात्रवृत्ति मासे भन्ने कुरा सुन्नु नपरोस् भन्नाले पनि हामीले शाखारहित बैंकिङ सेवा शुरू गरेका छौं। त्यसैले पनि अभिभावकहरूलाई विद्यालयमा आउने वातावरण तयार गरेका छौं। बाखापालन, मौरीपालन गररिहेका छौं। अबको केही वर्षमा हामीले धेरैलाई रोजगारी पनि दिन्छौं, पैसा पनि कमाउँछौं। त्यसैले पनि हामीलाई अभिभावकहरूको निकै ठूलो सहयोग छ।

"अभिभावकलाई विद्यालयसम्म आउने वातावरण सिर्जना गर्नको लागि हाम्रो विद्यालयले माछापालन, तरकारी खेती, बेसार खेती, धान लगाउने, कपुर लगाउने लगायतका धेरै काम गरेका छौं। अभिभावकहरू त्यो हेर्न पनि आउने गर्दछन्। छात्रवृत्ति मासे भन्ने कुरा सुन्नु नपरोस् भन्नाले पनि हामीले शाखारहित ब्याङ्किङ सेवा शुरू गरेका छौं। त्यसैले पनि अभिभावकहरूलाई विद्यालयमा आउने वातावरण तयार गरेका छौं।"

## तल्लो तह सुधारमा जोड

**ऋषिराम सापकोटा, प्राचार्य, ज्ञानोदय उमावि, खजुरा, बाँके**
मेरो विद्यालय बाँकेको राम्रो विद्यालयमा पर्छ। तर हामीले माथिल्लो तहका लागि मात्रै बढी जोड गर्ने गरेका रहेछौं भन्ने कुरा थाहा पायौं। तल्लो तहका कक्षामा पनि सुधार गर्नुपर्छ भन्ने बुझेपछि हामी त्यसतर्फ लागेका छौं।

## सुमधुर सम्बन्धको खाँचो

**हेमकुमार ढकाल, विद्यालय निरीक्षक, जिशिका, बर्दिया**
विद्यालय परिवार र शिक्षकहरूले अभिभावकसँगको सम्बन्ध सुधारका

लागि लाग्नुपर्छ। शिक्षकहरू मिहिनेत गरेर लागेमा शिक्षाको गुणस्तर विकासमा टेवा पुग्छ। अभिभावकसँग सुमधुर सम्बन्ध पनि स्थापना हुन्छ। हामीकहाँ राज्यले केही गरेन भन्ने कुरामा धेरै गुनासो आउने गर्दछन्। तर हामीले के गर्ने? हाम्रा दायित्व के-के छन्? शिक्षाको गुणस्तर वृद्धिका लागि हामीले के-के पहल गरेका छौं? हाम्रो लगानी कस्तो छ भन्ने कुरामा पनि मनन गर्नुपर्छ। राज्य, स्थानीय सरोकारवाला, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति सबैको उत्तिकै सहभागिता हुनुपर्छ।

## शिक्षकको सरूवा हुनुपर्छ

**रामबहादुर सिंह, प्रतिनिधि, नेपाल शिक्षक यूनियन, सुर्खेत**
यहाँ धेरै कुराहरू आए, राजनीतिले गुणस्तर खस्कियो भनिएको छ। त्यो होइन। विद्यालय व्यवस्थापन समितिका प्रत्येक व्यक्तिहरू आ-आफ्नै पार्टीमा संलग्न छन्। त्यसैले म त्यसमा सहमत छैन। शिक्षामा गुणस्तर दिन शिक्षा ऐनमा व्यवस्था गरेर हरेक शिक्षकको सरुवा हुनुपर्छ। तब मात्र शिक्षकलाई सरुवाको डर हुन्छ। र, राम्रो शिक्षण हुन्छ। मलाई शिक्षकले राजनीति गरे जस्तो लाग्दैन।

"शिक्षामा गुणस्तर दिन शिक्षा ऐनमा व्यवस्था गरेर हरेक शिक्षकको सरुवा हुनुपर्छ। तब मात्र शिक्षकलाई सरुवाको डर हुन्छ। र, राम्रो शिक्षण हुन्छ।"

## समुदायले सहयोग गरे विद्यालय-शिक्षा सुध्रिन्छ

**रामप्रसाद उपाध्याय, जिल्ला शिक्षा अधिकारी, सुर्खेत**
सबैभन्दा ठूलो कुरा सकारात्मक सोचाइ हो। नीति निर्मातादेखि सबै जना सामुदायिक विद्यालयकै उत्पादक हुनुहुन्छ। राजनीतिक दलका नेताहरू, अग्रजहरू सबै सामुदायिक विद्यालयबाटै आउनुभएको छ। उहाँहरूले राम्रो गर्नुभएको छ। त्यसैले सोचाइ नै राम्रो राख्नुपर्छ। जिल्लामा मिहिनेत र सक्रियता देखाएका विद्यालयहरू राम्रा छन्। अभिभावक र समुदायले सहयोग नगरेमा हाम्रा कार्यक्रमहरू सफल हुँदैनन्। मैले त जिल्लामा सामुदायिक विद्यालयको अवस्था माथि आएको देखेको छु। शिक्षाको विकासका लागि हामी सबैको उत्तिकै दायित्व छ। सबै शिक्षक, कर्मचारी अध्ययनशील हुनुपर्छ, अनि शैक्षिक सुधार गर्न सकिन्छ। यो मूल मन्त्रलाई सबैले धारण गर्नुपर्छ। आफ्नो ड्यूटी पूरा गरौं। दायराभित्र बसेर क्षेत्र ननाघौं, यो भएमा शैक्षिक गुणस्तर वृद्धि हुन्छ।

## स्थानीय आवश्यकता अनुसार पाठ्यक्रम

**पीताम्बर ढकाल, डीन, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेत**
शिक्षकले अध्यापन गराउने, विद्यार्थीले पढ्ने, विद्यालय व्यवस्थापन समितिले व्यवस्थापन गर्ने काम गर्नुपर्‍यो। सबैले एकअर्कालाई सहयोगको वातावरण तयार गरेर अघि बढेमा राम्रो हुन्छ। बालबालिकाले शिक्षकलाई धेरै विश्वास गर्छन्। शिक्षकहरूले पनि बालबालिकाको आनीबानी जानेका हुन्छन्। त्यसै अनुसार पढाएपछि बालबालिकाले सिक्छन्। प्रभावकारी सिकाइको लागि भएका सामग्रीहरूलाई शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्नुपर्‍यो। विदेशमा परिस्थिति अनुसार पाठ्यक्रम परिवर्तन गर्ने गरिन्छ। हाम्रोमा पनि स्थानीयतालाई आधार मानी पाठ्यक्रम तयार गर्नुपर्छ।

प्रस्तुति: **कलेन्द्र सेजुवाल**


**बर्डफ्लू लगायतका रोगबाट बच्न तथा बचाउन निम्नानुसारका जैविक सुरक्षाका उपाय अपनाऔं:**

- आफूले पालेका पशुपक्षीलाई खुला रूपमा नछोडी थुनेर मात्र पालौं।
- घरपालुवा पशुपक्षीलाई जङ्गली जनावरको सम्पर्कमा आउन नदिऔं।
- मरेका पशुपक्षी लगायतका संक्रमित वस्तुहरू नदी, कुलो तथा खोलामा नफालौं।
- पशुपक्षीहरूलाई दाना, पानी दिने भाँडा नियमित रूपमा सफा गरौं।

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**




**११ साउन २०७०, बिर्तामोड, झापा**

## अभिभावकको ओइरो लाग्छ

**केशव ओझा, प्रअ हिमाली निमावि, घैलाडुब्बा, झापा**

अभिभावकलाई स्कूलमा सहभागी गराउन हामीले केही फरक अभ्यास थालेका छौं। हाम्रो स्कूलमा शिक्षकको मात्र होइन अभिभावकको पनि उपस्थिति गराउने प्रचलन छ। अभिभावक भीमप्रसाद नेपाल गत वर्ष १७८ दिन विद्यालयमा आउनुभएको हाजिरी रेकर्डले देखाउँछ। त्यस्तै १६५ दिन विद्यालयमा उपस्थित भएर वर्षभरि कक्षा १ सफा गरिदिने अभिभावक हुनुहुन्छ, रीता पुरी। यसरी अभिभावकहरू विद्यालय आउने प्रचलनले हाम्रो विद्यालयको गतिविधिमा वास्तवमै सकारात्मक परिवर्तन ल्याएको छ।

हामीले नर्सरी, एक र दुई कक्षाका विद्यार्थीको 'बर्थडे चार्ट' राखेर उनीहरूको जन्मदिन विद्यालयमै मनाउन थालेका छौं। यसले अभिभावकलाई विद्यालय आउन साँच्चै प्रेरित गरेको छ।

अभिभावकको सहभागिता अन्तर्गत एउटा आमा समूह छ। उहाँहरू विद्यालय आउँदा एउटै पोशाकमा आउनुहुन्छ। त्यसबाट हामी शिक्षकहरूलाई पनि पोशाकमा जानुपर्छ भन्ने प्रेरणा मिलेको छ। अभिभावक चाहिं ड्रेसमा आउने, हामी चाहिं पोशाकमा नआउँदा राम्रो भएन। उहाँहरू हरेक मसान्तमा आउनुहुन्छ। बचत गर्नुहुन्छ। बचत कार्यक्रम विद्यालयले सञ्चालन गरेको छ। बचत गरेको पैसाको ८ प्रतिशत ब्याज दिन्छौं। विद्यालय छोडेपछि मात्र उहाँहरूले बचत फिर्ता पाउनुहुन्छ। विद्यालयमा विद्यार्थी नहुनेले बचत गर्न पाउँदैन।

अभिभावकको संलग्नताबाट विद्यालयमा निश्चित रूपमा परिवर्तन आउँछ। जुन विद्यालयमा बढी अभिभावक आउँछन्, त्यसमा राम्रो पठनपाठन हुन्छ भन्ने झापाका धेरै विद्यालयमा हामीले पाएका छौं।

## अभिभावक आए उत्तम

**तिलक पाण्डे, केन्द्रीय सदस्य, नेपाल शिक्षक संघ**

अनुसन्धानले देखाएको कुरा हो, अभिभावकको उपस्थिति भएका विद्यालय राम्रा हुन्छन्। शैक्षिक उपलब्धि बढाउन कक्षा ८ सम्मको उदार कक्षोन्नतिलाई व्यवस्थित गर्नुपर्छ। कक्षा ९ मा कडा अन्तरवार्ता लिएर विद्यार्थी छान्नुपर्छ। राम्रो पढ्नेलाई उच्च शिक्षामा र राम्रो पढ्न नसक्नेलाई गरिखाने शिक्षामा लैजानुपर्छ।

## अभिभावक कमजोर छन्

**शिवकुमार राजभण्डारी, अध्यक्ष, नेपाल शैक्षिक गणतान्त्रिक मञ्च, झापा**

आर्थिक अवस्था कमजोर र शैक्षिकस्तर कम भएका अभिभावकहरूले मात्रै सामुदायिक विद्यालयमा विद्यार्थी पढाउनुभएको छ। त्यस्ता कमजोर अभिभावकमा अन्तरक्रिया गर्ने प्रभावकारी क्षमता नभएकाले विद्यालयमा अभिभावकको भूमिका प्रभावकारी नभएको देखिन्छ। विद्यालयमा आएर बोल्न र अन्तरक्रिया गर्न सक्ने अभिभावकहरू विद्यालयको अभिभावक हुनुहुन्न। भए पनि अपवादमा मात्र हुनुहोला।

अन्तरक्रियामा सहभागी हुन सक्ने, निरीक्षण, निगरानी गर्न सक्ने, सल्लाह सुझाव दिन सक्ने सरोकारवालाहरूका छोराछोरी विद्यालयमा नभएकोले यो प्रभावकारी नभएको हो भन्ने ठम्याइ हो। अर्को कुरा शैक्षिक नीति र सरकारका कारण पनि हो। १ देखि ५ सम्म पढे पनि भो, नपढे पनि भो। कोही फेल हुँदैन, कक्षा चढिहाल्छ। त्यसैले पनि अभिभावकले चासो नदेखाएका हुन् कि?

**शिक्षक संवाद**

## अभिभावकको जिम्मेवारी ठूलो

**अशोक कालाखेती, उपसचिव जिशिका, झापा**
यो अन्तरक्रियामा केही जिज्ञासा र केही अनुभव राखिएको छ। सिक्ने सिकाउने काम भए।

कुनै दाताले, कुनै बडाहाकिमले स्कूल खोल्न न चन्दा दान दियो, न खोल्नलाई उर्दी जारी गऱ्यो। समुदायको चासो, उत्साहले नै खोलिएको हुनुपर्छ हाम्रा सामुदायिक विद्यालयको पृष्ठभूमिबाट। के शिक्षक, के अभिभावक? यो उत्तरआधुनिक युगमा आएर के विद्यालय विमुख हुन खोज्दैछ त? सामुदायिक विद्यालयलाई बाइ बाइ गर्दैछ त? त्यत्ति मात्रै होइन होला।

अभिभावक बच्चा केन्द्रित भयो, आफ्नो बच्चालाई राम्रो बनाउने जहिल्यै सोच्यो तर, आफ्नो बच्चालाई राम्रो बनाउनका लागि आफूले भर्ना गरेको विद्यालय राम्रो बनाउन मैले के भूमिका निर्वाह गर्नुपर्छ भन्ने बारेमा हामीले कतै उसलाई सचेत गराएनौं कि! यो कार्यका लागि हामीले ठाउँ दिएनौं कि! यो खोट स्थानीय तहमा छ वा अन्य सामाजिक संघ-संस्थामा छ? कुनै निकायमा छ? यो चिन्तनीय विषय हो। घरको पाठ्यक्रमका कुरा आउँदा, मैले गमेको कुरा बच्चा विद्यालयमा ६ घण्टा त बस्तो रहेछ। बाँकी १८ घण्टा त अभिभावकसँगै हुन्छ। घरमै छ। भनेपछि पहिलो जिम्मेवारी अभिभावककै हो, किनकि पहिलो शिक्षक उही हो। रिसर्चले देखाएको, यहाँ प्रस्तुत अनुभवका कुरालाई ग्रहण गर्न हामी नचुकौं।

> **कोही अभिभावक सचेत हुनुहुन्न भने पनि उहाँहरूको मानसिकतामा हामीले परिवर्तन ल्याउनुपर्छ। त्यो परिवर्तन ल्याउने जिम्मेवारी विद्यालयको हो, शिक्षकहरूको हो।**

## सचेत अभिभावक आफैं आउँछन्

**विदुर खतिवडा, प्रअ, हिमालयन उच्च मावि, दमक**
हाम्रो विद्यालयमा छोराछोरी पठाउने जो अभिभावक हुनुहुन्छ, उहाँ आउनुहुन्न, चासो दिनुहुन्न, उहाँले आफ्ना छोराछोरीलाई हेर्नुहुन्न भन्ने हुँदैन। यसमा मेरो धारणा फरक छ। आफ्नो सन्तानको भविष्य निर्माण गर्ने शिक्षाको विषयमा अभिभावकहरू सचेत नै हुनुहुन्छ। बरु हामीले अभिभावकहरूलाई बोलाएर तिनका बालबच्चाको पढाइ र स्कूलका आवश्यकताहरूका बारेमा छलफल गर्ने सार्थक पहल र प्रयत्न नै गरेका छैनौं। अभिभावकहरूलाई, व्यवस्थापन समितिका सदस्यहरूलाई राखेर पढेलेखेको, लामो अनुभव बोकेको व्यक्तिले योजना, कार्यक्रम भिजन सेट गर्ने, कार्यक्रमहरू ल्याउने जिम्मेवारी प्रअ र शिक्षकहरूको हो।

कोही अभिभावक सचेत हुनुहुन्न भने पनि उहाँहरूको मानसिकतामा हामीले परिवर्तन ल्याउनुपर्छ। त्यो परिवर्तन ल्याउने जिम्मेवारी विद्यालयको हो, शिक्षकहरूको हो। हामीबीचमा समन्वय भएन, सहयोग भएन, एकअर्काको विचार बुझिएन, विद्यालयका कार्यक्रमहरू उहाँहरूमा सञ्चार गराउन सकिएन भने निश्चित रूपले विद्यालयले प्रगति गर्न सक्दैन। उहाँहरूको सहयोग हामीलाई नितान्त आवश्यक हुन्छ। हाम्रो प्रवृत्ति कस्तो छ भने अर्कालाई दोष लगाउने। अभिभावक सचेत भएनन्, विद्यार्थीहरू पढ्दै पढ्दैनन्, नियमित विद्यालय आउँदैनन् भनेर दोष लगाउँछौं। विद्यालयमा यी विद्यार्थी सचेत छैनन्, यिनीहरू सचेत अभिभावकका छोराछोरी होइनन् भनेर हामी शिक्षकले त लाञ्छना लगाउनै हुँदैन। हामीले विद्यार्थीलाई मात्र दोष लगाउने होइन, हामीले कर्तव्य के गरेका छौं भन्ने कुरा हेर्नुपर्छ। यी दुई कुरा जबसम्म मिल्दैनन्, जबसम्म सहकार्य हुँदैन तबसम्म विद्यालय अघि बढ्न सक्दैन भन्ने लाग्छ।

## गरीब अभिभावक आउँदैनन्

**धर्मा ढुङ्गाना, शिक्षक, अमर उमावि, बैगुनधुरा**
शिक्षक अभिभावकको सक्रिय सहभागिता भयो भने विद्यार्थीको सिकाइ उपलब्धिमा टेवा पुग्छ। कतिपय अभिभावकलाई छोराछोरीको प्रगति विवरण बुझ्न आउनोस् भन्दा उहाँहरूको एक दिनको रोजीरोटी मर्छ। उहाँहरू काम गर्दा रु.२५० पाउनुहुन्छ, छोराछोरीको सिकाइ उपलब्धि सुन्ने फुर्सद पाउनु हुन्न। कतिपय आमाहरूको दिनभर माछा मारेर त्यही बेचेर छाक टार्नुपर्ने अवस्था छ। यस्ता अभिभावक हामीसँग धेरै हुनुहुन्छ। यति हुँदाहुँदै पनि प्रत्यक्ष अभिभावकको सहभागिता भयो भने सामुदायिक विद्यालयमा पढाउँदै गरेका हामी शिक्षकमाथि लागेको आरोप केही न केही घट्नेछ

## अभिभावकदेखि डराउनु पर्दैन

**वीरबहादुर खड्का, जिशिअ, सुनसरी**
बोर्डिङ र सरकारी विद्यालयबीच तुलना हुँदैन। तर हामी यिनलाई तुलनायोग्य बनाउन चाहन्छौं। यिनलाई तुलनायोग्य स्थितिमा ल्याउन अभिभावकहरूको अत्यन्तै ठूलो भूमिका छ।

औसतमा भन्दा हामीकहाँ अभिभावकमैत्री वातावरण छैन। यो विषयमा सार्थक किसिमले छलफल हुनुपर्छ। भयरहित शिक्षाका लागि धेरै संघ-संस्थाले काम गरिरहेका छन्। तिनले बालबालिकाको भय मात्र होइन, अभिभावकको भय पनि हटाउने काम हुनुपर्छ। अभिभावकमैत्री हुनुपर्छ भने शिक्षकमैत्री पनि हुनुपर्छ।

## पढाइमा अभिभावकको चासो जरूरी

**विन्दुप्रसाद दाहाल, जनता उमावि, चुलाचुली, इलाम**
यस्ता बहसका कार्यक्रम *शिक्षक* मासिकले गाउँगाउँमा गएर पनि पुऱ्याउनुपर्छ। विद्यालयमा अभिभावक आउनुपर्छ भन्ने नितान्त जरूरी कुरा हो। नेपालको सन्दर्भमा विद्यालय राजनीति गर्ने थलो भएको छ। त्यसमा मान्छेका ज्यान समेत गएको छ, अभिभावकको ज्यान गएको छ। राजनीतिबाट मुक्त उद्देश्य राखिनुपर्छ, अभिभावकहरू विद्यालय आउनुपर्छ र मात्रै विद्यालयको स्थिति सुधार हुन्छ।

## अहिले खडेरी छ

**भीम सुब्बा, प्रअ, बालकल्याण उमावि, सतासीधाम**
वास्तवमा विद्यालयमा अभिभावक आउने भन्ने कुरा शिक्षकको व्यवहारमा भर पर्ने रहेछ। हाम्रो विद्यालय पनि पहिला अभिभावकको

खडेरी लागेको स्कूल हो। तर विस्तारै शिक्षकहरू विद्यालयप्रति जिम्मेवार हुँदै पढाइलाई सपार्दै गएपछि अहिले विद्यालयको अवस्था फेरिएको छ। अहिले दैनिक अभिभावक आउने शिक्षकको, विद्यार्थीको र समग्र विद्यालयको शैक्षिक अवस्थामा प्रअसँग छलफल हुने गरेको छ। त्यतिमात्र हैन आमा समूह, शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिका बैठकहरू नियमित विद्यालयमा हुने हुँदा अभिभावकको अनदेखामा विद्यालय छैन।

## कजोर व्यवस्थापन बाधक

**उपेन्द्र दाहाल, जिल्ला शिक्षा कार्यालय, मोरङ**

एक पक्षबाट हेर्दा अभिभावक धेरै सचेत छन्। यो स्कूलमा भएन भनेर अर्को स्कूलमा सार्नेहरू पनि धेरै छन्। विद्यालयमा अभिभावक नआउनुको कारण हाम्रो व्यवस्थापन पक्षको कमजोरी हो भन्ने मेरो अनुभूति छ। यहाँ जति पनि राम्रा उदाहरण प्रस्तुत भए, ती व्यवस्थापन पक्षमा आएको सुधारको प्रतिफल हो भन्ने लाग्छ। यी विद्यालयको लागि राज्यले छुट्टै स्रोतसाधन थपेको भन्ने मलाई लाग्दैन। सामुदायिक विद्यालयमा पढाइ खस्कनुको कारण पढाइ नहुनु हो। कहिले बन्द, कहिले सरहरूलाई एसएलसीको कपी काट्नमा, कहिले ट्रेनिङमा, कहिले विकासका काममा, कहिले निर्वाचनमा, कहिले जनगणनाका काममा, कहिले प्रशिक्षक, कहिले रोस्टर, पेशागत संस्थाको काममा हामीले नै खटायौं। पेशागत संस्थाले जिल्लामा समस्या पर्‍यो आइदिनुपर्‍यो भन्छन्, अब कक्षामा को गइदिने? हामीले सुधार गर्ने कुरा के हो भने, विद्यार्थी स्कूल आएपछि विद्यालयमा उसले सात घण्टी पढ्न पाएकै हुनुपर्छ। योग्यताप्राप्त शिक्षक हुनै पर्छ। होइन भने विद्यार्थीले क्षतिपूर्ति पाउनुपर्छ। प्रधानाध्यापकले यो फर्म भर्नोस्, यो गर्नुस् भनेर अन्य काममा लगाउँदा कक्षामा जाने शिक्षक खोइ त? समस्याको जड यो हो। यसको समाधान खोजिएमा सामुदायिक विद्यालयको शिक्षास्तर माथि उठ्नेछ।

> **विद्यालयमा वेलावेला सार्वजनिक सुनुवाई हुनुपर्छ। अभिभावक, राजनीतिक दलहरूलाई पनि बोलाइनुपर्छ र स्थानीय एनजीओ, आईएनजीओ सबैलाई राखेर विद्यालयको लेखाजोखा बारे जानकारी गराउन सकियो भने अभिभावक पनि उत्साहित हुनेछन्।**

## सफल हुन कठिन

**विन्दु श्रेष्ठ, प्रअ, मोहनमाया मावि, चारपाने**

अभिभावक विद्यालय नआउने कुरा गर्दा हाम्रो विद्यालयले अभिभावकलाई अनुरोध गरिरह्यो। विद्यार्थीलाई खबर पठायौं, चिठी लेखेर पठायौं, आउनु भएन। फेरि पठायौं आउनु भएन। धेरै प्रयास गर्दा पनि उहाँहरू आउनु भएन। हामी शिक्षकहरू हार खाएनौं बोलाउनलाई। जसको फलस्वरुप उहाँहरू आजभोलि हाम्रो विद्यालयमा आउनुहुन्छ, हामीले बोलाएको अवस्थामा। परीक्षाको नतीजाको लागि उहाँहरूलाई अनिवार्य उपस्थितिका लागि बोलाउने गरेका छौं। परीक्षा रिपोर्ट कार्ड, तीन पटक दिने गरेका छौं। त्यसवेला उहाँहरू आउनुहुन्छ। विशेष गरी कक्षा ८, ९ र १० का विद्यार्थीका अभिभावकलाई कुन विद्यार्थीले कति अङ्क ल्यायो, कसरी ल्याउँदो रहेछ भन्ने कुराको जानकारीका लागि शिक्षकहरूले पढेर सुनाइदिन्छौं। हामीलाई दिनुपर्ने सुझाव उहाँहरूले त्यहीं दिनुहुन्छ।

## शिक्षकलाई खेद्नु हुन्न

**तेजप्रसाद चौलागाई, अध्यक्ष, नेपाल शिक्षक युनियन, झापा**

आज चौतर्फी शिक्षकमाथि प्रहार भइरहेको छ। शिक्षकलाई मात्रै प्रहार गरेर हुँदैन। यसका लागि अभिभावक पनि जागरुक हुनुपर्छ। यहाँ विद्यार्थी, अभिभावक र शिक्षकबीच अन्तरक्रिया जरूरी छ। तालमेल हुनैपर्छ। यो प्रेरणा यो अन्तरक्रियाले प्रष्ट्याएको छ। अब शिक्षक यूनियन झापा पनि नयाँ कार्ययोजना बनाएर शिक्षकहरूको साथमा अभिभावकलाई पनि सहभागी बनाएर शिक्षाको गुणस्तर बढाउने कुरामा लागिपर्नेछ।

## हस्तक्षेप चाहिं गर्नु हुन्न

**शम्भु थापा मगर, उपसचिव, जिशिका, इलाम**

हामीले शिक्षाको गुणस्तर वृद्धिका लागि शिक्षालाई नि:शुल्क होइन, अनिवार्य गर्नुपर्छ। अनिवार्य गराउँदा विपन्न परिवारका केटाकेटी पनि आउँछन्। जसमा धेरै समस्या छ। उनीहरूलाई प्रोत्साहन, पुरस्कार के हुन्छ, त्यो राज्यले उपलब्ध गराउनुपर्छ। शिक्षामा बढी राजनीतिक हस्तक्षेप भयो। गाउँको चुनाव हुन छाड्यो, संसदीय चुनाव हुन छाड्यो। अब विद्यालयमा चुनाव हुन थाल्यो। यो हस्तक्षेप हुनुहुँदैन।

अर्को कुरा दोष दिने प्रवृत्ति। अरूलाई दोष दिने प्रवृत्ति, नकारात्मक सोच बढ्दै गएको छ। यसलाई न्यूनीकरण गर्न आफ्नो जिम्मेवारी र उत्तरदायित्व बोध गर्ने हो भने सम्भव छ। विद्यालयमा वेलावेला सार्वजनिक सुनुवाई हुनुपर्छ। अभिभावक, राजनीतिक दलहरूलाई पनि बोलाइनुपर्छ र स्थानीय एनजीओ, आईएनजीओ सबैलाई राखेर विद्यालयको लेखाजोखा बारे जानकारी गराउन सकियो भने अभिभावक पनि उत्साहित हुनेछन् जस्तो लाग्छ। हामीले अभिभावकको क्षमता अभिवृद्धिका कार्यक्रम ल्याइदियौं भने पनि बढी प्रभावकारी हुनसक्छ। विद्यालयमा निरीक्षण अनुगमन हुँदैन भन्ने धेरै सुन्नुपर्छ। जिल्ला शिक्षा कार्यालयमा सीमित जनशक्ति हुन्छ। १७/१८ वटा विभागीय कार्यदेखि बाहेक ५-७ वटा कार्यालयको काम पनि यहाँबाटै हुन्छ। विद्यालय निरीक्षक, स्रोत व्यक्तिहरू, विद्यालय व्यवस्थापन समिति गठन, शिक्षक नियुक्ति र विभिन्न तालीमहरू गराउँदै, फारमहरू भराउँदै उहाँहरूको दिन जान्छ। हामी भ्याउँदै भ्याउँदैनौं भन्न खोजेको होइन। तर, जनशक्ति अभावले यो गर्न नसकिएको हो। निरीक्षण चाहिं योजनाबद्ध तरीका र अनुगमनको छुट्टै पाटो खडा गरी यसलाई अगाडि लानुपर्छ भन्ने लाग्छ।

**ओमप्रसाद पाठक, अध्यक्ष, विव्यस, भगवती निमावि, सुरुङ्गा**

जति विद्यालयहरू छन् ती सबै स्थानीय तह, स्थानीयवासीको पहलमा खुलेका हुन्। शिक्षकहरूले पनि विद्यार्थी आफ्ना नानीहरू हुन् भन्ने मनमा राख्नुपर्‍यो र, १० बजेदेखि ५ बजेसम्म कर्तव्यनिष्ट भएर काम गरिदिनुपर्‍यो। राजनीतिका दस्तावेज आफ्नो झोलामा राखिदिनु भएन। त्यसको साटो शैक्षिक सामग्री झोलामा राखिदिनुपर्छ। 📖

प्रस्तुति: **चेतन अधिकारी**

शिक्षक व्यवस्थापन



डा. विद्यानाथ कोइराला

# के म योग्य शिक्षक हुँ त ?

**चिनियाँहरू भन्छन्, "हँसिलो मुख नहुनेले पसल नखोल्नु।" यो पेशेवर गुण हो। पसले हुने गुण। शिक्षक हुनेमा पनि अध्ययनहरूले अनेकन् गुण खोजे। के ती गुण ममा छन् त ? छैनन् भने म ती गुणहरू आर्जन गर्न सक्छु त ? सक्तिनँ भने म शिक्षक हुन लायक हुँ त ? शिक्षक हुन लायक छैन भने यो पेशा छोड्न तयार छु त ? आफैंलाई सोधौं।**

## हलीको कसी

डाँफा नहाली जोत्ने हली योग्य हो। राँटो नराख्ने हली योग्य हो। हलो गाडेर जोत्ने हली योग्य हो। हलो नहल्लाई जोत्ने हली योग्य हो। यी योग्यताको आधार जमीन हो। जमीनवालाको दृष्टि हो। गोरुहरू नदोब्रिने गरी जोत्ने हली योग्य हो। उनीहरूको खुट्टामा फाली लाग्न नदिने हली योग्य हो। गोरुहरूको दृष्टिमा योग्य हली। आफ्नो मेरुदण्ड नदोब्रिने गरी अनौ समाउने हली योग्य हो। ओरालोमा लामो अनौ र उकालोमा छोटो अनौ राख्ने हली योग्य हो। हलीकै दृष्टिमा योग्य। यसरी हेर्दा हलीले योग्य हुन धेरै कुरा सिक्यो। हली हुनुपूर्व अवलोकन गरेर। हली भएपछि अनुभूत गरेर। यस क्रममा उसले जान्यो- अनौको उचाइ कति राख्ने ? आफू अग्लो भए कति ? आफू होचो भए कति ? बारी भिरालो भए कति ? सम्म बारी भए कति ? उसले आफूलाई सहज हुने योग्यता बनायो। हरिस कति लामो राख्ने ? लामो हरिस भए छोट्याउनका लागि ठेडी कहाँ ठोक्ने ? छोटो भए लम्ब्याउन के गर्ने ? गोरुलाई फाली लागे के गर्ने ? गोरु नहिंडे के गर्ने ? जोत्दा जोत्दै बसे के गर्ने ? काँध बटारे के गर्ने ? काँध लागे के गर्ने ? हलो घोसे भए कसरी ठाडो पार्ने ? ठाडो भए कसरी मिलाउने ? यी र यस्ता कुरा हली आफैंले जान्दछ। नभए अरूसँग सिक्छ। यसरी एक बाली पकाउँदा हली पक्का बन्छ। गोरुधनीले भन्छ- यो हलीको हात हल्का छ। जोताइमा डाँफा हुन्न। छेउकुना सबैमा हलो पुऱ्याउँछ। बालीलाई पुग्ने गरी जोत्छ। गोरु पनि कुट्दैन। धकाए शीतलमा राख्छ। भोकाए मेलैमा खान दिन्छ। तिर्खाए पानी खुवाउँछ। थाके एकछिन थकाइ मार्न दिन्छ। त्यति वेलै आफू काम गर्छ। वेलैमा गोरु नार्छ। समयसम्म जोत्छ। जोत्न लैजाँदा पेट भरे नभरेको हेर्छ। घरमा पुऱ्याउन आउँदा बाँधेर घाँस हालिदिन्छ। आफूलाई चाहिने सरसामानको जोहो गरी जोत्न जान्छ।

## हलीको कसीमा हामी शिक्षक

हली नपढेको थियो। अब साक्षर होला। भोलि अर्ध शिक्षित। हलीको शैक्षिक योग्यता बदलिंदा पनि उसको पेशागत योग्यता त्यही हो। हुन्छ। हामी शिक्षकको पनि त्यही अवस्था हो। जुन तहमा पढाए पनि जाँच्ने कसी। जाँचिने कसी। डाँफा नहाल्ने शिक्षकले लटपट गर्दैनौं। रूरा टार्दैनौं। पाठ्यक्रमका सबै उद्देश्य पूरा गर्छौं। पाठ्यपुस्तकका सबै अवधारणा दिन्छौं। प्रश्न यहीं रह्यो- के हामी डाँफा हाल्ने हली जस्तै शिक्षक हौं त ? योग्यताहीन हौं त ? पढ पढ भन्ने। नपढाउने। हौं भने अयोग्य हौं। रूरा टार्ने शिक्षकको यो कुरा जाँचमा आउँछ। यो नपढे पनि हुन्छ भन्ने शिक्षक डाँफा हाल्ने शिक्षक हौं। गालटारा शिक्षक। राँटा राख्ने शिक्षक हुँदा कसैलाई पढाउँछौं। कसैलाई छोड्छौं। यस अर्थमा जान्नेलाई पढाउने। नजान्नेलाई छोड्ने। नियमित विद्यार्थीलाई पढाउने, अनियमितलाई छोड्ने। के हामी यसो गर्छौं त ? त्यसो भए हामी राँटा राख्ने शिक्षक भयौं। अयोग्य। हलो हल्लाउने हली जस्ता भयौं। विद्यार्थीलाई शारीरिक कष्ट दियौं त ? त्यसो भए गोरुलाई फाली लगाउने हली जस्ता भयौं। गोरु दोब्रिंदा पनि हलोमा समस्या छ कि भनी नखोज्ने हली। पाठ्यक्रम र पाठ्यपुस्तकलाई सान्दर्भीकरण गर्न नजान्दा भिरालो र सम्म बारी जोत्दा चाहिने अनौको उचाइ नमिलाउने हली। पाठ्यपुस्तकलाई जनज्ञानसँग नजोड्दा घोसे र ठाडो हलो मिलाउन नजान्ने। पढ्न नसक्ने र नजान्नेहरूलाई विशेष कार्यक्रम नल्याउँदा बसुवा गोरुलाई हिंडाउन नजान्ने हली। बालबालिकाको पीडा नबुझ्दा काँध लागे नलागेको थाहा नपाउने हली। स्कूलपछि बालबालिका के गर्छन् भनी नखोज्दा जोतेर घर आएका गोरुलाई त्यसका धनीले घाँस खाए नखाएको वास्ता नगर्ने हली। अयोग्य हली। तर डाँफा हालेनौं। योग्य भयौं। राँटा राखेनौं। योग्य बन्यौं। फाली लाएनौं। योग्य बन्यौं। काँध दुखाएनौं। योग्य बन्यौं। यसरी हेर्दा हामी योग्य शिक्षक छौं। योग्यत्तर छौं। अयोग्य पनि छौं। बाली पकाएको हली जस्तो।

## शिक्षक र विद्यार्थीको कसीमा हामी शिक्षक

योग्य र अयोग्य शिक्षक विद्यार्थीले छुट्याए। शिक्षक स्वयंले छुट्याए। बाँके, बाजुरा र कास्कीको अध्ययनले त्यसै भन्छ। *शिक्षक* पत्रिकाले भर्खरै गरेको अध्ययन हो यो। अध्ययनमा संलग्न केही शिक्षकले भने ७५ प्रतिशत शिक्षक पढ्दैनौं। नपढ्नेहरूलाई उनीहरूले अयोग्य ठाने। अन्य केहीले ठम्याए ६० प्रतिशत अयोग्य शिक्षक छौं। सोही अध्ययनका अन्य उत्तरदाताको अर्कै सोच थिए। योग्य भनेर भर्ना गरेपछि सबै योग्य हौं। तालीम र योग्यताको प्रमाणपत्रधारी सबै योग्य हौं। त्यसो भन्नेले पनि स्वीकारे रोचक ढंगले नपढाउने अयोग्य हौं। अभिभावकसँग वेलाबखतमा भेटघाट र छलफल नगर्ने अयोग्य हौं। उनीहरूकै शब्दमा 'गोठाला जस्तो लट्ठी लिएर कक्षामा जाने' अयोग्य हौं। सामाजिक कुरीति नहटाउनेहरू अयोग्य हौं। कुरीतिकै वकालत गर्ने महा-अयोग्य।

अध्ययनका उत्तरदाताले भने- जिम्मेवारी बोध गर्ने शिक्षक योग्य

हौं। बालमनोविज्ञान अनुसार पढाउनेहरू योग्य हौं। व्यवहारबाट किताबी कुरामा जोड्नेहरू योग्य हौं। किताब बाहिरका कुरा पढाएर किताब पढ्न प्रेरित गर्नेहरू योग्य हौं।

## अभिवृत्तिको कसीमा शिक्षक

पश्चिमाहरूले आत्म-मूल्याङ्कनका प्रश्नावलीहरू बनाए। अभिवृत्ति मापन प्रश्नावली। ती प्रश्नावलीहरूले प्रवृत्ति जाँचे। जाँच्न लगाए। संलग्न प्रश्नावलीले भन्छ- शिक्षक हुन र उपदेशक हुन वेग्लावेग्लै प्रवृत्ति चाहिन्छ। चिनियाँ उखान जस्तो। उनीहरू भन्छन्, "हँसिलो मुख नहुनेले पसल नखोल्नु।" यो पेशेवर गुण हो। पसले हुने गुण। शिक्षक हुनेमा पनि अध्ययनहरूले अनेकन् गुण खोजे। के ती गुण ममा छन् त? छैनन् भने म ती गुणहरू आर्जन गर्न सक्छु त? सक्तिनँ भने म शिक्षक हुन लायक हुँ त? शिक्षक हुन लायक छैन भने यो पेशा छोड्न तयार छु त? नालायक हली छुटाउँछौं। हली आफैं छुट्छ। लायक हुन हलीले प्रयास गर्छ। के त्यस्ता प्रयासहरू गर्न हामी क्रियाशील छौं त? आफूले आफैंलाई जाँचौं। जाँचमा अयोग्य ठहरिए योग्य हुने बल गरौं। सकिन्न भने मैदान खाली गरौं। हली हटे जस्तो। हली हटाइए जस्तो।

## योग्य शिक्षक बन्ने उपाय

कोही प्रवृत्तिका शिक्षक छौं। जन्मजात शिक्षक। कोही आर्जित शिक्षक। भिन्न प्रवृत्तिका तर तालीमले शिक्षक बनेका। अनुभवले शिक्षक बनेका। बाध्यताले शिक्षक बनेका। प्रवृत्तिगत हौं वा आर्जित–हामी शिक्षक हौं। दलका शिक्षक भए दलीय चिन्तन अनुसारको कक्षाकोठा बनाउन थालौं। पेशाकर्मी शिक्षक भए पेशाकर्मी शिक्षकको रूपमा काम गरौं। हली, हाम्रा शिक्षक तथा विद्यार्थीको कसी र अभिवृत्तिको कसीमा अयोग्य शिक्षक हौं भने आफूलाई बदल्न थालौं। बदल्न सजिलो छ। हलीसँग सिक्ने। कसरी राँटा मेटाउन जान्यौ भनेर। कसरी डाँफा हाल्ने बुद्धि हटायौ भनेर। कसरी बसुवा गोरु तह लगायौ भनेर। कसरी हिंडुवा तथा बसुवा दुवैखाले गोरुलाई माया गर्‍यौ भनेर। शिक्षक एवं विद्यार्थीको आँखामा असल शिक्षक बन्ने उपाय खोजेर। आत्म-मूल्याङ्कनबाट असल पेशाकर्मी बन्ने प्रयास गरेर। असल पेशाकर्मीको पदचिन्ह पछ्याएर। खराब पेशाकर्मीबाट आफूलाई अलग्याएर।

## टुंगोको टुंगो

हिजो शिक्षक भए पुग्थ्यो। पढ्नेहरू कम थिए। पढाउनेहरू कम थिए। त्यसैले हामी ठीक थियौं। विद्यार्थी पिट्ता पनि ठीक। पढाइ बन्द गरेर जन्त र जात्रा जाँदा पनि ठीक। अलि दिन नपढाए पनि ठीक। हाड घोटेर पढाए पनि ठीक। तर पनि इतिहासले मूल्याङ्कन गरेको

**हामीलाई थाहा छ– हलीले नजोते निकाल्छौं। गोरु नहिंडे बदल्छौं। हलो काम नलागे मिलाउँछौं। के त्यही बुद्धिलाई हाम्रो पेशामा मिलाउन सक्तैनौं र ? के योग्य शिक्षकहरूको आधिपत्य कायम गर्न सक्छौं त ? योग्य र अयोग्यको बीचमा रहेका शिक्षकहरू पेशाकर्मी बन्न थाल्छौं त ?**

थियो। पढाउने शिक्षक। ठग शिक्षक। हराम शिक्षक। अब स्थिति बदलिएको छ। विकल्पहरू पर्याप्त छन्। सरकारी स्कूलले नपढाउँदा निजीमा जाने। निजीमा नपढाउँदा राम्रा सरकारी स्कूलमा जाने। सके घरपायकमा पढ्ने। पढाउने। नसके आवासीय गरिदिने। त्यस्तै शिक्षक हुनेहरू पनि बग्रेल्ती छौं। लालबन्दी र कालीमाटीको तरकारी पसल जस्तो। जहाँ किने पनि हुने। यो स्थितिमा हामीले सोच्नै पर्छ। शिक्षक पेशामै बस्ने भए गतिलो शिक्षक बन्न। लटपट गर्ने भए जागीर छोड्नै पर्छ। बजारका मेधावीलाई पेशाकर्मी बन्न दिने। बाल अधिकारकर्मी त्यसै भन्छन्। प्रणालीगत सक्षमता (systemic efficiency) खोज्नेहरू त्यसै भन्छन्। भ्रष्टाचार विरुद्ध काम गर्नेहरू त्यसै भन्छन्। नपढाउने शिक्षक भ्रष्टाचारी हौं। पढाउन नजाने सिकौं। भ्रष्टाचारी शिक्षक नबनौं। एक बाली पकाएको हली पक्का बने जस्तो। एक व्याच पढाएका शिक्षक योग्य छौं भन्ने सन्देश दिऔं।

मेरो टुंगो हो- शिक्षक योग्य छौं। तर थोरै। योग्य र अयोग्यको दोसाँधमा छौं। धेरै त्यस्ताहरूले योग्य हुन बल गरौं। केही अयोग्य छौं। कि प्रयास गरौं कि शिक्षक पेशा छोडौं। हाम्रो हेलचेक्र्याइँले बालअधिकार अवरुद्ध हुन्छ। पैसा लिने काम नगर्ने हुँदा हामी भ्रष्टाचारी ठहर्छौं। मिहिनेत नगरी खाने हराम बन्छौं। हामीलाई थाहा छ- हलीले नजोते निकाल्छौं। गोरु नहिंडे बदल्छौं। हलो काम नलागे मिलाउँछौं। के त्यही बुद्धिलाई हाम्रो पेशामा मिलाउन सक्तैनौं र? के योग्य शिक्षकहरूको आधिपत्य कायम गर्न सक्छौं त? योग्य र अयोग्यको बीचमा रहेका शिक्षकहरू पेशाकर्मी बन्न थाल्छौं त? दोष कतै होला। अनपेक्षित नीति। राजनीतिक अन्योल। अव्यावहारिक पाठ्यक्रम। जीवनसँग नजोडिएको पाठ्यपुस्तक। शिक्षाशास्त्रमा पढाउने हामी जस्ता शिक्षक। तालीम कार्यक्रम। यसरी बाहिर दोष देख्नेहरू बाह्य समालोचक (outwardly critical) हौं। शिक्षक हुनुभन्दा अगाडिका दोषी। शिक्षक भइसक्यौं। आफ्नो अयोग्यता ढाक्न अरूलाई दोष दिएर पुग्छ र? हलो, गोरु, जुवा, जोतारो र हल्लुड लिएर खेतबारीमा पुगिसक्यौं। बाली लगाइसक्यौं। जति दोष अरूलाई दिए पनि खेतबारी जोत्नु छ। डाँफा नराखी। राँटा नपारी। गोरुलाई दुःख नदिई। आफूलाई अप्ठेरो नबनाई। पेशागत हरामीपनाबाट बच्नु छ। त्यसैले आफैंमा समस्या खोजौं। आत्म-समालोचक (inward critical) बन्न थालौं। बाह्य-समालोचक बन्नाले आत्मरति त हुन्छ। पेशाकर्मी बन्दैनौं। आत्मालोचक भएमा परदोष घटाउँछौं। पहिले शिक्षक हुन थाल्छौं। योग्य शिक्षक। अनि बाह्य-समालोचक बन्दा आफूमा तागत आउँछ। योग्य शिक्षक बन्ने तागत। योग्य बनेरै अयोग्यलाई भन्ने तागत। अन्यथा ठेला पास हुन्छ। (bulk passing)। शिक्षकले प्राध्यापकलाई। पाठ्यक्रमलाई। पठनपाठनलाई। तर बालबालिकालाई भने अन्याय नै हुन्छ। बिरालोको ख्यालख्यालमा मुसाको छ्यालव्याल जस्तो।

**द्रष्टव्यः** हली संकेत हो। सांकेतिक संवाद। सांकेतिक अर्थ्याइ। (symbolic interactionism)। शिक्षक हली हो। हली शिक्षक हौं। यस अर्थमा सादृश्यता (analogical)। शिक्षक र विद्यार्थीका अनुभूति हाम्रा पृष्ठपोषण हुन्। जग्गाधनीको अनुभूति हलीलाई पृष्ठपोषण भए जस्तो। बालबालिका खेतबारी हुन्। जोत्नुपर्ने। खेती गर्नुपर्ने। जनवादी, व्यावहारिक, जनमुखी, समाजवादी, राष्ट्रवादी, वैज्ञानिक शिक्षाको वकालत गर्दा हली गतिलो गुरु मानिन्छ। मानौं। म पनि एउटा हली हुँ। अनुभवबाट सिक्ने। पृष्ठपोषणबाट सिक्ने। सहकर्मीबाट सिक्ने। वर्ष दिनको बाली पकाएपछि योग्य हली भए जस्तो। वर्ष दिन पढाएपछि योग्यतर शिक्षक बनौं।

कक्षाकोठा



नेत्र दाहाल

# पढाइ सीपको विकास: १९ पाइला

**बोधगम्य पढाइ त्यस्तो आधारभूत सीप हो जसमा सम्पूर्ण औपचारिक शिक्षा निर्भर गर्छ। जुन बच्चाले समयमै राम्रोसँग पढ्न सक्दैन, उसले अन्य सीप र ज्ञानमा निपुणता हासिल गर्न सक्दैन। कक्षा १ मा पढाइमा कमजोर भएका ८० प्रतिशत विद्यार्थी प्राथमिक विद्यालयभरि नै पढाइमा कमजोर पाइने गरेका छन्।**

हाम्रो जीवनको स्तर उकास्न शिक्षाको सर्वाधिक महत्त्व रहेको छ भन्ने कुरामा कुनै द्विविधा छैन। त्यसैले हाम्रो समाजले शिक्षामा क्रमश: लगानी बढाउँदै लगेको छ। बितेका चार दशकमा नेपालले प्राथमिक तहको शिक्षामा पहुँच र भर्ना भएका विद्यार्थीलाई कक्षामा टिकाउने कुरामै आफूलाई केन्द्रित गर्दै आएको छ। पहुँचको सवालमा उल्लेखनीय रूपमा उपलब्धि हासिल भइसकेको छ। तथापि शिक्षाको स्तर खासगरीकन विद्यार्थीको सिकाइ चाहिं उल्लेखनीय रूपमा अभिवृद्धि हुनसकेको छैन। राष्ट्रको विकास, व्यक्तिको सफल जीवन, सामाजिक स्थायित्व आदि कुराहरू शिक्षाबाट प्राप्त हुने लाभ हो भन्नेमा सबै जानकार छन्। तर शिक्षाबाट प्राप्त हुने लाभको दायरा त्यसबखत मात्र उल्लेखनीय रूपमा फराकिलो हुन जान्छ, जब विद्यालय गएका बच्चाहरूले साँच्चिकै सिकिरहेका हुन्छन्। वास्तवमा विद्यार्थीको सिकाइ स्तर विकासशील विश्वमा धेरै नै तल छ। संयुक्त राष्ट्र संघीय संगठन युनेस्कोद्वारा सन् २०१२ प्रकाशित सबैका लागि शिक्षा सम्बन्धी अनुगमन प्रतिवेदनले प्राथमिक तहमा पढ्न जाने उमेरका एशिया प्रशान्त क्षेत्रका मात्र कम्तीमा २० करोड बालबालिका पढ्न, लेख्न र गन्न जान्दैनन्। यहाँसम्म कि प्राथमिक तह पूरा गरेका बालबालिकाको समेत न्यूनतम सिकाइ उपलब्धि भेटिंदैन। धेरै थरीका मूल्याङ्कनहरूले के कुरा सुझाएका छन् भने, विद्यार्थीहरूमा पठन सीपको यथोचित विकास भएको छैन, त्यसैले गर्दा उनीहरूलाई विशेष सहयोगको खाँचो छ।

त्यसैले, यो अवस्थामा सुधार ल्याउन सर्वप्रथम कक्षाको सिकाइ प्रगतिको अवस्था मूल्याङ्कन गरिनुपर्दछ। र, कक्षामा सिकाउने प्रक्रिया र तरीकाहरूको पनि पुनर्मूल्यांकन गरिनुपर्दछ। त्यस्ता मूल्याङ्कनहरूले के कुरा स्पष्ट गरेका छन् भने ६० प्रतिशत केटाकेटीहरूले सम्बन्धित तहको पठन स्तर हासिल गर्न सकेका छैनन्। थप, एउटै कक्षामा पनि पढाइ सीपको स्तरमा पनि ठूलो अन्तर भेटिन्छ। यसको सोझो अर्थ हो, भाषा सिकाइ र पठन सीपको स्तरका कारण विद्यार्थीको सिकाइमा ठूलो संकट आइपरेको छ। र, यो समस्या तुरुन्तै समाधान गर्न ठोस पहल गरिनुपर्दछ, जसले विद्यार्थीको निम्ति चाहिने पठन र लेखन क्षमताको प्रत्याभूति गरोस्।

पठन सीप कक्षाको सिकाइको निम्ति अत्यन्त आधारभूत सीप हो। पठन क्षमता मार्फत नै बालबालिकामा निर्धारित पाठ्यक्रमका ज्ञानहरूमा पहुँच सुनिश्चित हुने हो। पठन क्षमता बोधसित सम्बन्धित छ र यो नै सिकाइको निम्ति सबभन्दा निर्णायक हुन्छ। अत: बालबालिकाले पढेर सिक्ने क्षमता राम्रो भए मात्र यसले नै हरेक बालक/बालिकाको समान रूपमा सिक्न पाउने अवसरको प्रत्याभूति गर्दछ। र, जुन बच्चाले प्रारम्भिक चरणमा पढ्न सक्दैन, ऊ भोलि गएर ज्ञान र सीपमा पारंगत हुनसक्दैन। यदि एक पटक बच्चा पछाडि पऱ्यो भने उसले आगामी वर्षहरूमा उत्कृष्टता हासिल गर्न निकै कठिन हुन्छ। पढ्नमा कमजोर बच्चाहरू लेख्नमा पनि स्वत: कमजोर हुन पुग्छन्। बच्चाहरू कक्षा चढ्दै जाँदा यो खाडल पनि स्वत: बढ्दै जाँदा 'धनी झन् धनी, गरीब झन् गरीब' भन्ने उखान यहाँ पनि पुनरावृत्त हुन जान्छ। र, जान्ने विद्यार्थी झन् जान्ने, नजान्ने विद्यार्थी झन् नजान्ने हुनपुग्छन्। त्यसैले शुरूका ३ कक्षाभित्रै सबै विद्यार्थीमा राम्रोसित पढ्ने/पढेर सिक्ने क्षमताको विकासको प्रत्याभूति हुनु अत्यावश्यक छ। यो नै बालबालिकाको सिकाइको सबभन्दा महत्त्वपूर्ण आधार हो। यो कार्य अवश्य पनि चुनौतीपूर्ण छ तर असम्भव चाहिं छैन।

## हाम्रो परिवेश

सामान्यतया पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण-सिकाइ प्रक्रियाको प्रकृतिले सिकाइमा ठोस प्रभाव पार्नुपर्ने हो। पाठ्यक्रमले धेरै नै सीप, धैर्य र प्रयत्नहरूको माग गर्दछ। तदनुरुपको गुण र क्षमता हाम्रा धेरै शिक्षकहरूमा भेटिंदैन। विद्यार्थीहरू तल्ला कक्षाहरूमा प्रवेश गर्दा उनीहरूको जीवनका वास्तविक आवस्थाहरूमाथि ध्यान पुऱ्याइएको हुँदैन। धेरै विद्यार्थीहरूले शिशु (प्रारम्भिक बालविकास केन्द्र) कक्षा लिएका हुँदैनन्। उनीहरूलाई पढ्नको लागि घरको सहयोग अति कम हुन्छ र विद्यालय बाहिरको पाठ्य सामग्रीमा उनीहरूको पहुँच पनि कम हुन्छ। उनीहरू मातृभाषाको पृष्ठभूमिबाट आएका हुन्छन्। पाठ्यक्रमले ध्यान नपुऱ्याएका यस्तै अन्य तत्वहरू पनि छन्। धेरै शिक्षकहरूले यी सवालहरूमा ध्यान दिंदैनन्। बरु पढाएको कुरा सम्पूर्ण वा अधिकांश विद्यार्थीले बुझे नबुझेको र अभ्यास गरे नगरेको मूल्याङ्कन नगरिकन

धेरैभन्दा धेरै पाठहरू सक्नु नै उनीहरूको प्रमुख चासोको विषय हुन्छ। एउटा कक्षाको अन्त्यमा विद्यार्थीले हासिल गरेको पढाइ क्षमतालाई माथिल्लो कक्षाका नयाँ विषय, फरक शिक्षक, भिन्न वातावरण साथै अर्को कक्षाको स्तरमा कसरी समन्वय गर्ने जस्ता विषयमा उपयुक्त किसिमले सम्बोधन हुनसकेको छैन।

कुनै पनि बालबालिका पछि नपरुन् र सबैलाई फाइदा पुऱ्याउने सुव्यवस्थित अभ्यासहरू अवलम्बन गरेर बालबालिकाले कसरी पढ्न सिक्दछन् भन्ने सम्बन्धमा केही विश्वासहरू छन्। विना बोध पढाइको कुनै अर्थ छैन। प्राथमिकताका आधारमा आजको शिक्षाको पद्धति हेर्दा– साक्षरता विकास– गणितीय ज्ञान– सामाजिक ज्ञान हुँदै– विज्ञान र प्रविधिलाई स्वीकार गर्नुपर्ने हुन्छ। बालबालिकासँग उनीहरूमा अन्तर्निहित बौद्धिकताको आधारमा सिक्ने क्षमताहरू फरक फरक हुन्छन् भन्ने साझा विश्वास विश्वव्यापी रहेको छ। कक्षाका अन्य विद्यार्थीसँग पदचाप मिलाएर हिंड्न नसक्ने विद्यार्थीलाई सुस्त सिकारुको दोषारोपण गरिन्छ। अपर्याप्त सिकाइको दोष विद्यार्थी र उनीहरूको पारिवारिक पृष्ठभूमिलाई लगाउने गरिन्छ। किनकि यसले सम्पूर्ण बालबालिकालाई आवश्यक सीप सिकेको सुनिश्चित गर्ने जिम्मेवारीबाट सिकाइ प्रणालीलाई उन्मुक्ति दिन्छ।

बोधगम्य पढाइ त्यस्तो आधारभूत सीप हो जसमा सम्पूर्ण औपचारिक शिक्षा निर्भर गर्छ। जुन बच्चाले समयमै राम्रोसँग पढ्न सक्दैन उसले अन्य सीप र ज्ञानमा निपुणता हासिल गर्न सक्दैन। त्यस्तो बच्चाले विद्यालयमा राम्रो गर्न सक्दैन र उसलाई जीवनभर एकदमै सीमित अवसरहरू मात्र प्राप्त हुन्छन्। यसले व्यक्ति र समाज दुवैलाई प्रभाव पार्दछ। उदाहरणका लागि कक्षा १ मा पढाइमा कमजोर भएका ८० प्रतिशत विद्यार्थी प्राथमिक विद्यालयभरि नै पढाइमा कमजोर नै हुन्छन्। त्यसकारण बालबालिकाले कम उमेरमै पढ्न र राम्रोसँग लेख्न सिक्नुपर्दछ।

पढाइ सीप विकासलाई केन्द्रमा राखेर उपयोगी क्रियाकलाप गर्न सकियो भने त्यसले ठोस उपलब्धि अवश्य पनि दिन्छ। त्यस्ता केही क्रियाकलापहरू यसप्रकार छन्:

## १. कक्षामा पाठको शुरूदेखि अन्त्यसम्म सक्रिय रूपमा बालबालिकालाई सहभागी गराऔं

हरेक सिकाइमूलक कार्यमा बालबालिकालाई सक्रिय रूपमा संलग्न गराउनुपर्दछ। शिक्षकको प्रस्तुतिपछि दोहोऱ्याउने र वेलाबखत कालोपाटीबाट सार्ने काम आवश्यक हुन सक्दछ। तर यसलाई सक्रिय सहभागिता भनिंदैन र कक्षामा नियमित रूपमा यसो गर्नु पनि हुन्न। पाठका आधारमा तयार क्रियाकलापमा विद्यार्थीलाई सक्रिय सहभागी हुने वातावरण बनाउनुपर्छ। लामो समयसम्म विद्यार्थी निष्क्रिय श्रोता हुने खालको शिक्षणको कामै छैन। विद्यार्थी सक्रिय रूपमा सहभागी हुनका लागि कक्षाकोठामा शिक्षकको भन्दा बढी विद्यार्थीका आवाजहरूको सुनुवाइ हुनुपर्दछ।

## २. अभ्यासका लागि समय बढाऔं

अभ्यासका लागि समय बढाउन शिक्षकहरूले प्रभावकारी योजना तयार गर्नुपर्दछ। स्पष्ट साप्ताहिक योजना वा हरेक पाठयोजना, स्पष्ट क्रियाकलाप र सामग्रीहरू तयार गर्नुपर्दछ। भाषा शिक्षणका लागि छुट्याइएको पाठ्यभार अनुसारको समय अति कम छ। अध्ययन अनुसार भाषाको आधार दरिलो बनाउन भाषा शिक्षणलाई मात्र बार्षिक एक हजार घन्टा छुट्याइनु राम्रो मानिन्छ।

## ३. सम्पूर्ण कक्षा छलफल, समूह कार्य, दौतरी छलफल र एकल अभ्यासलाई प्राथमिकता दिऔं

प्रभावकारी कक्षा व्यवस्थापनका लागि विभिन्न क्रियाकलाप आवश्यक पर्दछन्। उदाहरणका लागि, मौन पठन वा चिठी लेख्ने अभ्यास विद्यार्थीहरूले एक्ला एक्लै गर्नु राम्रो हुने भए तापनि पढेर उत्तर दिने काम दौतरी, समूह वा सम्पूर्ण कक्षामा गराइनु उत्तम हुन्छ। राम्रो कक्षा व्यवस्थापनले विद्यार्थीमा विभिन्न सीपहरूको विकासमा सहयोग पुऱ्याउँदछ। पढाइ र लेखाइ सीप सिकाइका लागि कक्षा व्यवस्थापन कौशल महत्त्वपूर्ण हुन्छ। विभिन्न खाले कक्षाकोठाको व्यवस्थापनले कक्षालाई रोचक बनाउनुका साथै अभ्यासको समय पनि बढाउँदछ।

सिकाइ मूलत: सामाजिक क्रियाकलाप भएकाले दौतरीहरू समक्ष आदानप्रदान गर्ने कुरा थाहा पाएमा बालबालिकाको निम्ति त्यो बढी रोचक हुन्छ र उनीहरू बढी परिश्रम पनि गर्दछन्। तसर्थ, कक्षाकोठामा सामाजिक सिकाइको वातावरण हुनै पर्दछ, जहाँ शिक्षकले सहयोग तथा सहकार्यका लागि हौसला जगाउनुका साथै नमूना प्रदर्शन गर्नु राम्रो हुन्छ।

## ४. विद्यार्थीको स्तर अनुसार सिकाइको क्षेत्रलाई तय गरौं

विद्यार्थीको स्तर अनुसार सिकाइको क्षेत्र 'स्वतन्त्र रूपले समस्या-समाधान गर्न सक्ने विकासको वास्तविक स्तर र प्रौढ अथवा जान्ने साथीको सहयोग पाएपछि समस्यालाई समाधान गर्न सक्ने सम्भावित विकासको स्तर' बीचको दूरी हो। यस्तो दूरीले बालबालिकाको विकास प्रक्रियामा रहेको ज्ञानात्मक सीपहरूलाई ग्रहण गर्दछ र अरूको सहयोगबाट मात्र यो पूर्ण हुन सक्दछ। सम्पूर्ण सिकाइ यस परिधिभित्र हुने गर्दछ। यसलाई सामान्य अर्थमा भन्नुपर्दा, कक्षाकोठाभित्र सम्पन्न हुने क्रियाकलाप ज्यादै सरल वा ज्यादै कठिन दुवै हुनुहुँदैन।

## ५. बालबालिकाको सिकाइ स्तर बुझेर टेवा दिऔं

सिकाइलाई टेवा दिंदा राम्रो सीपयुक्त शिक्षकले बालबालिकाको विकासका लागि सहयोग प्रदान गर्दछ। अभ्यास सम्पन्न गर्न विद्यार्थीलाई एक्लो छाडिंदैन। बालबालिकाको ज्ञान एवं सिकाइको क्षमता वृद्धि हुँदै जाँदा शिक्षकको सहयोग र भूमिका क्रमश: घट्दै जानुपर्छ। कक्षाकोठाभित्रका प्रक्रियाहरूलाई साना, चुनौतीपूर्ण अभ्यासहरूमा विभाजन गर्नुपर्दछ जसले बालबालिकाको सिकाइलाई क्रमश: अभिवृद्धि गर्दछ। सिकाइका क्रममा साना कदमहरू उठाउँदा एवं निरन्तर रूपमा दोहोऱ्याउँदा तथा सङ्गठित गर्दा सिकाइ बढी उपलब्धिमूलक हुन्छ। तसर्थ, पूर्व-पठन सहयोगका रूपमा कुनै पनि नयाँ क्रियाकलाप शिक्षकले शीर्षकको सारांश प्रस्तुत गरिदिएर, नयाँ शब्दहरूको व्याख्या गरिदिएर र पृष्ठभूमिको जानकारी प्रस्तुत गरेर शुरू गर्दा राम्रो मानिन्छ। अभ्यास पुस्तिकाहरूले पनि शुरूमा तस्वीरको माध्यमबाट संकेत प्रदान गरेर सहयोग पुऱ्याउँदछन्। यस्ता तस्वीर संकेतहरूलाई विस्तारै हटाउँदै जानुपर्दछ।

## ६. दैनिक पाठको अर्थपूर्ण तरीकाले पुनरावलोकन गरौं

पहिलो पटक अध्यापन गरेको सम्पूर्ण कुरा विद्यार्थीले सम्झन सक्दछन् भन्ने अपेक्षा गरिनुहुन्न। प्रत्येक नयाँ अवधारणालाई नयाँ नयाँ तरीकाहरू प्रयोग गरी सिकाउनुपर्छ। यसो गर्दा हरेक पटक

पुनरावलोकन गरिनुपर्दछ। यसले संज्ञानलाई पुनर्बल प्रदान गर्दछ र विद्यार्थीको स्मरणमा टेवा प्रदान गर्दछ। यसरी शिक्षकले विद्यार्थीको पुरानो ज्ञानलाई नयाँ पाठहरूको सिकाइ अवधिमा भरपूर प्रयोग गर्न सक्दछन्।

## ७. अभ्यास गर्ने समयको सही प्रयोग गरौं

कुनै पनि नयाँ सिकाइलाई आन्तरिकीकरण गर्न अभ्यास महत्त्वपूर्ण हुन्छ। साइकल चलाउनु, पौडिनु वा पढ्नु जस्ता कुनै पनि नयाँ सीप सिकाइका लागि आधार शक्तिशाली हुन्छ। विस्तृत रूपमा अभ्यास गर्ने अवसर नपाउँदा बालबालिकाले सिकेको कुरा बिर्सने सम्भावना हुन्छ। अभ्यासका लागि जति बढी समय प्राप्त हुन्छ त्यति नै बढी सिकाइ स्थायी हुने सम्भावना रहन्छ। अभ्यासमा पढाइ र लेखाइ दुवैको अभ्यास संलग्न रहन्छ।

## ८. उत्प्रेरणा जगाऔं

बालबालिकाले कति सिक्दछन् भन्ने कुरामा अभिप्रेरणाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। उत्प्रेरित विद्यार्थीमा उद्देश्य हासिल गर्ने धैर्य हुन्छ र उनीहरू सिकाइका लागि समय दिएर मिहिनेत गर्न तयार हुन्छन्। उनीहरू जति बढी उत्प्रेरित हुन्छन् त्यति नै बढी सिक्न सक्दछन्। शिक्षकहरूले विद्यार्थीका उपलब्धिलाई सम्मान गरेर, आत्मविश्वास जगाउन सहयोग गरेर, उनीहरूको निम्ति पर्याप्त 'स्पेश' दिएर, उनीहरूको रुचिसित सिकाइलाई जोडेर र निरन्तर रूपमा सीप विकासका लागि सहयोगी हुने पृष्ठपोषण प्रदान गरेर उत्प्रेरणा वृद्धि गर्न सकिन्छ।

## ९. क्षमतागत समूह निर्माण नगरौं

अनुसन्धानबाट के कुरा पत्ता लागेको छ भने, जब कुनै कक्षामा सम्पूर्ण विद्यार्थीलाई एउटै कार्यक्रम दिइन्छ वा एउटै पाठ्यक्रम अवलम्वन गर्दछन्, क्षमतागत समूह निर्माणले कक्षाकोठाभित्रको सिकाइमा सुधार गर्दैन। वास्तवमा, क्षमतागत समूहहरूले नोक्सानी पुऱ्याउँदछन् किनकि यिनीहरूले केही विद्यार्थीहरूलाई 'सुस्त सिकारु'को संज्ञा दिन सक्दछन्। यी विद्यार्थीहरूले आफू 'फुर्तिलो' नभएको र सिकाइका लागि 'सक्षम' नभएको भन्ने सन्देश पनि प्राप्त गर्दछन्। यस्ता विद्यार्थीले प्राय: त्यस्ता सन्देशहरूलाई आत्मसात गर्दछन्, आत्मविश्वास गुमाउँदछन् र परिणामस्वरूप कक्षाकोठामा पनि कम सिक्दछन्। यसले कमजोर बालबालिकालाई आफ्ना साथीहरूबाट सिक्न मद्दत पनि पुऱ्याउँदैन।

## १०. सिकाइमा सन्तुलित पद्धति अवलम्बन गरौं

सन्तुलित पद्धति स्पष्ट रूपमा भाषाका चारै पक्षलाई विकास गर्ने खालको शिक्षणमा बढी जोड दिन्छ। ध्वनि सम्बन्धी शिक्षणमा ध्वनिको उच्चारण तथा वर्णात्मक सचेतना, शब्द पठन र वर्ण तथा शब्दलेखन जस्ता अवयवहरू संलग्न हुन्छन्। अर्थ खोज्ने शिक्षणमा कथा वाचन, सस्वर पठन, संवाद, छलफल, समूह पठन र चित्र कोर्ने जस्ता क्रियाकलापहरू संलग्न हुन्छन्। पढाइ र लेखाइ कठिन सीपहरू भएकाले दुवै खाले विषयवस्तुलाई वर्षभरि नै फरक मात्रामा एकैसाथ पढाउन राम्रो हुन्छ। पढाइ र लेखाइ दुवैका लागि अर्थमा आधारित कामका साथै दुरुस्तता र शुद्धतामा जोड दिने काम हरेक दिन गर्नुपर्दछ।

## ११. अभ्यासका लागि महत्त्वपूर्ण समय समर्पण गरौं

कक्षा १ र २ का विद्यार्थीलाई श्रेणीकृत पुस्तक समेत उपलब्ध गराएर पढाइ सीपको अभ्यासका लागि विशेष समय प्रदान गरिनुपर्दछ। उदाहरणका लागि, विद्यार्थीको स्वतस्फूर्तता विकास गर्नका लागि वर्षभरिकै समय जरूरी हुन्छ। बालबालिकालाई उत्प्रेरित गरी ध्वनि सचेत गराउने, भाषिक अक्षर वा शब्दाभ्यासमा परिचित गराउने, शब्द भण्डार विकास गराउने, स्पष्ट र स्वतस्फूर्त पढाइमा जोड दिने साथै बुझेर पढ्ने गराउन छुट्याइएको समय पर्याप्त छैन। लेखन अभ्यास पढाइ सीपको अध्यापनबाट अलग होइन। प्रस्तुत पाठका आधारमा, सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ अभ्यासहरूबीच स्पष्ट तालमेल हुनुपर्दछ।

## १२. सिकाइका लागि सामग्री र आकर्षक कक्षाकोठा बनाऔं

अनुसन्धानबाट उजागर भएको छ कि आकर्षक छपाइ सामग्री सहितको वातावरण नै शिक्षण विकासको जग हो। कक्षाकोठाको वातावरण आकर्षक बनाउन सिकाइ सामग्री पनि आकर्षक हुनुपर्दछ। बालबालिकालाई कथाका पुस्तक, भित्ते शब्द पोस्टर वा विद्यार्थीको जीवनसँग सम्बन्धित पूर्वानुमान गर्न सकिने र परिचित भाषामा छपाइ सामग्रीले सिक्ने अवसर प्रदान गर्दछ। साथै, कक्षालाई विद्यार्थी र शिक्षकबाट निर्मित सामग्रीहरूले पनि सजाएर झकिझकाउ पार्न सकिन्छ, जसले बालबालिकालाई कक्षामा बसिरहुँ जस्तो बनाइदिन्छ।

## १३. सिकाइ सामग्रीमा पहुँच सुनिश्चित गरौं

बालबालिकालाई पढाइ सीप विकासका लागि पाठ्यपुस्तक मात्र पर्याप्त हुँदैन। प्रायजसो, पाठ्पुस्तक सान्दर्भिक र बालबालिकाको स्तर अनुरुप उपयुक्त हुँदैनन्। त्यतिकै महत्त्वपूर्ण कुरा के छ भने बालबालिकालाई विभिन्न प्रकार र शैलीका सामग्रीहरू पढ्ने अवसर प्रदान गरिनुपर्दछ। उदाहरणका लागि, कक्षा १ र २ का सामग्रीहरूमा वर्ण पत्ति, व्यञ्जन-स्वर पत्ति, शब्द पत्ति, संवाद चार्ट, सरल पाठ्यवस्तुहरू (कविता र कथाका किताब आदि) तथा अभ्यास लेखनका लागि उपयुक्त त्रियाकलाप सहितको अभ्यास पुस्तिका जरूरी पर्दछन्।

## १४. कक्षामा मौखिक क्रियाकलाप, पढाइ र लेखाइको मिश्रण गराऔं

मौखिक क्रियाकलाप, पढाइ र लेखाइ सीपहरू सिकाइमा एकअर्काका परिपूरक हुन्छन् र यी सीपहरू एकआपसमा पुनर्बल प्रदान गर्ने खालका हुन्छन्। शिक्षकले भनेका सबै कुराहरू सुनिँदैनन्, सुनेका कुराहरू बुझिँदैनन्, बुझेका कुराहरू सही हुँदैनन्, सही भएका कुराहरू व्यावहारिक वा सबैको एउटै बुझाइ हुँदैनन्। त्यसैले शिक्षण सिकाइ क्रमिक र स्तर अनुसार मौखिक क्रियाकलाप, पढाइ र लेखाइको मिश्रण हुनु जरूरी हुन्छ।

## १५. सिकाइमा बोधका क्रियाकलापमा ध्यान दिऔं

बोध पढाइ सीपका लागि, पढाइ सूचना प्राप्त गर्नका लागि र पढाइ आनन्दका लागि आवश्यक हुन्छ। यदि बालबालिका शब्द पढ्न सक्दछन् तर आफूले के पढिरहेको भन्ने बुझ्दैनन् भने

उनीहरू वास्तविक रूपमा पढिरहेका हुँदैनन्। बोधका लागि पढाउनै पर्दछ। पढाउन सकिन्छ। बोधका रणनीति र योजनाहरू छन्। विद्यार्थीले पाठ्यवस्तुको अर्थ लगाउने चरणका सेटहरू हुन्छन्। बोध रणनीति प्रशिक्षणले विद्यार्थीलाई आफ्नो पढाइ आफैं नियन्त्रण गर्न सक्ने उद्देश्यमूलक, सक्रिय पाठक हुन सहयोग पुऱ्याउँदछ। प्रारम्भिक कक्षाहरूमा विद्यार्थीलाई बोधजन्य सीपहरू विकास गर्नका लागि सहयोग पुऱ्याउन शिक्षकले प्रयोग गर्न सक्ने सबैभन्दा बढी शक्तिशाली विधिमध्येको हो, विद्यार्थीलाई प्रश्न गर्नु। अनुसन्धानबाट थाहा लागे अनुसार शिक्षकको प्रश्न गराइले विद्यार्थीको सिकाइलाई ज्यादै टेवा दिनुका साथै गति प्रदान गर्दछ। प्रतिक्रिया दिने, काम गरेर देखाउने, बुझेको कुरा आफ्नै तरीकाले भन्ने साथै विद्यार्थीहरूले पनि शिक्षकलाई प्रश्न गर्न सक्दछन्। कक्षा १ को प्रारम्भबाट नै मौखिक बोधजन्य प्रश्न गरी प्रश्न सोध्ने बानीको सुरुआत हुन सक्दछ।

## १६. सिकाइका लागि पर्याप्त समय छुट्याऔं

प्राथमिक कक्षाका प्रारम्भिक चरणहरूमा भाषा केवल अर्को विषय मात्र होइन। यो सञ्चार तथा संवेगात्मक विकासको माध्यम पनि हो। गणित, विज्ञानमा प्रारम्भिक अवस्थामा भाषामा प्रवीणता हासिल गर्नका लागि समय तालिकामा भाषालाई यथेष्ट समय छुट्याइनुपर्दछ। अनुसन्धानले देखाएको छ कि प्राथमिक कक्षाका प्रारम्भिक जीव तथा अन्य विषयको सिकाइका लागि भाषाको अपरिहार्य स्थान हुन्छ। त्यसैले प्राथमिक तहका शुरूका कक्षामा भाषा शिक्षण-सिकाइका लागि कम्तीमा वार्षिक एक हजार घण्टा छुट्याइनु पर्दछ, जसले सबै विषयको सिकाइको स्तर राम्ररी बढाउन महत्त्वपूर्ण भूमिका खेल्दछ।

## १७. स्वतस्फूर्त सीपहरूको विकासमा जोड दिऔं

स्वतस्फूर्त पाठकहरूले शब्दहरूको अर्थ लगाउन ध्यान केन्द्रित गर्नुपर्दैन– उनीहरू अर्थ निकाल्नमा केन्द्रित हुन सक्दछन्।

- कम स्वतस्फूर्त पाठकहरूले शब्दहरू चिन्नेतर्फ जोड दिनुपर्दछ– उनीहरूसँग अर्थ निर्माणका लागि केन्द्रित हुने थोरै समय हुन्छ र ध्यान कम केन्द्रित हुन्छ। स्वतस्फूर्त विकासका लागि निर्देशित वा अनुगमन सहितको सस्वर पठन सबभन्दा राम्रो रणनीति हो। सस्वर पठन गरी स्वतस्फूर्त विकास गर्नका लागि तीन प्रमुख बुँदाहरू भनेको नमूना प्रस्तुति, सहयोग र अभ्यास हुन्।
- नमूना प्रस्तुत गर्ने–विद्यार्थीहरूको स्वतस्फूर्त वृद्धि गर्ने तरीकाहरूमध्येको एक शिक्षकले स्वतस्फूर्त पठन नमूना प्रस्तुत गरेको सुन्नु हो।
- सहयोग गर्ने– सस्वर पठन गर्दा के महत्त्वपूर्ण हुन्छ भने शिक्षकले आवश्यकता अनुसार विद्यार्थीहरूलाई सहयोग गर्नुपर्दछ र विद्यार्थीहरूले गल्ती गरेको बखत उनीहरूका गल्ती सच्याइदिने गर्नुपर्दछ। शिक्षक र विद्यार्थीहरूले एकैसाथ सस्वर पठन गर्न सक्दछन्।
- अभ्यास गर्ने– विद्यार्थीका लागि अर्को महत्त्वपूर्ण रणनीति भनेको सस्वर पठनलाई अभ्यास गर्ने (दुई जनाको बीचमा वा साना समूहहरूमा, र अत्यधिक सामूहिक वा मौन पठन गर्ने)।

स्वतस्फूर्त अभ्यास विद्यार्थीहरूले ९०-९५ प्रतिशत शब्दहरू पढ्न सक्ने ५०-२०० शब्दको सरल पाठ्यसामग्री विकास गर्नु उत्तम हुन्छ। जब विद्यार्थीहरूले आफ्नो स्वतस्फूर्त सीपहरू विकास गर्दछन्, उनीहरूलाई मौन पठनका लागि समय दिइनुपर्दछ।

## १८. कक्षा २ मा बोध सीप विकासमा ध्यान दिऔं

बोध स्वतः हुँदैन- यसका लागि अध्यापन गर्न सकिन्छ र गर्नुपर्दछ। पढाइमा स्वतस्फूर्त, शब्दभण्डार, मौखिक तर्क गर्ने/मन्थन गर्ने एवं पृष्ठभूमि ज्ञान सबैले बोध सीप विकास गर्न मद्दत पुऱ्याउँदछन्। कक्षा १ मा श्रुतिबोध विकासका लागि जोड दिइएको छ। कक्षा २ मा विविध पाठ्यवस्तुको गहन बोधमा जोड दिइएको छ। तसर्थ, पाठ्यक्रमले अपेक्षा गरेको पठन बोध सीपहरूको विकासका लागि समय खर्चिनुपर्दछ। केही आधारभूत बोध रणनीतिहरूमा निम्न प्रकारका विधिहरू समावेश हुन्छन् :

- सरल/सामान्य स्मरण - को, के, कहिले, कहाँ जस्ता प्रश्नहरूको उत्तर पाठ्यवस्तुमा पाइन्छ।
- अप्रत्यक्ष स्मरण - पाठ्यवस्तुमा उत्तर पाईदैन।
- शब्दभण्डारको विकास - बालबालिकाले समान कुरा विपरीतार्थकको पहिचान गर्दछ।
- निचोड निकाल्नु - बालबालिकाले पाठ्यवस्तु र उनीहरूका आफ्ना अनुभवबाट निचोड निकाल्ने गर्दछन्।
- समायोजन/संश्लेषण - विद्यार्थीहरूले सूचनाको प्रयोग गर्दछन् र आफ्ना विचार अभिव्यक्त गर्दछन्।

## १९. उपलब्धिहरू शिक्षक तथा अभिभावकसँग आदानप्रदान गरौं

तालीमले शिक्षकहरू तोकिएको वर्षका लागि अपेक्षित उपलब्धिहरू र पाठ्यक्रमसँगको सम्बन्धबारे स्पष्ट छन् भन्ने सुनिश्चित गर्नुपर्दछ। तालीममा शिक्षकहरूले अपेक्षित उपलब्धिहरूबारे आफूले बुझेको र निर्दिष्ट लक्ष्यतर्फ काम गर्ने प्रतिबद्धता झल्किने विवरणमा काम गर्नुपर्दछ। त्यसैगरी, अभिभावकहरूलाई एक वर्षभित्रमा आफ्ना केटाकेटीले सिक्ने अपेक्षित सीपहरूको बारेमा ज्ञान हुनुपर्दछ। विद्यार्थीको प्रगति मूल्याङ्कन प्रतिवेदन अभिभावकसँग प्रस्तुत गरिएमा यसले अभिभावकको सहयोग प्राप्त गर्न र शिक्षकलाई वर्षभरिका सिकाइ उपलब्धिहरू हासिल गर्ने लक्ष्य पूरा गर्न उत्साहित गर्दछ। प्रगति प्रतिवेदन (रिपोर्ट कार्ड) का अलावा वर्षमा तीन पटक अभिभावकसित कक्षामा गरिएको प्रयास, उपलब्धि र सामना गर्नुपरेका समस्याहरूको बारेमा हरेक अभिभावकसित शिक्षकहरूले प्रत्यक्ष अन्तरक्रिया गर्नु उत्तम हुन्छ।


### अन्त्यमा

शिक्षक मित्रहरूले कक्षामा जानुअघि र गएर फर्केपछि तलको यी सवालहरूमा हरेक पाँच मिनेट घोत्लिने हो भने त्यसले हरेक दिन शिक्षकलाई रचनात्मक र जिम्मेवार मात्र बनाउँदैन, दुई/तीन महीनामै विद्यार्थीहरूको सिकाइमा महत्त्वपूर्ण उपलब्धि देखिनेछ–

के म आज पढाउन तयार भएर आएको छु? मैले तय गरेको पढाइको क्रम र स्तर उपयोगी छ? मैले प्रयोग गरेको विधि र क्रियाकलाप उपयुक्त छ? प्रयोग गरिएका सामग्रीहरू ठीक छन्? यसले मलाई र विद्यार्थीलाई के सजिलो बनायो? के कक्षामा मैले सिकाउन खोजेको ज्ञान, सीप र धारणा बालबालिकाले सजिलै सिके त? मैले फरक गर्न सकिने अरू ठाउँ थियो कि?

*(दाहाल रुम टु रीड नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासित आबद्ध छन्।)*

नेपाल-अध्ययन



डा. तीर्थबहादुर श्रेष्ठ

# वैज्ञानिकको खोजीमा बाल–साहित्यकार

**धरहरा कसले बनायो भन्ने प्रश्नको उत्तरमा भीमसेन थापा हाम्रोसामु उभिन्छन्। तर, के भीमसेन थापा इन्जिनियर थिए वा आर्किटेक्ट वा निपुण डकर्मी नाइके ? भक्तपुरको न्यातपोलो मन्दिर कसले डिजाइन र कसले निर्माण गरे ? १९९० सालको महाभूकम्पले पनि भत्काउन नसक्ने त्यो पाँचतले मन्दिरको निर्माणमा के कस्ता वैज्ञानिक दृष्टिकोण र अनुसन्धान प्रयोग भएको थियो ? अनि ती नेपाली वैज्ञानिक को थिए ? खोजी हुनुपर्ने, इतिहास लेखिनुपर्ने त तिनको पो हो !**

शनिबारको बिहानी, बुद्धजयन्तीको दिन (११ जेठ, २०७०) घाम चम्किलो थियो। मात्र दुई दिन पहिले काठमाडौंमा दुई घण्टामा ४६ मिलिमिटर पानी घोप्टिनाले पूरै शहर अस्तव्यस्त बनेको थियो। त्यही पानीले पखालिएको बिहान सखारै बाल-साहित्यकार शान्तदास मानन्धरजीको फोन बज्यो। भेट्न आउन खोज्नुभएको रहेछ। ४५ मिनेटपछि ढोकैमा आइपुग्नु पनि भयो– ८० वर्ष पार गरिसकेका व्यक्ति गह्रुँगो कालो झोला बोकेर। झोलाभरि कोसेली ल्याइदिनुभएको रहेछ थुप्रै 'बालकोसेली' नामक नानीहरूको पत्रिकाको सँगालो र टलक्क परेको 'पहिलो विश्वकोश विज्ञान'को एक प्रति।

हाम्रो चिनजान २०४४ सालतिर भएको हुनुपर्छ, जुनवेला नेपाल (राजकीय) प्रज्ञा-प्रतिष्ठानमा म विज्ञान विषय र प्रा. चुडामणि बन्धु भाषातिरका सदस्य थियौं। हामीले 'बाल साहित्य समाज' त्यही वर्ष स्थापना गरेका थियौं। त्यही बाल साहित्य समाजको साइनो शान्तदासजीसँग आजसम्म कायम छ। संयोगकै कुरा थियो– जुनवेला म 'बाल-विज्ञान' नामक पुस्तक निर्माणमा जुट्दैथिएँ र २०४० सालमा त्यो प्रकाशित पनि भयो– त्यहीवेला शान्तदासजी बालगीत, बालकविता, बालकथा आदिको रचनामा लागेर (२०३८ सालदेखि) आजसम्मै बालकोसेली पत्रिका निरन्तर प्रकाशन गर्दै आउनुभएको छ। तिनका अतिरिक्त लगभग २०० वटा बाल पुस्तक 'रूम टु रीड'को सहयोगार्थ सम्पादन पनि हालसालै मात्र सम्पन्न गर्नुभएको छ। उहाँको लेखनीमा प्रकृति हुन्छ, फूल-बिरूवा हुन्छन्, चराचुरूङ्गी हुन्छन्, पशु जनावर हुन्छन्। ती सबैमा बालापन सर्वाधिक टड्कारो हुन्छ। बालबालिकाको नक्कल गरेर जब शान्तदास कथा-कवितामा प्रस्तुत हुन्छन्, त्यहाँ सन्नाटा छाउँछ। श्रोता मुग्ध हुन्छन्। विश्व चर्चित बाल कथाकार 'हान्स क्रिश्चियन एन्डरसन'का परी-कथाहरू शान्तदासको मुखारविन्दबाट नेपालीमा सुन्नु साहित्य रसस्वादनको अविस्मरणीय क्षण बन्दछ भन्ने मेरो अनुभव छ। संयोग भनौं वा सौभाग्य, उहाँकी सुपुत्री रूपा मानन्धर बाल-विज्ञानमा गहिरो चासो राख्ने विज्ञान शिक्षक भएकाले बालकोसेलीका अंकहरूमा प्रयोगात्मक विज्ञानलाई आत्मसात् गर्दै 'गरेर हेरौं' भन्ने शीर्षकमा थुप्रै सामग्रीहरू पस्किसक्नुभएको छ। उहाँको प्रस्तुतिलाई पछ्यायौं भने एउटा पुरानो भनाइ साकार हुन्छ- म पढ्छु त म बिर्सन्छु; म हेर्दछु वा देख्दछु भने म त्यसलाई सम्झन्छु; र, मैले गरेरै हेरें भने म त्यसलाई बुझ्दछु। (I read I forget; I see I remember; I do I undestand)

शान्तदासजीको कोसेलीमा एउटा महँगो पुस्तक (मूल्य नेरु.४८५) पनि थियो। उहाँको सम्पादन र रूपाको अनुवादमा प्रकाशित 'पहिलो विश्वकोश विज्ञान' सन् २००२ मा बेलायतको असवर्न (Usborne) प्रकाशन लिमिटेडले अंग्रेजी भाषामा प्रकाशित गरेको सचित्र पुस्तक जस्ताको त्यस्तै नेपाली भाषामा पढ्न पाउनु हर्ष र खुशीको कुरा हो। बाल साहित्यका सिद्धहस्त शान्तदासजीको अँगालोभित्र विज्ञान र प्रविधिका निकै खुराक भेटिन्छन्। उहाँले 'पानीको कुरा' भन्ने शीर्षकमा ६ वटा बाल लेख बालकोसेलीमा प्रकाशन गर्नुभएको छ। त्यहाँ पानीको इतिवृत्तान्त भेटिन्छ। पानी र पृथ्वी, पानी र बिरुवा, पानी र हाम्रो शरीर, पानी र हाम्रो देश, पानी र हाम्रो सम्पदा आदि विविध पक्षहरू तिनमा समेटिएका छन्। जल सम्पदालाई राष्ट्रिय मुद्दामा गाँस्न पनि भुल्नुभएको छैन। र, लेखको बिट मार्ने क्रममा भन्नुहुन्छ, "कसैले बेच्न खोज्दैमा बेचिनु नहुने र बेच्न नपाइने हुनुपर्छ पानी। पानीको कुरा गर्दा यो कुरा हामीले मनमा राखौं।"

शान्तदासजी मेरो घर सानेपामा आउँदा पुस्तक कोसेली मात्र हैन एउटा चिन्ताको भारी पनि बोकी आउनुभएको रहेछ। चिन्ता के भने हाम्रा बालबालिका आफ्ना स्कूल विद्यालयहरूमा पढ्दा विदेशी वैज्ञानिकका बारेमा पढ्छन्, सुन्छन्-ग्यालालियो, न्यूटन, जेम्सवाट, अर्किमिडिज, एडिसन, आइन्सटाइन आदित्यादि। तर नेपाली वैज्ञानिक वा प्राविधिज्ञ बारेमा केही पढ्न वा सुन्न पाइँदैन। के नेपालमा वैज्ञानिक वा प्राविधिज्ञहरू थिएनन् वा छैनन् ? हाम्रा कैयौं भौतिक संरचना विश्व सम्पदाभित्र सूचीकृत छन्। देश-विदेशमा शिक्षित एवं दीक्षित व्यक्तिहरू नेपालमा जुटेका छन्। ती कहाँ गए ? तिनै प्रश्नको सेरोफेरोमा हामीले त्यो बिहानी बितायौं।

धरहरा कसले बनायो भन्ने प्रश्नको उत्तरमा स्वत: भीमसेन थापा हाम्रोसामु उभिन्छन्। के भीमसेन थापा इन्जिनियर थिए वा आर्किटेक्ट वा निपुण डकर्मी नाइके ? त्यस्तै रानीपोखरी बनाउने प्रताप मल्ल पोखरी विशेषज्ञ थिएनन्। भक्तपुरको न्यातपोलो मन्दिर कसले डिजाइन र कसले निर्माण गरे? १९९० सालको महाभूकम्पले पनि भत्काउन नसक्ने त्यो पाँचतले मन्दिरको निर्माणमा के कस्ता वैज्ञानिक दृष्टिकोण र अनुसन्धान प्रयोग भएको थियो? अनि ती नेपाली वैज्ञानिक को थिए ? पलाञ्चोक भगवतीको मूर्ति कसले बनायो ? कसले बनायो बूढानीलकण्ठको त्यो विशाल मूर्ति? लुम्बिनीको अशोक स्तम्भ सम्राट अशोकले त बनाएको हैन होला। भारतको ताजमहल कसले बनायो भन्ने प्रश्नमा बालबालिका शहन्शाह शाहजहाँको नाम लिन्छन्। यस्तै प्रसङ्गमा साहिर लुध्यानवी 'ताजमहल' शीर्षकको आफ्नो शेरमा दु:ख व्यक्त गर्दछन्-

*"मेरी महवूव ! उन्हे भी तो मुहब्वत होगी*
*जिनकी सन्नाई ने वख्शी है इसे शक्ले- जमील*
*उनके प्यारों के मकाविर रहे बे-नामो - नमूद*
*आज तक उन पे जलाई न किसिने कँदील।"*

यसको भावलाई हामी यसरी बुझ्न सक्छौं-

मेरी प्रियसी ! जसको कारीगरीले ताजमहललाई यस्तो सुन्दर रूपमा अवतरण गराए तिनका पनि त माया र मायालु थिए होलान्, तिनका माया पिरतीको कहीं नामोनिसान छैन । तिनका नाममा आजसम्म एउटा दियो कसैले बालेको पनि छैन।

यस्तै कथा र व्यथा बोकेर हाम्रा भौतिक सम्पदा, पुर्खाका पौरख र भविष्यका धरोहरहरू हाम्रोसामु छरपस्ट छन्। तिनमा विज्ञानको इतिहास त निहित छ नै तर ती इतिहासको विज्ञान र वैज्ञानिकहरू खोज्ने काम भने अझै बाँकी छ। यस्तै खोजी कार्यमा जुटेका विद्वानद्वय डा. छविलाल गजुरेल तथा करुणाकर वैद्यले 'नेपालका पुराना वैज्ञानिक तथा प्राविधिज्ञ' नामक पुस्तक तयार गरेर नेपाल (राजकीय) प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित गराउनुभयो, २०४५ सालमा। त्यसमा नौ जना वैज्ञानिक, प्राविधिज्ञ एवं शिल्पीहरूको संक्षिप्त जीवनी, व्यक्तित्व र कृतित्व उल्लेख छ। तिनमा सर्वश्री अरनिको (वि.सं. १२३६-१३०६) र त्यसपछि दैवज्ञ-शिरोमणि लक्ष्मीपति पाँडे (वि.सं. १८१५-१८८८), पं. गोपाल पाँडे (वि.सं. १९०४-१९७७), पं. निष्ठानन्द बज्राचार्य (वि.सं. १९१५-१९९२), पं. नरबहादुर भारती (वि.सं. १९३४-२०२३), देवराज शाक्य (वि.सं. १९४३-२००५), इकराम मुल्ला (वि.सं. १९८२-२०३८), अभयराज शाक्य (इसा १६ औं शताब्दीको मध्य) तथा गेहेन्द्र शमशेर जबरा (वि.सं. १९२२-१९५८) उल्लेख छन्। डा. गजुरेल र वैद्यले २०३६ सालमा पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालयबाट 'नेपालका परम्परागत प्रविधि' नामक पुस्तक प्रकाशित गरेर विशेष योगदान पुऱ्याउनुभएको थियो। त्यस पुस्तकले मदन पुरस्कार पनि प्राप्त गऱ्यो। यी दुई कृतिलाई आधार बनाएर पनि बालबालिकाका लागि निकै खँदिलो खुराक पस्कन सकिन्छ। तर जे जस्तो सामग्री तयार गरेर पस्के तापनि त्यो आजका बालबालिकाको चाहना, रुचि र आवश्यकता अनुरूप भएन भने प्रयास व्यर्थ हुन जान्छ।

अरनिको नेपालका राष्ट्रिय विभूतिको रूपमा परिचित छन्। कलाकारको रूपमा परिचित छन्। शिल्पकारको रूपमा परिचित छन्। तिनलाई एक वैज्ञानिक वा प्राविधिज्ञको रूपमा खडा गर्न हामीले तीन चरण पार गर्नुपर्ने हुन्छ। पहिलो चरणमा तिनको सिर्जना र हाम्रो प्राप्तिबारे ज्ञान हुनुपर्छ। त्यस प्राप्तिको पछाडि प्रयोग भएको प्रविधिबारे विश्लेषण हुनुपर्छ। त्यस प्रविधिसँग आवद्ध विज्ञान त्यसपछि



**शान्तदास मानन्धर**

उजागर हुन्छ। त्यहाँबाट सो विज्ञानको सर्जक स्थापित हुन आउँछ। एक सुन्दर ढलोटको मूर्ति छ र त्यसमा सुनको जलप पनि छ भने त्यहाँ धातु गाल्ने र मिसाउने प्रविधि हुन्छ। धातु विषयक रसायन विज्ञान पनि हुन्छ। ढलोटको मूर्तिमा सुनको जलप लगाउने अर्को प्रविधि हुन्छ। त्यसमा जलप लगाउँदा सुन; पारो र अन्य रयायनको विज्ञान निहित हुन्छ। यस्तै ढलोट मूर्ति सम्बन्धी ज्ञान विज्ञान र प्रविधिका पारङ्गत थिए अरनिको। त्यस्तै ल्हासाको श्वेत चैत्य र अन्य स्मारकहरूको अध्ययनबाट अरनिकोको एक विशिष्ट आर्किटेक्ट र इन्जिनियरको रूप अरु प्रष्टसँग प्रकट हुन्छ।

एवं रीतले नेपालका वैज्ञानिक तथा प्राविधिकहरूको खोज हाम्रा धार्मिक, सांस्कृतिक, ऐतिहासिक धरोहर र सम्पदाभित्र निहित परम्परागत ज्ञान, सीप, कारीगरी भित्र खोज्नुपर्ने हुन्छ। तिनका अतिरिक्त हाम्रा विभिन्न जनजातिले सँगालेको पुर्ख्यौली सीप र प्रविधि (वन, कृषि, पशुपालन, सिंचाइ, माछापालन, वन्यजन्तु शिकार र संरक्षण, जडीबुटी लगायत विभिन्न कलाकौशल) भित्र पनि मौलिक ज्ञान-विज्ञान मौजूद छन्। अतीतका अरनिकोहरू व्यक्तिका रूपमा हैन समुदाय र जात-जातिका रूपमा भेटिन्छन्। तिनका ज्ञान-विज्ञान सीप कारीगरी तथा कलाकौशलको पहिचान गराएर भविष्यका अरनिकोहरू निर्माण गर्नु आजको माग हो। आजको युगलाई विज्ञान र प्रविधिले हाँकेको अवस्था छ। सूचना तथा संचारप्रविधिले विश्वभरका बालबालिकालाई एउटै संजालभित्र समेट्न पनि सफल भएको अवस्था छ। यस परिप्रेक्ष्यमा नेपाली बालबालिकालाई समय सापेक्षित र अद्यावधिक अवस्थामा राख्न बाल-साहित्यले अहं भूमिका खेल्ने छ भन्ने विश्वास लिन सकिन्छ। त्यसका लागि एक हैन अनेक शान्तदासहरूको आवश्यकता पर्छ भन्ने मेरो मान्यता रहेको छ। नेपाली समाजले त्यो चेतना राख्न सकोस् भन्ने शुभकामना !

Central Department of Sociology/Anthropology
Tribhuvan University

# असमानता र सकारात्मक कदमको

यस खण्डमा छापिएका लेख १८-२० जुलाई, २०१२ मा काठमाडौंमा सम्पन्न 'असमानता र सकारात्मक कदमः विश्वव्यापी बहसमा नेपाल' विषयक सम्मेलनमा प्रस्तुत कार्यपत्रका सारांश हुन्। त्यो सम्मेलन त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग र काठमाडौंको सोसल साइन्स बहा:ले संयुक्त रूपमा आयोजना गरेका थिए। त्यसनिम्ति ब्रिटिश एकाडेमी युके-साउथ एसिया पार्टनरसिप स्किम, लन्डन विश्वविद्यालयको गोल्डस्मिथ्स, यल विश्वविद्यालय, सामाजिक समावेशीकरण अनुसन्धान कोष र ओपन सोसाइटी फाउण्डेसनको सहयोग प्राप्त थियो।

नेपाल, भारत लगायत विभिन्न देशका अनुसन्धानकर्ता र विज्ञले प्रस्तुत गरेका कार्यपत्रमा असमानताको अवधारणा र स्वरुपका साथै असमानताको उत्पत्ति र निरन्तरताका बारेमा विशेष रूपले उल्लेख गरिएको थियो। कार्यपत्र प्रस्तुतकर्ताले विभिन्न ऐतिहासिक र सामाजिक प्रक्रियाबाट उत्पन्न असमानतालाई सम्बोधन गर्नु आवश्यक रहेको कुरा स्वीकार गरेका थिए। सकारात्मक कदम सबै मानिसको समानताको चाहनाको फल हो कि संरचनागत असमानतामा आधारित ऐतिहासिक गल्ती सच्याउनुपर्ने कुराको स्वीकारोक्ति हो भन्ने विषयमा विद्वानहरूले विचार व्यक्त गरेका थिए। असमानता राजनीतिक स्वार्थ या भौगोलिक, सांस्कृतिक अथवा धार्मिक अनि जातीयता र लैङ्गिकता जस्ता अवस्थाबाट सिर्जना हुन्छ भन्ने कुरामा सबैको सहमति थियो। यस्तो असमानताबाट पुगेको सामाजिक नोक्सानीलाई प्रायः कार्यपत्रमा स्वीकार गरिएको छ।

सो सम्मेलनमा सिर्जित ज्ञान आम नेपालीसम्म पुग्न सकोस् भनेर त्यहाँ प्रस्तुत कार्यपत्रहरूको नेपाली अनुवाद *शिक्षक* मासिकको असार (२०७०) अंकदेखि क्रमशः प्रकाशित गरिंदै आएको छ। त्यो क्रम *शिक्षक* मासिकको यही अंक (भदौ) मा आएर सम्पन्न भएको छ। यस अंकमा प्रकाशित कार्यपत्रहरूको

### सकारात्मक कदम र राजनीतिक प्रतिनिधित्वः

## नेपाल, भारत र श्रीलंकाको संसद्मा भएको प्रतिनिधित्व सम्बन्धी दावी र प्रतिदावीको परीक्षण

■ **महेन्द्र लावती**
प्राध्यापक, राजनीतिशास्त्र, वेस्टर्न मिशिगन विश्वविद्यालय

यस कार्यपत्रमा नेपाल, भारत र श्रीलंकाको संसद्मा भएको प्रतिनिधित्व सम्बन्धी आँकडाका आधारमा सकारात्मक कदमका बारेमा गरिएका दावी र प्रतिदावीको जाँच गरिएको छ। सकारात्मक कदमका नीति लिएका देशहरूमा अल्पसंख्यक समूहको प्रतिनिधित्व बढेको छ तर यस्तो वृद्धि सकारात्मक कदमका नीतिका कारणले भएको हो कि सम्बन्धित समूहको क्षमता अभिवृद्धि (राजनीतिक चेतना, परिचालन आदि) का कारणले भन्ने बारेमा विवाद छ। यसबाट प्राप्त अधिकांश फाइदा सुविधाविहीन समूहका सम्भ्रान्तहरूले लिएको दावी पनि गरिन्छ। यस तुलनात्मक अध्ययनका लागि छानिएका तीन वटा देशहरूको सामाजिक-आर्थिक अवस्था उस्तै भए पनि अल्पसंख्यक समूहको प्रतिनिधित्व बढाउनका लागि यिनीहरूले (श्रीलंका अनि भारत र नेपाल) भिन्न भिन्न अवधारणा अपनाएका छन् अथवा उस्तै अवधारणा अपनाए पनि ती अवधारणा अपनाएको समय भने फरक छ (नेपाल र भारत)।

**भारत**

भारतमा सकारात्मक कदमका नीतिको लामो इतिहास भए पनि यस नीतिले सबै सीमान्तकृत समूहलाई लक्षित गरेको छैन। यस्तो अवस्थाले सकारात्मक कदमका नीतिको प्रभाव जाँच्ने अवसर दिएको छ। यस कार्यपत्रमा भारतमा स्वतन्त्रता हासिल भए यता संसद्मा लक्षित समूह (अनुसूचित जाति र अनुसूचित जनजाति) र लक्षित नगरिएका समूह (मुसलमान) को प्रतिनिधित्वका बीचमा तुलना गरिएको छ। सकारात्मक कदमका नीतिले लक्षित नगरेका मुसलमानहरूको प्रतिनिधित्व समयक्रममा बढ्दै गई उनीहरूको जनसंख्याको समानुपातिक

सोशल साइन्स बहा:
SOCIAL SCIENCE BAHA

# विश्वव्यापी बहसमा नेपाल–३

नेपाली रूपान्तरण मोहन मैनाली र कपिल दाहालले गर्नुभएको हो ।

यस शृङ्खलामा छापिएका लेखका बारेमा २०७० असार ८ गतेदेखि काठमाडौंको रेडियो सगरमाथा (१०२.४ मेगाहर्ज) लगायत देशका विभिन्न १६ वटा एफएम रेडियो स्टेशनमा हरेक आइतबार बिहान छलफल प्रसारण पनि भइरहेको छ। त्यस्तो छलफल हुने मिति हरेक लेखको अन्त्यमा दिइएको छ ।


बिहान ८:००–८:३० बजेसम्मको छलफल सुन्ने श्रोताले त्यही समयमा ०१–५५४५६८० अथवा ०१–५५४५६८१ मा फोन गरी आफ्नो प्रतिक्रिया व्यक्त गर्न सक्नुहुनेछ । छलफल प्रसारण गर्ने रेडियोको नाम र समय सँगैको तालिकामा छः

**छलफल प्रसारण गर्ने रेडियो स्टेशनहरू**

| क्र.सं. | रेडियोको नाम | ठाउँ, जिल्ला | मेगाहर्ज | समय (आइतबार बिहान) |
|---|---|---|---|---|
| १. | रेडियो सगरमाथा | ललितपुर | १०२.४ | ८:००-८:३० |
| २. | सोलु एफएम | दोर्पुबजार | १०१.२ | ८:००-८:३० |
| ३. | समद एफएम | लहान | १०२.६ | ८:००-८:३० |
| ४. | नारायणी एफएम | वीरगञ्ज | १०३.८ | ८:००-८:३० |
| ५. | रेडियो स्वर्गद्वारी | दाङ | १०२.८ | ८:००-८:३० |
| ६. | रेडियो गण्डकी | पोखरा | ९०.२ | ८:००-८:३० |
| ७. | रेडियो जनकपुर | जनकपुर | ९७ | ८:००-८:३० |
| ८. | विजय एफएम | गैंडाकोट | १०१.६ | ८:००-८:३० |
| ९. | इलाम एफएम | इलाम | ९३ | ८:३०-९:०० |
| १०. | रेडियो सिन्धुलीगढी | सिन्धुली | १०३.६ | ८:३०-९:०० |
| ११. | सामुदायिक रेडियो सर्लाही | हरिऔन | १०५.६ | ८:३०-९:०० |
| १२. | रेडियो लुम्बिनी | मणिग्राम | ९६.८ | ८:३०-९:०० |
| १३. | रेडियो भेरी | सुर्खेत | ९८.६ र १०२.७ | ८:३०-९:०० |
| १४. | रेडियो पूर्वाञ्चल | विराटनगर | १०४.४ | ८:४०-९:१० |
| १५. | रेडियो रामारोशन | अछाम | ९२.०० | ९:१०-९:४० |
| १६. | शुक्लाफाँटा एफएम | कञ्चनपुर | ९९.४ | ९:००-९:३० |

भएको छ भने के भन्न सकिन्छ भने मुसलमानहरूको क्षमता अभिवृद्धिले गर्दा समावेशीकरण भयो र सीमान्तकृत समूहका लागि सकारात्मक कदमको नीति चाहिँदैन। अर्कातिर, अनुसूचित जाति र अनुसूचित जनजातिको प्रतिनिधित्व लगभग समानुपातिक छ तर मुसलमानको प्रतिनिधित्व कम छ भने सकारात्मक कदमका नीतिले उनीहरूको प्रतिनिधित्व बढायो भनी भन्न सकिन्छ । साथै के पनि भन्न सकिन्छ भने सकारात्मक कदमका नीतिले लक्षित नगरेकाले आधा शताब्दी (यस अवधिमा क्षमता बढाउने धेरै अवसर थियो) भन्दा बढी समय बिते पनि मुसलमानहरूको प्रतिनिधित्व अझै कम छ ।

**चित्र १ : भारतीय संसद्मा विभिन्न समूहको प्रतिनिधित्व, १९५२–२००४**





*स्रोत : शंकर तथा रोड्रिगेज (२०११) र श्रीधरण (२००५)*

# असमानता, सकारात्मक कदम र नेपाल

भारतमा संसद्मा ब्राह्मणहरूको प्रतिनिधित्व घटेको छ र अन्य पिछडा वर्ग र अन्य उच्च जातको प्रतिनिधित्व बढेको छ । अनुसूचित जाति र अनुसूचित जनजातिको प्रतिनिधित्व उनीहरूको जनसंख्याको अनुपातसँग लगभग मिल्दोजुल्दो छ। तर सकारात्मक कदमले लक्षित नगरेका मुसलमानहरूको प्रतिनिधित्व लगातार कम रहेको छ। सन् १९९० को दशकको अन्त्यतिर अनुसूचित जनजातिको प्रतिनिधित्व समानुपातिक भन्दा अलि बढी भएको थियो ।

माथिको कुराका आधारमा के स्वीकार गर्नुपर्छ भने तुलनात्मक रूपमा कम सीमान्तकृत समूह (जनघनत्व अलि बढी भएका र एउटा निश्चित क्षेत्रमा बसोबास भएका) को क्षमता अभिवृद्धि हुँदा उनीहरूको प्रतिनिधित्व बढ्न सक्छ तर सबैभन्दा बढी सीमान्तकृत समूहको समानुपातिक प्रतिनिधित्व हुनका लागि सकारात्मक कदमको नीति आवश्यक हुन्छ। क्षमता बढाएर अथवा नीतिगत उपाय जस्ता जुनसुकै तरीका अपनाएर पनि उनीहरूको प्रतिनिधित्व कति मात्रामा बढ्छ भन्ने कुरामा

**चित्र २ : भारतीय संसद्मा मुसलमानको प्रतिनिधित्व, १९५२–२००४**




*स्रोत : शंकर तथा रोड्रिगेज (२०११) र श्रीधरण (२००५)*


यी विभिन्न समूहको प्रतिनिधित्वको स्थितिले के देखाएको छ भने सकारात्मक कदमका नीति र क्षमता अभिवृद्धि दुवैले भूमिका खेलेको छ। अन्य पिछडा वर्ग र अन्य उच्च जातको प्रतिनिधित्वमा भएको वृद्धिका आधारमा क्षमता बढ्दा प्रतिनिधित्व बढ्छ भनी भन्न सकिन्छ। अर्कातिर, मुसलमान (जसको जनसंख्या १३ प्रतिशत छ) को प्रतिनिधित्व उनीहरूको जनसंख्याको अनुपातमा लगातार कम रहेकाले तर अनुसूचित जाति र अनुसूचित जनजातिको प्रतिनिधित्व बढेकाले (अति सीमान्तकृत समूहको समानुपातिक प्रतिनिधित्व हासिल भएकाले) सकारात्मक कदमले काम गर्छ भनी भन्न सकिन्छ । दुई वटा बुँदाका आधारमा यसो भन्न सकिन्छ। पहिलो, मुसलमानहरूका लागि सकारात्मक कदमको नीति नभएकाले उनीहरूले समानुपातिक प्रतिनिधित्व हासिल गर्न सकेका छैनन्। दोस्रो, अनुसूचित जाति र अनुसूचित जनजातिका लागि सकारात्मक कदमका नीति अपनाइएकाले उनीहरूको समानुपातिक प्रतिनिधित्व भएको छ। सकारात्मक कदमका नीति नभएको भए अनुसूचित जाति र अनुसूचित जनजातिले समानुपातिक प्रतिनिधित्व हासिल गर्न सक्दैनथे भन्दा गलत हुँदैन । पछिल्ला वर्षहरूमा अनुसूचित जनजातिको प्रतिनिधित्व बढ्नुमा उनीहरूको क्षमता वृद्धिले मात्रै काम गरेको भन्न मिल्दैन। सकारात्मक कदम नअपनाइएको भए उनीहरूको प्रतिनिधित्व अहिले पनि कम हुन्थ्यो। सकारात्मक कदमले गर्दा उनीहरूले केही सीट पाएकाले र उनीहरूको क्षमता बढेर थप सीट जितेकाले मात्र यस्तो अवस्था आएको हो।

त्यस समूहको प्रकृति (ज्यादै सीमान्तकृत छन् कि छैनन् भन्ने र अन्य) ले धेरै ठूलो भूमिका खेल्छ जस्तो देखिन्छ। अर्कातिर भारतका जनजाति बसोबास क्षेत्रमा माओवादीको हिंसात्मक द्वन्द्व फैलिएकाले के कुराको संकेत गर्छ भने सीमान्तकृत समुदायका समस्या र चासोलाई समानुपातिक प्रतिनिधित्वले संबोधन गर्न सक्दैन र सकारात्मक कदमका नीतिले यो लक्ष्य हासिल गर्न सक्दैन।

## नेपाल

नेपालमा सन् १९९० मा राजनीतिक आन्दोलन भए पनि दलित, मधेशी, आदिवासी जनजाति र महिलाको प्रतिनिधित्व कम रहने चलन कायमै रह्यो । यस दशकभरि नै तल्लो सदनमा एक जना मात्र दलित निर्वाचित भए। सन् २००८ को संविधानसभाको निर्वाचनले भिन्न अवस्था ल्यायो । राजनीतिक दलहरूले समानुपातिक तर्फबाट दलित, मधेशी, आदिवासी जनजाति र महिलालाई अनिवार्य रूपमा समावेश गराउनुपर्ने प्रावधान राखिएकाले संविधानसभाका ६०१ मध्ये ३३५ जना समानुपातिक प्रणाली तर्फबाट निर्वाचित हुँदा सीमान्तकृत समूहका धेरै जनाले प्रतिनिधित्व गरे। अर्कातिर, प्रत्यक्ष प्रणालीबाट निर्वाचित २४० जनामध्येमा पनि सीमान्तकृत समूहका धेरै उम्मेदवार विजयी भए। सन् २००८ भन्दा अघि र पछिका निर्वाचनको परिणाम अनि सन् २००८ कै पनि समानुपातिक र प्रत्यक्षतर्फको निर्वाचन परिणाम हेर्‍यो भने सकारात्मक कदमका नीति हुँदा

**चित्र ३ : प्रत्यक्ष निर्वाचन (१९९०) र समानुपातिक प्रतिनिधित्व-प्रत्यक्ष निर्वाचन (२००८) मा विभिन्न जातजाति, धार्मिक समूहको प्रतिनिधित्व ।**





*स्रोत : भोलान् (२०१०) २००८*

र नहुँदा के फरक पर्छ भन्ने कुरा स्पष्टसँग देख्न सकिन्छ।

चित्र ३ ले सम्भ्रान्त पहाडे उच्च जात (प्रभुत्वशाली समूह) को प्रतिनिधित्व घटेको देखाएको छ। तर अन्य समूहका तुलनामा यो समूहको प्रतिनिधित्व अलि बढी छ। पहाडे दलितको प्रतिनिधित्व राम्रैसँग बढे पनि मधेशी/तराई दलित र मधेशी/तराई जनजातिको प्रतिनिधित्व अझै उल्लेखनीय मात्रामा कम छ। यस्तैगरी, धार्मिक समूह (मुसलमान, जैन र शिख) को प्रतिनिधित्वमा सबैभन्दा कम वृद्धि भएको छ।

चित्र ४ मा सन् १९९० को दशकमा वञ्चित समूहको स्थिति र सन् २००८ मा तिनको हैसियत दिइएको छ। सन् १९९१ मा निर्वाचित भएको संसद्मा झण्डै ७० वटा समूहको प्रतिनिधित्व थिएन। बीस वटा समूहको प्रतिनिधित्व उनीहरूको जनसंख्याको अनुपातमा थोरै थियो। यसरी हेर्दा झण्डै ९० वटा समूह वञ्चित थिए। यसको ठीक विपरीत सन् २००८ मा

**चित्र ४ : १९९० को दशकमा वञ्चित समूह र २००८ मा बढेको उनीहरूको प्रतिनिधित्व ।**




*स्रोत : भोलान् (२०१०)*


## असमानता, सकारात्मक कदम र नेपाल

झण्डै ५० वटा समूहको प्रतिनिधित्व भयो। यस्तो परिवर्तन केले गर्दा सम्भव भयो (सन् २००८ को निर्वाचनमा सकारात्मक कदमको नीति अपनाएकाले कि यस बीचमा यी समूहको क्षमता बढेकाले) भन्ने प्रश्न उठ्छ।

**सकारात्मक कदमका नीतिको भूमिकाको समीक्षाः सन् २००८ को प्रत्यक्ष र समानुपातिक तर्फको परिणामको तुलना**


यसको उत्तर पाउनका लागि सन् २००८ का खण्डीकृत आँकडाको विश्लेषण गर्नुपर्छ *(चित्र ५ हेर्नुहोस्)*। २००८ मा प्रथम पटक निर्वाचित समूह दुई वटा कारणले निर्वाचित भएका हुन सक्छन्: ती समूहको क्षमता बढेका कारणले, वा सकारात्मक कदमका नीतिका कारणले। २००८ मा पहिलो पटक प्रतिनिधित्व भएका समूह प्रत्यक्ष निर्वाचनबाट निर्वाचित भएका हुन् भने उनीहरू क्षमता बढेका कारणले निर्वाचित भएका हुन् भनी तर्क

**चित्र ५ : प्रत्यक्ष र समानुपातिक निर्वाचनमा प्रथम पटक निर्वाचित समूह ।**




*स्रोत : भोलान् (२०१०)*

**चित्र ६ : पुराना र नयाँ प्रभुत्वशाली समूह ।**




*स्रोत : भोलान् (२०१०)*

गर्न सकिन्छ। तर समानुपातिक तर्फबाट प्रतिनिधित्व भएका हुन् भने सकारात्मक कदमका नीतिले गर्दा उनीहरूको प्रतिनिधित्व भएको हो भन्न सकिन्छ। २००८ मा निर्वाचित भएका ५० वटा समूहमध्ये २० भन्दा बढी समूह (प्रभुत्वशाली समेत) प्रत्यक्ष निर्वाचनबाट आएका थिए भने बीसभन्दा बढी समूह (पहिलो पटक) समानुपातिक तर्फबाट निर्वाचित भएका थिए। धेरै समूह पहिलो पटक निर्वाचित हुनुमा समानुपातिक प्रणालीको हात छ: समानुपातिक प्रतिनिधित्वको व्यवस्थाले प्रत्यक्ष निर्वाचनले भन्दा झण्डै चार गुणा समूहको प्रतिनिधित्व गराएको छ।

चित्र ६ ले के देखाएको छ भने दलित, आदिवासी जनजाति र मधेशी जस्ता सबै बृहत् समूहले राजनीतिक प्रतिनिधित्व

हासिल गर्न सकेका छन्। समग्रमा ४८ समूहको प्रतिनिधित्व बढेको छ। पहिलेका प्रभुत्वशाली समूह आफ्नो हैसियत अनुसारको प्रतिनिधित्व हासिल गर्न सक्षम छन् भने चुनावी प्रक्रिया मार्फत (मधेशी र आदिवासी जनजाति समुदायभित्रका) केही नयाँ प्रभुत्वशाली समूहको उदय भएको छ। प्रतिनिधित्व बढी भएका धेरै समूह प्रभुत्वशाली समूह (यस अध्ययनमा परिभाषित गरिए जैँ) भएका छैनन्। केही समूह मात्रै प्रभुत्वशाली भएका छन्। सम्भ्रान्त वर्गले त्यस समूहका लागि आएका सबै फाइदा लिने चलन भए पनि केही हदसम्म सबैमा यो कुरा लागू भएको छैन। आरक्षणभित्र पनि आरक्षणको नीति अपनाएका खण्डमा यसमा सुधार हुन सक्ला।

सकारात्मक कदमका नीतिका विरोधीहरूले यस नीतिले संभ्रान्त वर्गको सिर्जना गर्छ भन्ने गर्छन्। तर सकारात्मक कदमका नीतिले लक्षित गरेका समूहलाई आफ्ना समूहका केही मानिसले हैसियत बढाएको कुरामा आपत्ति छैन। यस बाहेक, यो प्रवृत्ति अरू क्षेत्रमा पनि देखिने गरेको छ। 'दक्षता र प्रतिस्पर्धा' मा आधारित भएर भर्ना गर्ने प्रक्रियामा पनि सामाजिक संभ्रान्त, मध्यम र उच्च वर्गले नै फाइदा लिन्छन्, गरीबले लिन सक्दैनन्। यसैले, यस्तो कुरा सकारात्मक कदमका नीतिमा मात्रै देखिन्छ भन्न मिल्दैन।

**श्रीलंका**

श्रीलंकामा राजनीतिक प्रतिनिधित्वका लागि सकारात्मक कदमको नीति अपनाइएको छैन। यसको आँकडाले सकारात्मक कदमको नीति आवश्यक छ भन्ने दाबीलाई बल पुऱ्याएको छ। यस अनुसन्धानमा श्रीलंकाका आँकडा अपूरो भए पनि यस दावीलाई सही प्रमाणित गर्न त्यहाँका सात वटा चुनावका आँकडा उपयोग गरिएको छ।

आँकडाले के देखाएका छन् भने समग्रमा तामिलहरूको प्रतिनिधित्व घटेको छ। शुरूमा श्रीलंकाका तामिलहरूको प्रतिनिधित्व अलि बढी थियो तर सन् १९८७ यता उनीहरूको प्रतिनिधित्व घटेको छ। भारतीय तामिलहरूको प्रतिनिधित्व सधैँभरि कम थियो। यसले के देखाउँछ भने अल्पसंख्यकका लागि सकारात्मक कदमको नीति नहुँदा बहुजातीय समाजमा अक्षम समूहको मात्रै होइन सक्षम समूहको पनि प्रतिनिधित्व कम हुन्छ।

**निष्कर्ष**

नेपाल र भारतको उदाहरणले के देखाएको छ भने सीमान्तकृत समूहको प्रतिनिधित्व बढाउनका लागि सकारात्मक कदमका नीति प्रभावकारी भएका छन्। भारतमा मुसलमान र श्रीलंकामा भारतीय तामिलहरूका लागि सकारात्मक कदमको नीति नअपनाइएकाले उनीहरूको प्रतिनिधित्व निरन्तर कम भएको छ। भारतको उदाहरणले के देखाएको छ भने लामो समय लगाएर क्षमता अभिवृद्धि गरे पनि उनीहरूको समावेशीकरण नहुन सक्छ। स्वतन्त्रता हासिल भएको ६० वर्षपछि पनि भारतमा मुसलमानको प्रतिनिधित्व अझै कम छ।

क्षमता बढेका कारणले केही समूहले प्रतिनिधित्व हासिल गर्न सक्छन् तर भारत र नेपालमा यस्तो उपलब्धि हासिल गर्ने समूह थोरै छन्। तर, सकारात्मक कदमको नीति अल्पसंख्यकको अधिकार सुरक्षित गर्न र शिक्षा, स्रोतसाधन, जमीन तथा रोजगारीका अवसरसम्मको पहुँच र स्वायत्तता यकिन गर्न पर्याप्त हुँदैन। नेपाल, भारत र श्रीलंकाको तुलनात्मक अध्ययनबाट के देखिएको छ भने अति सीमान्तकृत समूहको प्रतिनिधित्व यकिन गराउनका लागि सकारात्मक कदमको नीति जरूरी र प्रभावकारी हुन्छ।

(रेडियो प्रसारण २७ असोज २०७०)

# सकारात्मक कदम र शक्ति बाँडफाँडका उपायः नेपालका लागि सम्भावित चुनावी प्रबन्ध

**कारे भोलान**
**निर्देशक, क्वालिटी एस तथा इलेक्टोरल एक्स्पर्ट, नर्वे**

यस कार्यपत्रमा शक्ति बाँडफाँडको व्यवस्था र सहमतीय सरकारमा जोड दिँदै राजनीतिक प्रतिनिधित्वका बारेमा चर्चा गरिएको छ। शक्ति बाँडफाँडको व्यवस्था यीमध्ये एक वा एकभन्दा बढी किसिमले गर्न सकिन्छः बृहत् गठबन्धन, प्रतिनिधित्व समूह, शक्तिको विकेन्द्रीकरण र समूहको रक्षाका लागि निर्णायक नियम वा भिटो पावर। यस कार्यपत्रमा प्रतिनिधित्वमा समावेशीपन र सकारात्मक कदमका बारेमा ध्यान दिइएको छ।

राज्य पुनर्संरचनामा प्रतिनिधित्व यकिन गर्ने क्रममा निर्वाचन सम्बन्धी विभिन्न उपायको उद्देश्य के हो भनी हेर्नु जरूरी हुन्छ। सन् २००८ को संविधानसभाको निर्वाचनमा समावेशीकरणलाई महत्त्वपूर्ण ठानिएको थियो। महिला, मधेशी, जनजाति, दलित, पिछडिएको क्षेत्र र अन्य समूहलाई निश्चित कोटा दिइएको थियो। सर्सर्ती हेर्दा सरल देखिए पनि यसको कार्यान्वयन निकै जटिल बनेको थियो।

मिश्रित प्रणालीमा दुई वटा मतपत्रको उपयोग गरिएको थियो। पहिलो, सबैभन्दा बढी मत ल्याउने उम्मेदवार विजयी हुने (प्रत्यक्ष) निर्वाचनका लागि– जसबाट २४० सदस्य निर्वाचित

भए। दोस्रो, समानुपातिक प्रतिनिधित्व तर्फ– जस अन्तर्गत ३३५ सदस्य निर्वाचित भए। प्रत्यक्ष निर्वाचनतर्फ ७५ वटै जिल्लाको जनसंख्याका आधारमा सीट निर्धारण गरिएको थियो। जति थोरै जनसंख्या भए पनि एउटा जिल्लालाई कम्तीमा एउटा निर्वाचन क्षेत्र मानिएको थियो। यसरी कम जनसंख्या भएका जिल्लाबाट थोरै मतदाताले नै एक जना सदस्य विजयी गराउन सक्थे। सकारात्मक कदमको प्रावधान समानुपातिकतर्फ मात्र लागू गरिएको थियो।

तालिका १ ले के देखाउँछ भने सन् २००८ को संविधानसभाको निर्वाचनमा जुन उद्देश्यका लागि कोटा छुट्याइएको थियो त्यो उद्देश्य पूरा भएको छ। यी दुवै प्रणाली अन्तर्गत मधेशी र जनजातिको राम्रो प्रतिनिधित्व भएको छ। तर, समानुपातिक तर्फ दलित र महिलाको राम्रो प्रतिनिधित्व भए पनि समग्रमा उनीहरूको प्रतिनिधित्व कमै भयो। मधेशी समुदायका संभ्रान्त समूह मूलतः यादव, ब्राह्मण र राजपूत निर्वाचित भए भने अन्य मधेशी जातको प्रतिनिधित्व कम भयो। जनजाति समूहमा पनि

**तालिका १ : सन् २००८ को संविधानसभाको निर्वाचनमा विभिन्न समूहको अवस्था । कुलमा चाहिँ समानुपातिक तर्फको कोटासँग तुलना गरिएको छ ।**

| पहिचान | प्रत्यक्ष | समानुपातिक | | कुल[1] | | समानुपातिक कोटा | |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | प्रतिशत |
| महिला | ३० | १२.५ | १६१ | ४८.१ | १९१ | ३३.२ | ५०.० |
| मधेशी | ७४ | ३०.८ | १२१ | ३६.१ | १९५ | ३३.९ | ३१.२ |
| दलित | ७ | २.९ | ४४ | १३ .१ | ५१ | ८.९ | १३ |
| जनजाति | ७७ | ३२.१ | ११८ | ३५.२ | १९५ | ३३.९ | ३७.८ |
| पिछडिएको क्षेत्र | १२[2] | ५ | १० | ३ | २२ | ३.८ | ४.० |
| अन्य | १०० | ४१.७ | ९४ | २८.१ | १९४ | ३३.४ | ३०.२ |

[1] मनोनीत २६ जना बाहेक।

[2] जिल्लाबाट निर्वाचित तर त्यहींको मतदाता सूचीमा दर्ता भएको हुनु नपर्ने।

**तालिका २ : सन् १९९१ देखि २००८ सम्म निर्वाचनमा 'वञ्चित' र 'समाविष्ट' समूहको अवस्था । संविधानसभा निर्वाचनको प्रत्यक्षतर्फको मात्र समावेश गरिएको छ । आफ्नो जनसंख्याको अनुपातमा ९० प्रतिशतभन्दा कम सीट जित्ने समूहलाई वञ्चित भनिएको छ (प्रतिशतमा) ।**

| **समूह** | १९९१ | १९९४ | १९९९ | २००८ को प्रत्यक्ष | २००१ को जनगणना अनुसारको प्रतिशत |
|---|---|---|---|---|---|
| वञ्चित समूह : | | | | | |
| मधेशी दलित | ०.० | ०.० | ०.० | ०.४ | ३.९ |
| मधेशी/तराई जनजाति, वञ्चित मात्र | ८.८ | ६.८ | ४.४ | ७.१ | ८.८ |
| मधेशी जात[3], वञ्चित मात्र | ३.४ | २.४ | ६.९ | ७.१ | १२.६ |
| पहाडे दलित | ०.५ | ०.० | ०.० | २.५ | ७.९ |
| पहाडे र हिमाली जनजाति, वञ्चित मात्र | ५.९ | ५.४ | ४.९ | ८.८ | १६ .४ |
| **कुल वञ्चित समूह** | १८.६ | १४.६ | १६.२ | २५.९ | ४९.६ |
| समाविष्ट समूह : | | | | | |
| मधेशी जात, समाविष्ट मात्र | ८.३ | १०.२ | ९.३ | १६.३ | ६.७ |
| पहाडे जाति[4] | ५३.७ | ६२.४ | ५८.० | ४१.७ | ३१.२ |
| पहाडे र हिमाली जनजाति, समाविष्ट मात्र | १९.५ | १२.७ | १६.६ | १६.३ | १२.४ |
| **कुल समाविष्ट समूह** | ८१.५ | ८५.३ | ८३.९ | ७४.२ | ५०.३ |

[3] मुसलमान, शिख र जैन समेत।

[4] पहाडे मुसलमान समेत, जुन साह्रै थोरै छन्। भविष्यमा मुसलमानका लागि कोटा छुट्याउने हो भने उनीहरूलाई तराईका मुसलमानसँग मिसाउनुपर्छ।

नेवार, लिम्बू, राई, थकाली र गुरुङ निर्वाचित हुन सफल भए भने धेरै जनजाति वञ्चितै रहे। यस बाहेक, हरेक समूहका लागि (वञ्चित समूहका लागि मात्र होइन) अनावश्यक रूपमा कोटा कायम गरिएकाले हरेकलाई पहिचान दिनुपर्‍यो। राजनीतिक दलका लागि यो प्रणाली एकदमै जटिल भयो।

जनजातिमा संभ्रान्त समूह सजिलै छुट्याउन सकिन्छ। सन् १९९१, १९९४, १९९९ र २००८ का निर्वाचनको परिणाम हेर्दा कुन समूह समाविष्ट हो र कुन वञ्चित हो भन्ने कुरा सजिलै छुट्याउन सकिन्छ। समाविष्ट समूहमा पहाडे जात, यादव, कायस्थ, बनियाँ, राजपूत र कोइरी जस्ता मधेशी जात, र नेवार, गुरुङ, राई, लिम्बू र थकाली जस्ता पहाडे र हिमाली जनजाति थिए। वञ्चित समूहमा थारू, पत्थरकट्टा/कुशवाडिया, मुन्डा, किसान, झाँगड, सतार, धानुक जस्ता मधेशी जनजाति; हजाम, सोनार, तेली, हलुवाई, लोहार जस्ता मधेशी जात; चेपाङ, राउटे, कुसुन्डा, लेप्चा, दुरा, माझी जस्ता पहाडी जनजाति अनि मुसलमान, जैन, शिख आदि थिए।

समानुपातिकतर्फ आधा उम्मेदवार महिला हुनुपर्ने व्यवस्था थियो। यसले गर्दा ३३ प्रतिशत सदस्य महिला हुन पुगे। कोटाको व्यवस्था नभएको प्रत्यक्ष निर्वाचनबाट पनि ३० जना महिलाले जितेकाले यो अवस्था हासिल भएको हो।

### निर्वाचनमा सुधार गर्न सकिने ठाउँ

सकारात्मक कदमको प्रभावकारिता बढाउनका लागि कोटा प्रणाली उपयोग गर्न सकिन्छ। उदाहरणका लागि, सन् १९९१ यताका प्रत्यक्ष निर्वाचनको परिणाम हेर्दा के देखिन्छ भने नेपालको जनसंख्याको १२.४ प्रतिशत जनसंख्या भएका नेवार, गुरुङ, लिम्बू, राई र थकाली आफ्नो जनसंख्याको अनुपातमा बढी मात्रामा निर्वाचित भएका छन्। त्यसैले, यी समूहका लागि कोटा जरूरी छैन। यसको सट्टा वञ्चित समूहलाई मात्रै कोटा दियो भने ती समूहको प्रतिनिधित्व बढ्छ। यसरी कोटा बढाउन सकिने वञ्चित समूहमा दलित, महिला, धेरै जनजाति समूह, मधेशी जात र मुसलमान पर्दछन्।

विविधता र समावेशीकरण यकिन गर्नका लागि प्रदेश लिस्टको उपाय पनि अपनाउन सकिन्छ। समानुपातिकतर्फको कुल सीट दलहरूले हासिल गरेको देशव्यापी परिणामका आधारमा उनीहरूमा बाँड्न सकिन्छ। यसपछि पार्टीले प्रदेशमा पाएको मतका आधारमा प्रदेश सूचीका उम्मेदवारलाई जिताउन सकिन्छ। यसले गर्दा देशभरका वञ्चित समूहका लागि कोटा पुग्छ र निर्वाचन परिणाम अरु बढी समावेशी हुन्छ।

सन् २००८ को समानुपातिक निर्वाचनतर्फको सूचीमा प्राथमिकता निर्धारण गरिएको थिएन। पार्टीका नेताहरूले पार्टीको भागमा परेका सीटमा सूचीमा भएका उम्मेदवारमध्येबाट आफ्नो इच्छा अनुसार कसैलाई छान्न सक्थे। यसो गर्दा जवाफदेहीको पक्ष कमजोर भएको थियो। केही देशहरूमा यस्तो सूचीका मानिसहरूको क्रम तोकिएको हुन्छ। पार्टीले निश्चित सीट पायो भने उसले क-कसलाई जिताउँछ भन्ने कुरा मतदाताले थाहा पाएका हुन्छन्। भविष्यमा यस्तो सूचीमा क्रम निर्धारण गराउनुपर्छ, जसले गर्दा जवाफदेही बढ्छ।

सकारात्मक कदमको उद्देश्य द्वन्द्वरत समूहका बीचमा सन्तुलन मिलाउनु, वञ्चित समूहको प्रतिनिधित्व बढाई वास्तविक समानता हासिल गर्नु र खास पहिचान र खास राजनीतिक एजेन्डा भएका समूहको आवाज सुनिने अवस्था यकिन गर्नु हो।

(रेडियो प्रसारण ३ कात्तिक २०७०)

# पहिचान र पुनर्वितरणको कानूनी समानता: भारत र नेपालमा संविधान निर्माण प्रक्रिया

■ **मारा मालगोडी**

**ब्रिटिश एकाडेमी पोष्ट डक्ट्रल फेलो, कानून विभाग, एलएसई लन्डन विश्वविद्यालय**

पहिचानमा आधारित र वर्गमा आधारित दुवै किसिमका दाबीलाई ध्यान दिँदै सकारात्मक कदमहरूको खोजी गर्न यो कार्यपत्रमा नेपाल र भारतमा भएका समानताको अधिकारको संवैधानिक प्रावधान रेखाङ्कन र यसको न्यायिक व्याख्याको बारेमा विश्लेषण गरिएको छ। यहाँ प्रस्तुत गरिएको मुख्य तर्क के हो भने सामाजिक न्याय र समानताको संवर्द्धनका लागि प्रतिबद्ध संस्थागत ढाँचाले पुनर्वितरणसँग राजनीतिलाई पनि समाहित गर्न सक्नुपर्दछ। वर्ग र पहिचान एकअर्कासँग जोडिएका संस्थाहरू हुन्। तिनले सिर्जना गर्ने पराधीनता र प्रभुत्वशाली व्यवहार प्रायः एकअर्कासँग असर गर्ने गरी सम्बन्धित छन्। पहिचान र पुनर्वितरणको राजनीतिमध्ये एउटाले अर्कोलाई विस्थापन गर्ने कुरा होइन, विशेष गरी नेपालको सन्दर्भमा यदि असमानताका यी दुवै पक्षहरूलाई ध्यान दिन सकिएमा मात्रै सकारात्मक कदम प्रभावकारी हुन सक्दछन्।

यो कार्यपत्रको तर्क न्यान्सी फ्रेजरका कृतिमा आधारित छ। बौद्धिक वर्ग र नीतिनिर्माता दुवैथरीले शीतयुद्धपछिको समयमा पहिचानको राजनीतिलाई ध्यान दिएकाले समानतामूलक पुनर्वितरणको महत्त्व धूमिल हुन पुग्यो। नव उदारवादी दृष्टिकोणले वर्गीय राजनीतिलाई त्यागिदियो। यसका अनुसार, पुनर्वितरणले गुणवत्तालाई कम महत्त्व दिन्छ, साथै राज्यलाई

ज्यादै ठूलो भूमिका प्रदान गर्दछ। तथापि, असमानता धेरै भएका नेपाल जस्तो मुलुकमा सकारात्मक कदमका उपाय सम्बन्धी नीति निर्माण गर्ने क्रममा आर्थिक असमानतालाई ध्यान दिनु महत्त्वपूर्ण हुन्छ। त्योभन्दा पनि, समाजवादी र साम्यवादी विचारधाराले नेपालमा राजनीतिक क्रियाकलापलाई ऐतिहासिक रूपमा प्रभाव पारेको पाइन्छ जसले वर्गीय राजनीतिलाई बढावा दियो भने अर्कोतर्फ पुनर्वितरणका मागहरू जनयुद्धका केन्द्र भागमा थिए। त्यसैले सकारात्मक कदमको सम्भावित लक्षित समूहको निर्धारण गर्ने वेलामा कानूनी आधार तयार गर्दा सम्पत्ति र भौतिक स्रोतको असमान वितरणलाई ख्याल गर्नुपर्छ।

यस सन्दर्भमा, संविधान मस्यौदा प्रक्रिया र सकारात्मक कदमलाई परिभाषित गर्ने संवैधानिक धाराहरूको न्यायिक व्याख्याको माध्यमबाट सकारात्मक कदमहरूको संवैधानिक आधारको लेखाजोखा गर्नु महत्त्वपूर्ण हुन आउँदछ। किनकि, पहिलो कुरा, निर्माण प्रक्रियाले देशको आधारभूत कानूनको स्वरूप निर्धारण गर्ने मात्रै होइन, यसले संस्थाहरूको ढाँचाको बारेमा बहसको ढोका पनि खुल्ला गर्दछ। यस्तो प्रक्रियाबाट तयार हुने संविधानका निर्माताले गरेको राजनीतिक छनोटको मूलभूत रूपमा नै कानूनी प्रतिफल हुनेछ। दोस्रो, लिखित रूपमा संविधानमै सीमा किटिएको कानूनी क्षेत्राधिकार र कानूनको संवैधानिकता पुनरावलोकन गर्न सशक्त रूपमा सक्रिय न्यायपालिका रहेको अवस्थामा, सकारात्मक कदमकै संवैधानिक आधारको अर्थ अदालती निर्णयबाट थप परिभाषित गरिएको पाइन्छ। त्यसैले, त्यस्ता नीतिहरूको संवैधानिक आयाम बुझ्नका लागि समानताको अधिकारलाई संस्थागत गर्ने र व्याख्या गर्ने, क्रमशः नेपाली र भारतीय कानूनी क्षेत्राधिकारका आ-आफ्ना अनुभवको तुलनात्मक विश्लेषण गर्नुपर्दछ।

समानताको अधिकार भारतमा सन् १९५० को संविधानमा भेदभाव विहीनता खण्ड अन्तर्गत समेटिएको छ। सन् १९५१ मा संविधानको पहिलो संशोधन गरिएपछि अनुसूचित जाति अनुसूचित जनजाति र अन्य पिछडा वर्गलाई दिइएको सकारात्मक कदमका उपायहरूलाई संवैधानिक आधार प्रदान गरिएको छ। यी समूह वर्गीकरण गर्ने वेलामा सामूहिक पहिचानले मुख्य भूमिका खेलेको थियो। सन् १९७० को दशकको बढ्दो अदालती सक्रियताले गर्दा संवैधानिक मौलिक अधिकारलाई कार्यान्वयन गर्न र सकारात्मक कदमको संवैधानिक आधारको अर्थ परिभाषित गर्ने भारतीय सर्वोच्च अदालतले अझै सक्रिय भूमिका खेल्न पायो। खासमा, सन् १९९० भन्दा पछिको अन्य पिछडा वर्ग सम्बन्धी मण्डल आयोगले माथिल्लो तह भन्ने अवधारणा ल्यायो। सकारात्मक कदमका उपायहरूको प्रतिफल अति आवश्यक लक्षित समूहमा पुग्ने कुरा यकिन गर्न अन्य पिछडा वर्गको सामाजिक, आर्थिक उपलब्धिको दृष्टिले माथिल्लो तहलाई सकारात्मक कदमका फाइदा नदिन यो अवधारणा ल्याइयो। त्यसैले, भारतको सर्वोच्च अदालतले सकारात्मक कदमका लाभको हकदारको पहिचान गर्ने क्रममा अन्य पिछडा वर्गको सन्दर्भमा पहिचानको राजनीतिलाई पुनर्वितरणको राजनीतिसँग जोड्यो, अनुसूचित जनजाति र अनुसूचित जातिको सन्दर्भमा चाहिं जोडेन। यद्यपि भारतमा आरक्षण प्रणाली निश्चित समयावधिको लागि मात्र भनिएको छ, तथापि संविधानको ७९ औं संशोधनबाट भारतीय आरक्षण प्रणालीलाई थप फराकिलो बनाई यसलाई सजिलै त्याग्न नसकिने बनाइयो। वास्तवमा, अहिले भारतमा सकारात्मक कदम सम्बन्धी विवाद यसको अन्त्य हुने समय निर्धारण गर्ने कुराबाट यसको परिणामलाई कसरी बढाउने भन्नेतिर सरेको छ।

नेपालको सन्दर्भमा, भेदभावहीनताको सिद्धान्तमा आधारित रहेर र छुवाछूतलाई सम्बोधन गर्ने गरी सन् १९९० को संविधानले समानताको नकारात्मक दृष्टिकोणलाई पछ्यायो। संविधान सिफारिश आयोगमा समानताको अधिकारको सूत्रपात गर्ने बारेमा छलफल चल्दा यसका सदस्य रामानन्द प्रसाद सिंहले यो व्यवस्थाका लागि अभिप्रेरित गर्न विशेष रूपमा भारतको संविधानको उल्लेख गरेका थिए। सन् १९९० को दशकको भारतको अन्य पिछडा वर्ग सम्बन्धी विवादले गर्दा नेपालको संविधानका निर्माताले समूह विशेषले पाउने सुविधाको आधार जातीय-सांस्कृतिक पहिचानलाई बनाएनन्। त्यसको सट्टा महिला, बालबालिका, वृद्ध-वृद्धा र शारीरिक वा मानसिक रूपमा अपाङ्ग भएका वा आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडि परेका वर्गको उत्थानका लागि भविष्यमा आवश्यक विशेष व्यवस्था गर्न सकिने उपधारा (३) मा व्यवस्था गरियो। त्यसैले, सन् १९९० को संविधान अन्तर्गत आर्थिक र तहगत असमानताले विशेष अधिकारको व्यवस्था गराउने बनायो। भारतमा जस्तो गरी जातीय-सांस्कृतिक वा/र धार्मिक छनक आउने पहिचानात्मक आधारले प्रवेश पाएन। सन् २००७ को नेपालको अन्तरिम संविधानको मस्यौदा चाहिं सामाजिक, सांस्कृतिक मानक (उदाहरणका लागि भाषिक, जातिगत र क्षेत्रीय पहिचान) मा आधारित सामूहिक अधिकारको मान्यताको नजिक पुग्यो। संविधानसभाको समितिको प्रतिवेदनले स्पष्ट रूपमा संस्कृतिमा आधारित अरू धेरै समूहलाई विशिष्ट संरक्षणको हकदार हुन पाउने गरी अन्तरिम संविधानमा भएको व्यवस्थालाई रुनै अगाडि बढायो। यस्तो प्रवृत्तिले सकारात्मक विभेदका उपायहरूको संवैधानिक आधारको खाका निर्माण गर्ने सन्दर्भमा पहिचान र वर्गीय मानकको पारस्परिक क्रियालाई उजागर गर्दछ।

नेपालको संविधान सन् १९९० अन्तर्गत भएका निर्णयहरूको विश्लेषण गर्दा मीरा ढुंगानाको केस (१९९५) बाट के खुलासा हुन्छ भने नेपालको सर्वोच्च अदालत धेरै मात्रामा संवैधानिक प्रावधानको क्षेत्राधिकारमा नै बसेको छ र लगातार रूपमा भेदभाव विहीनताको सिद्धान्तमा आधारित समानताको परिभाषालाई अँगाल्दै आएको छ। यस क्रमलाई अन्तरिम संविधान (सन् २००७) अन्तर्गतका सर्वोच्चका निर्णयहरूमा पनि जारी राखिएको छ, उदाहरणको लागि सुनिल पन्तको केस (सन् २००७)। महत्त्वपूर्ण कुरा के भने, सर्वोच्च अदालतको क्षेत्राधिकारको असाधारण विस्तारले गर्दा सन् १९९० यता कुनै पनि राजनीतिक निर्णय गर्ने वेलामा यस सर्वोच्च न्यायिक निकायलाई महत्त्वपूर्ण कर्ताको रूपमा उभ्याएको छ। त्यसैले नेपालमा भइरहेको सकारात्मक कदम सम्बन्धी बहसको क्रम अघि बढिरहँदा के लाग्छ भने सकारात्मक कदमलाई परिभाषित गर्ने क्रममा वर्ग र पहिचानको जटिल अन्तरसम्बन्धलाई परिभाषित गर्ने कुरामा सर्वोच्च अदालतको महत्त्वपूर्ण भूमिका हुनेछ।

(रेडियो प्रसारण १७ कात्तिक २०७०)

# भारतको सकारात्मक कदम सम्बन्धी नीति: एक मूल्यांकन

■ आनन्द तेल्तुम्ब्डे
प्राध्यापक, व्यवस्थापन, आईआईटी, खरगपुर

यस कार्यपत्रमा भारतमा विद्यमान सकारात्मक कदम सम्बन्धी नीतिको मूल्याङ्कन गर्ने प्रयास गरिएको छ। सकारात्मक कदमका नीतिका फाइदालाई विश्वव्यापी रूपमा स्वीकार गरिए पनि यसले पु¥याएका बेफाइदाका बारेमा कमै चर्चा भएको छ। यहाँ सकारात्मक कदमको नीतिले गर्दा बेहोर्नुपर्ने बेफाइदा र त्यसको लाभका बारेमा उल्लेख गरिएको छ। खास किसिमका बेफाइदा यस प्रकार छन्: आरक्षणका कारण लगातार भोग्नुपरेको सामाजिक कलंक, सम्भावित वैमनस्य, दलितलाई राजनीतिक रूपले अशक्त बनाइनु, समग्र दलित समुदायमा चेतना फैलिएको हल्ला फैलनु, दलितभित्रै उपल्लो वर्गको सृजना भएबाट उनीहरूबीच विभाजन आउनु, भूमिसुधार जस्ता विषयहरू ओझेलमा पर्नु, जातीय विभेदले स्थायित्व पाउनु।

सकारात्मक कदमका स्पष्ट देखिने केही फाइदा छन्। अनुसूचित जाति र अनुसूचित जनजाति यस कदमका प्रथम लाभग्राही हुन्। पछि आएर शैक्षिक संस्था र सरकारी नोकरीका क्षेत्रमा यस्ता फाइदा 'अन्य पिछडा वर्ग' लाई पनि दिइयो। यस कदमले लक्षित वर्गका मानिसलाई एक हदसम्म आर्थिक उन्नति गर्नका लागि सक्षम बनायो। यसका साथै, समाजका विभिन्न क्षेत्रमा स्थापित रहेको माथिल्लो जातको एकाधिकार तोड्ने काममा पनि यो निकै प्रभावकारी भयो। यी समुदायका थुप्रै मानिसहरू माथिल्लो पदमा पुग्न सफल भए, जसका कारण उनीहरू आफ्नै समुदायका अन्य व्यक्तिका लागि उच्च शिक्षा हासिल गर्न प्रेरणाका स्रोत बने। यसप्रकार उनीहरूले सीमान्तकृत वर्गका व्यक्तिहरूको सामाजिक-सांस्कृतिक उत्थानका लागि नेतृत्वदायी भूमिका खेले।

तथापि लक्षित समुदायभित्रको सानो हिस्साले मात्रै यसबाट लाभ लिन सक्यो। तालिका नं १ ले के देखाउँछ भने आरक्षणको नीति लागू भएका तीन दशकमा अनुसूचित जातिका श्रमिकहरूको संख्या वृद्धि भएर सन् १९९१ सम्ममा ५० प्रतिशतको हाराहारीमा पुगेको छ। लक्षित वर्गका व्यक्तिहरूमध्ये १० प्रतिशतले मात्र फाइदा पाएको र बाँकी ९० प्रतिशतको अवस्था खस्किएको अनुमान गरिएको छ।

सकारात्मक कदमको नीतिले सृजना गरेका केही बेथिति र बेफाइदा निम्न अनुसार छन् जसलाई यस नीतिले गर्भदेखि नै लिएर आएको थियो :

- **आधारभूत बेथिति** : जातीय पहिचानका आधारमा चालिएको सकारात्मक कदमले एउटा आधारभूत बेथिति ल्याएको छ। यसले गर्दा व्यक्तिले फाइदा पाउँछ भने पूरै समुदायले बेफाइदा भोग्नुपर्दछ। यो नीति कुनै जातिको फाइदाका लागि होइन, जातहरूको समूहको फाइदाका लागि ल्याइएको हो, जसलाई प्रशासनिक क्षेत्रमा 'अनुसूचित जाति' भनिएको छ। तर यस नीतिको फाइदा निश्चित जातका संभ्रान्तले लिने गरेका छन् जो अरूभन्दा समृद्ध हुन्छन्। यसबाट लाभ पाउनका लागि जातलाई एक मात्र आधार बनाइएकाले सम्बन्धित जातभित्रै विवाद बढेर विस्फोट हुन सक्छ। सन् १९९० को दशकमा आन्ध्रप्रदेशमा यस्तो भएको थियो जसलाई 'माला-माडिगा सिन्ड्रोम' भनिन्छ। हाल यो लक्षण देशका सम्पूर्ण भागमा फैलिएको छ।
- **प्रतिनिधित्वको तर्क** : यो नीति प्रतिनिधित्वको सिद्धान्तमा आधारित छ। जुन व्यक्तिले यस नीतिबाट फाइदा लिन्छ, उसले आफ्नो समुदायको हितमा काम गर्छ भनी यसले मानेको छ। तर दुई वटा कारणले गर्दा यस्तो हुन सम्भव छैन। पहिलो, यस उपमहाद्वीपमा जातीय नाताको लहरोले काम गर्छ भन्ने कुरा सत्य भए पनि दलितले चाहेर पनि आफ्नो पदको उपयोग गरेर आफ्ना जातिका पक्षमा काम गर्न सक्दैनन्, उनीहरूमाथि आफू जातिगत स्वार्थभन्दा माथि

**तालिका नं १ : अनुसूचित जाति र अनुसूचित जनजातिहरूको सन् १९६१ र १९९१ को पेशागत विवरण (प्रतिशतमा)**

| क्र.सं | पेशा | १९६१ | | | १९९१ | | |
|---|---|---|---|---|---|---|---|
| | | अन्य | अनुसूचित जाति | अनुसूचित जनजाति | अन्य | अनुसूचित जाति | अनुसूचित जनजाति |
| १ | कृषि/खेती | ५२.७८ | ३७.७८ | ६८.१८ | ३९.७४ | २५.४४ | ५४.५० |
| २ | कृषि मजदूरी | १६.७१ | ३४.४८ | १९.७१ | १९.६६ | ४९.०६ | ३२.६९ |
| ३ | घरेलु उद्योग | ६.३८ | ६.५६ | २.४७ | २.५६ | २.४१ | १.०४ |
| ४ | अन्य कामदार | २४.१३ | २१.२० | ९.६४ | ३८.०४ | २३.०८ | ११.७६ |

*स्रोत : राष्ट्रिय अनुसूचित जाति तथा अनुसूचित जनजाति आयोग, छैटौं प्रतिवेदन, १९९९-२००० र २०००-२००१, भारत सरकार, पृष्ठ २१*

उठेको छ भनी देखाउनुपर्ने दबाब पर्छ। दोस्रो कारण, यस नीतिको फाइदा लिइरहेका दलितहरूमा भएको वर्ग परिवर्तन हो। जसले तिनलाई पछाडि परेका दलितहरूबाट टाढा पुऱ्याउँछ। प्रतिनिधित्वको तर्कले काम गरिहाल्यो भने पनि त्यो सानो घेरामा, जस्तै सूक्ष्म परिचय वा उपजातमा सीमित रहन्छ; समग्र अनुसूचित जाति र जनजातिका लागि काम गर्दैन।

- **राजनीतिमा प्रतिनिधित्व** : राजनीतिमा आरक्षणको व्यवस्थाले दलितहरूमा राजनीतिक वर्ग खडा गरेको छ। यस्तो राजनीतिक वर्गको आर्थिक समृद्धिका निम्ति क्षेत्रमा यसले ठूलो योगदान पुऱ्याएको भए तापनि प्रतिनिधित्वका क्षेत्रमा राजनीतिक आरक्षणले दोहोरो भूमिका खेलेको छ। यसको सकारात्मक पक्ष के छ भने व्यवस्थापिकामा दलितहरूको उपस्थितिले जातीय पक्षपातलाई धक्का दिएको छ। तर अर्कातिर यसले माथिल्लो शासक वर्गलाई सम्भावित आक्रमण/विरोधबाट जोगाउन सहयोग पुऱ्याएको छ। समग्रमा, आरक्षणको नीतिले माथिल्लो शासक वर्गलाई निश्चित फाइदा पुऱ्याएको छ। आरक्षणको नीतिको म्याद नसकिँदै, दलितहरूले म्याद बढाउन माग नगरे पनि उनीहरूले त्यसको समयावधि थपेबाट यो कुरा प्रष्ट हुन्छ (शुरूमा यसको म्याद दश वर्ष तोकिएको थियो)।
- **शिक्षा र जागीर** : शिक्षा र सरकारी नोकरीमा गरिएको आरक्षणले दलितहरूलाई ठूलो सहयोग पुऱ्याएको छ। यस नीतिले गर्दा योग्यता र क्षमता भएका दलितहरूलाई सरकारी जागीर, औद्योगिक कारखाना र प्राज्ञिक संस्थाहरूमा प्रवेश पाउन सम्भव भयो। दलितहरूमा शिक्षा फैलाउनु यस नीतिको सबैभन्दा ठूलो योगदान हो। तर पनि दलित जनसंख्याको ठूलो हिस्साले अझै पनि उच्च शिक्षा हासिल गर्न सकेको छैन। स्कूलमा कुल भर्ना दर बढेको छ, तर स्कूल छोड्नेको दर पनि त्यत्तिकै बढी छ।
- अनुसूचित जाति र जनजातिको स्कूल भर्ना दर ज्यादै थोरै छ। धेरै तलब पाउने खालका जागिर पाउने सम्भावना भएका विषयहरूमा उनीहरूको भर्ना दर अझै कम छ। सन् १९९६-९७ मा अन्डरग्र्याजुएट तहमा भर्ना भएकामध्ये अधिकांश मानविकीमा भर्ना भएका थिए (अनुसूचित जातिका ५६.५ प्रतिशत र अनुसूचित जनजातिका ७७.७ प्रतिशत)। अनुसूचित जातिका १३.३ प्रतिशत र अनुसूचित जनजातिका ८.७ प्रतिशत विद्यार्थी विज्ञानमा भर्ना भएका थिए भने अनुसूचित जातिका १३.२ प्रतिशत र अनुसूचित जनजातिका ९.४ प्रतिशत विद्यार्थी वाणिज्य शास्त्रमा भर्ना भएका थिए। स्नातकोत्तर तहको भर्नामा पनि यही दर पाइन्छ। पेशागत विषयहरूमा उनीहरूको भर्ना दर ज्यादै कम छ। ७.९ प्रतिशत दलित र २.१ प्रतिशत जनजातिले इन्जिनियरिङ र औषधि विज्ञान पढेका थिए। यसबाट के स्पष्ट हुन्छ भने काम पाइने खालका विषयमा उनीहरूको भर्ना दर बिल्कुलै सन्तोषजनक छैन। सफ्टवेयर, बायोटेक्नोलोजी, बायो-इनफर्मेटिक्स जस्ता उदीयमान विषय दलितको पहुँचबाट टाढै थिए। आईआईटीएस/आईआईएमएसमा दलितको अनुपात उल्लेख्य मात्रामा कम छ। आईआईटीएसको भर्नामा अनुसूचित जातिको ४५-६५ प्रतिशत र अनुसूचित जनजातिको ८७-९२ प्रतिशत कमी छ।

> सकारात्मक कदमको नीतिले सिर्जना गरेको बेफाइदा र बेथितिले भारतमा यो नीतिको डिजाइन गलत किसिमले भएको संकेत गरेको छ। यसले दलितलाई अपाङ्गका रूपमा लिएको छ। यसले गर्दा पूरै दलित समुदायमाथि सामाजिक कलंक थोपरिएको छ। अहिलेको यो नीतिले दलितलाई समाजको ठूलो हिस्साको विरूद्धमा उभ्याएको छ। वर्तमान नीतिले पछौटेपनलाई लाभ लिने माध्यमका रूपमा स्थापित गरेको छ भन्न सकिन्छ।

- **दलित बीचमा विभाजन** : सकारात्मक कदमको नीतिले दलितहरूकै बीचमा विभाजन ल्याएको छ। उनीहरूको समूह पाखा लाग्ने क्रम बढेको छ भने मध्यमवर्ग र घरानियाँहरूले उनीहरूको एजेण्डालाई हाइज्याक गरेका छन्। माथि उठेका समूहले पछाडि छोडिएकाहरूका हितमा विरलै काम गर्दछन्।
- **राजनीतिक अक्षमता** : सकारात्मक कदमको नीतिले दलितहरूलाई राजनीतिक रूपमा कमजोर बन्न मद्दत गरेको छ। आरक्षणले गर्दा व्यवस्थापिका र राजनीतिक वृत्तमा उनीहरू निरन्तर रूपमा पुग्न सके तर यसले उनीहरूको राजनीतिक चाहनालाई दुर्बल बनायो। यो नीतिले लडाकू हुने सम्भावना भएका दलितको सानो समूहलाई 'थामथुम' पार्न मद्दत गऱ्यो। आरक्षणमा ध्यान दिंदा भूमिसुधार जस्ता दलितका लागि उपयोगी हुने आमूल परिवर्तनकारी काम ओझेलमा परे। यसले गर्दा सम्पूर्ण समुदायलाई राजनीतिक रूपले निष्क्रिय बनाइदियो, उनीहरूले आफ्ना आमूल परिवर्तनकारी नारालाई त्यागिदिए।
  यसले उनीहरूको जीवनमा नयाँ मोड ल्यायो, जहाँ उनीहरूले भोग्दै आएको जातीय भेदभावको सामाजिक कलंकले नयाँ आधुनिक स्वरूप धारण गऱ्यो। यस नीतिले जातीय भेदभावलाई हटाउनुको सट्टा अरु दरिलो बनायो। यसको फाइदा लिइरहेका व्यक्तिहरूलाई आफू पिछडिएको छु भन्ने दाबी कायम राख्न सहयोग गऱ्यो।

**निष्कर्ष**

सकारात्मक कदमको नीतिले सिर्जना गरेको यो बेफाइदा र बेथितिले भारतमा यो नीतिको डिजाइन गलत किसिमले भएको संकेत गरेको छ। यसले दलितलाई अपाङ्गका रूपमा लिएको छ। यसले गर्दा पूरै दलित समुदायमाथि सामाजिक कंलक थोपरिएको छ। अहिलेको यो नीतिले दलितहरूलाई समाजको ठूलो हिस्साको विरुद्धमा उभ्याएको छ। वर्तमान नीतिले पछौटेपनलाई लाभ लिने

माध्यमका रूपमा स्थापित गरेको छ भन्न सकिन्छ।

यस्तो नीति सदाका लागि नभएर निश्चित समयका लागि लागू गर्नुपर्छ। यसले सबैभन्दा कमजोरलाई फाइदा पुऱ्याउनुपर्छ, त्यस समूहका संभ्रान्तलाई होइन। यस्तो सुविधा साँच्चिकै आवश्यक भएको परिवारलाई मात्र दिएका खण्डमा अहिले भइरहेको अधिकांश गल्ती सच्याउन मद्दत मिल्छ। एक पटक यो सुविधा पाइसकेका परिवारले फेरि यो सुविधा लिन नपाउने व्यवस्था गर्न सकिन्छ। यस नीतिले दलितहरूको मुक्तिका लागि जातीय भेदभावको प्रथालाई अन्त्य गर्ने रणनीतिक कदम चाल्नुपर्छ।

सकारात्मक कदमले सिर्जना गर्ने बेफाइदा र बेथितिले हामीलाई के कुरा सम्झाएका छन् भने सकारात्मक कदम असमानता हटाउने अचूक उपाय होइन। दलितहरूको मुक्तिका लागि ल्याइने जुनसुकै नीतिले समाजमा व्याप्त जातीय भेदभावको कुप्रथालाई हटाउने प्रयास गर्नुपर्छ। त्यसैले भेदभाव गर्ने समाजको स्वभावका विरुद्ध राज्यले लिएको कदमका रूपमा काम गर्नुपर्छ। यति सामान्य कुरामा ध्यान दिने हो भने यसका धेरै कमी-कमजोरी हट्नेछन्।

नेपाल अहिले यस्तो महत्त्वपूर्ण नीतिनिर्माण गर्ने संवेदनशील घडीमा उभिएको छ। त्यसैले नेपालले आफ्ना समस्या के हुन् भन्ने कुरा राम्रोसँग जान्नुपर्छ र आफ्नो अवस्थालाई राम्रोसँग विश्लेषण गर्नुपर्छ। भारतले गरेको जस्तो गल्ती नेपालले गर्नुहुँदैन। जातीय विभेद अन्त्य गर्नका लागि ध्यान दिनुपर्छ। त्यसैले, यस्तो नीति तर्जुमा गर्नुपर्छ जसले गर्दा जातीय भेदभाव हटाउने जिम्मेवारी खास जातजातिले होइन समग्र समाजले लिने अवस्था सिर्जना होस्। यस नीतिले नयाँ नेपाललाई आमूल परिवर्तनतर्फ निर्देशित गर्न सक्नुपर्छ।

(रेडियो प्रसारण २४ कात्तिक २०७०)

# राज्यको रूपान्तरण र विविधिकरण: शिक्षामा सकारात्मक कदम

■ **सुजन ह्याङ्गेन**
**उप-प्राध्यापक, मानवशास्त्र र अध्ययन, रामापो कलेज, न्यू जर्सी**

शिक्षाले पहरेदारको भूमिका खेल्ने भएकाले यो कार्यपत्रले सकारात्मक कदमले यसलाई प्राथमिकता दिनुपर्दछ भन्ने दाबी गर्दछ। शिक्षामा असमान पहुँचले सामाजिक असमानता र सामाजिक वञ्चितीकरणलाई निरन्तरता दिन्छ। त्यसैले यस्तो पहुँचको अनुगमनले शिक्षाको व्यावहारिक र साङ्केतिक दुवै भूमिकालाई बुझ्न मदत गर्दछ। अग्रगति र विकासका लागि केन्द्रित प्रयास गरेको नेपालसँग लामो इतिहास छ। असमानता घटाउनका लागि गरिएका विकेन्द्रीकरणका विभिन्न प्रयासलाई पनि यस अन्तर्गत लिन सकिन्छ। तैपनि सामाजिक समता प्राप्तिका लागि विकेन्द्रीकरण मात्रै पर्याप्त छैन। त्यसैले, यो अपूर्णतालाई सम्बोधन गर्नका लागि सकारात्मक कदमका नीतिहरू प्रस्ताव गरिएका छन्। तर ती थोरै छन् र तिनको यथेष्ट कार्यान्वयन पनि भएको छैन।

सकारात्मक कदमका लागि शिक्षालाई प्राथमिकतामा राख्नुपर्ने अर्को कारण नेपालमा स्पष्ट रूपमा कायम रहेको शिक्षाको असमानता हो। विद्यालयस्तरका शैक्षिक प्रशासक, शिक्षक र विद्यार्थीहरूमध्येमा माथिल्लो जातका हिन्दू पुरुषहरूको संख्या ठूलो छ। विश्व बैंकको 'छोटा नागरिक बडा नागरिक' नामक प्रतिवेदन अनुसार सम्पूर्ण ब्राह्मण, क्षेत्री र नेवार समेत जोड्दा उनीहरूको उपस्थिति बाँकी अरू सबैको भन्दा अत्यन्त धेरै छ। साथै यस प्रतिवेदनले सबैभन्दा बढी विद्यालय छाड्ने विद्यार्थीहरू पनि सीमान्तीकृत समूहमै बढी भएको देखाउँदछ।

**तालिका १: शिक्षण पेशामा संलग्न कुल दलित र आदिवासी जनजाति शिक्षक सङ्ख्याको प्रतिशत**

| समूह | प्राथमिक विद्यालय | | निम्नमाध्यमिक विद्यालय | | माध्यमिक विद्यालय | | उच्चमाध्यमिक विद्यालय | |
|---|---|---|---|---|---|---|---|---|
| | २००९/१० | २०११/१२ | २००९/१० | २०११/१२ | २००९/१० | २०११/१२ | २००९/१० | २०११/१२ |
| दलित | ३.४ | ४.५ | २.० | २.९ | २.० | ३.६ | ०.७ | २.७ |
| आदिवासी जनजाति | २३.४ | ३०.० | १२.४ | १८.१ | ९.५ | १७.६ | ६.२ | १३.१ |

*स्रोत: शिक्षा विभाग, २०१० फ्ल्यास १ प्रतिवेदन, २००९-१०, सानोठिमी : शिक्षा विभाग*

## असमानता, सकारात्मक कदम र नेपाल

केही सुधार भए पनि शिक्षण पेशामा दलित र आदिवासी जनजातिको न्यून उपस्थिति रहेको यस तथ्याङ्कले देखाउँदछ। प्राथमिक तहको न्यून उपस्थिति भन्दा उच्च माध्यमिक तहको न्यून उपस्थिति गम्भीर किसिमको छ। के कुरा आत्मसात् गर्नु महत्त्वपूर्ण छ भने न्यून उपस्थिति रहेका यी समूहबाट उपस्थिति बढाउन सकिएमा ती समूहका विद्यार्थी विद्यालय आउन प्रोत्साहन मिल्ने वातावरण बन्ने थियो। यसले उनीहरूको विद्यालय छाड्ने क्रम पनि कम हुनेथियो र शिक्षाप्रति ती समूहहरूको पराई अनुभूतिलाई पनि हटाउन सकिने थियो।

माथि उल्लेख गरिए जस्तै सकारात्मक कदमका रूपमा शिक्षालाई प्राथमिकता दिनु महत्त्वपूर्ण छ। सीमान्तकृत समूहमा शिक्षाको दर बढाउनका लागि मात्रै होइन कि शैक्षिक प्रणालीको साङ्केतिक भूमिका पनि भएकाले शिक्षाले ग्रामीण बासिन्दाका लागि राज्यसँग अन्तरक्रिया गर्ने 'प्राथमिक स्थान' पनि प्रदान गर्दछ। जनताको सोचाइमा विद्यालय राज्यको प्रतिनिधित्व गर्ने संस्था हो। विद्यालयहरू राज्यका साकार संस्था भएकाले विद्यालय तहमा भएको विभेद र असमानताले राज्यप्रति अविश्वास जगाउँदछ किनकि यसलाई मानिसहरूले राष्ट्रको आफूहरूप्रतिको अपनत्वको अभावका रूपमा लिन्छन्। यसैले, पहिचानको राजनीतिका लागि विविधिकरण धेरै महत्त्वपूर्ण छ। राज्यले उनीहरूको प्रतिनिधित्व गर्दछ भन्ने जनताले सोचेर मात्र पुग्दैन, बरु उनीहरूले आफू राष्ट्ररूपी 'कल्पित सामूहिक समुदाय' को सदस्य भएको पनि अनुभूति गर्नुपर्दछ।

उदाहरणका लागि, इलाम र झापाका कतिपय सामुदायिक विद्यालयलाई अघि सार्न सकिन्छ, जुन स्पष्ट रूपमा जातीय विभेदको थलो भएका छन्। त्यहाँ कक्षाकोठाले विद्यार्थी र शिक्षकको विभाजनको प्रतिनिधित्व गर्दछ। हिन्दू माथिल्लो जातका शिक्षकहरूबाट बारम्बार विभेदमा पारिएको अनुभव निश्चित जातीय समूहका विद्यार्थीहरू उल्लेख गर्दछन्। शिक्षकहरूले ती विद्यार्थीहरूको सिक्ने क्षमतालाई कमजोर पारेको, उनीहरूलाई परीक्षामा थोरै अंक दिएको र/वा कक्षाकोठाको पछाडिको भागमा बस्न लगाएको भनेर सीमान्तीकृत समुदायका मानिसहरू दाबी गर्दछन्।

शैक्षिक प्रणालीका बारेमा आदिवासी जनजातिहरूले गरेको एउटा महत्त्वपूर्ण आलोचना के हो भने नेपाली भाषामा तयार गरिएका पाठ्यपुस्तकहरूले गर्दा थुप्रै समुदायका भाषाहरू उपेक्षित हुन पुगेका छन्। त्यस्तै, विभेदको अनुभवले गर्दा धेरै आदिवासी जनजातिहरूले आफ्नो पढ्ने धोको सेलाएको र राज्यबाट छुट्याइएको अनुभूति गरेका छन्। विद्यालयहरूले उच्च जातका हिन्दूको सांस्कृतिक दृष्टि र काठमाडौंका बासिन्दाको अनुभव एवं ज्ञानलाई समेट्ने भएकाले, कम प्रभुत्वशाली समूहहरूले आफू राष्ट्रको र पठित समुदायको अपहेलित/उपेक्षित सदस्य भएको अनुभूति गर्दछन्।

नेपालमा शैक्षिक प्रणालीलाई विकेन्द्रीकरण गर्न सरकारले केही प्रयास गरेको छ। विद्यालयप्रतिको अपनत्व तथा विद्यालयको वातावरणमा समावेशिता वृद्धि गर्नको लागि, सन् २००३ देखि विद्यालयको स्वामित्व समुदायमा हस्तान्तरण गर्ने उद्देश्य साथ सामुदायिक विद्यालय सहयोग परियोजनाको सुरुआत गरिएको छ। यस अनुसार सम्बन्धित विद्यालय व्यवस्थापन समितिले नै विद्यालयको सञ्चालन गर्ने छन्। यो कदम चाल्नुको उद्देश्य हो– शिक्षामा समुदायको पहुँच बढाउनु र विद्यालयमा सामाजिक समानता वृद्धिका लागि सामाजिक प्रतिकूलतामा रहेका समुदायको परिचालन गर्नु। दुर्भाग्यवश, माथिबाट निर्देशित योजना र स्थानीय समुदायसँगको परामर्शको अभावले गर्दा यो परियोजना प्रभावहीन हुन पुग्यो। त्यसैगरी विद्यालय व्यवस्थापन गर्ने सन्दर्भमा विद्यालय व्यवस्थापन समितिको क्षमता बढाउने कार्यमा पनि असफलता हात लाग्यो। परियोजना ठूलाबडाको नियन्त्रणबाट असंक्रमित रहन सकेन तथा विद्यालय व्यवस्थापन समितिको राजनीतिकरणले गर्दा सामुदायिक विद्यालयको सुचारु रूपमा सञ्चालन हुन सकेन। समग्रमा विद्यालयको स्वामित्व समुदायमा हस्तान्तरण गर्ने यस कदमले शिक्षाको गुणस्तरमा थोरै मात्र परिवर्तन गर्न सक्यो।

यसबाट के बुझ्न सकिन्छ भने विकेन्द्रीकरण शिक्षामा समानता ल्याउने कुनै जादुको छडी होइन। त्यसैले, सीमान्तीकृत समूहलाई शैक्षिक वातावरणमा समाहित गर्नको लागि अन्य उपायहरूको कार्यान्वयन गर्नुपर्दछ। मातृभाषामा कक्षा शिक्षा, विविध संस्कृति/पहिचानलाई प्रतिबिम्बित गर्ने गरी पाठ्यक्रममा परिमार्जन र सीमान्तीकृत समुदायमा विद्यालय प्रणालीको संस्कार प्रवर्द्धन गर्ने उपायहरू शिक्षालाई समतामूलक बनाउने केही कदम हुन सक्छन्। शैक्षिक क्षेत्रमा केही सकारात्मक नीतिहरूलाई कार्यान्वयन गरिएको छ, उदाहरणका लागि विद्यालय क्षेत्र सुधार योजना अन्तर्गत सीमान्तीकृत समूहका शिक्षकका लागि प्रोत्साहन र छनोटमा निश्चित भागबण्डा प्रदान गरिएको छ; छात्रवृत्ति ऐन (पहिलो संशोधन सन् २००७), निजामती सेवा ऐन (सन् २००७ मा संशोधन) र लोकसेवालाई समावेशी बनाउन केही नेपाल ऐनमा संशोधन गर्ने अध्यादेश (सन् २००९) ले महिला, दलित, आदिवासी, जनजाति, मधेशी र दुर्गम र तथा पछाडि परेका क्षेत्रका बासिन्दाको लागि आरक्षण र समावेशिता प्रवर्द्धन गर्ने काम गरेको छ।

यी नीतिहरूलाई प्रभावकारी बनाउन विविध उपायहरूको अवलम्वन गर्ने कुरालाई पनि उत्तिकै महत्त्व दिनुपर्दछ। हरेक तहमा, निजी विद्यालयले पनि, यस्तै संरचनात्मक परिवर्तनलाई अवलम्वन गर्नुपर्दछ। पहिचानको राजनीति महत्त्वपूर्ण भएकाले शिक्षकहरू स्थानीय बासिन्दाको प्रतिनिधित्व गर्ने हुनुपर्दछ। प्रतिष्ठा र राज्यप्रति अपनत्वको भावलाई जगाउने गरी यी नीतिहरू बनाउनुपर्दछ।

सारांशमा, यस कार्यपत्रमा सामाजिक समानताका लागि शैक्षिक क्षेत्रमा सकारात्मक कदममा जोड गरिएको छ। शायद यी नीतिहरूबाट लाभान्वित हुनेहरूमा ती समूहका माथिल्ला मानिस हुन सक्लान्। यदि यी समुदायका केही व्यक्तिले यी नीतिहरूबाट अधिक फाइदा पाएको नै भए पनि विद्यालय छाड्नेहरूले तिनीहरूको अनुसरण गर्ने दृष्टान्त हुन सक्छन्।

(रेडियो प्रसारण २ मंसीर २०७०)


नेपाल वातावरण पत्रकार समूह
दिगो विकासका लागि पत्रकारिता
नेफेज आवर, ईमेज च्यानल टिभीमा
सोमबारदेखि शुक्रबार, साँझ ६:१० देखि ६:५५
आँखीभ्र्याल, बिजोग बाग्मती, संवद्धिका लागि वन
नवयुवाका लागि समसामयिक विषयको कार्यक्रम
नयाँ पुस्ता शुक्रबार साँझ ६:३० देखि ६:४५
निगरानी कार्यक्रमहरु :
वन र वन्यजन्तु, विपादी, पर्यटन
शहरी वातावरण, जलवायु परिवर्तन र सिमसार
हरदम तपाईंकै साथ दैनिक १८ घण्टा
हालचाल सधैं १५ मिनेट अगाडि
बिहान : ८:४५ र ११:४५, दिउँसो ४:४५, साँझ : ६:४५ र ९:४५
पत्रपत्रिका, डबली, खुल्ला मञ्च, आजका कुरा,
सङ्गीत आकाश, ट्राफिक अपडेट
शनिवार साँझ ६:०० बजे
नयाँ पुस्ता, नवयुवाका लागि समसामयिक विषयको कार्यक्रम
बीबीसी नेपाली सेवा हरेक बेलुका ८:४५-९:१५ सम्म
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
दक्षिण एसियाको पहिलो सामुदायिक रेडियो, नेपाली रेडियो, नेपाली आवाज
ठेगाना: भनिमण्डल, चक्रपथ, ललितपुर
NEPAL FORUM OF ENVIRONMENTAL JOURNALISTS -1986-
फोन नं: ०१ ५५३५३४२
फ्याक्स: ०१ ५५३२०३३
इमेल: nefej@mos.com.np
वेभ: www.nefej.org
www.nayapusta.org
फोन नं: ०१ ५५४२२४५
फ्याक्स: ०१ ५५३०२२७
इमेल: info@radiosagarmatha.org
वेभ: www.radiosagarmatha.org
102.4
रेडियो सगरमाथा


गुञ्जन्छ राष्ट्रको हरेक कुनामा. . .
नेपाल एफएम नेटवर्क
NEPAL FM 91.8
NEPAL FM
91.8
Socially Inclusive Radio of New Nepal
तपाईं जहाँ भए पनि नेपाल एफ एम
विस्तृत जानकारीका लागि : नेपाल एफ.एम. 91.8, रविभवन, काठमाडौं
फोन: ४२८९१२१, ४२८९१२३, ईमेल : radio@nfm.com.np
www.nfm.com.np

जिज्ञासा जवाफ

## मैले नबुझेका कुरा

सबै हरिया बिरुवाले प्रकाश संश्लेषण प्रक्रिया (photo synthesis) मा स्टार्च नै बनाउँछन् । तर हरिया सागपात, तरकारी-बाली र फलफूल आदि भिटामिनका स्रोत; केराउ, चना, सिमी, भटमास र दालबालीहरू प्रोटिनका स्रोत अनि धान, गहुँ, जौ, कोदो आदि स्टार्च या कार्वोहाइड्रेटका स्रोत कसरी हुन पुगे? यदि कोष (cell) मा भएको ribsome ले प्रोटिन संश्लेषण गर्ने भए हरिया सागपातको कोषमा पनि ribsome हुन्छ नि ! होइन र ?

**रामएकवाल यादव**

**मावि भोइल, टिमकिया, महोत्तरी**

*हरिया बिरुवा सबैले Photosynthesis गर्दा कार्वोहाइड्रेट बनाउने हो। बोटबिरुवा वा सबै प्राणीमा प्रोटिन संश्लेषण गर्ने प्रणाली पनि हुन्छ । कुरा यति हो कि कार्वोहाइड्रेट संश्लेषण क्लोरोफिलको मद्दतले र प्रोटिन संश्लेषण राइवोसोमको मद्दतले हुन्छ। हामीले बिरुवाका फरक-फरक अंग फरक-फरक समयमा फरक तरिकाले उपभोग गर्छौं। त्यसैले अंगहरू फरक-फरक स्रोत भएका हुन्। बिरुवामा कार्वोहाइड्रेट, भिटामिन र प्रोटिनको संश्लेषण फरक-फरक प्रक्रियाबाट हुन्छ र ती फरक-फरक स्थानमा भण्डारण हुन्छन् ।*

*धान, गहुँ, मकै जस्ता अन्नमा कार्वोहाइड्रेट र प्रोटिन दुवै पाइन्छ । तर कार्वोहाइड्रेट बढी पाइने भएकोले तिनलाई कार्वोहाइड्रेटका स्रोत भन्छौं । हरिया सागपात बिरुवाका शरीर हुन् । त्यसैले ती माटोबाट सोसेका सबै खनिज र निर्माण गरेका भिटामिनका स्रोत हुने भए । गेडागुडीमा इम्ब्रियो (दिउल) हुने भएकाले प्रोटिन बढी मात्रामा हुन्छ । त्यसैले बीउ प्रोटिनका स्रोत बन्न पुगे। फलफूल कार्वोहाइड्रेट र भिटामिनयुक्त कोषले बनेका हुन्छन् । तिनले आफूमा उम्रनुपर्ने नयाँ बिरुवालाई खुवाउने घुलनशील तत्वहरू संकलन गरेका हुन्छन् । बिरुवाका सबै भागमा धेरथोर सबै प्रकारका पौष्टिक तत्वहरू पाइन्छन् । परिमाण मात्र फरक हो । जुन भागमा जे बढी पाइन्छ; त्यसैलाई हामीले त्यसको स्रोत भन्ने गरेका मात्र हौं ।*

***गौरीशंकर पाण्डे, प्राविधिक अधिकृत***

***शैक्षिक जनशक्ति विकास केन्द्र***

## कर कट्टी कसरी गरिन्छ ?

सरकारले दम्पतीको जीवनको हकमा रु.२ लाख र एकलको हकमा रु.१ लाख ५० हजारसम्मको तलबमा आयकर छूट गरेको छ । बाँकी रहेको तलबमा १५% आयकर कट्टी गरिन्छ । त्यसमा पनि बाँकी रहेको तलबमा जीवन बीमाको वार्षिक प्रिमियम तिरेको कट्टी हुन्छ । अधिकतम कति वार्षिक प्रिमियम कट्टी गर्न सकिन्छ ? १ प्रतिशत सामाजिक सुरक्षा कर र १५ प्रतिशत आयकर सम्पूर्ण तलबमा कसरी कट्टी गरिन्छ ?

**बलिकान्त चौधरी, उमावि चिलाउने-३, उदयपुर**

*आर्थिक अध्यादेश, २०७० ले एकल व्यक्तिको वार्षिक रु.२ लाख र दम्पतीको हकमा वार्षिक रु.२ लाख ५० हजार रुपैयाँसम्म रोजगारी आय भएमा एक प्रतिशतका दरले कर लाग्ने व्यवस्था गरेको छ। सोभन्दा बढी आय भएमा करको दर बढ्दै जान्छ। यसको लागि निर्धारणयोग्य आय निकालेर उक्त आयमा छूट पाउने रकम घटाई जम्मा करयोग्य आय निकाल्नुपर्ने हुन्छ । सोही अध्यादेशले लगानी बीमा गरेको व्यक्तिले भुक्तानी गरेको वार्षिक प्रिमियममा रु.२० हजारमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र कर लाग्ने व्यवस्था गरेको छ। यसलाई तलको उदाहरणबाट स्पष्ट तुल्याउने प्रयास गरिएको छ ।*

*मानौं, कुनै एकल व्यक्तिको वार्षिक करयोग्य आय रु.२ लाख ५० हजार रहेछ र उक्त व्यक्तिले वार्षिक रु.२५ हजार बीमा प्रिमियम तिर्नुपर्ने रहेछ भने उक्त व्यक्तिले तिर्नुपर्ने वार्षिक करको हिसाब निम्नानुसार गर्न सकिन्छ:*

***करयोग्य आय:*** *रु.२ लाख ५० हजार*

***बीमा प्रिमियम बापत घटाउन पाउने रकम:*** *रु.२० हजार (रु.२५ हजार प्रिमियम तिरे पनि रु.२० हजारसम्म मात्र छूट पाइन्छ।)*

***करयोग्य आय (कर गणनाको लागि):*** *रु.२ लाख ३० हजार*

***रु.२ लाखमा एक प्रतिशतका दरले लाग्ने कर रकम:*** *रु.२ हजार*

***बाँकी रु.३० हजारमा १५ प्रतिशतका दरले लाग्ने कर रकम:*** *रु.४ हजार ५००*

***जम्मा कर रकम:*** *रु.६ हजार ५००*

***चित्र केसी, लेखा अधिकृत, शिक्षा विभाग***

## योग्यताको कदर भएन

चितवनमा अनुमतिका आधारमा माध्यमिक तह सञ्चालन हुँदै आएकामध्ये तीन वटा विद्यालयमा दरबन्दी मिलान अन्तर्गत एक-एक जना माध्यमिक दरबन्दीका शिक्षक थपिएका छन् । नियमानुसार माध्यमिक दरबन्दी भएको विद्यालयमा सोही तहकै शिक्षक प्रअ हुनुपर्ने हो । तर, स्थायी माध्यमिक शिक्षक आइसकेपछि पनि मावि गवै कुमरोज, मावि मालपुर र मावि केरुङमा प्राथमिक तहके शिक्षक प्रअका रूपमा कार्यरत छन्। योग्यता पुगेका शिक्षकलाई नै प्रअ बनाउन जिशिकाले किन पहल गर्दैन ?

**सुवासचन्द्र मल्ल ठकुरी**

**मावि गवै, कुमरोज, चितवन**

*नियमत: माध्यमिक तहको विद्यालयमा उपलब्ध भएसम्म सोही तहकै शिक्षक प्रअ हुनुपर्ने हो । यद्यपि तुरुन्ता तुरुन्तै प्रअ परिवर्तन गर्न व्यावहारिक रूपमा कठिनाइ पर्दोरहेछ। माध्यमिक तहकै शिक्षकलाई प्रअ नियुक्तका*

*निम्ति हामीले सम्बन्धित विद्यालय व्यवस्थापन समितिसँग अनुरोध गरिसकेका छौँ। क्रमिक रूपमा यसको कार्यान्वयन गर्दै लगिनेछ।*

***रमाकान्त शर्मा***

***जिल्ला शिक्षा अधिकारी, चितवन***

## प्रअको दावेदारः म कि उहाँ ?

म २०५० सालमा प्राथमिक तृतीय श्रेणीमा नियुक्ति पाई २०६२ मा द्वितीय र २०६९ मा प्रथम श्रेणीमा बढुवा भएको छु। मेरो शैक्षिक योग्यता एमएड हो। मैले १० महीने प्राथमिक शिक्षक तालीम र एकमहीने प्रअ नेतृत्व विकास तालीम पनि लिएको छु। मेरो विद्यालयमा २०७० मंसीरदेखि प्रअको पद रिक्त हुँदैछ। विव्यसले एक जना शिक्षकलाई सहायक प्रअ तोकेको छ। उहाँ प्रावि द्वितीय श्रेणी, १० महीने तालीम नभएको, शिक्षाशास्त्र पनि नपढेको र प्रअ तालीम पनि नलिएको अवस्थामा हुनुहुन्छ। उहाँको नियुक्ति २०४२ सालको हो र उहाँले बीएल उत्तीर्ण गर्नुभएको छ। विव्यसले भविष्यमा उहाँलाई नै प्रअ बनाउने तयारी गरेको देखिन्छ। वरिष्ठता र तालीमका आधारमा म आफूलाई भावी प्रअको दावेदार ठान्छु। उहाँ र ममध्ये को चाहिं प्रअका निम्ति योग्य हो ?

**ऋषिराम सापकोटा**

**हरिसिद्धि निमावि, धुलिखेल–२, काभ्रे**

*शिक्षा नियमावली, २०५९ को नियम ९३ मा निम्नमाध्यमिक विद्यालयको प्रअ हुनका निम्ति शिक्षाशास्त्रमा स्नातक उत्तीर्ण गरी सोही तहको स्थायी शिक्षक हुनुपर्ने व्यवस्था छ। निम्नमाध्यमिक तहको शिक्षक नभएको विद्यालयमा कार्यरत शिक्षकहरूमध्येबाट वरिष्ठतम शिक्षकले निमित्त प्रअ तोक्नुपर्ने व्यवस्था नियमावलीमा छ। शैक्षिक योग्यता, तालीम र श्रेणीका आधारमा निमित्त प्रअका निम्ति उहाँभन्दा तपाइँ नै वरिष्ठ रहेको देखिन्छ।*

***नारायणप्रसाद भट्ट***

***जिल्ला शिक्षा अधिकारी, काभ्रे***

## ट्रान्सक्रिप्ट भए पाइन्छ

मैले एसएलसी उत्तीर्ण गरेपछि १० महीने शिक्षक तालीम पूरा गरें। साथै एकवर्षे विशेष कक्षा पनि उत्तीर्ण गरेको छु। यो आधारमा मैले शिक्षा सेवाको प्राविधिक सहायक र निमावि तहको शिक्षकमा आवेदन दिन पाउँछु कि पाउँदिन ?

**सुरेन्द्र पाण्डे**

**पर्सा देवाड–४, महोत्तरी**

*निम्नमाध्यमिक तहको शिक्षकमा आवेदन दिनको निम्ति शिक्षाशास्त्रमा कक्षा १२ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्छ। सो तहको परीक्षा उत्तीर्ण गरेको स्पष्ट खुल्ने ट्रान्सक्रिप्ट भएमा आवेदन दिन पाइन्छ। प्राविधिक सहायकको परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्छ। सो पदका लागि लोक सेवाले पनि उही ट्रान्सक्रिप्ट नै खोज्छ।*

***नारायणप्रसाद भट्टराई***

***उपसचिव, शिक्षक सेवा आयोग***

## यस्तो लापरवाही किन ?

शैक्षिक सत्र, २०७० को निम्ति अक्सफोर्ड इन्टरनेशनल प्रालि, अनामनगरले छपाइ गरेको कक्षा–४ को विज्ञान पाठ्यपुस्तकमा 'ठीक चिन्ह लगाउ' भन्ने ठाउँमा (३) र 'बेठिक चिन्ह लगाउ' भन्ने ठाउँमा (५) चिन्ह लगाउ भनेको छ। त्यस्तै गरी कक्षा–४ कै अंग्रेजी पाठ्यपुस्तकको एकाइ–१ को पेज नं. ४ मा कक्षा–२ को ऋजबलत राखिएको छ। पेज नं. ५ मा पनि कक्षा–२ कै राखिएको छ र पेज नं. ८ र ९ मा पनि कक्षा–२ कै पाठ्यवस्तु राखिएको छ। फरक कक्षाको पाठ्यपुस्तकमा समान पाठ्यवस्तु किन राखियो ? यस्तो लापरवाही किन ?

**दाना केसी, सुलिचौर, रोल्पा**

*'फन्ट'को समस्याका कारण 'ठीक वा बेठीक चिन्ह लगाउ' भन्ने कक्षा–४ (विज्ञान) को अभ्यासमा अन्यथा चित्र पर्न गएको छ। त्यसलाई आउँदो संस्करणमा सच्च्याइनेछ। अंग्रेजी पाठ्यपुस्तकमा भएको त्रुटि अक्सफोर्ड इन्टरनेशनलको हो। उसको असावधानीका कारण करीब चार हजार पाठ्यपुस्तकको छपाइमा त्यस्तो त्रुटि भएको र त्रुटिपूर्ण पाठ्यपुस्तक फिर्ता गरेर अर्को पुस्तक दिने प्रतिबद्धता जनाएको छ। यदि सट्टा पाठ्यपुस्तक नदिएको खण्डमा पाठ्यक्रम विकास केन्द्रले अक्सफोर्ड व्यवस्थापनलाई कारवाही गर्नेछ।*

***गणेशप्रसाद भट्टराई, उपनिर्देशक***

***पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर***

## मलाई तलब दिइएन

म २०६५ मंसीरदेखि प्राथमिक तहमा निजी स्रोतको शिक्षकका रूपमा अध्यापनरत छु। व्यवस्थापन समितिको २०६७ साउनको निर्णय अनुसार मलाई मासिक तलब रु.११ हजार ३५० दिने भनिएको थियो। तर, समितिले स्रोत अभावको कारण जनाउँदै मलाई १८ महीनादेखि तलब दिएको छैन। अब मैले मेरो तलब कसरी लिन सक्छु ? त्यसका निम्ति मैले के गर्नुपर्ला ?

**मधुसूदन जोशी**

**बद्रीनाथ मावि, बहरीगाउँ, दार्चुला**

*जिशिका, दार्चुलाको दरबन्दी मिलान सम्बन्धी प्रतिवेदन हेर्दा त्यहाँका सबै विद्यालयमा प्राथमिक तहको दरबन्दी पुगेको देखिन्छ। दरबन्दी हुँदाहुँदै पनि विव्यसले किन निजी स्रोतका शिक्षकलाई नियुक्त गऱ्यो ? त्यो जिशिकाको सरोकारको विषय होइन। किनभने निजी स्रोतको शिक्षक नियुक्तिमा जिशिकाले स्वीकृति दिइराख्नु पर्दैन। तपाइँको नियुक्ति प्रक्रियामा भएको सम्झौता अनुसार विव्यससँगै समन्वय गरेर तपाईंले आफ्नो समस्याको निरुपण गर्नु/गराउनुपर्ने हुन्छ। यसमा जिशिकाले केही गर्न सक्दैन।*

***दुर्गादत्त विष्ट***

***जिशिअ, दार्चुला***






No Buffering! No Delays!!
Nepal's fastest broadband Internet
CABLE ZOOOM
10 Mbps
10,000 kbps
30 times faster
Internet
For SMS inquiry: Type ZOOOM and send to 5465.
*Conditions apply. Available in selected areas of Kathmandu and Biratnagar only.
WORLDLINK
HEAD OFFICE
Jawalakhel Lalitpur, PO Box 8207, Nepal Tel: 5523050,9801523050
Fax: +977-1-5529403 Email: sales@worldlink.com.np, URL: www.worldlink.com.np
BRANCH OFFICE
Bhaktapur 6619512 Chabahil 4465289 Kalimati 4673016 Maharajgunj 4650889
New Baneshwor 4471583 Putalisadak 4421108 Biratnagar 021-530020

# Real फुर्सद

## शब्द खेल-५९




**तेर्सो**
१) समाप्ति/नास/मृत्यु; २) ताजा नभएको
४) कुनै अर्थ नभएको/विनसित्तिको
५) हिफाजत; ७) महीना/मैन्हा
९) पहिले-पहिले युद्धमा प्रयोग गरिने लामो, पातलो, धारिलो फलामे हतियार
११) चारैतिर फुकेको/विस्तृत
१३) मैनबत्ती आदि बाल्दा अड्याइने ठाडो पानस
१५) मुद्दा मामिलामा मुछिएको व्यक्ति वा वस्तुलाई चाहेका वेला उपस्थित गराउने शर्तमा सम्बन्धित अड्डामा धन धरौटी राखी वा व्यक्ति नै जमानी बसी छुटाउने काम
१७) लुगा कपडा आदि जनाउने बाल बोली
१९) कुनै ठाउँबाट गरिने प्रस्थान
२०) झगडा गर्ने माध्यम/बहाना
२१) चार युगमध्ये अन्तिम
२२) 'महँगो'को उल्टो

**ठाडो**
१) माने/मतलब/तात्पर्य/अभिप्राय
३) साँध/सिमाना; ४) व्यथाग्रस्त/चिन्तित
५) बग्गी घोडा आदि हाँक्ने व्यक्ति
६) कृत्रिम धाक/फुर्ती; ८) सुगम/सरल
१०) रातो वर्णको/लाल रङको
१२) कृषक/खेतीवाल; १३) ढाडस/आश्वासन
१४) आँखा/नयन/नेत्र; १५) समय/काल
१६) गण्डकी अञ्चलको एक जिल्ला
१८) सुंघ्ने काम गर्ने अङ्ग
२०) अचार, तरकारी, दाल आदि सहायक खाद्यवस्तु केही नभएको (खानेकुरो)

नाम: — — — — — — —

ठेगाना: — — — — — — —

## अन्ताक्षरी-५९




१) यस लोकको जिन्दगानी (४)
२) हातहतियार सहितको फौज वा सेना (५)
३) कुनै प्रकारको रचना वा निर्माणमा मौलिकता थपिएको (५)
४) परस्परको कुनै काम वा कुराकानीमा हुने गडबड (४)
५) बठ्याइँ/चलाकी (४)
६) इन्द्रधनुष (३)
७) चोटपटक लाग्दा रगत बाहिर निस्कन नसकी शरीरको भित्रभित्रै पर्ने नीलो दाग (४)
८) माटै माटो भएको/मटिलो (४)
९) परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलिआएको कथा (४)
१०) परस्पर समानान्तर रूपले थाप्ने काम (४)
११) आफूले गरिसकेका कार्यबाट उत्पन्न कुनै मानसिक खेद/पछुतो (४)
१२) परिस्थितिसँग हारेर भाग्ने काम (४)
१३) अनावश्यक वा उत्ताउलो किसिमले गरिएको श्रृंगार (६)
१४) विशेष गरेर बालकहरूलाई एकोहोरे किसिमले लाग्ने खोकी (हुपिङ्ग कप) (५)

नाम: — — — — — — — —

ठेगाना: — — — — — — — —

**शब्दखेल-५७ को सही उत्तर**
तेर्सो: १) सुलभ ३) मगज ५) हाँगा ६) डर ७) गोतुल ८) दावानल १०) बरियात १२) आत्मरति १४) सहायता १५) रसाल १६) ढोका १८) काल १९) काथर २०) मन्तव्य
ठाडो: १) सुगा २) भद्रगोल ३) मतलब ४) जड ९) नहर ११) रिसाहा १३) तिरस्कार १४) सलगम १७) काका १८) काव्य

**अन्ताक्षरी-५७ को सही उत्तर**
१) उजाड २) डबल ३) लस्कर ४) रखवाला ५) लायक ६) कटकाल ७) लबस्तरो ८) रोजगार ९) रक्षाबन्धन १०) नगदेबाली ११) लीनता १२) तानातान १३) नकचऱ्याइ १४) इमानदार १५) रमकझमक ।

**सामान्यज्ञान-५७ को सही उत्तर**
१. (क) २०६३ माघ १; २. (घ) लापाज (बोलिभिया);
३. (ग) कुसुण्डा (२७३ जना); ४. (ख) आङ सान सुची;
५. (क) नारायणगोपाल









## सुडोकु-५९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ५ | | १ | | ९ | | |
| | | | ७ | ४ | ५ | | | |
| ४ | | | | २ | | | | १ |
| | २ | | | | | | ६ | |
| ६ | ९ | ७ | | | | ५ | १ | २ |
| | ४ | | | | | | ९ | |
| ९ | | | | ६ | | | | ५ |
| | | | ८ | ७ | ४ | | | |
| | | ८ | | ३ | | १ | | |

नाम: — — — — — — — —

ठेगाना: — — — — — — — —

## सुडोकु-५७ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | १ | ३ | ४ | २ | ९ | ७ | ५ | ६ |
| ७ | २ | ४ | ६ | ८ | ५ | ९ | १ | ३ |
| ५ | ९ | ६ | १ | ७ | ३ | २ | ४ | ८ |
| ६ | ३ | २ | ५ | ९ | १ | ४ | ८ | ७ |
| ९ | ८ | १ | ७ | ६ | ४ | ५ | ३ | २ |
| ४ | ७ | ५ | २ | ३ | ८ | ६ | ९ | १ |
| १ | ४ | ७ | ३ | ५ | २ | ८ | ६ | ९ |
| २ | ५ | ९ | ८ | १ | ६ | ३ | ७ | ४ |
| ३ | ६ | ८ | ९ | ४ | ७ | १ | २ | ५ |






## सामान्यज्ञान-५९

१. सनपाट खेतीको लागि नेपालको कुन जिल्ला प्रख्यात छ ?
क) सप्तरी ख) मोरङ ग) स्याङ्जा घ) इलाम

२. नाम चटगाउँ भए पनि यो एउटा शहर/ठाउँको नाम हो ।
अब भन्नुस्, यो शहर वा ठाउँ कुन देशमा छ ?
क) नेपाल ख) भारत ग) बंगलादेश घ) पाकिस्तान

३. युरोपको सबैभन्दा अग्लो पर्वत-शिखर कुन हो ?
क) एलब्रुस (Elbrus) ख) माउण्ट ब्लान्क (Mt. Blanc)
ग) किलिमञ्जरो घ) कुनै पनि होइन

४. १५ लाई ०.५ ले भाग गर्दा आउने भागफल कति हो ?
क) ७.५ ख) १५.५ ग) २५ घ) ३०

५. अंग्रेजी शब्द 'aquarium' को बहुवचन (plural) के हो ?
क) aquariums ख) aquariumes
ग) aquaria घ) more aquariums

नाम: — — — — — — — —

ठेगाना: — — — — — — — —




# सही समाधान पठाउने सहभागी र पुरस्कार विजेता

**शब्दखेल-५७: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *श्यामकुमार मैनाली,* कानपुर उमावि, कानपुर-१, काभ्रे**

**सही समाधान पठाउने अन्य सहभागी**

- उषा नेपाल, सिन्धुपाल्चोक
- सुशील पोखरेल, श्रमिक मावि, हेटौडा
- अम्बिका खतिवडा, आदर्श विद्याश्रम, भण्डार-१, चितवन
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- विमल श्रेष्ठ, श्रमिक मावि, हेटौडा
- राम कुमार श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, ल्याङ्ल्याङ्, रामेछाप
- हरिनारायण खतिवडा, शारदा संस्कृत उमावि, रामेछाप-३, बाबियाखर्क, रामेछाप
- पृथ्वीजंग पाण्डे, पिस्कर-८, सिन्धुपाल्चोक
- जयबहादुर के.सी., भीमेश्वर मावि, च्यासिंखर्क-९, काभ्रे
- लोकमणि भण्डारी/ध्रुवनारायण चौधरी, जनता उमावि, मनरी, नवलपरासी
- सनत प्र. श्रेष्ठ, महेन्द्र न.उमावि, खलंगा, प्यूठान
- विलिन मल्ल, झाँगाझोली-२, बोहोरेटार, सिन्धुली
- लीलानाथ गौतम, ग्लोबल एकेडेमी, बर्दिबास, महोत्तरी
- देउमाया गौतम, भीमनारायण प्रावि, सतासीधाम, झापा
- देवी प्र. गौतम, भानु उमावि, अर्जुनधारा, झापा
- हरिनारायण गौतम, भगवती मावि, सिद्धकाली-९, संखुवासभा
- रमेश शर्मा, भीमेश्वर-१, चरिकोट, दोलखा
- गुमा भुवाजी लामिछाने, तिलाहार-९, पर्वत
- युवराज राजभण्डारी, सरस्वती उमावि, भक्तिपुर, सर्लाही
- अर्जुनबहादुर लामिछाने, तिलाहार-७, पर्वत
- भवनाथ गौरापिप्ली, सरस्वती उमावि, भक्तिपुर, सर्लाही
- भीमबहादुर जर्गा मगर, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- तुलसा कार्की, निमावि सर्गबास, तावाश्री-९, उदयपुर
- गुप्तबहादुर भण्डारी, महेन्द्र निमावि, मलम्पार, म्याग्दी
- प्रेमकुमार श्रेष्ठ, पञ्चकन्या निमावि, बानेश्वर-६, संखुवासभा
- शिव प्र. अधिकारी, सरस्वती प्रावि, थाकलचौर, मकवानपुर
- यमकला त्रिपाठी, जनता मावि, मैटहवा, बाँके
- मदन अधिकारी, मेचीनगर-१०, झापा

**अन्ताक्षरी-५७: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *प्रियदर्शी थापा,* श्रीगणेश मावि, डुकुछाप, ललितपुर**

**सही समाधान पठाउने अन्य सहभागी**

- खड्ग/लाल/खिलराज खतिवडा, ज्यू मावि, सुन्तले, खोटाङ
- गीता न्यौपाने, भोज सिद्ध मावि, हाँडीखोला
- वसन्तकुमार सिग्देल, भीम उमावि, बाडभञ्ज्याङ-३, काठमाडौं
- जय प्र. पौड्याल, वीरेन्द्रनगर-८, ईत्राम, सुर्खेत
- हरिनारायण गौतम, भगवती मावि, सिद्धकाली-९, संखुवासभा
- विमल श्रेष्ठ, श्रमिक मावि, हेटौडा
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- जय ब. के.सी., भीमसेनेश्वर मावि, च्यासिंखर्क-९, काभ्रे
- उषा नेपाल, सिन्धुपाल्चोक
- अशोक श्रेष्ठ/लंका पुरी, जनता उमावि, मनरी, नवलपरासी
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- निर्मलकुमार चन्द, दिव्यचक्षु मावि, रूघा, रूकुम
- लीलानाथ गौतम, ग्लोबल एकेडेमी, बर्दिबास, महोत्तरी
- दानबहादुर शाह, सरस्वती मावि, अमरपुर, कञ्चनपुर
- प्रकाश खड्का, कालिका मावि, पिपलाडी-८, कञ्चनपुर
- देवनारायण चौधरी, हडिया-४, उदयपुर
- भवनाथ गैरापिप्ली, सरस्वती उमावि, भक्तिपुर, सर्लाही
- दामोदर भुजेल/कृष्णहरि कार्की, महाँकालेश्वर प्रावि, चित्तपोल-६, भक्तपुर
- गुप्तबहादुर भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- प्रेमकुमार श्रेष्ठ, पञ्चकन्या निमावि, बानेश्वर-६, संखुवासभा
- नवराज गायत्री/उषा, निशा घिमिरे, ज.जी.उमावि, पोकली-३, ओखलढुंगा

**सुडोकु-५७: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *दुर्गा वाग्ले,* परीक्षा शाखा, जिल्ला शिक्षा कार्यालय, उदयपुर**

**सही समाधान पठाउने अन्य सहभागी**

- दीपकराज शर्मा, प्रावि बथानडाँडा, धारापानी-९, सुर्खेत
- रमेश नेपाल, नलाङ-३, धादिङ
- शिव प्र. अधिकारी, सरस्वती प्रावि, थाकलचौर, मकवानपुर
- तारापुञ्ज इङ्लिश बोर्डिङ्ग स्कूल, मेचीनगर-१०, काँकडभिट्टा
- मदन अधिकारी, मेचीनगर-१०, काँकडभिट्टा, झापा
- गीता जोशी, अ.न.पा.-५, बागबजार, डडेल्धुरा
- नारायण प्र. गिरी, निमावि, सर्गबास, तावाश्री-९, उदयपुर
- कोपिला गिरी, व्यास नपा-२, दमौली, तनहुँ
- फाल्गुना दाहाल, नवदुर्गा निमावि, धनगढी नपा, कैलाली
- युग प्र. ढुंगाना, दक्षिणकाली मावि, बतासे-६, सिन्धुपाल्चोक
- मोहन ब. गौतम, विनायक बाल निमावि, काभ्रे
- शंकरराज दहित, दुर्गौली-७, सुवर्णपुर, कैलाली
- तुलसा कार्की, निमावि, सर्गवास, तावाश्री, उदयपुर
- विन्दुकुमारी सुनुवार, दिम्बा प्रावि, भित्ते-९, ओखलढुंगा
- राजेन्द्र कुमार सुनुवार, चम्पादेवी निमावि, पोकली-९, ओखलढुंगा
- भीमबहादुर जर्घा मगर, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- गुप्तबहादुर भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- लालबहादुर डी.सी., सरस्वती मावि, सिमघाट, सुर्खेत
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- तुलबहादुर पुन, भृकुटी प्रावि, राङ्सी, रोल्पा
- रमेश शर्मा, भीमेश्वर-१, चरिकोट, दोलखा
- दानबहादुर शाह, सरस्वती मावि, अमरपुर, कञ्चनपुर
- नीलहरि लामिछाने, प्रभात निमावि, देउरालीटार, वाशेश्वर-१, सिन्धुली
- कान्तिबहादुर रायमाझी, दुर्गानदी निमावि, मझुवा-४, रामेछाप
- प्रकाश खड्का, कालिका मावि, पिपलाडी-८, कञ्चनपुर
- खोपिराम अधिकारी, तुल्सीपुर-६, दाङ
- झनकमान श्रेष्ठ, गगनचुम्बी प्रावि, बानेश्वर-१, संखुवासभा
- गणेशबहादुर कुँवर, सिगास मावि, बैतडी
- संगीत मल्ल, रारा डाइनामिक सेकेन्डरी स्कूल, गमगढी, मुगु
- विलिन मल्ल, झाँगाझोली-२, बोहोरेटार, सिन्धुली
- खड्गबहादुर श्रेष्ठ, झाँगाझोली-२, सिन्धुली
- कमल सुब्बा, कुरूले तेनुपा-५, धनकुटा
- सनत प्र. श्रेष्ठ, महेन्द्र न.उमावि, खलंगा, प्यूठान
- जयबहादुर के.सी., भीमसेनेश्वर मावि, च्यासिंखर्क-९, काभ्रे
- सागर अर्याल, शुभकामना एकेडेमी, कालिका, बर्दिया
- वेद प्र. ढकाल, वीरेन्द्रनगर-८, कालुन्चोक, सुर्खेत
- शम्भुबहादुर आले मगर, नीलकण्ठेश्वर उमावि, कठजोर, रामेछाप
- हरिनारायण खतिवडा, शारदा सं. उमावि, रामेछाप
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, ल्याङ्ल्याङ्, रामेछाप
- स्वामी दयाल थारू, प्रगति निमावि, मैनापोखर-६, बर्दिया
- हरिनारायण गौतम, भगवती मावि, सिद्धकाली-९, संखुवासभा
- दीपिका/सोविना चौधरी, लम्ब्री एन्जल बोर्डिङ्ग, मृगौलिया-२, मोरङ
- जय प्र. पौड्याल, वीरेन्द्रनगर-८, ईत्राम, सुर्खेत
- श्यामकुमार मैनाली, कानपुर उमावि, कानपुर-१, काभ्रे
- अर्जुनबहादुर आले मगर, नीलकण्ठेश्वर उमावि, कठजोर-७, रामेछाप
- श्यामबाबु यादव, गंगा प्र. उमावि, धनुषा
- चन्द्र प्र. आचार्य, वीरेन्द्रनगर-७, सुर्खेत


**सामान्यज्ञान-५७: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *अनिल पोखरेल,* इटहरी-४, बगैंचा, सुनसरी**

- गणेश ब. कुँवर, सिगास मावि, मुसेरौटे, बैतडी
- सन्देश पोखरेल, सिद्धार्थ शिशु सदन, हेटौडा
- निर्मलकुमार चन्द, दिव्यचक्षु मावि, रूँघा, रूकुम
- विलिन मल्ल, झाँगाझोली, रातमाटा-२, बोहोरेटार, सिन्धुली
- खड्गबहादुर श्रेष्ठ, झाँगाझोली-२, सिन्धुली
- नरेश कोहार, सुनौली-९, नवलपरासी
- सुदीप सिलवाल, प्रयोगेश्वर उमावि, पकरवास-६, फुल्पा
- चन्द्र प्र. आचार्य, वीरेन्द्रनगर-७, ईत्राम, सुर्खेत
- खिलराज खतिवडा, ज्यू मावि, सुन्तले, खोटाङ
- जय प्र. पौड्याल, वीरेन्द्रनगर-८, ईत्राम, सुर्खेत
- मदनराज भट्ट, पिपलाडी-७, कञ्चनपुर
- समन पाण्डे, लोकन्थली, भक्तपुर
- अर्जुनबहादुर आले मगर, नीलकण्ठेश्वर उमावि, कठजोर, रामेछाप
- वसन्तकुमार सिग्देल, भीम उमावि, बाडभञ्ज्याङ-३, काठमाडौं
- विमल श्रेष्ठ, श्रमिक मावि, हेटौडा
- मनोरथ जोशी, सरस्वती निमावि, दैजी-६, कञ्चनपुर
- स्वामी दयाल थारू, प्रगति निमावि, मैनापोखर-६, बर्दिया
- मनकुमार राई, सातदोबाटो-१५, ललितपुर
- वेद प्र. ढकाल, वीरेन्द्रनगर-८, सुर्खेत
- जयबहादुर के.सी., भीमेश्वर मावि, च्यासिंखर्क-९, काभ्रे
- धन प्र. भण्डारी, सरस्वती मावि, लखनपुर-८, झापा
- राकेश सिंह ठगुन्ना, गुल्जर-८, दार्चुला
- देवी प्र. गौतम/रूपक दाहाल, भानु उमावि, अर्जुनधारा-६, झापा
- दानबहादुर शाह, सरस्वती मावि, कञ्चनपुर
- भगवती प्र. ढकाल, सिद्ध निमावि, खोटाङबजार-५, खोटाङ
- एलिजा कोइराला, प्रभात निमावि, देउरालीटार, वाशेश्वर-१, सिन्धुली
- अन्जु रेउले, फलावाङ-५, सल्यान
- प्रकाश खड्का, कालिका मावि, पिपलाडी-८, कञ्चनपुर
- दीपक भट्टराई, कालिका निमावि, दोभान-९, पाल्पा
- खगेन्द्र न्यौपाने, अडगुरी-६, अर्घाखाँची
- गुमा भुवाजी, तिलाहार-६, पर्वत
- अर्जुन लामिछाने, तिलाहार-७, पर्वत
- केदारबहादुर थापा, निमावि, घुराडाँडा, सिन्धुली
- चन्द्रकला तावाहाङ, सिद्धकाली प्रावि, सराङडाँडा-४, पाँचथर
- नारायण प्र. गिरी, निमावि सर्गवास, तावाश्री-९, उदयपुर
- प्रियदर्शी थापा, गणेश मावि, डुकुछाप, ललितपुर
- गुप्तबहादुर भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- राम लौटन चौधरी, जनता निमावि, बसौटी-७, कैलाली
- सेवक रिजाल, जनता उमावि, रागेचौर, सल्यान
- मोहनबहादुर गौतम, विनायक बाल निमावि, काभ्रे
- तुलसा कार्की, निमावि सर्गवास, तावाश्री-९, उदयपुर
- दुर्गानाथ त्रिपाठी, पूर्णहीरा मावि, लक्ष्मण, बर्दिया
- जनक प्र. आचार्य, प्रभात मावि, पालुङमैनादी-३, पाल्पा
- सुनेश अधिकारी नवज्योति मावि, हत्पते-९, सिन्धुली
- गीता जोशी, अ.न.पा.-५, बागबजार, डडेल्धुरा
- दीपकराज शर्मा, प्रावि, धारापानी-९, सुर्खेत
- शेखर खत्री, निमावि, पंचावती-९, उदयपुर
- लीलानाथ गौतम, ग्लोबल एकेडेमी, बर्दिबास, महोत्तरी
- रिंकु चौधरी, मनपुरन निमावि, जब्दी, सर्लाही

**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक* मासिक निःशुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० असोज २०७०** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ । **जवाफ पठाउने ठेगानाः *शिक्षक*** मासिक, पूर्णचण्डी मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

***पुनश्चः*** *सहभागीहरूले पत्रिकाको 'कटिङ' अनिवार्य पठाउनुपर्नेछ । फ्याक्स, फोटोकपी, इमेल तथा अर्को कागजमा सारेर पठाएको समाधान मान्य हुने छैन ।*

आलोपालो



ओलिभर स्याक्स

# बुढ्यौलीको मजा !

**आज म हतारबाट मुक्त छु, आफूलाई मन लागेका कुराका बारे पढ्न र बुझ्न फुर्सदिलो भएको छु र जीवनभरका भोगाइ र सोचहरूलाई समेट्न सक्छु। त्यसैले ८० वर्षमा टेक्ने घडीको प्रतीक्षामा छु।**

**हिजो** राति सपनामा मैले पारो (mercury) देखें। सपनामा पारोका ठूल्ठूला टल्किरहेका थोपा तापक्रमसँगै चढ्दै र झर्दै थिए। पारो पिरियोडिक टेबलको ८० औं तत्त्व (element) हो र सपनाले म आउने मङ्गलबार ८० को हुनेछु भनेर सम्झायो।

तत्त्व (element) मा परमाणु (atomic) संख्या बारे थाहा पाएदेखि नै म आफ्नो जन्मदिन र तत्त्वहरूका बीचमा सम्बन्ध खोज्थें। एघार वर्षको हुँदा म "म सोडियम (तत्त्व-११) हुँ" भनेर भन्न सक्थें। अहिले ७९ वर्षमा म सुन (७९ औं तत्त्व) भएको छु। केही वर्षअघि मेरा एक जना साथीको ८० औं जन्मदिनमा मैले एक बोतल पारो उपहार दिएँ। उनी त्यसवेला त छक्क मात्र परे। पछि रमाइलो चिठी लेखे, "तिमीले दिएको दबाई सधैं लिने गरेको छु!"

अस्सी! पत्याउन पनि गाह्रो लाग्छ। कहिलेकाहीं मलाई जिन्दगी बल्ल शुरू हुँदैछ जस्तो लाग्छ, अनि कहिले चाहिं लाग्छ–जिन्दगी त सकिने वेला भइसक्यो। मेरी आमा १८ जना दिदी-भाइ दाजु-बहिनीमा १६औं हुनुहुन्थ्यो। उहाँका चार छोरामध्ये म कान्छो हुँ। मामाहरू र ठूलीआमा-सानिमाका छोराछोरी मभन्दा साना कमै थिए। स्कूलमा पनि कक्षाको सबैभन्दा कान्छो मै थिएँ। त्यसैले होला, आफ्नो चिनजानका धेरै मान्छेभन्दा बूढो भइसक्दा पनि मलाई आफू सानो भएको भान भइरहन्छ।

मैले ४१ वर्षको हुँदा 'अब चाहिं मरियो' भन्ठानेको थिएँ। एक्लै पर्वतारोहण गर्दा लडेर खुट्टो भाँचियो। खुट्टामा काम्रो बाँधेर हातपाउ टेकेर त्यो पहाडबाट तल झर्न थालें। त्यसपछिका केही घण्टा मलाई धेरै राम्रा-नराम्रा सम्झनाले सताए। त्यसवेला अरूबाट आफूले पाएका कुरा र आफूले अरूका लागि गर्न सकेका कुरा सम्झेर म कृतज्ञ भएँ।

अहिले ८० वर्षको हुन लाग्दा मसँग खासै स्वास्थ्य समस्या छैनन्। म अहिलेसम्म बाँच्न पाएकोमा खुशी छु। (त्योभन्दा पनि) म केही अद्भुत कुरा अनुभव गर्न पाएकोमा खुशी छु, केही निकै नराम्रा कुरा सहन सकेकोमा खुशी छु, एक दर्जन किताब लेख्न सकेकोमा खुशी छु, साथी-भाइ, सहकर्मी र पाठकहरूबाट असंख्य चिठी पाएकोमा खुशी छु। आख्यान लेखक नेथानियल हथर्न (Nathaniel Hawthorne) का शब्दमा म 'संसारसित समागम' गर्न पाएकोमा खुशी छु।

यसको अर्थ म खुशी मात्र छु भन्ने होइन। आफ्नो धेरै समय नाश गरें (र अब बाँकी रहेको समय नचाहँदै पनि त्यसरी नै नाश हुन्छ) भनेर म दुःखी छु। आफ्नो मातृभाषा बाहेक एउटा पनि भाषा बोल्न नसिकेकोमा, घुम्नुपर्ने जति ठाउँ नघुमेकोमा र अरू संस्कृति-सभ्यताको पर्याप्त मात्रामा अनुभव गर्न नसकेकोमा मलाई दुःख लाग्छ।

मैले अब बाँकी समय आफ्नो जीवनलाई पूर्णता दिनका लागि खर्च गर्नुपर्छ जस्तो लाग्छ। तर पूर्ण जीवन भनेको के हो, म आफैंलाई थाहा छैन। कहिलेकाहीं मसित स्वास्थ्य परीक्षण गराउन आउने ९०-१०० वर्षका मान्छेहरू भन्छन्, "मेरो जिन्दगी पूर्ण भइसक्यो, अब म मर्न तयार छु।" उनीहरूमध्ये कतिले स्वर्ग जान तयार भएँ भनेका होलान्। हामी सधैं स्वर्ग नै जाने बारे सोच्छौं। मलाई चाहिं मृत्युपछिको अस्तित्वमा न विश्वास छ, न त रुचि। मात्र साथीहरूका यादमा बाँच्ने रहर छ र मेरा किताबले मेरो मृत्युपछि पनि मान्छेहरूको मन छोलान् भन्ने आश छ।

अस्सी वर्षको उमेरमा बाँच्न त्यति सजिलो भने छैन। यस उमेरमा शारीरिक र मानसिक रूपमा बुढेसकालका लक्षण देख्न गाह्रो पर्दैन। यो उमेरका मान्छे कुनै पनि कुरामा प्रतिक्रिया जनाउन ढिलो गर्छन्। अरूको नाम बिर्सिई रहन्छन्। स्मरणशक्ति धेरै घटेको हुन्छ। त्यति हुँदाहुँदै पनि कसैकसैलाई त आफू बूढो भएको जस्तो एकरत्ति पनि नलाग्न सक्छ। भाग्यमानी भएँ भने म पनि अझै केही वर्ष ठिटै रहनेछु र सिग्मण्ड फ्राइडको कथन अनुसार सबैभन्दा महत्त्वपूर्ण दुई कुरा– काम र प्रेम गर्न सकिरहनेछु।

प्रतिष्ठित वैज्ञानिक फ्रान्सिस क्रिक जस्तै मलाई पनि काम गर्दा-गर्दै मर्न मन छ। जब डाक्टरले उनलाई उनको मलाशयको क्यान्सर बल्झियो भनेर भने, उनले केही भनेनन्। पर हेरेर एकोहोरिए मात्र। केही हप्तापछि कसैले रोगका बारे सोध्दा उनले भने, "जे कुरा शुरू हुन्छ, त्यो टुंगिन्छ पनि।" सृजनात्मक काममा संलग्न रहेर उनी ८८ वर्ष बाँचे।

मेरो बुवा ९४ वर्षसम्म बाँच्नुभयो। उहाँका अनुसार ८० देखि ८९ वर्षको उमेर सबैभन्दा रमाइलो दशकमध्येको रह्यो। उहाँलाई त्यो उमेरमा आफ्नो मानसिकता र दृष्टिकोण साँघुरिएको होइन, झन् खुला र विस्तृत भए जस्तो लाग्यो।

मलाई पनि त्यस्तै लाग्न थालेको छ। यस उमेरमा मान्छेले आफ्नो मात्र होइन अरूको जिन्दगीको पनि लामो अनुभव गरेको हुन्छ। उसले विजय र वियोग; उत्थान र पतन, क्रान्ति र द्वन्द्व आदि प्रशस्त देखेको हुन्छ। उसले क्षणिकता बुझेको हुन्छ र शायद सौन्दर्य पनि। म मेरा हड्डीमा सिंगो शताब्दी महसूस गर्न सक्छु, जुन कुरा ४० वा ६० वर्षको हुँदा कल्पना पनि गर्न सक्दिनथें। मलाई वृद्धावस्था भनेको करले झेल्नैपर्ने दुःखको समय होइन, फुर्सद र स्वतन्त्रताको समय हो जस्तो लाग्छ। आज म हतारबाट मुक्त छु, आफूलाई मन लागेका कुराका बारे पढ्न र बुझ्न फुर्सदिलो भएको छु र जीवनभरका भोगाइ र सोचहरूलाई समेट्न सक्छु।

८० वर्षमा टेक्ने घडीको प्रतीक्षामा छु। 📖

*(स्याक्स न्यूयोर्क युनिभर्सिटीको मेडिकल कलेजमा न्युरोलोजीका शिक्षक र लेखक हुन्। उनको पछिल्लो किताब 'हलुसिनेसनस्' हो।)*

भाषान्तर: **अदिती अधिकारी**

*स्रोत: न्यूयोर्क टाइम्स, ७ जुलाई २०१३*


www.nagariknews.com
हरेक नागरिकसँगै Laptop Bag
रु. ३,४०० मा नागरिक दैनिकको वार्षिक ग्राहक बनी एउटा Laptop Bag तुरुन्तै प्राप्त गर्नुहोस् ।
यो योजना रिपब्लिकामा पनि उपलब्ध छ । रिपब्लिकाको वार्षिक ग्राहक दर रु. १,७०० मात्र ।
ग्राहक बन्नका लागि CIR टाइप गरी ५२२५ मा SMS गर्नुहोला ।
नागरिक
थप जानकारीका लागि
नेपाल रिपब्लिक मिडिया
जे.डि.ए. कम्प्लेक्स, बागदरबार, काठमाडौं
circulation@nagariknews.com
अवधि बाँकी रहेका ग्राहकहरुले पनि नविकरण गरी यस योजनामा सहभागी हुन सक्नेछन् ।




M.A.W. Enterprises Pvt. Ltd., Tripureshwor, Kathmandu, 4268252, 4261160